Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सूचीपत्र

(देवनागरी लिपिका हस्तलिखित नेपाली ग्रन्थहरूको)

प्रकाशकः
श्री ५ को सरकार
युवा, खेलकुद तथा संस्कृति मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख प्रकाशन मालाः- ६

सूचीपत्र

(देवनागरी लिपिका हस्तलिखित नेपाली ग्रन्थहरूको)

सम्पादक
जगन्नाथ उपाध्याय

प्रकाशकः
श्री ५ को सरकार
युवा, खेलकुद तथा संस्कृति मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय
रामशाह पथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशकः- श्री ५ को सरकार
युवा, खेलकुद तथा संस्कृति मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय
रामशाह पथ

प्रथम संस्करण २०५६

प्रकाशन प्रति १०००

मूल्यः- २२५।-

मुद्रकः- मुद्रण विभाग, सिंहदरवार, काठमाडौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दुई-शब्द

हाम्रा आदरणीय पूर्खाहरूले यस नेपाल भूमिमा अनगिन्ती यस्ता सम्पदाहरू छोडेर गएका छन् जुन आजपनि अत्यन्त महत्त्वपूर्ण, खोजपूर्ण, शोधपूर्ण र गौरवपूर्ण धरोहरका रूपमा रहेका छन्। प्राचीन हस्तलिखित ग्रन्थहरू पनि यही धरोहरभित्र पर्दछन्। नेपाल एक यस्तो राष्ट्र हो जहाँ लाखौंको संख्यामा हस्तलिखित ग्रन्थहरू संग्रहित र सुरक्षित पाइएको छ । यी अमूल्य सम्पदाहरूको केही अंश मात्र भए पनि सुरक्षित राख्न पाएकोमा राष्ट्रिय अभिलेखालय अत्यन्त गौरवान्वित ठान्दछ। आवश्यक साधन र श्रोतको अभावमा राष्ट्रका यी अमूल्य सम्पदाहरूको चाहिए जस्तो व्यवस्था, संग्रह, संरक्षण र संबर्द्धन हुन सकिरहेको छैन। अध्ययन अनुसन्धान गरी यसको सदुपयोग गर्न र गर्न दिन सकिरहेका छैनौं तापनि अध्ययन गर्न आउने विद्वान अनुसन्धाताहरूलाई केही भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले संग्रहित ग्रन्थहरूको विभिन्न विषयका सूची बेलाबेलामा राष्ट्रिय अभिलेखालयले निकाल्ने प्रयास गर्दै आइरहेको छ। यही प्रयासको क्रममा अभिलेखालयमा संग्रहित सम्पूर्ण ग्रन्थहरू मध्ये देवनागरी लिपिमा लेखिएका नेपाली ग्रन्थहरूको मात्र एक संग्रह गरी यो सूचीपत्र प्रकाशनमा ल्याउन पाएकोमा म हर्षित छु। नेपाली भाषामा लेखिएका सबै ग्रन्थहरू यसमा समावेश गरिएकाले आयुर्वेद, इतिहास, कथा, काव्य, कर्मकाण्डदेखि लिएर व्याकरण, ज्यौतिष, तन्त्र, धर्मशास्त्र, नीतिशास्त्र आदि विभिन्न एक्काईस विधामा लेखिएका ग्रन्थहरूका सूचीहरू यसमा समावेश गरि एको छ। प्रत्येक ग्रन्थबाट नमूनाको रूपमा सानो उद्धरण पनि दिइएकोले खोजकर्ताहरूलाई उक्त ग्रन्थको भाषा र विषय प्रस्तुतिको आभाष पाउन मद्दत मिल्ला भन्ने लागेको छ। अभिलेखालयको यो प्रकाशनले विभिन्न विधामा रुची राख्ने शोधकर्ता र पाठकवर्गलाई अवश्य सहयोग हुने आशा एवं विश्वास लिएकी छु। खुसीको कुरा हाम्रा राष्ट्रिय बिभूति भानुभक्तले आफ्नै हातले लेखेको 'रामायण' पनि यसै सूचीपत्रभित्र परेको छ।

यस कार्यमा अत्यन्त लगनशीलताका साथ सम्पादन कार्य गर्नुहुने, सहयोग गर्नुहुने मेरा सह-कर्मीहरू अनुसन्धान अधिकृत श्री जगन्नाथ उपाध्याय श्री शुकदेव शर्मा ज्ञवाली, अनुसन्धान सहायक श्री बच्चुराम शर्मा दाहाल, लेखक श्री अच्युतराज गौतम, श्रीमती विन्ध्या भण्डारी लगायत यस कार्यमा सम्मिलित मेरा सम्पूर्ण सहकर्मीहरूलाई म हृदयदेखि धन्यवाद ज्ञापन गर्दछु। यो सूचीपत्र छापी सहयोग गर्ने मुद्रण विभागलाई पनि म धन्यवाद दिन चाहन्छु।

हामीले चाहेर पनि मिलाउन नसकिएका कैयौं त्रुटीहरू यसमा नहोलान् भन्न सकिन्न। विज्ञ पाठकवर्गबाट यस्ता त्रुटीहरू औंल्याई गहकिला सुझावहरू प्राप्त भएमा हाम्रो हौसला अझ वढ्नेछ भन्ने कुरा म विनम्र अनुरोध गर्न चाहन्छु।

-अस्तु

सानुनानी कंसाकार
प्रमुख
राष्ट्रिय अभिलेखालय

मिति:-२०५६।३।२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सम्पादकीय

वीर पुस्तकालयको स्थापना कालदेखि नै यहाँ नेपाली भाषाका प्राचीन हस्तलिखित ग्रन्थहरू संकलित हुँदै आएका हुन्। राष्ट्रिय अभिलेखालय वीर पुस्तकालयकै विकसित र परिवर्तित रूप हो र अहिले यहाँ सो पुस्तकालयको दाँजोमा अझबढी सामग्री संकलनमा आएका छन्। नेपालका प्राचीन हस्तलिखित ग्रन्थहरू मध्ये सबैभन्दा पुराना र धेरै ग्रन्थहरू संकलनमा रहेको निकाय राष्ट्रिय अभिलेखालय नै हो तर कतिपय अन्वेषक विद्वान वर्गलाई यो तथ्य जानकारी नहोला। नेपाली इतिहास, भाषा र साहित्यको ऐतिहासिक अध्ययनका लागि आधिकारिक सामग्रीका रूपमा राष्ट्रिय अभिलेखालयको संकलनमा आएका नेपाली हस्तलिखित ग्रन्थको जानकारी अन्वेषक वर्गसम्म पुग्नु आजको आवश्यकता भएको छ। अनुसन्धानका लागि आधार भूत सामग्री भनेको प्रामाणिक सूचीपत्र पनि एक हो र यस किसिमका सूचीपत्रको आवश्यकताको महसूस एवं सो तयार गर्ने सोचाइ निकै पहिले देखि नै रही आएको हो। सामान्य समीक्षा सहितको यस किसिमको सूचीपत्रबाट यस क्षेत्रका जिज्ञासु अध्येता र अनुसन्धाताहरूलाई अनुसन्धेय सामग्री प्राप्त हुनुका साथै नेपाली वाङ्मयको प्राथमिक कालीन गतिविधि एवं भाषिक र साहित्यिक क्रमिक विकासको अध्ययन गर्न समेत सहयोग मिल्ने छ। व्यवहारोपयोगी नेपाली वाङ्मय ग्रन्थको गुणात्मक र संख्यात्मक महत्त्वमाथि प्रकाश पर्नुका साथै आयुर्वेद, ज्योतिष, वेदान्त, कथा, स्तोत्र, धर्मशास्त्र, कर्मकाण्ड आदि विविध विषयका माध्यमबाट सम्वन्धित विषयको ऐतिहासिक र विषयगत जानकारी प्राप्त गर्नमा र प्राचीन नेपाली भाषाको प्रयोग क्षेत्र र शैलीको लेखाजोखा गर्ने आधार प्राप्त हुनेछ।

राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका प्राचीन हस्तलिखित नेपाली ग्रन्थहरूको चर्चा नेपाली भाषा, साहित्य एवं इतिहास आदि विषयको अध्ययन गर्ने क्रममा विभिन्न विद्वान अध्येताहरूबाट पनि भएको छ। कतिपय उत्साही विद्वानहरूबाट त फुटकर लेखका रूपमा आफ्नो व्यक्तिगत अध्ययनका क्रममा प्राप्त हुन आएका यहाँका केही ग्रन्थहरूको संक्षिप्त सूचीपत्र प्रकाशित समेत गराइएको छ। साथै तत्कालीन समयसम्म संकलित यहाँका सम्पूर्ण ग्रन्थहरूको "बृहत् सूचीपत्र" समेत यसै निकायका अग्रज साथीहरूको सक्रियतामा प्रकाशित भएको छ।यसरी संस्थागत एवं व्यक्तिगत रूपमा पुरानो नेपाली भाषा, ज्ञान विज्ञान र साहित्यका सामग्रीको अन्वेषण गर्ने अभियान निरन्तर रूपमा चली रहेकै अवस्थामा यहाँ रहेका हस्तलिखित नेपाली ग्रन्थहरूलाई एकै ठाउँमा समावेश गरिएको यस किसिमको विषयगत समीक्षात्मक सूचीपत्रले यही परम्परालाई अझ एक पाइलो अगाडि बढाउने विश्वास लिइएको छ।

यस सूचीपत्रमा लेखक भन्नाले मूल संस्कृत ग्रंथका लेखकलाई होइन प्रतिलिपि वा नेपाली टीका गर्ने व्यक्तिलाई मात्र लिइएको छ र ग्रन्थको सिंहावलोकन गर्दा कृतिमा स्पष्ट रूपमा उल्लेख भएका लेखकलाई मात्र यसमा समावेश गरिएको छ। लेखन समय पनि नेपाली भाषा टीकासँग मात्र सम्बन्धित छ। विभिन्न विद्वान अध्येताहरूबाट अनुमान र ठम्याइएका आधारमा गरिएको लेखन समय र लेखकको निर्धारणलाई यसमा समावेश गरिएको छैन। लेखक लेखन समय उल्लेख नभएका तर भाषिक दृष्टिले हेर्दा निकै प्राचीन लाग्ने अनेकौं पुस्तकहरू पनि यस सूचीपत्रमा समावेश हुन पुगेका छन्, जस्को भाषाशैलीको विश्लेषण गरेर काल निर्धारण गर्ने र एउटै ग्रन्थका विभिन्न प्रतिलिपिको तुलनात्मक अध्ययन गर्ने जिम्मा पनि भविष्यका विद्वान अध्येताहरूलाई नै छोडिएको छ। यस सूचीपत्रमा समाविष्ट पुस्तकहरूलाई पूर्ण र अपूर्ण, मौलिक र अनुदित, प्रतिलिपि र पाण्डुलिपि, लेखकको नाम उल्लेख भएका र नभएका, लेखन समय उल्लेख भएका र नभएका, मूल संस्कृत समेत भएका र नेपाली भाषा मात्र भएका एवं प्राचीन नवीन आदि आधारमा स्पष्ट रूपमा वर्गीकरण गर्ने र आधुनिक पद्धतिबाट विषयगत विभाजन गर्ने कार्य पनि अधुरो नै रहेको छ। यहाँ त केवल छनौटका क्रममा देवनागरी लिपिमा लेखिएका जे जति हस्तलिखित नेपाली ग्रन्थहरू प्राप्त हुन आएका छन् तिनीहरूको जानकारी पाठक समक्ष पुऱ्याउने प्रयास मात्र गरिएको छ।

यो सूचीपत्र निर्माण गर्ने क्रममा सर्व प्रथम सम्बन्धित शाखामा विषयगत रूपमा छुट्याइएका सम्पूर्ण ग्रन्थहरू मध्येबाट देवनागरी लिपिका हस्तलिखित नेपाली ग्रन्थहरूको छनौट कार्य सम्पन्न गरियो। छनौटका क्रममा प्राप्त हुन आएका विविध विषयका ५११ ग्रन्थहरूलाई राष्ट्रिय अभिलेखालय कै लगत अनुसार विषयगत विभाजन गरी वर्णानुक्रम अनुसार प्रस्तुत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरिएको छ । राष्ट्रिय अभिलेखालय कै परम्परालाई पछ्याउँदा कतिपय आयुर्वेद विषयका ग्रन्थ काव्यमा, काव्य ग्रन्थ आयुर्वेदमा, नाटक काव्यमा, काव्य नाटकमा, कथा काव्यमा, काव्य कथामा पर्न गयी विषयान्तर भएको अनुभव हुनेछ । ग्रन्थहरूको नाम पनि मूल लगत अनुसार नै टिपिएका छन् । जसले गर्दा ग्रन्थनाम एकातिर संस्कृत तत्सम रूपमा नै आएका छन् भने अर्कोतिर प्रचलित नाममा फरक पनि पर्न गएका छन् । प्रत्येक ग्रन्थमा ग्रन्थनाम, लगत संख्या, विषय संख्या, पत्र संख्या, माइक्रोफिल्म रिल नम्वर दिई, पूर्ण अपूर्ण समेत छुट्याइएको छ । कृतिमा उल्लेख भएका लेखकको नाम र लेखन समय समेत दिइएको छ जसबाट अनुसन्धातालाई अनुसन्धेय सामग्री छनौट गर्न सजिलो पर्नेछ । भाषिक नमूनाका लागि प्रत्येक ग्रन्थबाट उद्धरण दिइएको छ जसले मूल रचनाको स्वरूप बुझ्न निकै सहयोग गर्नेछ । अति महत्त्वपूर्ण लागेका केही ग्रन्थहरूका पत्रको फोटो पनि समावेश गरिएको छ । प्रत्येक ग्रन्थको माइक्रोफिल्म रिल नम्वर दिइएकोले विद्वानहरूलाई माइक्रोफिल्म अध्ययन गर्न र रिडरप्रिन्ट प्राप्त गर्न पनि सजिलो पर्ने विश्वास लिइएको छ । यस सन्दर्भमा महासागरभित्र पस्ने प्रयास गरेको होइन तापनि प्रत्येक ग्रन्थको सामान्य समीक्षा गरिएको छ । यसले अध्येता वर्गलाई ग्रन्थ सम्बन्धी सामान्य जानकारी प्राप्त होला भन्ने विश्वास लिइएको छ । यो हाम्रो प्रयास कत्तिको सफलताको सिढीमा लम्किन पुगेको छ सो ठम्याउने जिम्मा विज्ञ पाठकहरूमा नै छोडिएको छ ।

यहाँका ग्रन्थहरूका विषयमा अग्रज विद्वानहरूबाट भएका अध्ययनको सन्दर्भ स्रोत दिन सकिएको भए सूचीपत्र अझ जानकारी मूलक हुने थियो भन्ने सोचाइ नरहेको होइन तापनि विविध कारणले गर्दा सोचाइ यथार्थमा आउन सकेको छैन । कतिपय प्राविधिक कठिनाइले गर्दा यो सूचीपत्र अझ जानकारी मूलक हुन नसकेकाले यसलाई परम्परागत सूचीपत्र भन्दा भिन्न ठान्ने धृष्टता गरिएको छैन । यसमा त केवल खोजका क्रममा प्राप्त भएका ग्रन्थहरूलाई एक ठाउँमा समावेश गर्ने काम मात्र भएको छ भन्दा अत्युक्ति नहोला । यो सूचीपत्र निर्माणका सन्दर्भमा प्रत्यक्ष र परोक्ष रूपमा जुन-जुन विद्वानहरूका महत्त्वपूर्ण कृतिबाट प्रेरणा प्राप्त गरिएको छ वा सहारा लिइएको छ वहाँहरू प्रति हार्दिक आभार प्रकट गरिन्छ ।

सुश्री सानुनानी कंसाकार प्रमुख राष्ट्रिय अभिलेखालयले व्यवस्थापन पक्षमा देखाउनु भएको तदारूकताबाट नै यो सूचीपत्र निर्धारित समयमा नै यस रूपमा आउन सकेको हो । अनुसन्धान अधिकृत श्री शुकदेव शर्मा ज्ञवालीले प्रारम्भदेखि नै निरन्तर रूपमा यस कार्यमा अगाडि बढ्न प्रदान गर्नु भएको हौसलाबाट यस सूचीपत्रले प्रशस्त आत्मवल प्राप्त गरेको छ । अति महत्त्वपूर्ण ठानिएका ग्रन्थहरूको फोटो यसले माइक्रोफिल्म शाखाको सक्रियताबाट प्राप्त गरेको हो । टाइप विन्यास र सेटिङ गरी हस्तलिखित प्रतिलाई छपाइ योग्य बनाइ दिनुहुने मुद्रण विभागका कम्प्युटर अपरेटर बन्धुहरू राजेन्द्रराज दाहाल, गीता घिमिरे, विद्या खतिवडा, मोहननारायण महर्जन र ठानेश्वर न्यौपानेको सक्रिय सहयोगलाई पनि हार्दिक धन्यवाद दिनैपर्छ । त्यस्तै अनुसन्धान सहायक बच्चुराम शर्मा दाहाल, लेखक अच्युतराज गौतम र विन्ध्या भण्डारीबाट पनि ग्रन्थ छनौटका क्रममा भएको आत्मीय सहयोग अविस्मरणीय छ । साथै पुस्तके भाइहरूको पोका झिक्ने, फुकाउने, बाँध्ने र राख्ने काममा भएको सहयोग पनि यसका लागि मूल जरो सावित भएको छ । यसका अतिरिक्त यस कार्यालयका अन्य कर्मचारीबाट पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा भएको सहयोगलाई नकार्न सकिदैन् । यस अर्थमा यो सबैको सहभागिताबाट सम्पन्न भएका परिश्रमको परिणाम हो र यसका सफलताको श्रेय पनि सबैलाई जान्छ ।

जति सुकै लगनशीलताका साथ एकोहोरिंदा पनि अनुसन्धान सर्वाङ्गपूर्ण हुँदो रहेन छ । कतिपय कुरा राख्न चाहँदा चाहँदै पनि राख्न सकिँदा रहेनछन् भने कतिपय चाहिँ छुट्न गएकै होलान् । मुद्रण सम्बन्धी त्रुटि र सम्पादन सम्बन्धी कमजोरीले गर्दा रहन गएका कतिपय अशुद्धिहरूलाई सच्याई पढ्नुहुन सुजन पाठकलाई गरेको अनुरोधलाई नकार्नु होला भन्ने चिताइएको छैन । अन्त्यमा सोलीमा फूल बटुल्न खोज्दा खोज्दै पनि झुक्किएर वा हतारमा झारपात अल्झेका भए यसका लागि करवद्ध क्षमाप्रार्थी हुनु सिवाय अरू बाटो नै के छ र ?

सम्पादक
जगन्नाथ उपाध्याय
अनुसन्धान अधिकृत
राष्ट्रिय अभिलेखालय

मिति: २०५६ असार १५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस सूचीपत्रमा प्रयोग भएका सांकेतिक शब्द र अक्षरको विवरण

वि.सं.	=	विषय संख्या (कथा, आयुर्वेद, वेदान्त, ज्योतिष आदि)
ल.सं.	=	लगत संख्या
प्र.	=	प्रथम
द्वि.	=	द्वितीय
तृ.	=	तृतीय
च.	=	चतुर्थ
पं.	=	पञ्चम
ष.	=	षष्ठ
नं.	=	नम्वर
ने. सं.	=	नेपाल सम्वत्
सं.	=	सम्वत्
मा. फि.	=	माइक्रोफिल्म
रा. अ.	=	राष्ट्रिय अभिलेखालय
वि. सं.	=	विक्रम संम्वत्
–	=	नभएको अथवा छैन
ठ्यासफू	=	लामो सिङ्गो कागजमा दुवैतिर लेखी पट्याइ किताव जस्तो बनाइएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

क्र.सं.	विषय	पृष्ठ संख्या
१.	आयुर्वेद	१
२.	इतिहास र महाभारत	२७
३.	कथा	५५
४.	कर्मकाण्ड	८३
५.	कामशास्त्र	८५
६.	काव्यशास्त्र	८९
७.	छन्दशास्त्र	१०१
८.	ज्योतिष	१०२
९.	तन्त्रशास्त्र	१२०
१०.	धर्मशास्त्र	१२३
११.	नाटक	१३०
१२.	नाट्यशास्त्र	१४१
१३.	नीतिशास्त्र	१४२
१४.	पुराण	१६०
१५.	महात्म्य	१६२
१६.	योगशास्त्र	१६५
१७.	रामायण	१६९
१८.	वेदान्त	१७९
१९.	व्याकरण	१९७
२०.	संगीत	१९८
२१.	स्तोत्र	२०१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आयुर्वेद

१. **अजीर्ण मञ्जरी,** ल.सं.तृ. ५१३, वि.सं. ४, लेखक: लीलाम्वर, लेखन समय: श्री शाके १६८६, पत्र ४, पूर्ण, रिल नं A९६३/१८

उद्धरण

नारीकेल कीगरीको पाक चावल्ले अथवा पिपलाले गर्छ ।
आमकारसको पाक दूधले गर्छ घिवको पाक जंवीरादिका अविलाले गर्छ ॥

समीक्षा

यस कृतिमा अजीर्ण मञ्जरीका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । जम्मा ४० वटा संस्कृत श्लोकको नेपालीमा अर्थ रहेको यो कृति आदि अन्त्य पूर्ण छ । लेखक र लेखन समयको उल्लेख अन्त्यमा **"श्री शाके १६८६ जेष्ठ शुक्ल दसहरायां लिखित मिद पुस्तकमं लीलाम्वरेण शुम्भ्"** भनेर गरिएको छ । यसबाट यसका लेखक लीलाम्वर हुन् भन्ने र यसको लेखन समय सं. १८२१ रहेको स्पष्ट हुन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२. **अजीर्ण मञ्जरी,** ल.सं.प्र. १४१४, वि.सं.१, लेखक: गंगा विष्णु द्विज, लेखन समय-, पत्र ६, पूर्ण, रिल नं. A ९६३/१९

उद्धरण

नारियल कीगरीको पाक चावल्ले अथवा पिपलाले गर्छ ॥
घिवको पाक अविलाले गर्छ किराको पाक घिवले गर्छ ॥

समीक्षा

यस कृतिमा अजीर्ण मञ्जरीका ४० वटा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। सामान्य अवस्थाको कृति आदि अन्त्य पूर्ण छ। अन्त्यमा "**गंगा विश्नु द्विजेनेयं लिखिताजीर्ण मंजरी**" भन्ने उल्लेख गरिएकाले यसका लेखकको नाम स्पष्ट हुन्छ भने लेखन समय उल्लेख छैन।

३. **अजिर्ण मञ्जरी,** ल.सं. द्वि. ३६०, वि.सं. २, लेखक-, लेखन समय सं. ९३१, पत्र १०, पूर्ण, रिल नं. A २२२/१०

उद्धरण

काचा आम्रको पाक ताता पानिले गर्छ।
माछाको पाक आम्रको कोयाले गर्छ वहुत पानि पियाको पाक महले गर्छ ॥

समीक्षा

यस कृतिमा अजीर्ण मञ्जरीको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ। प्रारम्भदेखि चौथो श्लोकसम्मको टीका नेवारी र त्यस पछिको अंश चाहिँ नेपाली भाषामा रहेको छ। अन्त्यमा "**इति अजीर्ण मंजरि समाप्त सम्बत् ९३१ फाल्गुण वदि २ रोज ४**" भन्ने उल्लेख गरिएको छ। यो सम्बत् ने.सं. अनुमानित हुन्छ भने लेखकको नाम उल्लेख छैन। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ।

४. **अजीर्ण मञ्जरी,** ल.सं. तृ. ५६१, वि.सं. ५, लेखक: काशीराज, लेखन समय: सम्वत् १८८८, पत्र १२, पूर्ण, रिल नं.A २१२/१४

उद्धरण

जन्ले: पृथ्विको भार गर्न्या रावनकन संग्राम विषे मारि जगत्को बडो उपकार गर्दाभया: ॥ जन्ले वानर्हरू फौद समेत् ... ... ॥

समीक्षा

यस कृतिमा पनि अजीर्ण मञ्जरीका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ। अन्त्यमा "**इति कासिराजले बनायाको अजिर्ण मंजरीको भाषा समाप्त भयो ॥ शुभमस्तु संवत् १८८८ साल मिति श्रावन बदि २ रोज ५ संपुर्ण सुभं**" भन्ने उल्लेख गरिएकाले यसका लेखक र लेखन समय स्पष्ट हुन्छ।

५. **अजीर्ण मञ्जरी,** ल.सं. तृ. ४७५, वि.सं. ३, लेखक: काशीराज, लेखन समय-, पत्र ९, पूर्ण, रिल नं. A २१७/२६, A २१०/६

उद्धरण

जो रामचन्द्र शंग्राम विषे. पृथ्वीको भारगर्न्या रावणकन मारी जगत्को बडो उपकार गर्दा भया. जस् व्रह्म स्वरुपी रामचन्द्रकन भक्तहेरु हृदय विषे धारण गर्दा भया. ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा पनि अजीर्ण मञ्जरीका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेकोछ । सामान्य अवस्थाको र आदि अन्त्य पूर्ण रहेको यस कृतिको अन्त्यमा **"इति काशिराजले बनायाका अजीर्ण मञ्जरीको भाषा समाप्त भयो"** भन्ने उल्लेख गरिएकाले यसका लेखकको नाम स्पष्ट हुन्छ भने लेखन समय उल्लेख छैन ।

६. **अमृत मञ्जरी,** ल.सं. ष. १३३३, वि.सं. ४, लेखक-, लेखन समय-, पत्र १७, अपूर्ण, रिल नं. A ९५०/२३

उद्धरण

पेटको बिगार सुनियेको समेत् निको हुने इलाज ॥१॥ अजपात्को गेडा ।३। पिपला ।३। मरिच गेडा ।७। सुठो मासा ।१। एस्को चुर्ण वाष्राको मुटुमा पकाइ खानु पेटको सर्व वेथा जा ॥१॥

समीक्षा

यसमा पेटको रोग, सर्पले टोकेको, रुघा, खोकी ज्वरो, कफ, वात, पित्त आदिबाट उत्पन्न हुने रोगको पहिचान र तिनीहरूको उपचार विधि दिइएको छ । जम्मा १७ पत्रको यो कृति अन्त्यमा अपूर्ण छ भने लेखक लेखन, समय पुस्तकमा उल्लेख छैन ।

७. **आयुर्वेद पुस्तकम्,** ल.सं. ष. ३२८७, वि.सं. ४, लेखक-, लेखन समय-, पत्र ३, अपूर्ण, रिल नं. A १३८८/६

उद्धरण

सिँधो भाग एति मीलाइ पेसनु वश्त्र गतित गर्नु तिन तिन अंगुष्ठ प्रमाण ताता पानि सँग षानु मंदाग्नि जा ॥

समीक्षा

यस कृतिमा पनि विभिन्न रोगको पहिचान र तिनको आयुर्वेदीय उपचार विधिको बयान गरिएको छ । जम्मा ३ पत्रको अत्यन्त जीर्ण अवस्थाको कृति आदि अन्त्य अपूर्ण छ भने लेखकको नाम र लेखन समय पनि पुस्तकमा उल्लेख छैन ।

८. **आयुर्वेद ग्रन्थ,** ल.सं. ष. १९४१, वि.सं. ३, लेखक-, लेखन समय-, पत्र ७८, अपूर्ण, रिल नं. A १०८९/१०

उद्धरण

हस्तिहाड वैजनी कालो गरि रगाउन्या तर्किप ॥ काचो लाहा पानि पकाउनु. रातो रस निस्क्या पछि. षोस्ता फाल्नु र रस मात्र रहन दिनु

समीक्षा

यस कृतिमा प्राचीन रसायनशास्त्रको औषधि निर्माण तथा अन्य क्षेत्रमा उपयोगको वर्णन छ । नाडी परीक्षाका माध्यमबाट रोग पत्ता लगाउने र त्यसको उपचार विधि छ । संस्कृत र नेपाली भाषा मिश्रित रहेको भए तापनि नेपाली भाषाको बाहुल्यता छ । कृति आदि अन्त्य अपूर्ण छ भने लेखक र लेखन समय पनि उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

९. **आयुर्वेद विषयका कापीहरू,** ल.सं. पं. ७४६१, वि.सं. ७७, लेखक-, लेखन समय-, पत्र ७ थान कापी, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

भेजिक (झारफूक) मेडिसन (औषज्यविद्या) यी दुवै हाम्रो पुरानो वैदिकमा झैं असीरियन् प्राचीन व्यवहारमा पनि दुवै मिली रहेका दुवै कुरा नछुट्टिने भै मिलेका छन् ॥

समीक्षा

यस लगतमा आयुर्वेद विषयका ७ वटा नवीन कापी रहेका छन् । यी कापीहरू कुनै आयुर्वेद सम्बन्धी ग्रन्थ तयार पार्नका लागि विभिन्न ग्रन्थबाट गरिएको संकलन जस्ता देखिन्छन् । त्यति प्राचीन नलाग्ने यी कापीहरूमा लेखकको नाम र लेखन समय उल्लेख छैन । कुनै कापीमा सवै पानामा लेखिएको छ भने कुनै- कुनैमा बीच-बीचमा खाली पत्रहरू रहेका छन् । साथै कापीको बीच-बीचमा मोडेर राखिएका फुटकर पत्रहरू पनि रहेका छन् ।

१०. **उपवन विनोद (तडागादि महिमा)** ल.सं.द्वि. १९२, वि.सं. ३६'घ', लेखक-, लेखन समय-, पत्र ५४, पूर्ण, रिल नं. A ९६४/२

उद्धरण

श्री विश्नुका पुत्र हुनाले केवल मूर्तिभयाका अनंत नामा देवता जो छन् सो शरीर नभयाका छन् तैपनि देवता दैत्य मनुष्य प्रभृत्ति संपूर्ण संसारको उत्पत्ति स्थिति प्रलय गरि आफ्ना वश गरी राष्छन् ... ... ॥

समीक्षा

यस कृतिमा तलाउ बनाउने तरिका र त्यसको लक्षणका साथै वगैंचा निर्माण गर्ने र वृक्षारोपण गर्ने विधि र समयको बयान गरिएको छ । मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको यो कृति आदि अन्त्य पूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन ।

११. **उपवन विनोद,** ल.सं. च. २३७५, वि.सं. ३६ (क), लेखक-, लेखन-, समय-, पत्र ३४, पूर्ण, रिल नं. A २१२/१५

उद्धरण

श्री विश्नुका पुत्र हुनाले केवल मूर्ति भयाका अनंत नामा देवता जो छन् सो शरीर नभयाका छन् तैपनि देवता दैत्य मनुष्य प्रभृत्ति संपूर्ण संसारको उत्पत्ति स्थिति प्रलय गरि आफ्ना वश गरि राष्छन् ॥

समीक्षा

यस कृतिमा कुन-कुन ऋतुमा के कस्ता जातका बिरुवा लगाउनाले के कस्तो प्रकारको पुण्य प्राप्त हुन्छ भन्ने विषयको बयान छ । मूल संस्कृत भाषा र त्यसको नेपाली भाषा टीका रहेको सामान्य अवस्थाको कृति आदि अन्त्य पूर्ण छ भने कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन ।

१२. **उपवन विनोद,** ल.सं.ष. ६४, वि.सं. १४३, लेखक: सिद्धिनारायण, लेखन समय: सम्बत् १९२५, पत्र ४१, पूर्ण, रिल नं. A ९५१/८९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

श्री विश्नुका पुत्र हुनाले केवल मूर्ति भयाका अनंत नामा देवता जो छन् सो शरीर नभयाका छन् तैपनि देवता दैत्य मनुष्य प्रभृत्ति संपूर्ण संसारको उत्पत्ति स्थिति प्रलय गरि आफ्ना वश गरी राष्छन् ... ... ॥

समीक्षा

यस कृतिमा पनि बगैंचा निर्माण गर्ने विधि र मौसम अनुसारका बिरुवा रोप्ने तरिका दिइएको छ। अन्त्यमा **"इति सम्बत् १९२५ साल मिति जेष्ठ शुदि २ रोज १ शुभम्... लिखितम् सिद्धिनारायणेन"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ। साधारण अवस्थाको यो कृति आदि अन्त्य पूर्ण छ।

१३. **औषधि विषय पुस्तकम्,** ल.सं.ष. १२१०, वि.सं. १४४, लेखक-, लेखन समय-, पत्र ठ्यासफू, पूर्ण, रिल नं. A ९५१/९०

उद्धरण

हिग गाईका घिउसंग पिसनु नस दिनु जरो जाः ॥ वाटुल् पात्पाउमा लिपिनु जरो जाः ॥

समीक्षा

यस कृतिमा कुन-कुन तिथि नक्षत्र आदि साइतमा के कस्ता जडीवुटी संकलन गर्दा के कस्तो रोगको औषधि हुन्छ भन्ने विषयको वयान छ। ठ्यासफूमा लेखिएको यस कृतिमा एकापट्टि संस्कृत र अर्कोपट्टि नेपाली भाषा रहेको छ। भाषिक दृष्टिले प्राचीन जस्तो लाग्ने आदि अन्त्य पूर्ण भएको यस कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन।

१४. **औषध रसायन (वैद्यकम्),** ल.सं.प्र. १४१४, वि.सं. ३२५, लेखक-,लेखन समय-, पत्र ३७, अपूर्ण, रिल नं. A १२९३/४

उद्धरण

आलस्य हो भ्रम हो अशंमल हो जाडो लाग लाटो कालो होइरह शवै आँग दुष कडाबकुरन् मुखको वर्ण फिर मुख मधुर हो ......॥

समीक्षा

यस कृतिमा वायुको लक्षण, विषम ज्वर आदि रोगको लक्षण र उपचार विधि दिइएको छ। २२.२x९ आकारको ३७ वटा पत्रमा लेखिएको यो कृति अन्त्यमा अपूर्ण छ। यस कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन।

१५. **गजायुर्वेद,** ल.सं.च. १०५५, वि.सं. ८, लेखकः पाल, लेखन समय-, पत्र १२, पूर्ण, रिल नं. A २२७/१५

उद्धरण

पाल काव्यको द्वितीय खराडबाट उतारेका हातिका रोगको लक्षरा र चिकित्साको भाषा अव प्रथमाध्यायमा वन रोग कहिन्छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा हातीलाई लाग्न सक्ने वमन, पित्त, अतिसार आदि रोगको लक्षण र तिनको आयुर्वेदीय उपचार विधिको बयान गरिएको छ। पाल काव्यबाट नेपाली भाषा रुपान्तर गरिएको यो कृति आदि अन्त्य पूर्ण छ। लेखक लेखन समय उल्लेख नभएको भए तापनि कृति साधारण अवस्थाको छ। यसले प्राचीन समयमा यातायातकै साधनका रुपमा हाती पाल्ने र त्यसको उपचारमा पनि निकै सतर्कता अपनाउने तत्कालीन अवस्थाको यथार्थ स्थितिलाई स्पष्ट पारेको छ।

१६. **गजायुर्वेद (गज चिकित्सा),** ल.सं.प्र. १६९७ २१/७, वि.सं. ५, लेखक-, लेखन समय-, पत्र १६, अपूर्ण, रिल नं. A २२७/१९

उद्धरण

गुर्जोभाग १ मोथ्या भाग-१ चीतुको जरा भाग १ यति चुर्ण गरि चीनी सषर संग ष्वाउनु:। औसधि तेलले आंगमा घसिदीनु: ॥

समीक्षा

हातीका रोगको लक्षण र त्यसको उपचार विधि लेखिएको यस कृतिका आदिको पत्र १ र अन्त्यको १६ औं पत्रदेखिको अंश नभएको आदि अन्त्य अपूर्ण छ। कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन। भाषिक दृष्टिले हेर्दा निकै प्राचीन जस्तो लाग्ने यो कृति साधारण अवस्थाको छ।

१७. **घरायसी वैद्य,** ल.सं. च. १०४६, वि.सं. ८८, लेखक-, लेखन समय-, पत्र २५, पूर्ण, रिल नं. A १२८०/१०

उद्धरण

जिवहो पैलो पैलो भयाका भया कात्या फाल्याको भया उसलाई वातको विगार हो भन्नु शुका जिवहो पित्तको हो भन्नु:

समीक्षा

यस कृतिमा जिब्रो, मूत्र, वात आदिको लक्षण हेरेर विभिन्न सामान्य र जटिल रोग पत्ता लगाउने र तिनको उपचार गर्ने विधि रहेको छ। सामान्य अवस्थाको कृति आदि अन्त्य पूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन।

१८. **चलतीको औषधि,** ल.सं.च. ११७७, वि.सं. ५, लेखक-,लेखन समय-, पत्र ७२, पूर्ण, रिल नं. A १२५६/६

उद्धरण

जौन डोलले काठमा सुनको तवक लगाइयो. तेहि डौलले काठमा चादिको तवक लगाउनू तयार हुन्छ -१

काठमा चादि लगाउन्या तर्कीप् -२

समीक्षा

यस कृतिमा काठमा सुन वा चाँदीको तवक लगाउने, जुत्ताको पालिस बनाउने र लगाउने, हिङ बनाउने, कपुर, तमाखू, धूप आदि बनाउने र प्रयोग गर्ने तरिकाका साथै नाडी परीक्षा पित्तज्वरको लक्षण, पित्त लक्षण र भेद एवं तिनका लागि औषधि निर्माण प्रयोग विधि दिइएको छ। आदि अन्त्य पूर्ण भएको यस कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन भने नेपाली कागजमा लेखिएका ७२ पत्रलाई गातावन्दी गरी संरक्षण गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१९. **ताम्बुल कल्प,** ल.सं.द्वि ९५५, वि.सं. १२२, लेखक-,लेखन समय-,पत्र ४, पूर्ण, रिल नं. A २२५/१६

उद्धरण

देवतालाई चढायाको मुखको षुस्वोइ हुन्या गर्न्या जो पान तस्थान श्रेष्ठ भयाको लक्ष्मी गरिन्या पवित्र हुन्या जौन मनुष्यले तस्पान चवाउला मंगल होला ॥

समीक्षा

यस कृतिमा ताम्बुल कल्प अर्थात् पानका पातको धार्मिक र आयुर्वेदिक महत्त्वको बयान गरिएको छ। पानको सेवनबाट शारीरिक रोगका लागि लाभ हानि एवं धार्मिक दृष्टिले पाप वा पुण्य हुने कुराको बयान छ। आदि अन्त्य पूर्ण रहेको यस कृतिमा लेखक लेखन समय उल्लेख छैन।

२०. **पाकावली भाषा,** ल.सं.ष. १६९, वि.सं. १५१, लेखक-, लेखन समय-, पत्र ९, पूर्ण, रिल नं. A ९५२/३

उद्धरण

भात पकाउन्या तर्किप ॥ चावल भिजाउनु. घ्युमा थोरो भुटनु. तातो पानि हालि पकाउंनु सिता पऱ्या पछि भाडाका मुखमा रुमाल वाधि. तेस्माको पानि साफ्गरि फेकिदिनु ताहापछि.पाया वदामकोघ्यु नपाया अरु असल घ्यु हालनु र. भुंरामा वसालनु. पाक्यापछि उतारनु. तैयार हुंछ ॥

समीक्षा

पाकशास्त्र विषयको यस पुस्तकमा भात पकाउने, दहीको पनीर, पुलाउ, भेडाका मासुको पुलाउ आदि बनाउने तरिका र त्यसका लागि आवश्यक सामग्रीको बयान गरिएको छ। कृति आदि अन्त्य पूर्ण र सामान्य अवस्थाको छ। शाकाहारी र मांसाहारी दुवै प्रकारका भोज्य सामग्री निर्माण विधि दिइएको यो पुस्तक व्यवहारोपयोगी देखिन्छ। कृतिमा लेखन समय र लेखकको नाम उल्लेख छैन।

२१. **पालकाव्यम् (गजायुर्वेद),** ल.सं.तृ. १११, वि.सं. ६, लेखक-, लेखन समयः सम्बत् १९१९, पत्र २१६, पूर्ण, रिल नं. A १३०१/१९

उद्धरण

पैल्हे हाति खेदा गर्न्या क्रम लेखिंछन् ॥ हातिका वर्णन ॥ हातिका शुभ अशुभ लक्षण. मद चुह्याका पैल्हेको विचार ॥ स्वभावको विचार ॥

समीक्षा

यस कृतिमा हात्तीका रोगको लक्षण र त्यसको उपचार विधि दिइएको छ। यसमा हातीको जात, वर्ण, लक्षण, चक्र र त्यसको लक्षण एवं हातीलाई लगाउने यन्त्र आदि विषय दिइएको छ। अगाडि विषय सूचि समेत दिइएको यस कृतिमा जम्मा २१६ पत्र रहेका छन् भने कृति आदि अन्त्य पूर्ण छ। लेखकको नाम यसमा उल्लेख छैन भने अन्त्यमा **"स्वस्ति श्री संवत् १९१९ साल मिति कार्तिक शुदि पूर्णिमा शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२२. **पुष्पसार (उपवन विनोद),** ल.सं.प. ६७, वि.सं. १४५, लेखक-, लेखन समय-, पत्र ३७, पूर्ण, रिल नं. A ९५१/९१

उद्धरण

श्री विश्नुका पुत्र हुनाले. केवल इश्वर मुर्तिभयाका. अनंतनामा देवता जो छन् सो. सरिर नभयाका छन् तापनि. देव दैत्य मनुष्य प्रभृति संपुर्ण संसारको उत्पत्ति स्थिति प्रलय गरि.आफ्ना वस गरि राष्याका छन्.

समीक्षा

यस कृतिमा बगैंचाको बयान, बगैंचा बनाउने तरिका एवं उपायको बयान गरिएको छ। त्यस बगैंचामा कुन-कुन ऋतुमा के कस्ता फूलहरू लगाउने एवं के कस्ता फूलहरू के कस्तो ठाउँमा सार्दाको धार्मिक र प्राकृतिक महत्त्व हुन्छ भन्ने विषयको बयान छ। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने कृतिमा लेखक लेखन समय उल्लेख छैन।

२३. **भृङ्गीराज कल्प (इन्द्रजाल),** ल.सं.ष. १०७३, वि.सं. १५९, लेखक–, लेखन समय-, पत्र ७, अपूर्ण, रिल नं. A ९५२/९

उद्धरण

नुनढिकीको फल. श्राद्याको चावल घृत गुड मुछि रोटि गरि षानु सर्व प्रमयो जा॥

समीक्षा

यस कृतिमा पनि विभिन्न रोगका लक्षण नाम र तिनीहरूको आयुर्वेदीय पद्धतिबाट गरिने उपचार विधिको बयान छ। कृति आदि अन्त्य अपूर्ण अत्यन्त जीर्ण अवस्थाको छ भने यसमा लेखकको नाम र लेखन समय उल्लेख छैन।

२४. **मल्हम निर्माण विधि,** ल.सं.द्वि. ३५८/४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. B १६४/९

उद्धरण

स्वाग तोला- १ फट्गिरि तोला-१ सोहा. तोला-१ निलो तुथो तोला १

समीक्षा

१ पत्रको यस कृतिमा मल्हम बनाउँदा प्रयोग गरिने औषधिको मात्रा र बनाउने तरिका दिइएको छ भने लेखक लेखन समय उल्लेख छैन।

२५. **माधव निदान,** ल.सं.ष. १९४४, वि.सं. १२, लेखक-, लेखन समय-, पत्र १६६, अपूर्ण, रिल नं. A १०८९/११

उद्धरण

जगत भनेको संशार तस्को उत्पत्ति भनेको बनाउनु स्थिति भनेको धारण गर्नु संघार भनेको नास गर्नु कारणम् भनेको यस्तो कारण भयाका ..... ॥

समीक्षा

यस कृतिमा प्रारम्भमा मङ्गलाचरण र ज्वर निदान, अतिसार निदान, ग्रहणि रोग निदान, मुर्छा निदान, धातु निदान, प्रमेह निदान आदि १२४ वटा विविध रोगहरूको लक्षण र तिनीहरूको उपचार विधि दिइएको छ। कृतिमा मूल संस्कृत टीकाको चाहिँ नेपाली भाषामा-अर्थ दिइएको छ १६६ औं पत्रदेखि अन्त्यको भाग नभएकोले कृति अपूर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छ भने भएका पत्रहरू सामान्य अवस्थाका छन् । कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन ।

२६. **रससिद्ध प्रकाश,** ल.सं.पं. ३९६८, वि.सं. २७५, लेखक–, लेखन समय-, पत्र ८९, पूर्ण, रिल नं. A १२८९/३

उद्धरण

पुण्यको फल भोग त्यसैका आश्रयमा अरुकार्य हुंछन्. शरीर भन्याको अनित्य हो. तस्मात् जान्याले मोक्षमा इछा राषनु ॥१॥

समीक्षा

यस कृतिमा विभिन्न रसादि एवं काष्ठादि औषधि निर्माण गर्ने र प्रयोग गर्ने तरिका एवं त्यसबाट हुने फाइदाको बयान रहेको छ । कृतिमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ.। आदि अन्त्य पूर्ण साधारण अवस्थामा रहेको यस कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन ।

२७. **वाज शालिहोत्रम्,** ल.सं.प्र. १११८, वि.सं. ६, लेखक: डम्बर सेन, लेखन समय: शाके १७०८, पत्र २१, पूर्ण, रिल नं.

उद्धरण

बाटुलो हो र पुष्ट भयाको १ पृष्टि ......स्थल चाकलो भयाको २ नदीर्घ नह्रस्व भयाको ३ गलो पनि एस्तै भयाको ४ सिर चेपटो भयाको ५ भृकुटि पातलो भयाको ६.... ।

समीक्षा

यस कृतिमा वाज लक्षणको भाषा अर्थ दिइएको छ । प्रारम्भका १-५ पत्र सम्म मूल संस्कृत भाषा रहेको छ भने त्यस पछि नेपाली भाषा टीका रहेको छ । विभिन्न जातका वाजहरूको लक्षण तिनको उपचार विधि समेत दिइएको छ । कुन जातको वाजलाई कस्तो प्रकारबाट उपचार गर्दा ठीक हुन्छ भन्ने विषय यसमा रहेको छ । अन्त्यमा **"इति श्री डंवरसेन विरचितं वाजशालिहोत्रे सम्पूर्णम् ॥ शाके १७०८ श्रावण कृश्ने ४ शनौ लिषितं"** भन्ने उल्लेख गरिएकाले यसका लेखक र लेखन समय स्पष्ट हुँदा हुँदै पनि डवरसेन मूल संस्कृतका लेखक वा नेपाली रुपान्तरणकार हुन् भन्ने कुरा स्पष्ट हुँदैन ।

२८. **वाजी रहस्यम्** ल.सं.च. १००५, वि.सं. ४५, लेखक: श्री ५ गीर्वाण युद्धविक्रम शाह, लेखन समय-, पत्र २१, पूर्ण, रिल नं. A २२६/७

उद्धरण

पैल्हे विधि पूर्वक गणेशकन नमस्कार गरि. शालिहोत्रादि सर्वशास्त्र विचार गरि. सारसार भयाका अर्थकन झिकि. गीर्वाण युद्धादिमं विक्रमेण भंनु. ॥

समीक्षा

यस ग्रन्थमा वाजको लक्षण बयान गरिएकोछ । मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको यस कृतिको अन्त्यमा **"कांतवती भंनी महारानीले. रणवहादुर भन्ना महाराजका पुत्र भयाका. श्री गीर्वाण युद्ध विक्रम साह महाराजकन. प्रासूत. जन्माउनु भयाका छन् श्री मंत भयाका कवि नायक भयाका श्री महाराजाले इ कांतिपुर. नामा सहरमा राज गरि इ वाजि रहस्य नामा ग्रन्थ बनाउदा भया"** भन्ने उल्लेख भएकाले यसका रचयिता श्री ५ गीर्वाण युद्धविक्रम शाह हुन् भन्ने स्पष्ट हुन्छ । साथै यसको लेखन समयलाई पनि उनकै शासनकालसँग जोड्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सकिन्छ । सामान्य अवस्थाको कृति आदि अन्त्यपूर्ण छ ।

२९. विभिन्न जडीबुटीको बयानः यस शीर्षक अन्तर्गत सम्बन्धित विषयको वर्णन, गुण र औषधी प्रयोग सम्बन्धी बयान गरिएका प्रायः १ पत्रका १३७ थान किताव रहेका छन् । सवै कृति आदि अन्त्य पूर्ण छन् भने कुनैमा पनि लेखन समय र लेखकको नाम उल्लेख भएको पाइँदैन । आयुर्वेद विषयका लागि निकै उपयोगी देखिने यी सवै कृतिलाई एउटैमा समावेश गरी प्रकाशन गर्न योग्य देखिन्छन् । जस्को संक्षिप्त विवरण मात्र यहाँ दिइन्छ :

१.	**अजमोदाको वर्णन,**	ल.सं.ष. ६२९/१, वि.सं. ७, लेखक-, लेखन समय–, पत्र १, पूर्ण रिल नं. A ९५०/२६
२.	**अधिकमासको वर्णन,**	ल.सं.ष. ६२९/२, वि.सं. ८, लेखक-, लेखन समय-, पत्र ६, पूर्ण, रिल नं. A ९५०/२७
३.	**अजमोदाको वर्णन,**	ल.सं.ष. ६२९/३, वि.सं. ९८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/२८
४.	**अमलाको वर्णन,**	ल.सं.ष. ६२९/३, वि.सं. १०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/२९
५.	**अश्वगन्धाको वर्णन,**	ल.सं.ष. ६२९/५, वि.सं. ११, लेखक-, लेखन समय-, पत्र ३, पूर्ण, रिल नं. A ९५०/३०
६.	**अगस्तिको वर्णन**	ल.सं.ष. ६२९/६, वि.सं. १२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/३१
७.	**अजयपालको वर्णन,**	ल.सं.ष. ६२९/७, वि.सं. १३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/३२
८.	**अलैंचीको वर्णन,**	ल.सं.ष. ६२९/८, वि.सं. १४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/३३
९.	**अतिवलाको वर्णन,**	ल.सं.ष. ६२९/९, वि.सं. १५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/३४
१०.	**अगरुको वर्णन,**	ल.सं.ष. ६२९/१०, वि.सं. १६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/३५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

११.	अत्तर गुलावको वर्णन,	ल.सं.ष. ६२९/११, वि.सं. १७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/३६
१२.	अमर बेलको वर्णन,	ल.सं.ष. ६२९/१२, वि.सं. १८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/३७
१३.	आकाश शयरको वर्णन,	ल.सं.ष. ६२९/१३, वि.सं. १९, लेखक-, लेखन समय-, पत्र ३, पूर्ण, रिल नं. A ९५०/३८
१४.	अमलाको महात्म्य,	ल.सं.ष. ६२९/१४, वि.सं. २०, लेखक-, लेखन समय-, पत्र २, पूर्ण, रिल नं. A ९५०/३९
१५.	असुराको वर्णन,	ल.सं.ष. ६२९/१५, वि.सं. २१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/४०
१६.	अपामार्गको वयान,	ल.सं.ष. ६२९/१६, वि.सं. २२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/४१
१७.	अम्लवेतको वर्णन,	ल.सं.ष. ६२९/१७, वि.सं. २३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/४२
१८.	आलुको वर्णन	ल.सं.ष. ६२९/१८, वि.सं. २४, लेखक-, लेखन समय-, पत्र १४, पूर्ण, रिल नं. A ९५०/४३
१९.	आयुर्वेद विषयका जडीवुटी नामावली,	ल.सं.ष. ६२९/१९, वि.सं. २५, लेखक- लेखन समय- पत्र मूठो, रिल नं. A ९५०/४४
२०.	आयुर्वेद सर्वरोग विषयक नाडीज्ञान एवं विविध पुस्तकम्	ल.सं.ष. ६२९/२०, वि.सं. २६, लेखक-, लेखन समय-, पत्र पूर्ण, रिल नं. A ९५०/४५
२१.	आँपको वर्णन,	ल.सं.ष. ६२९/२१, वि.सं. २७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/४६
२२.	आँकको वर्णन,	ल.सं.ष. ६२९/२२, वि.सं. २८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/४७
२३.	उष्णताको वर्णन,	ल.सं.ष. ६२९/२३, वि.सं. २९, लेखक-, लेखन समय-, पत्र २, पूर्ण, रिल नं. A ९५०/४८
२४.	एरण्ड (अणेर) को वर्णन,	ल.सं.ष. ६२९/२४, वि.सं. ३०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/४९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२५. **ऐभ्रुेरुको वर्णन,** ल.सं.ष. ६२९/२५, वि.सं. ३१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/५०

२६. **ओलको वर्णन,** ल.सं.ष. ६२९/२६, वि.सं. ३२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/५१

२७. **औषधी प्रयोग,** ल.सं.ष. ६२९/२७, वि.सं. ३३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/५२

२८. **कवैको वर्णन,** ल.सं.ष. ६२९/२८, वि.सं. ३४, लेखक-, लेखन समय-, पत्र २, पूर्ण, रिल नं. A ९५०/५३

२९. **कदमको वर्णन,** ल.सं.ष. ६२९/२९, वि.सं. ३५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/५४

३०. **कपुरको वर्णन,** ल.सं.ष. ६२९/३०, वि.सं. ३६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/५५

३१. **काउछोको वर्णन,** ल.सं.ष. ६२९/३१, वि.सं. ३७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/५६

३२. **काकोलीको वर्णन,** ल.सं.ष. ६२९/३२, वि.सं. ३८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/५७

३३. **कासको वर्णन,** ल.सं.ष. ६२९/३३, वि.सं. ३९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/५८

३४. **काक चुच्चेको वर्णन,** ल.सं.ष. ६२९/३४, वि.सं. ४०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/५९

३५. **काँढे ज्यामीरको वर्णन,** ल.सं.ष. ६२९/३५, वि.सं. ४१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६०

३६. **कुशको वर्णन,** ल.सं.ष. ६२९/३६, वि.सं. ४२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६१

३७. **केराको वर्णन,** ल.सं.ष. ६२९/३७, वि.सं. ४३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६२

३८. **कैथको वर्णन,** ल.सं.ष. ६२९/३८, वि.सं. ४४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३९.	**कोइरालोको वर्णन,**	ल.सं.ष. ६२९/३९, वि.सं. ४५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६४
४०.	**कन्टकारीको वर्णन,**	ल.सं.ष. ६२९/४०, वि.सं. ४६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६५
४१.	**कृषिमा बुद्धिको चमत्कार,**	ल.सं.ष. ६२९/४०'क', वि.सं. ४७'क', लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६६
४२.	**खमारीको वर्णन,**	ल.सं.ष. ६२९/४१, वि.सं. ४७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६७
४३.	**खुर्सानी यवानिको वर्णन,**	ल.सं.ष. ६२९/४२, वि.सं. ४८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६८
४४.	**गुग्गुलुको वर्णन,**	ल.सं.ष. ६२९/४३, वि.सं. ४९, लेखक- लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/६९
४५.	**गुर्जोको वर्णन,**	ल.सं.ष. ६२९/४४, वि.सं. ५०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/७०
४६.	**गोरख मुण्डीको वर्णन,**	ल.सं.ष. ६२९/४५, वि.सं. ५१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/७१
४७.	**चन्द्रसुरको वर्णन,**	ल.सं.ष. ६२९/४६, वि.सं. ५२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/७२
४८.	**चितुको वर्णन,**	ल.सं.ष. ६२९/४७, वि.सं. ५३, लेखक- लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/७३
४९.	**चितुको वर्णन (चित्र कल्पम्),**	ल.सं.ष. ६२९/४८, वि.सं. ५४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५०/७४
५०.	**चिउरीको वर्णन,**	ल.सं.ष. ६२९/४९, वि.सं. ५५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/१
५१.	**छतिवनको वर्णन,**	ल.सं.ष. ६२९/५०, वि.सं. ५६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/२
५२.	**जुहीको वर्णन,**	ल.सं.ष. ६२९/५१, वि.सं. ५७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५३.	**जेठी मधुको वर्णन,**	ल.सं.ष. ६२९/५२, वि.सं. ५८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४
५४.	**टसार रेशमको वर्णन,**	ल.सं.ष. ६२९/५३, वि.सं. ५९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५
५५.	**टुनिको वर्णन,**	ल.सं.ष. ६२९/५४, वि.सं. ६०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६
५६.	**ठूलो सुपको वर्णन,**	ल.सं.ष. ६२९/५५, वि.सं. ६१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७
५७.	**ताल मखनाको वर्णन,**	ल.सं.ष. ६२९/५६, वि.सं. ६२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८
५८.	**ताडको वर्णन,**	ल.सं.ष. ६२९/५७, वि.सं. ६३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/९
५९.	**तितो लौकाको वर्णन,**	ल.सं.ष. ६२९/५८, वि.सं. ६४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/१०
६०.	**तुलसीको वर्णन,**	ल.सं.ष. ६२९/५९, वि.सं. ६५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/११
६१.	**दार्वीको वर्णन,**	ल.सं.ष. ६२९/६०, वि.सं. ६६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/१२
६२.	**दुग्ध रक्षा गाढा गर्ने उपाय,**	ल.सं.ष. ६२९/६१, वि.सं. ६७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/१३
६३.	**द्रोण पुष्पको वर्णन,**	ल.सं.ष. ६२९/६२, वि.सं. ६८, लेखक-, लेखन समय-, पत्र २, पूर्ण, रिल नं. A ९५१/१५
६४.	**धतुरोको वर्णन,**	ल.सं.ष. ६२९/६३, वि.सं. ६९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/१४
६५.	**नरीवलको वर्णन,**	ल.सं.ष. ६२९/६४, वि.सं. ७०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/१६
६६.	**नवग्रहको वर्णन,**	ल.सं.ष. ६२९/६५, वि.सं. ७१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/१७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६७.	**नागकेशरको वर्णन,**	ल.सं.ष. ६२९/६६, वि.सं. ७२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/१८
६८.	**नागवलाको वर्णन,**	ल.सं.ष. ६२९/६७, वि.सं. ७३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/१९
६९.	**निलको वर्णन,**	ल.सं.ष. ६२९/६७-'क', वि.सं. ७४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/२०
७०.	**दालचिनीको वर्णन,**	ल.सं.ष. ६२९/६८, वि.सं. ७५, लेखक-, लेखन समय- पत्र १, पूर्ण, रिल नं. A ९५१/२१
७१.	**देशी रंग,**	ल.सं.ष. ६२९/६९, वि.सं. ७६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/२२
७२.	**परवरको वर्णन,**	ल.सं.ष. ६२९/७०, वि.सं. ७७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/२३
७३.	**पलाँसको वर्णन,**	ल.सं.ष. ६२९/७१, वि.सं. ७८, लेखक-, लेखन समय-, पत्र २, पूर्ण, रिल नं. A ९५१/२४
७४.	**पाठाको वर्णन,**	ल.सं.ष. ६२९/७२, वि.सं. ७९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/२५
७५.	**पानको वर्णन,**	ल.सं.ष. ६२९/७३, वि.सं. ८०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/२६
७६.	**पीपलको वर्णन,**	ल.सं.ष. ६२९/७४, वि.सं. ८१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/२७
७७.	**पिपलाको वर्णन,**	ल.सं.ष. ६२९/७५, वि.सं. ८२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/२८
७८.	**पुष्कर मूलको वर्णन,**	ल.सं.ष. ६२९/७६, वि.सं. ८३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल् नं. A ९५१/२९
७९.	**पृथ्वीको दैनिक गति र कालिक चमत्कार,**	ल.सं.ष. ६२९/७७, वि.सं. ८४, लेखक-, लेखन समय-, पत्र ३, पूर्ण, रिल नं. A ९५१/३०
८०.	**पृश्नीपर्णको वर्णन,**	ल.सं.ष. ६२९/७८, वि.सं. ८५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण रिल नं. A ९५१/३१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

८१. **पेष्टोलोजीको शिक्षा,** ल.सं.ष. ६२९/७८, वि.सं. ८६, लेखक-, लेखन समय-, पत्र २, पूर्ण, रिल नं. A ९५१/३२

८२. **फसलको शत्रु,** ल.सं.ष. ६२९/७९, वि.सं. ८७, लेखक-, लेखन समय-, पत्र जम्मा १३, पूर्ण, रिल नं. A ९५१/३३

८३. **बराही कन्दको वर्णन,** ल.सं.ष. ६२९/८०, वि.सं. ८८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/३४

८४. **बलुको वर्णन,** ल.सं.ष. ६२९/८१, वि.सं. ८९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/३५

८५. **बिजुली चुलो,** ल.सं.ष. ६२९/८२, वि.सं. ९०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/३६

८६. **विदारी कन्दको वर्णन,** ल.सं.ष. ६२९/८३, वि.सं. ९१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/३७

८७. **विधाराको वर्णन,** ल.सं.ष. ६२९/८४, वि.सं. ९२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/३८

८८. **विमिराको वर्णन,** ल.सं.ष. ६२९/८५, वि.सं. ९३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/३९

८९. **बेलको वर्णन,** ल.सं.ष. ६२९/८६, वि.सं. ९४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४०

९०. **बेलीको वर्णन,** ल.सं.ष. ६२९/८७, वि.सं. ९५, लेखक- लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४१

९१. **बोझ्रोको वर्णन,** ल.सं.ष. ६२९/८८, वि.सं. ९६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४२

९२. **बंशलोचनको वर्णन,** ल.सं.ष. ६२९/८९, वि.सं. ९७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४३

९३. **बन्ध्याकर्कोटकीको वर्णन,** ल.सं.ष. ६२९/८९, वि.सं. ९८'क', लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४४

९४. **भारंगीको वर्णन,** ल.सं.ष. ६२९/९०, वि.सं. ९९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

९५. **महानीवको वर्णन,** ल.सं.ष. ६२९/९१, वि.सं. १००, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४६

९६. **मालगुनोको वर्णन,** ल.सं.ष. ६२९/९२, वि.सं. १०१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४७

९७. **महावलाको वर्णन,** ल.सं.ष. ६२९/९३, वि.सं. १०२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४८

९८. **मुद्‌गपर्णीको वर्णन,** ल.सं.ष. ६२९/९४, वि.सं. १०३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/४९

९९. **मूलाको वर्णन,** ल.सं.ष. ६२९/९५, वि.सं. १०४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५०

१००. **महासत्तावरीको वर्णन,** ल.सं.ष. ६२९/९६, वि.सं. १०५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५१

१०१. **मोचरसको वर्णन,** ल.सं.ष. ६२९/९७, वि.सं. १०६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५२

१०२. **मौलशरीको वर्णन,** ल.सं.ष. ६२९/९८, वि.सं. १०७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५३

१०३. **मंजिष्ठाको वर्णन,** ल.सं.ष. ६२९/९९, वि.सं. १०८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५४

१०४. **रक्त चन्दनको वर्णन,** ल.सं.ष. ६२९/१००, वि.सं. १०९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५५

१०५. **रास्नाको वर्णन,** ल.सं.ष. ६२९/१०१, वि.सं. ११०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५६

१०६. **रुख कटहरको वर्णन,** ल.सं.ष. ६२९/१०२, वि.सं. १११, लेखक-, लेखन समय-, पत्र १, पूर्ण,, रिल नं. A ९५१/५७

१०७. **रेवाचिनिको वर्णन,** ल.सं.ष. ६२९/१०३, वि.सं. ११२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५८

१०८. **लबंगको वर्णन,** ल.सं.ष. ६२९/४, वि.सं. ११३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/५९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१०९. **लक्ष्मणाको वर्णन,**	ल.सं.ष. ६२९/५, वि.सं. ११४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६०
११०. **लोध्रको वर्णन,**	ल.सं.ष. ६२९/१०६, वि.सं. ११५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६१
१११. **बापचीको वर्णन,**	ल.सं.ष. ६२९/१०७, वि.सं. ११६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६२
११२. **विज्ञानको चमत्कार,**	ल.सं.ष. ६२९/१०८, वि.सं. ११७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६३
११३. **शतावरी,**	ल.सं.ष. ६२९/१०९, वि.सं. ११८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६४
११४. **शंखपुष्पीको वर्णन,**	ल.सं.ष. ६२९/११०, वि.सं. ११९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६५
११५. **शालीपर्णीको वर्णन,**	ल.सं.ष. ६२९/१११, वि.सं. १२०, लेखक-, लेखन समय, पत्र १, पूर्ण, रिल नं. A ९५१/६६
११६. **श्रावणी तथा उवाकर्म विधि,**	ल.सं.ष. ६२९/११२, वि.सं. १२१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६७
११७. **श्रीखण्डको वर्णन,**	ल.सं.ष. ६२९/११३, वि.सं. १२२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६८
११८. **श्वेतवाचाको वर्णन,**	ल.सं.ष. ६२९/११४, वि.सं. १२३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/६९
११९. **सल्लाको वर्णन,**	ल.सं.ष. ६२९/११५, वि.सं. १२४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७०
१२०. **सिमलको वर्णन,**	ल.सं.ष. ६२९/११६, वि.सं. १२५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७१
१२१. **सर्वश्रेष्ठ वनाउने शिक्षा हो,**	ल.सं.ष. ६२९/११७, वि.सं. १२१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७२
१२२. **शिवालीको वर्णन,**	ल.सं.प. ६२९/११८, वि.सं. १२७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१२३. **सिउँडीको वर्णन,** ल.सं.ष. ६२९/११९, वि.सं. १२८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७४

१२४. **सनको वर्णन,** ल.सं.ष. ६२९/१२०, वि.सं. १२९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७५

१२५. **सुकमेलको वर्णन,** ल.सं.ष. ६२९/८१२१, वि.सं. १३०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७६

१२६. **सुगन्धित तेल,** ल.सं.ष. ६२९/१२२, वि.सं. १३१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७७

१२७. **सूर्यमूखीको वर्णन,** ल.सं.ष. ६२९/१२३, वि.सं. १३२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/७८

१२८. **सेतो अपराजिताको वर्णन,** ल.सं.ष. ६२९/१२४, वि.सं. १३३, लेखक-, लेखन समय-, पत्र १, पूर्ण रिल नं. A ९५१/७९

१२९. **सेतो पुनर्नवाको वर्णन,** ल.सं.ष. ६२९/१२५, वि.सं. १३४, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८०

१३०. **सौवर्चलको वर्णन,** ल.सं.ष. ६२९/१२६, वि.सं. १३५, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८१

१३१. **स्वदेसी रङ्ग थान ३,** ल.सं.ष. ६२९/१२७'क', वि.सं. १३६, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८२

१३२. **स्थल कमलको वर्णन,** ल.सं.ष. ६२९/१२७, वि.सं. १३७, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८८

१३३. **हर्रोको वर्णन,** ल.सं.ष. ६२९/१२८, वि.सं. १३८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८९

१३४. **हाडेवेरको वर्णन,** ल.सं.ष. ६२९/१२९, वि.सं. १३९, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८६

१३५. **हिङको वर्णन,** ल.सं.ष. ६२९/१३०, वि.सं. १४०, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८५

१३६. **हंसपदीको वर्णन,** ल.सं.ष. ६२९/१३१, वि.सं. १४१, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८४

१३७. **घृतकुमारीको वर्णन,** ल.सं.ष. ६२९/१३२, वि.सं. १४२, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ९५१/८३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३०. **वैज्ञानिक प्रयोग संग्रह,** ल. सं. ष. १३५४, परिशिष्ट वि.सं. १२० लेखक-, लेखन समय-, पत्र १, पूर्ण, (मा.फि. नभएको)

उद्धरण

सोराषान्र्यातवर्

सोरा पानीमा हाली मुछ्नु. पगली सक्या पछि थिग्रिन दिनु र. उहि पानी कपडामा छान्नु. तामाका भाडामा पकाउनु. पकाउदामा उठ्याको फिद झिग्दै रहनु. तलवस्न लाग्यापछि. झिक्नु ।

समीक्षा

यसमा सोडा खार्ने, गंधक मार्ने, बंको अंदाज, सेतो बारुद बनाउने, फुट्ने गोला बनाउने, गोली राख्ने तरिका, विभिन्न धातुवाट विभिन्न भाँडा बनाउने, काठका विभिन्न मूर्ति बनाउने, काँच बनाउने र फुटेको जोड्ने, विभिन्न रङ्ग वनाउने तथा खानाका विभिन्न प्रकार बनाउने तरिका दिइएको छ । ५६ पत्रको पुस्तक आदि अन्त्य पूर्ण छ लेखक र लेखन समय उल्लेख छैन । विज्ञान विषयका यस पुस्तकको आफ्नै किसिमको महत्त्व देखिन्छ ।

३१. **वैद्यकम् भाषा,** ल.सं.द्वि.१९७, वि.सं. ३९८, लेखक-, लेखन समय-, पत्र ठ्यासफु, अपूर्ण, रि नं. A ९६५/७

उद्धरण

चुनचुनकर चुरन करो वरिवाडी मीलावनु रोज २१ मानो होय् मानीसका मुत्र संग पिश्नु अंजन करै दिन २४ रस भिजा

समीक्षा

यस आयुर्वेद सम्वन्धी ग्रन्थमा विभिन्न रोगको लक्षण र तिनको पहिचान गरी आयुर्वेदिक उपचार विधिको बयान गरिएको छ । भाषिक दृष्टिले हेर्दा निकै प्राचीन जस्तो लाग्ने यस कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन । कृति आदि अन्त्य अपूर्ण छ ।

३२. **वैद्यकम् भाषा,** ल.सं.प्र. १४१४/१९, वि.सं. ३२६, लेखक-, लेखन समय-, पत्र ५, अपूर्ण, रिल नं. A ४३३/२८

उद्धरण

मरीच.अलैंची. षाड. कपूर. कस्तुरी. श्री खंड.धनिञु. टटहलाका अंतर्छालाको रस. कुभिंडाको पानि. केवराका जराको पानी. भिर्कुलाका जराको पानि.पिस्रावनु. लेप गर्नु. ॥

समीक्षा

यस आयुर्वेद विषयको पुस्तकमा पनि दोपहरा, मकरा, जुडाई निरेद आदिको उपचार विधि दिइनुका साथै ती रोगका लागि औपधी निर्माण गर्ने विधि समेत दिइएको छ । कृति आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । पत्र २ देखि ६ सम्म रहेको यो कृति भाषिक दृष्टिले हेर्दा निकै प्राचीन जस्तो देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३३. **वैद्य संग्रह,** ल.सं. तृ. ४७५, वि.सं. ३४८, लेखक-, लेखन समय-, पत्र २८, अपूर्ण, रिल नं. B १६१/८

उद्धरण

नखले सहदेविको जरो उषेलि रविवारमा कानमा वाधनु चौथो ज्वर जाः ॥ शिवालिको जरो सहदेविको जरो दुई जरा कम्वरमा वाधनु सवै ज्वर जा. ॥

समीक्षा

यस कृतिमा वैद्य संग्रहका प्रकीर्ण पत्रहरू रहेका छन् । मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषामा अर्थ रहेको यो कृति आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

३४. **वैद्यकम् भाषा,** ल.सं.पं. ७५६४, वि.सं.३६७, लेखकः श्री जितानन्द, लेखन समयः श्री सम्वत् १९४४, पत्र २९, पूर्ण, रिल नं. A २२०/२

उद्धरण

निर्विसि घोटी नस् दिनु नाश्रो रोग जा अथ सुनियाको प्रतीकारः अरिंडको तेल, सिधो सम गरी लेप गर्नु सुनियाको जा. धतुराको जरो अरिंडको जरो सिवालिका पात वाफ लावनु सुनियाको जा ॥

समीक्षा

यस कृतिमा तन्त्र मंत्र यन्त्रका साथै विभिन्न रोगको औषधि गर्ने तरिका दिइएको छ । नाश्री फुटेमा, सुनिएमा, भृङगी आदि रोग लागेमा त्यसको आयुर्वेदीय उपचार गर्ने तरिका यसमा दिइएको छ । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने अन्त्यमा **"श्री सम्वत् १९४४ साल मिति चैत्र कृश्न १४ रोज एतद्दिने लिखितं समाप्तम् लिखित मिदं पुस्तक श्री ललितापूर नगर श्री महा वौद्धो पाशक श्री जितानन्देन शुभम्"** भन्ने उल्लेख गरिएकाले यसका लेखकको नाम र लेखन समय स्पष्ट हुन्छ । जम्मा २९ पृष्ठको यस पुस्तकमा प्रारम्भका २ पृष्ठमा झाक्रीले फलाक्ने मंत्र बीचमा औषधविद्या एवं अन्त्यका ६ पृष्ठमा विभिन्न विषय सिद्ध गर्ने यन्त्रहरू दिइएको छ ।

३५. **वैद्यकम् भाषा,** ल.सं. पं. ७८६१, वि.सं. ३६८, लेखक-, लेखन समय-, पत्र २९, अपूर्ण, रिल नं. A २१४/४

उद्धरण

अथ शूल रोग उपचार गहत भिजाको पानि. सुठो.हिंग.चूक संग षानु.शूल जा शतावरि. रस मह. संग मिलाइ षानु वात शूल जा. ॥

समीक्षा

शूल रक्त पित्त, अम्लपित्त काश, गुल्म आदि रोगको लक्षण र उपचार गर्ने औषधीको नाम र तरिका दिइएको यो किताव आदि अन्त्य अपूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन । समग्रमा हेर्दा पुस्तक प्रकीर्णपत्रहरू जस्तो देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३६. वैद्यकम् भाषा, ल. सं. प्र. ११४६/४, वि. सं. ३२२, लेखक-,लेखन समय-, पत्र १२, अपूर्ण, रिल नं. A १६९/५

उद्धरण

अउलि जरो जाइ वरि अमिलिका रस षानु अउलि जरो जा

समीक्षा

यस कृतिमा पनि विभिन्न रोगको पहिचान र त्यसको उपचार विधि दिइएको छ। आदिका ४ पृष्ठमा संस्कृत भाषा छ भने त्यसपछि नेपाली भाषा छ। अन्त्यको भाग नभएकोले कृति अपूर्ण देखिन्छ। लेखक लेखन समय उल्लेख छैन। कृति सामान्य अवस्थाको छ।

३७. वैद्यकम् भाषा, ल. सं. प्र. १३९५, वि. सं. ३२४, लेखक-, लेखन समय-, पत्र १२, अपूर्ण, रिल नं. B ५३६/३६

उद्धरण

लहसुनु पीठी उरदकीता केवरा वनाइ ॥ सात दिना. जो षाइयै तुरतै कोला जाइ : ॥

समीक्षा

आयुर्वेद विषयको यस पुस्तकमा पनि विभिन्न रोगको लक्षण, पहिचान र त्यसको उपचार विधि दिइएको छ। हिन्दी ब्रज भाषा मिश्रित भएको जस्तो देखिने यस कृतिमा जम्मा १२ पत्र छन्। लेखक लेखन समय उल्लेख नभएको कृति अन्त्यमा अपूर्ण छ।

३८ वैद्यकम् (नाडीज्ञानम्) ल. सं. तृ. ४७५/११, वि. सं. ३४९, लेखक-, लेखन समय-, पत्र १९, अपूर्ण, रिल नं. A २१०/१९

उद्धरण

अथ कान वैहो. पाक्याको. ईलाज् ॥ कौडो हरीन्को मुत्रघोटि कान घालनू. जन्मको वैहो नीको हो. ॥ जिउदो विछि १ कुट्भा १ विषभा १ एकत्र गरि. करूवा तेलमा पकावनु सो तेल कानमा घालनु १२ वर्षको वैहो निको होः ॥

समीक्षा

यसमा नाथ्री फुटेको औषधी, वैह्रो पन निवारण उपाय, वाडुली लागेको रोकथाम, मादकता कमगर्ने उपाय आदि विविध रोगको पहिचान र त्यसको रोकथामको उपाय दिइएको छ। १९ औं पत्रदेखि अन्त्यको भाग नभएकाले कृति अपूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

३९. वैद्य जीवनम्, ल. सं. पं. ७५०२, वि. सं. ४०७, लेखक-,लेखन समय-, पत्र २६, पूर्ण, रिल नं. A २१२/१६

उद्धरण

पहिले नाडी विचार गर्नुः दाहिन्या हातका वुढि अंगुठाका जरामाहां. जीवनु मरणु गरावन्या नारी हेरनु. तसकी गतिले सुख दुःखको प्रकार परिडतलेः जान्दछन् शरको रोग जांन ईछ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा नाडी हेर्ने विधि र त्यसको लक्षण, गृष्म ज्वर, वात ज्वर, सन्निपात ज्वर आदि रोगको लक्षण र त्यसको निराकरण गर्ने विधि दिइएको छ । मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको यो कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन तापनि नेपाली भाषिक रुपका आधारमा हेर्दा यो कृति निकै प्राचीन जस्तो देखिन्छ । जसलाई तुलनात्मक रूपमा हेरी निक्यौंल गर्न सकिन्छ ।

४०. **वैदाङ्ग आयुर्वेदस्य पुस्तकम्,** ल. सं. च. ८२७, वि. सं. ३५७, 'क', लेखक: गुणाकर उपाध्याय, लेखन समय-, पत्र १२, पूर्ण, रिल नं. B १६४/७

उद्धरण

वात ज्वर दिन ७ सात हो. पित्त ज्वर दिन दस हो. कफ ज्वर दिन १२ वाह हो ॥ ताहा उपर ज्वर पाक हुंछः ॥

समीक्षा

यस कृतिमा सर्वज्वर विधि, विभिन्न काथ निर्माण गर्ने विधि एवं बोक्सीको कपाल मुड्याउने मंत्र आदि दिइएको छ । कृति आदि अन्त्य पूर्ण छ । अन्त्यमा **"लिषितं गुगाकर पाध्या"** भन्ने उल्लेख गरिएकाले यसका लेखकको नाम स्पष्ट हुन्छ भने लेखन समय उल्लेख छैन । अन्त्यमा बडो कष्ट पूर्वक लेखिएको यो पुस्तक संरक्षण गरी पढ्नु होला भन्ने आशयको संस्कृत श्लोक दिइएको छ ।

४१. **वैदाङ्ग पुस्तकम्,** ल. सं. ष. ३०९९, वि. सं. २०, लेखक: बलभद्र उपाध्याय लुइटेल, लेखन समय: सम्वत् १९१०, पत्र २, अपूर्ण, रिल नं. A १३८३/३२

उद्धरण

मइन् कांढाका फल घोटि लाव्नु भगिंन्द्र षटिरोजा ॥ कालो रूघिलो घोटि लाव्नु कर्णमूल जाः ॥

समीक्षा

यस पुस्तकमा विभिन्न रोगको नाम, लक्षण र त्यसको आयुर्वेदीय पद्धतिबाट उपचार गर्ने विधिको वयान छ । कृति आदिमा अपूर्ण छ । जम्मा २ पत्रको यस पुस्तकको अन्त्यमा **"इति सम्वत् १९१० साल मीती पौष शुदि १० रोज २ मा लिखितंमिदं पुस्तकं वलभद्र उपाध्या लुज्टि्याल शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ ।

४२. **वैदाङ्ग पुस्तकम्,** ल. सं. ष. २८६२, वि. सं. २१, लेखक-, लेखन समय-, पत्र २, अपूर्ण, रिल नं. A १३८९/१३

उद्धरण

षटिरा इत्यादिको परिहार ॥ भिंद्राको जरो वाहेक .....

समीक्षा

यो कृति ल. सं. ष. ३०९९ **"वैदाङ्ग पुस्तकम्"** का आदिका २ पत्र जस्तो देखिन्छ । यसमा अन्त्यका २ पत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छैनन् । यी दुवै कृतिका आदि अन्त्यका पत्रहरू मिलाएमा एउटा पूर्ण कृति हुने देखिन्छ ।

४३. **वैदाङ्ग पुस्तकम्,** ल. सं. ष. १७६४, वि. सं. १९, लेखक-, लेखन समय-, पत्र १२, पूर्ण, रिल नं. A ९८९/२२

उद्धरण

.... भाग १ चितो भाग १ सुठो भाग १ य़ेति त्वला प्रमान भाग गर्नु य़स्को जाउलो पकाइ षानु वंद कुष्ठ छेर्दोरहः अनेक प्रकारको वहजा ॥

समीक्षा

यस कृतिमा पनि विभिन्न रोगको नाम र त्यसका लागि आवश्यक पर्ने आयुर्वेदीय औषधीको बयान छ। लेखक लेखन समय उल्लेख छैन । कृति साधारण अवस्थाको आदि अन्त्य पूर्ण छ

४४. **वैदाङ्ग संग्रह,** ल. सं. ष. १७२९, वि. सं. २२, लेखकः रूक्मागत, लेखन समयः शाके १६९२, पत्र ६२, पूर्ण, रिल नं. A ९८९/२१

उद्धरण

अरिडका जडा विविराका पातको रस काचो हलेदो पिपला दुवाको रस तिल गाइकी नउनी संग .... ॥

समीक्षा

यस पुस्तकमा वैदाङ्ग संग्रहका मूल संस्कृत भाषा र कही- कही नेपाली भाषा टीका दिइएको छ। अन्त्यमा **"श्री शाके १६९२ रूक्मां गदेन लिखित मिंद पुस्तकं शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ । पुस्तकका अन्तिम पृष्ठको छेउमा **"इदं पुस्तकं श्री ३ भर्तृहरि साहस्य शुभम् भुयात्"** भन्ने उल्लेख भएकाले यसका लेखक रूक्मागतले श्री ३ भर्तृहरि शाहका लागि तयार गरिदिएको अनुभव हुन्छ ।

४५. **वैदाङ्ग पुस्तकम्,** ल. सं. प. ७५६३, वि. सं. ३६६, लेखक-, लेखन समय-, पत्र १५, पूर्ण, रिल नं.

उद्धरण

वात ज्वर दिन ७ हो पित्तज्वर दिन १० हो कफज्वर दिन १२ तह उपर ज्वर पाकहुंछ ॥ दिन ७ तरूराज्वर भन्नु वडो तेज हुन्छ ॥ दिन १४ मध्य ज्वर भन्नु तेज प्रौढ हुंछ ॥

समीक्षा

यस पुस्तकमा ज्वरोको लक्षण र उपचार विधि एवं विभिन्न आयुर्वेदिक औषधी निर्माण र प्रयोग विधि दिइएकोछ । कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय कृतिमा उल्लेख छैन ।

४६. **वैदाङ्ग सार,** ल. सं. च. २५६८, वि. सं. ३९२, लेखक-, लेखन समय-, पत्र २५, अपूर्ण, रिल नं. A २६८/१०

उद्धरण

आलस्य हो ॥ भ्रम हो आस् मेल हो ॥ जाडो लाग ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लाटो कालो होइरहः सव अंग दुषः ॥ आग कांढा
उम्रन् ॥ मुखको वर्णफर ॥ मुख मधुर हो ॥ शोक हो ॥ तालु सूक ॥

समीक्षा

यस पुस्तकमा विभिन्न रोगका लक्षण र त्यसको आयुर्वेदीय उपचार विधि दिइएको छ। प्रारम्भमा मूल संस्कृत भाषा श्लोकमा मङ्गलाचरण गरिएको छ भने मध्यमा अग्निकुमारी रस, अगस्ति, आदि रसादि काष्ठादि औषधि निर्माण विधि दिइएको छ। आयुर्वेद विषयको विभिन्न ग्रंथहरूवाट विषयवस्तुको संकलन गरिएको जस्तो देखिने यस पुस्तकमा संस्कृत र नेपाली भाषा मिश्रित रूपमा रहेको छ। कृतिमा लेखक लेखन समय उल्लेख छैन। सामान्य अवस्थाको यो कृति अपूर्ण देखिन्छ।

४७. व्यास यक्षिणी सम्वाद, ल. सं. द्वि. २०६, वि. सं. ४२९'क', लेखक-, लेखन समय-, पत्र ५ व्यासफु, पूर्ण, रिल नं. B १६४/६

उद्धरण

जक्षिणीले श्री व्यास मुनि छेउ विंति गर्न लागिन् ॥ हे श्री व्यास हे स्वामि स्त्रीजनहेरू गर्भिणी नभयाको व्याकारणले हो सो कारण आज्ञा प्रसन्न भया जावस् भनि विंति गरिन् ॥

समीक्षा

यस पुस्तकमा स्त्रीगर्भिणी नहुने कारण रोगको नाम र त्यसको औपधी गर्ने तरिकाको वयान छ। व्यास र यक्षिणीको सम्वादका रूपमा रहेको यो कृति अत्यन्त राम्रो अवस्थाको आदि अन्त्य पूर्ण छ लेखक लेखन समय उल्लेख छैन।

४८. शालिहोत्र, ल. सं. च. १३७६, वि. सं. ४, लेखक-, लेखन समय-, पत्र ६२, अपूर्ण, रिल नं. A १२५६/७

उद्धरण

घोडाको अन्दा सुनियामा लाउन्या पिपला मुल अजुवान. अफिम वेसगरि पानिमा पिधि लाउनु नुनले सेकिदिनु. निको हुंछ ॥

समीक्षा

यसकृतिमा घोडालाई लाग्न सक्ने विभिन्न रोगको लक्षण र त्यसको रोकथाम विधि घोडाका लक्षण एवं ५९ वटा विभिन्न जात र लक्षणका घोडाहरूको चित्र एवं तिनीहरूको नाम दिइएको छ। कृति आदि अन्त्य अपूर्ण सामान्य अवस्थाको छ भने लेखक लेखन समय उल्लेख छैन। यसलाई गातावन्दी गरी संरक्षण गरिएको छ।

४९. शालिहोत्र, ल. सं. च. २४२४, वि. सं. ६०, लेखक-, लेखन समय-, पत्र प्रकीर्ण, अपूर्ण, रिल नं. B १७१/१-१७२/१

उद्धरण

अथ वाजको. अजिर्णका वोसाको नासन्या औषदी षुवाइकन पानिका नजदीक वाधनु. पानी षाया रोगको नाश हुंछ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस पुस्तकमा पनि घोडामा लाग्न सक्ने रोगको लक्षण एवं उपचार विधि दिइएको छ। कृति आदि अन्त्य अपूर्ण छ। अत्यन्त जीर्ण भै बीचका केही पत्रहरू पनि टुक्रिएर झरेको अवस्थामा रहेका छन्। कृतिमा लेखक लेखन समय उल्लेख छैन।

५०. **शालिहोत्रम्,** ल. सं. द्वि. २१०, वि. सं. ५८, लेखक-, लेखन समय-, पत्र १८, पूर्ण, रिल नं. ब २२५/१८

उद्धरण

क्यहि संस्कृत् क्यहि देसकी क्यहि असल् गोर्षालि भाषा गरि.
पौराणादि प्रमाण ऋषिका संक्षेप वाणी धरी ॥
शालीहोत्र मुनींकि पद्धति महा बुद्धी त तन् मन् धरी
श्री जर्नैल् रणवीर सिह विरको यस् छत्र भाषा गरि ॥३॥

समीक्षा

यस पुस्तकमा शालिहोत्रका ९३ वटा भाषा श्लोक रहेका छन्। प्रारम्भका २ श्लोकमा गणपतिको वन्दना गरी मंगलाचरण गरिएको छ भने त्यसपछि विषयवस्तुको थालनी गरिएको छ।उद्धरणमा उल्लेख गरिएको तेस्रो श्लोकका आधारमा हेर्दा कर्णेल श्री रणवीर सिंह थापाको आदेश वमोजिम यो किताबको नेपाली भाषा श्लोक गरिएको हो भन्ने अनुमान गर्न सकिन्छ। अन्त्यमा **"इति शालिहोत्र भाषायां अश्व शुभाशुभ् परिक्षा समाप्तम् ॥ शुभम् ॥ श्री सम्वत् ॥ ॥ साल मिति फाल्गुन शुदि ॥१५॥ रोज २ शुभम्"** भन्ने उल्लेख छ। एकातिर यतिमात्र विवरणबाट लेखकको नाम स्पष्ट हुँदैन भने अर्कोतिर सम्वत लेख्ने ठाउँ खाली भएकोले लेखन समय पनि स्पष्ट हुँदैन। कृति आदि अन्त्य पूर्ण राम्रो अवस्थाको छ।

५१. **श्येनायुर्वेद,** ल. सं. प्र. १२३९, वि. सं. ४, लेखक: एकदत्त प्रसाद, लेखन समय: शाके १७२९, पत्र ११, पूर्ण, रिल नं. ब २२७/११

उद्धरण

वाजको परमायु वर्ष २५ जाहा देषि अधिक जीयाको वाज कस्तै लक्षण युक्त भयाको पनि तेजिहालनु बाटुलो पुस्ट भयाको ढोर १ पृष्टि वक्षस्थल चाकलो भयाको २ नवहुत ह्स्वदीर्घ अंग भयाको ... ॥

समीक्षा

यस पुस्तकमा वाजको लक्षण, औरांगनाकाको जात धारकी आदिको लक्षण एवं विविध रोगको लक्षण र त्यसको औषधी गर्ने तरिका दिइएको छ। कृति आदि अन्त्य पूर्ण छ भने अन्त्यमा **"नवदल नगचद्रै १७२९ स्मंमिते श्री शकाव्दे दिनकर क्रिय संख्ये कृशन पक्षे नवम्यां सुर गुरू दिवसेस्मिन् वाजहोत्रम् सुगोप्यं लिखति शिवनृसिंह श्चैकदत्त प्रसादात् शुभं"** भन्ने उल्लेख गरिएकाले यसका लेखक र लेखन समय स्पष्ट हुन्छ। यसमा प्रारम्भको मङ्गलाचरणमा केही संस्कृत श्लोक एवं केही हिन्दी दोहा श्लोक रहेका छन् भने वाँकी सबै नेपाली भाषा रहेको छ। कृति सामान्य अवस्थाको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

इतिहास र महाभारत

१. **इतिहास नेपाली भाषा,** ल. सं. प. ८३६, वि. सं. १४, लेखक-, लेखन समय -, पत्र १४, ७०X१९ को लामो मूठो, पूर्ण, रिल नं. A १०१३ ८

उद्धरण

हे स्वामि हजुरको दर्सन पाईलाकि भनी बाह् वर्ष अवलाले केहिकन पुन्यको कारणमा सदावर्तचलाई वस्या तसै पुन्यका प्रभावले आज दैवले तपाई र मेरा मिलाप गरिदिया मैले हजुरको चरणांदक षान पाञा जस्तो श्री राम लक्ष्मन सिताले रावनलाई मारि आफ्ना .....

समीक्षा

पौराणिक र ऐतिहासिक विषयलाई कथात्मक ढाँचामा लेखिएको यस कृतिमा लेखक र लेखन समय उल्लेख छैन। भाषा अशुद्ध छ संस्कृत श्लोक र त्यसको नेपाली भाषा अनुवादमा आठ अध्याय सम्मको कथा बयान गरिएको छ। बीच बीचमा **"इति श्री विष्णुपद विरचितायां लालहीरा प्रतिपत्रे चन्द बृहस्पति सम्बादे प्रथम कथा समाप्त"** भन्ने लेखिएकोले यसका लेखक विष्णुपद र यो लालहीराको कथाको प्रतिलिपि गरिएको अनुभव हुन्छ। इतिहास अन्तर्गत राखिएको भए तापनि यो लालहीराको कथाको प्रतिलिपि हो।

२. **इतिहास उपन्यास तेस्रो भाग नेपाली भाषा,** ल. सं. प. १२९२, वि. सं. २२, लेखक-, लेखन समय-, पत्र ८१, आकार २२X१५, राम्रो अवस्थाको पूर्ण, (रिल नं. नभएको)

उद्धरण

पाहाडको बाटो गरि कसैले केहि कामका निमित्त जानुपर्दा देषदैमा वोठ मुष सुकि जाने सुन्यकार जंगलले घेरियाको उच्चा निचा डाडा काढा भिर पंखर शेर भयाको भय लाग्दो येक डाडो थियो पाहाडको बाटो हिड्ने मानिस् तेसै डाडाबाट हिड्नु पर्थ्यो पाठक्हरूले यो हेरि बुझ्नु कि मेवाड् देशमा जानालाई पनि सोही डाडाको बाटो जानु पर्थ्यो।

समीक्षा

राजस्थानी प्रदेशमा आधारित उपन्यासको नेपाली भाषा अनुवाद गरिएको देखिने यस कृतिमा कथा वस्तुलाई एघारौं परिच्छेदमा टुङ्गयाइएको छ। एउटा युवक र अर्को अधवैंसे मानिसको जंगलमा भएको जम्का भेटबाट थालिएको कथावस्तुलाई औपन्यासिक शैलीमा अगाडि बढाइएको छ। जंगलको बाटो हुँदै राजदरवारमा पुगेको र तिनीहरूले राजाबाट सम्मान पाएको प्रसङ्ग उल्लेख गर्ने क्रममा चन्द्रसिंह, राजसिंह जस्ता अन्य अनेकौं पात्रको चयन पनि गरिएको छ। बीच- बीचमा राजस्थानी भाषा राखिएको र त्यसको अनुवाद नेपालीमा गरिएको छ। यसको पहिलो र दोस्रो भाग प्राप्त छैन। यो तेस्रो भाग पूर्ण छ।

३. **इतिहास (वंशावली),** ल. सं. प. ७८६, वि. सं. ५८, लेखक-, लेखन समय -, पत्र ३०, अपूर्ण, रिल नं. १०१३/१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

अस्य पुत्र नरेन्द्र वर्ष ४२, अस्य पुत्र भीमदेब वर्ष ३६ अस्य पुत्र विष्णुदेव वर्ष ४७ अस्य पुत्र विश्वगुप्त ५१ इराजाले श्री वछलापीठमा नरवलि प्रतिवर्ष कष्ठकर्म भनि देवीकन शांति पूजा गरि जुम्म शुद्धछाग्रवलिदानले प्रतिवर्ष कर्म चलाया नर सिबाको लाहरू गऱ्यो । इराजाले हेर्णजाँदा हासिठट्टा गरि बस्यामा नरसिवाले राजाकन समातन् गयेर राजा खुषि भै नराजिवाकन ढेरैषेत वित्ता दिया. अवतक् छदैछन् ।

समीक्षा

नेपाल उपत्यकामा वस्ती बसाउने समयदेखिको घटनादेखि लिएर पृथ्वीनारायण शाहको उपत्यका विजयसम्मको घटना यसमा परेको देखिन्छ। राजाको नाम र उनको राज्यकाल एवं महत्त्वपूर्ण कामको बयान गरिएको छ। लेखक र लेखन समय उल्लेख छैन। आदि अन्त्य पनि अपूर्ण छ। अन्त्यमा ध्वाँसो लागेर कालो भएको छ भने अगाडिको केही भाग मुसाले काटेको छ। भाषिक शैलीका आधारमा हेर्दा अलि प्राचीन लाग्ने यस कृतिको अझ विस्तृत रूपमा अध्ययन हुनुपर्ने देखिन्छ।

४. **इङ्लैण्ड राज वंशावली,** ल. सं. द्वि. ३०६, वि. सं. २, लेखक-, लेखन समय-, पत्र ३६, पूर्ण, रिल नं A १३४४/८

उद्धरण

इंगलिस्तान्का वादशाहहरूको र अरू षुलासा विस्तार समेत लेषिन्छ ॥ ॥ पहिला वलीयम् जौन लडाइ गर्नामा र मुलुक जित्नामा प्रख्यात थिया २० वर्ष राज्य गरी लडाइमा मऱ्या ॥ इन्का छोरा दोस्रा वलीयम् ॥ बहुतै बुद्धिमान् थिया ठूला अमीरहरू र पादरीहरू लुट्पिट् गर्दथ्या इनैले छुटाया इ. बहुत निसाफी थिया १२ वर्ष राज्य गरी शिकार खेल्न गयामा अर्काको तीरलागी मऱ्या ।

समीक्षा

इङ्गल्याण्डका वादशाह तिनका राज्यकाल र उनीहरूले गरेको मुख्य कामको उल्लेख गरिएको यस कृतिमा लगभग १८ जना राजाको बयान गरिएको छ। पहिला बलीयम्देखि लिएर चतुर्थ जर्जसम्मको बयान गरिएको छ र अन्त्यमा इंगलिस्तान राज्यको विस्तार भनी त्यहाँको भौगोलिक र सामाजिक स्थितिको बयान गरिएको छ। भाषाशैली त्यति प्राचीन देखिदैन। लेखक र लेखन समय उल्लेख छैन।

५. **इङ्गलिस राज्य प्रवन्ध वंशावली,** ल. सं. तृ. १८४, वि. सं. १, लेखक-, लेखन समय-, पत्र ६७, अपूर्ण, रिल नं. B २३८/६

उद्धरण

पहिले बादसाह हुंदा वादसाहीतख्तमा बस्नाकन ईशा मार्गका आइन् बमोजिम् । पारलमेन्टकौसल्का साहवान्हरूका सल्लाह माफिक् रैयत् प्रजा गैऱ्हमाथि निसाफ गरौंला । आइन् बमोजिम् चलुंला भनि अर्च विशप् रविशप् भन्याका इशा मार्गका अषत्यार औ पारल्मेन्टका कचहरीमा सबै भलामानीसका बीचमा कबुल गरी ॥ ईश्वरका नाउँको किताव् हातमालि जस्तो अघिदेषि आयाको छ त्यस्तै निसाफ गरूँला

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

अंग्रेजहरूको राज्य व्यवस्था, सेना, अर्थ सम्बन्धी नियम लेखिएको यस पुस्तकमा नेपाली कागजमा लेखिएका ६७ पत्र छन् । कुन विषयमा कति खर्च लाग्छ भन्ने आर्थिक र सेना प्रशासन सम्बन्धी नियमहरू लेखिएको छ । भाषा शैलीका आधारमा हेर्दा त्यति प्राचीन देखिदैन । कृतिमा लेखक र लेखन समय उल्लेख छैन तापनि अन्तिम पत्रमा **"श्री शाके १७५९ सम्वत १८९४ सालको मुलुकको आम्दानी"** भनी विभिन्न देशको आर्थिक विवरणको सूचीपत्र दिइएको छ । त्यही आधारमा भन्दा यसको लेखन पनि सोही मितिमा हो कि भन्न सकिने आधार मात्र देखिन्छ ।

६. **एशिया प्रकाश,** ल. सं. च. १५२७, वि. सं. २२, लेखक-, लेखन समय-, पत्र ३६८, पूर्ण, रिल नं. B २३९/२

उद्धरण

> **ताङ्किन् यो सहर यत्रो छ कि २ सवार विहान सूर्योदय पीठ् जोरि सहरका किनारा किनारा घोडा दौडाइ गया भन्या सूर्य अस्तमा तिनीहरूको मोहडा जोरीन्थ्यो तर आजकाल् धेरै विग्रनाले २४ कोसको गीर्दामात्र छ. ताहा सडक बहुतै राम्रो गरी ढुङ्गाले छापेका छन् औ सहर वाहीर १ धरारा १३६ हात् अग्लो सन् इस्वि १४७५ मा येङ्मीङ्का घरानाका वादसाहले बहुतै राम्रो गरी चिनि जस्तो वर्जलाइ तस्मा नानातरहका सुनौला वुटा हालि बनायाको छ ।**

समीक्षा

एशियाका विभिन्न शहरको राजनैतिक, भौगोलिक आर्थिक स्थितिको बयान गरिएको यो पुस्तक नेपाली कागजमा जिल्दावन्दी गरिएको छ । बीच- बीचमा भाषिक नमूना पनि दिइएको छ । पाण्डुलिपि त्यति पुरानो लाग्दैन । हस्त लिखित ग्रन्थ भए तापनि पुस्तककै ढाँचामा अगाडि विषय सूची पनि दिइएको छ । अगाडिको भूमिकामा **"सम्वत् १९३९ साल् भाद्रवदि ६ रोज ५ प्रारम्भ बोटु कमाण्ड"** लेखिएको छ । जसबाट यसको लेखन समय १९३९ हो भन्ने देखिन्छ । एशियाका विभिन्न ८६ वटा शहरहरूको बयान यस पुस्तकमा दिइएको छ प्रथम खण्डको आदि अन्त्य पूर्ण छ ।

७. **गोर्खाधीष चरितम्,** ल. सं. १३७०, वि. सं. ३५, लेखक-, लेखन समय-, पत्र ५६, नेपाली काँचो कागत, पूर्ण, रिल नं. A १३६१/४

उद्धरण

> **तेरा सौताले मलाइ कैल्हे पनि उठाउन सक्ती नथि तैले आज मेरा निद्रा षलवल्याई दिईस् भन्या अपजसकन दि. निर्दय भै शासना गर्दा भया ताहाँ अकस्मात् राजाबाट शासनापाई बहुत विलाप गर्दि त्यो रातभर निदाउँदी भइनन् रातवितिगई ॥ एही स्वप्नका प्रभावले गर्भ ज्येष्ठ अर्कारानीका भन्दा अघिबाट सातै महिनाका बीचमा नाम तुल्य पराक्रम भयाका श्रीमत् श्री ५ पृथ्विनारायण साह रूपी साक्षात् चतुर्वाहु नारायणका अद्वितीय पराक्रम भयाका पैदा हुँदा भया ।**

समीक्षा

श्री ५ पृथ्वीनारायण शाहको जन्म कालदेखि श्री ५ सिंह प्रताप शाह सम्मको ऐतिहासिक बयान यसमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरिएको छ । मूल संस्कृत भाषा र त्यसको नेपाली टीका समेत दिइएको यस कृतिमा अगाडि पट्टि मल्ल राजाहरूको सूची र अन्त्यमा पृथ्वीनारायण शाहको जन्मदेखि सिंह प्रताप शाहको पालासम्मका महत्त्वपूर्ण घटना र त्यसको मिति दिइएको छ । ग्रन्थको थालनी सूर्य, नारायण, गुरू र सरस्वतीको प्रार्थनाबाट गरिएको छ । अन्त्यमा **'सं. १८६८ कार्तिक वदी ९ रो. श्री ५ सिंहप्रताप शाहका पालामा बेसहरामपुर फत्ये भयाको षवर आयाको'** भन्ने उल्लेख पाइएकाले यसको लेखन समय सोही वेला हुन सक्ने अनुमान गर्न सकिन्छ तापनि यसको निश्चित लेखन समय र लेखक अनुसन्धेय छ । बीचका केही पानामा केवल संस्कृत श्लोक मात्र रहेका र त्यसको नेपाली अनुवाद गरिएको छैन तापनि किताव आदि अन्त्य पूर्ण छ ।

८. **गोरक्षेश बंशावली (रामशाहको जीवनी),** ल. सं. तृ. १७३/२३, वि. सं. २९, लेखक-, लेखन समय-, पत्र ५०, अपूर्ण, रिल नं. B २३९/१७

उद्धरण

> **श्री गुरू गोरक्ष नाथाय नमः ॥ श्री श्री श्री श्री श्री श्री गोरक्षनाथलाई कोटि फेरा दंडवत् गर्दछु ॥ श्री युधिष्ठिर वर्ष ४७०७ ॥ श्री विक्रमादित्य संवत् ॥ १६६३॥ श्री शालि वाहन शाके १५२८ मा श्री श्री श्री श्री श्री महाराज छत्रसाह स्वर्गारोहण हुनु भया पछि गोर्षामा भर भारादार सकलपंचलाइ बडोषल्वल् पऱ्यो र ॥ श्री ५ महारानीका गर्भ लक्षण भयाको थियो ॥ उसै बीचमा सल्यान् पाउ लाग्नु भयाको हो**

समीक्षा

गोर्खा र लमजुङ राज्यको लडाइ प्रसङ्ग पृ. ५० देखि खण्डित भएको अपूर्ण यस कृतिको लेखक लेखन समय उल्लेख छैन । यसको रचना काल १६६३ पछि रामशाहकै जीवनकालमा भएको हुनुपर्छ भन्ने अनुमान डा. दयाराम श्रेष्ठ सम्भवले गरेका छन् । यस प्रतिलाई 'सम्भव' भीमसेन थापा कालीन भन्ने संकेत गर्दछन् । उनको यो अनुमान श्री ५ र श्री ६ जस्ता पदवीका आधारमा आधारित देखिन्छ । यति हुँदा हुँदै पनि यसको ऐतिहासिक महत्त्वलाई भने नकार्न सकिदैन । भाषिक र वर्णनात्मक सजीवताका आधारमा हेर्दा भने यसलाई रामशाहकै जीवन कालसम्म पुऱ्याउन सकिन्छ ।

९. **जैमिनी भारत,** ल. सं च. १५२८, वि.सं. ३७२, अनुवादक-, अनुवाद समय-, पत्र ९१, अपूर्ण, रिल नं A ३१८/४

उद्धरण

> **जुन्पद्कमल्देषि चुह्याकि समुद्ररानी. गंगाजि सब्हरण गर्दिन्ये पाप खानी ॥ जो भक्त मौङ्गिले सदाषुसवीलिइन्छन्. तिन्मै अड्याइ शिर भार्प्रराती गरिंछन् ॥१॥ जुन्कीर्ति श्रीहरिर्जिको नरलोकमाहाकान्लेपिनाले फिरि जन्म हुनू छ कांहां ॥ यस्तो सबै सुन अमृत्कन राषन्यातल् जसगीतले हरिको दर्शन हुन्छ झलमल् ॥२॥ अति अकल भयाको शिष्यले व्यासजिका ॥ हरि चरित बनाया जैमिनिले अघीका ॥ गुरूहरू तनलाई छातिकाराषि विच्मा गिद केहि मबनाउ् छू पुगन कृश्नै नगीच्मा ॥३॥**

समीक्षा

राजा जनमेजय र व्यासजीको सम्वादका रूपमा रहेको महाभारत कालीन पौराणिक आख्यानलाई यसमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उतारिएको छ । शोडष शतकसम्मको कथा यसमा दिइएको छ । लेखक वा प्रतिलिपिकार उल्लेख छैन । सुरूमा मङ्गलाचरण गरी आख्यानात्मक शैलीमा पौराणिक घटनाको बयान पनि यसमा गरिएको छैन् । भाषिक आधारमा हेर्दा अलि प्राचीन अनुभव हुने यस कृतिको कृतिगत अध्ययन गर्ने हो भने थप विशेषता प्राप्त हुने संकेत मिल्छ ।

१०. **जैमिनी भारत,** ल. स ष. ८७५, वि. स. ५९, लेखक-, लेखन समय: श्री सम्बत् १९३४ साल मिति आषाढ सुदि ८, पत्र १२८, पूर्ण, रिल नं. १०१४/२

उद्धरण

जुन् राजाले ल्याया जग्यलाइ् वाजी श्री कृश्नलाई गराया राजी ॥
यौवनाश्व लाग्या शङ्ख बजाउन श्री कृश्नको अर्ति गाउन ॥५॥
जुन् राजाले लैग्या अश्व टिपेर कृश्न पाउमा पऱ्या फेर
राजा अन्शाल्वले वटाऱ्या वाती श्री कृश्नको गऱ्या अर्ति ॥६॥

समीक्षा

यो जैमिनी भारत ल. सं. च. १५२ को जैमिनी भारतको प्रतिलिपि देखिन्छ तर यो चाहिँ पूर्ण छ । अन्त्यमा लेखन समय पनि श्री सम्वत १९३४ साल उल्लेख गरिएको छ तर लेखक वा प्रतिलिपिकारको नाम भने दिइएको छैन । **"यदक्षरं पदभ्रष्टं ......"** भन्ने संस्कृत श्लोक दिइएको छ । प्ररम्भमा मङ्गलाचरण गरिएको एवं बीचमा गद्य पद्य मिश्रित रूपमा पौराणिक कथाको बयान गरिएको छ भने अन्त्यमा प्रार्थना आरती समेत दिइएको छ ।

११. **नकुल र वृषकेतु लडाइँको पत्र,** ल. सं. द्वि. ३११, वि. सं. ४४, लेखक-, लेखन समय-, पत्र- १, अपूर्ण, (रिल नं नभएको)

उद्धरण

श्री ॥ नकुल कन कर्णाका पुत्रले विरथि गरायाको धनुवाणाकाट्याको देषिकन सहाय गर्ना निमित्त धृष्टद्युम्महरू पाँच जना सात्यकि द्रौपदीका पुत्र प्रतिविंध्यादि पाँचजना ज्मा जना ११ आउदा भया. कुलिंदहरू भाइ ३ पनी आया ति आयाको देषी तिन् संग लडाई गर्न कृपाचार्य.

समीक्षा

यसमा महाभारतका लडाइँको बयान गरिएको छ । एक पत्र मात्र भएकोले कुनै विषय प्रसङ्ग खुलेको छैन । कौरव र पाण्डव पक्षमा भएका युद्धका क्रममा योद्धाहरूको सजीव चित्र उतारिएको छ ।

१२. **नेपाल वंशावली (श्री ५ राजेन्द्र विक्रम शाहसम्म),** ल. सं. ष. २७९१, वि. सं. ३६ ,लेखक-, लेखन समय-, पत्र २०, अपूर्ण, रिल नं A १३७४/५

उद्धरण

॥ द्वापर युगकाः ॥ अन्तमा नेपाल शुन्य भुमि भैगया पछिः ॥ श्री पशुपति नाथः ॥ कन माटाले पुरि गुप्त भै रँहदा प्रथमः ॥ नेप नाम गोपालको कपिला गाइ उस्थानमा जाइ दुदधारा बहाइ चढायाको नेपनाम ग्वाललेदेषि उस्ठाउँमा षनि हेर्दा ॥ श्री पसुपतिनाथः ॥ प्रकाश भया

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा पशुपतिनाथको उत्पत्तिको किम्वदन्ती र ने मुनिले गोपाल वंशी ग्वालाहरूलाई राज्याभिषेक गरिदिएको प्रसङ्गदेखि लिएर गोपाल वंशी, लिच्छवी, मल्ल, शाह कालका राजाहरूको नाम र तिनीहरूले गरेको शासन अवधि दिइएको छ। लेखक र लेखन समय उल्लेख छैन। श्री ५ राजेन्द विक्रम शाहमा आएर कृति टुङ्गिएकोले भाषिक शैलीका आधारमा हेर्दा यसको लेखन समय श्री ५ राजेन्द्र विक्रम शाह कालीन हो कि भन्ने अनुमान गर्न सकिन्छ।

१३. **नेपाले इतिहास** — ल. सं. द्वि. २०६, वि. सं. ४६, लेखक-, लेखन समय-, पत्र कापी, अपूर्ण, रिल नं. B २४०/१३

उद्धरण

नेपालको मुलुक् वश्याको छ पटनादेषि पुर्व उत्तरको कुनामा हीड्नलाई दस बाह दिनको बाटो छ. पटनादेषि उस्को मुलुक् रस्ता मकवानपुर्बाट छ कोही मानिस्हरू वेतीयाको बाटो आउँछन् चार दिनको लकंवत् छ नेपालदेषी हीन्दुस्थान पट्टी रस्ता असल छ पहाडमा बाटो घटिया सागुरो डर्लाग्दो छ।

समीक्षा

नेपालको इतिहास सेरजङ्गी कितावबाट अनुवाद गरिएको ईश्वर स्तुति सबै एकै ठाउँमा समावेश गरिएको यस कितावमा भारतबाट नेपाल आउने प्राचीन मार्ग, यहाँका मठ मन्दिर भौगोलिक, राजनैतिक, सामाजिक र आर्थिक अवस्थाको बयान गरिएको छ। देवताहरूको नाम र प्रमुख जात्रा पनि उल्लेख गरिएको यस पुस्तकलाई गातावन्दी गरी सुरक्षित गरिएको छ। सेरजङ्गी कितावका अनुवादको अन्त्यमा चाहिँ **"यो किताप सेरजङ्गी विप्तमान जनरल साहेव बहादुर जनरल भीमसेन थापा सम्बत् १८८४ साल मिति पौष वदि ११ रोज बृहस्पतिबार शुभम्"** भन्ने उल्लेख गरिएकोले यसको लेखन समय सोही मितिमा गरिएको हो भन्ने देखिन्छ। अन्त्यको सूचीमा **"सम्वत् १८८४ साल मिति माघवदी ९ रोज ६ का दिन श्री भीम जनरल वागका विरूवा गैह बमोजिम छन्"** भनी विरूवाको नाम र तिनीहरूको संख्या दिइएको छ।

१४. **नेपाल राजमाला,** — ल. सं. च. १०३७, वि. सं. ४७, लेखक-, लेखन समय-, पत्र ६, अपूर्ण, रिल नं. B २३९/६

उद्धरण

मातातीर्थ सन्निधान महा गोशाला बनाइ देवता गो व्राह्मरणको रक्षा गरि प्रजा पालन गरि गोपाल राजा राज्य गर्दा भया ... इन राजाका समयमा पारणडब वनबास छदा किरात रूप शम्भु कन जिति अर्जुन गया।

समीक्षा

प्रारम्भ संस्कृत श्लोकको मङ्गलाचरणबाट गरिएको छ भने बीच- बीचमा पनि कतै संस्कृत र कतै नेपाल भाषा मिसाइएको छ। यसमा गोपाल बंशी भूत्यङ्गद राजादेखि मणिसिंहदेव राजासम्मको नाम र शासन समयावलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दिइएको छ । प्रमुख राजाहरूको सत्तल, पाटी, मन्दिर आदि निर्माण जस्ता महत्त्वपूर्ण कामको बयान पनि गरिएको छ । लेखक र लेखन समय कृतिमा उल्लेख छैन । पुस्तक अपूर्ण छ ।

१५. **नेपाल वंशावली (श्री ५ सुरेन्द्रसम्म),** ल. सं. च. २९४२, वि. सं ५०, लेखक,-लेखन समय-, पत्र ४७, अपूर्ण, रिल नं. A १०५९/६

उद्धरण

आदि प्रथम यस नेपालमा सकल शास्त्रप्रसिद्ध गरि सत्य युगमा श्री ३ पशुपतिनाथ विराजमान भयाका छन् इनि नाथका आदि अंत कसैले जानु सक्येनन् ज्योति रूप भया छन् । यहाँदेखि उप्रांत केहि समयमा यक्ष प्रजापतिका यज्ञमा महादेवका अपमान गऱ्याको सहनु सकेन र प्राण त्याग गरी सती देवीका शरीरकन महादेवले बोकी ..... पृथ्वीमा जहाँ २ खस्यो ताहा २ पीठ रूपी शव शक्ति भयाका छन् ॥

समीक्षा

नेपालको उत्पत्तिलाई भगवान शिव र पार्वतीसँग गाँसेर यसको पौराणिक महत्त्वको बयान प्रारम्भमा गरिएको छ भने विभिन्न देवी देवताहरू शक्ति पीठका रूपमा विराजित भएर नेपालको रक्षा गरेको हुनाले यो विश्व कै महान तपोभूमि भएको कुरा पनि उल्लेख छ । राजा धर्मदत्तदेखि नेपाल राज परम्पराको बयान र उनीहरूबाट भएका प्रमुख कार्यको उल्लेख छ । यसमा बयान गरिएका राजाहरूमा अन्तिम श्री ५ सुरेन्द्र भएको हुनाले यसको रचना काल पनि सोही समयमा भएको अनुमान पनि यसमा प्रयुक्त भाषिक शैलीमा आधारमा गर्न सकिन्छ । यस कृतिको अझ गहन र विश्लेषणात्मक अध्ययन गरिएमा थप ऐतिहासिक विषयवस्तु प्राप्त हुन सक्ने सम्भावना पनि यहाँ देखिन्छ ।

१६. **नेपाल वंशावली,** ल. सं. च. २९४५, वि. सं ५१, लेखक: हरिनारायण, लेखन समय: १९०६, पत्र ५१, कापी, रिल नं. B २४३/१३

उद्धरण

ज्येष्ठ भक्तपूरैमा रह्यो ॥ कांछा रत्नमल्ल सित दाज्युले विरोध गर्नु लाग्यो क्यान भन्या इनका कुलमा तुरूजा जगाउन्या मंत्र प्राण त्याग समय विना अंरू कालमा हुन्या रित थियेन र रत्न मल्लले आफ्ना बाबाप्राण त्याग बेलामा दाज्युहरूकन छलका नगनी कुलमंत्र पायाका थियो र ज्येष्ठ क्रमले हुन्याहो भनी विरोध गर्दै थियो ।

समीक्षा

प्रारम्भ संस्कृत भाषामा गरिएको छ भने बीचमा कतै नेपाली र कतै नेपाल भाषा मिश्रित गरी लेखिएको छ । नेपालको उत्पत्तिदेखि मल्ल राजाहरू सम्मको बयान गरिएको छ । किताव अन्यन्त जीर्ण छ । भाषिक प्रयोगका आधारमा हेर्दा अलि प्राचीन लाग्ने यो पुस्तकका लेखक श्री हरिनारायण हुन् भन्ने उल्लेख पुस्तकको अन्त्यमा गरिएको छ । भाषा नेपाल र नेपाली मिश्रित भएकोले विषयवस्तु अस्पष्ट भएको छ ।

१७. **श्री ५ पृथ्वी नारायण शाहको जीवनी,** ल. सं. च. १०२४, वि. सं. ५४, लेखक-, लेखन समय-, पत्र लामो १ पत्रे मूठो, रिल नं. B २३९/१३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

सकल मुनि गराले अमरावतिको राज्य. राजा युधीष्ठिरलाई कुन चिज हो भनि वर्णान गर्दा हुंथ्यो. सो उपमा कली युगमा श्री ५ माहाराज पृथ्वी नारायण शाहबाट पाउन लाग्नु हुँदो भयो. भन्या जस्तो लाग्छ. भनि यस्ता तरहको ढेरै वर्णानन् गर्दा भया वाहा देषिन् श्री ५ माहाराज पृथ्वी नारायण शाह बाट भाई छोरा प्रभृती संकल थर घर भारा पांच बोलाई कचहरि गरि केही हुकुम हुँदो भयो कस्तो भन्या ..... ।

समीक्षा

एउटै लामो नेपाली कागज तयार पारेर लेखिएको यस श्री ५ पृथ्वी नारायण शाहको जीवनीमा लेखक र लेखन समय उल्लेख छैन । यसका बिभिन्न प्रतिहरू प्रकाशमा पनि आइ सकेका छन् तापनि प्रकाशनमा आइसकेका र यस पाण्डुलिपिको तुलनात्मक अध्ययन गरिएमा अझ थप केही प्रकाश श्री ५ पृथ्वी नारायण शाहको जीवनीमा पर्ने देखिन्छ । प्रारम्भदेखि पृथ्वी नारायण शाहको काशीयात्रा र अन्य राजा रजौटाहरूको विजयाभियानको वयान गरि एको यस पाण्डुलिपिलाई बेलबोटको लडाइँमा टुङ्ग्याइएको छ । पाण्डुलिपि जीर्ण र अपूर्ण छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१८. फिरङ्गेतिहास, ल. सं द्वि. २०६, वि. सं ५६, लेखक-, लेखन समय-, पत्र कापी पूर्ण, रिल नं B २४०/१२

उद्धरण

आगरा अग्रेजको घेरामा आयाको सन् १८०३ आसौजका १७ दिन जादा आफ्रि कालीयाको वेली सार्रियेस् सित १५१३ सन्मा यज् जीला चेपेली भन्याको जगा आफीस्का फौजले लीयाको सन् १७९४ असौजमा २१ दिन जाँदा

समीक्षा

यस पुस्तकमा अगाडि अंग्रेज वादशाहहरूको नामावली दिइएको छ भने त्यस पछि कुन-कुन अंग्रेज शासकले भारतमा के कति वर्ष शासन गरे भन्ने उल्लेख छ। अंग्रेजहरूबाट भारतमा कुन-कुन राज्य के कति समयमा जितिएको थियो भन्ने कुराको बयान पनि यसमा गरिएको छ। अन्त्यमा हिन्दी भाषामा अंग्रेज गभर्नरहरूको नाम र तिनको शासन समयावधि विक्रम र ईशवी सम्वत्मा दिइएको छ। पुस्तक गातावन्दी गरिएको राम्रो छ तर लेखक र लेखन समय भने उल्लेख छैन। पुस्तक सामान्य अवस्थाको पूर्ण छ।

१९. बुद्धिमान बंशावली, ल. सं. प. २०२३, वि. सं. ५०, लेखक-, लेखन समय-, पत्र दुईथान कापी, अपूर्ण, (माइक्रोफिल्म नभएको)

उद्धरण

अव्यक्तदेखीन् श्रृष्टी हुंछ व्यक्त भयाका जोछन् तस्को नष्ट हुंछ अव्यक्तदेखी तत्त्वज्ञान हो श्रृष्ठीसंहारदेषीन् वर्जित भयाका येकै ब्रह्म सत्य हुन् तनै परब्रह्मदेषी कारनी भयाकी प्रकीर्ति मायाको प्रकास दायकतत्त्वको उदय भायो॥ महत्त्वबाट त्रिगुणको प्रकाश भै आकाशको प्रकाश हुँदा वायुको उत्पत्ति भै वायुबाट तेजको उत्पत्ति भयो॥

समीक्षा

बुद्धिमान् वंशावलीका नाममा षष्ठ लगतमा दर्ता गरिएको यस पुस्तकमा नेपालको ऐतिहासिक परम्पराको बयान गरिएको छ। यसका दुई भाग छन् भाग १ मा प्रारम्भदेखि राजा देवशम मट्टारकसम्मको बयान छ भने भाग २ मा पृथ्वीनारायण शाहको राज्य कालको बयानदेखि वीरसम्सेरका राज्यकालको बयान छ। भाग १ मा पनि केही पाना खाली रहेका र भाग २ मा पनि केही भाग खाली रहेकाले पुस्तक प्रतिलिपि अधुरो देखिन्छ। भाग २ लाई २०२४ ल. सं मा दर्ता गरेर राखिएको छ तापनि पुस्तकको विषयवस्तु एउटै नै देखिन्छ। यसमा राजा, राज्यकाल एवं प्रमुख भाइदारहरूको उल्लेखनीय कामको बयान गरिएको छ।

२०. भूगोल निरूपणम् (भाषात्मकम्) ल. सं. द्वि २००, वि. सं. ५९, लेखक-, लेखन समय-, पत्र ३४, पूर्ण, रिल नं. १०५९/७

उद्धरण

यस् पृथिवीको स्वरूप कस्तो छ भन्या: जस्तो गीदा गोल भैकन वंदछ तस्तै पृथिवी छन्: बीच आकाशमा रहयाकी छन्. अंत रिक्षमा कसो गरी रहन सकिन् भन्या. कालात्मा भगवानका समर्थले रहयाकी छन: सात समुद्र सातै द्वीपले बाहिर तर्फ वेहियकी छन् जो जीव जहाँ वस्याको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

ब्रह्माण्ड पुराण अन्तर्गत गरिएको यस ब्रह्माण्डको बयानलाई नेपाली गद्यमा रूपान्तरण गरिएको यस पुस्तकमा तीनलोक चौध भुवनको वर्णन गरिएको छ । स्वर्ग, पृथ्वी र नरकको बयान गर्दै त्यहाँका महत्त्वपूर्ण विशेषताहरूको बयान गरिएको छ । पुस्तक आदि अन्त्य पूर्ण छ तर लेखक र लेखन समय भने उल्लेख छैन । भाषा सरल र स्पष्ट छ । सजीव वर्णन गरिएको छ । नेपाली कागजमा पहेंलो हरितालिका लगाइएको यो पुस्तक देख्दा अत्यन्त सुन्दर छ ।

२१. **भोटका लडाइँको पुस्तक,** ल. सं. तृ. १८१, वि. सं. ६१, लेखक-, लेखन समय-, पत्र कापी ४७, पूर्ण, रिल नं. B २४५/१२

उद्धरण

नेपालदेषि केरूंकोबाटो गरि टिगरि किल्ला जान्या बासको तपसिल काठमाडौंदेषि ब्रह्मङी नन्ना पौवाकोस- ६ नन्ना पौवा देषि धैंवु पौवा ७ कोसमा वास पर्छ नन्ना पौवादेषि १॥ कोस व्हालो गै सिंधुन्या षोलाबाट व्यासि १ कोस गै तादिषोलाबाट व्यासि १ कोस गै तादिषोलाको डुंगा तरि वतोरबाट साघु तरि त्रिसुर गंगा वा उ पारि गै वेत्रावतिको लंगातरि आधाकोस उकालो गै धैंवु पौवा वास कोस –१३

समीक्षा

भोट जाने बाटो र त्यस वाटामा पर्ने मुख्य मुख्य ठाउँ, त्यहाँ पाइने मुख्य विशेषताको बयान गरिएको यस पुस्तकमा अगाडि सूचीपत्र समेत दिइएको छ । यो ठाउँबाट हिडेर यी-यी ठाउँमा बास बसी यति दिनमा कुनै निश्चित ठाउँमा पुगिन्छ भन्ने कुरा लेखिएको यो पुस्तक यात्रा वृतान्त जस्तो पनि देखिन्छ पैदलका साथै- घोडाबाट जाँदा समेत बास र बाटोको बयान गरिएको छ । भोटसँगको युद्धका क्रममा लेखिएका चिठ्ठी पत्रहरु पनि यसमा समावेश छन् । त्यस्तै युद्धका वेला दिइएका नीति निर्देशन पनि राखिएको छ । पुस्तक गातावन्दी गरी सुरक्षित गरिएको छ । लेखक लेखन समय उल्लेख नभए पनि यसका रचनाकारले नेपाल तिब्वतको लडाइ प्रत्यक्ष देखेको र आँफू पनि त्यसमा सहभागी भएको अनुमान वर्णनमा गरिएको शैलीका आधारमा गर्न सकिन्छ ।

२२. **महमुद राजवंश विवरणम्,** ल. सं द्वि. ३१४, वि. सं. ५, लेखक-, लेखन समय-, पत्र १९, अपूर्ण, रिल नं. B २३८/५

उद्धरण

गजनीन्हरूले. गजनीर. हिन्दुस्थानमा. राज गऱ्याको तपसिल-यो सुल्तान् नसीर नाउ गऱ्याका षोरासान् वादसाहको गुलाम् थियो. नसीर बात्साह मऱ्या पछि. मन्सुरका पास गइ अमीरूल् उमरा भयो. फेरि. अबुल् इस्हाक् नाउ भयाका वोषाराका वात्साहबाट हाकिम भइ गज्नि भन्याका. विलायत्मा हुकुम चलाउँदै रहयो ।

समीक्षा

मुसलमानहरूले भारतमा राज्य गरेको समय राजाको नाम र उनीहरूले गरेका प्रमुख कार्यहरूको विवरण दिइएको यस पुस्तकमा ७ जना वादसाह र उनीहरूको शासन अवधि दिइएको छ । त्यस्तै अंग्रेज महिलाहरूको शासन अवधी र मुख्य काम, खिजली वंशीहरूको मुख्य काम र शासन अवधि, तुगलगहरूको मुख्य काम र शासन समय,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.
शैयदहरूको मुख्य काम र शासन अवधि पनि दिइएको छ। सूचीका रूपमा भारतमा कुन-कुन वंशी र देशका शासकहरूले के कति समय राज्य गरे भन्ने उल्लेख यस पुस्तकमा गरिएको छ। पुस्तक आदि अन्त्य अपूर्ण छ लेखक र लेखन समय उल्लेख छैन।

२३. महाभारत आदिपर्व, ल. सं. द्वि. १७८, वि.सं. ६६, लेखक-, अपूर्ण, लेखन समय-, पत्र १७५, रिल नं. A १०५९/९

उद्धरण

अवभगावान्. पारासर्य्य नामा व्यास मुनि जोथीया. सो संपर्ण प्राणी माथी. परम करुनाले संयुक्त भयाकाले मंद बुद्धिभयाकाले मनुष्ये माथी अनुग्रह गर्ना निमीत्त. चतुर्दस विद्यास्थानका अनेक रहस्य. प्रकास गरि. देषाउंना निमीत्त महाभारत. नामा भयाका इतिहासकन प्रकास गरि. आग्या गर्छन् ॥

समीक्षा

महाभारत आदि पर्वको नेपाली भाषानुवादका रूपमा रहेको यस पुस्तकमा जम्मा १७५ पत्र छन्। यसको सिङ्गो कथालाई ऋषिहरू र सौतिनामायोगीका सम्वादका रूपमा १६० अध्यायमा विभाजित गरिएको छ। लेखक वा अनुवादकको नाम उल्लेख छैन। कृति बीच र अन्त्यमा खण्डित भएको अपूर्ण छ। लेखन समय पनि उल्लेख छैन। भएका पत्र अत्यन्त राम्रा छन्। ग्रन्थ प्रारम्भ संस्कृत श्लोकको मङ्गलाचरणबाट गरिएको छ।

२४. महाभारत आदिपर्व, ल. सं. द्वि. १६५, वि. सं. ७४, लेखक-, लेखन समय-, पत्र ४९०, पूर्ण, रिल नं. B २५९/६

उद्धरण

एस्तो गरि कृश्न रं अर्जुन दुईलाई पनि बदरीकन देवता गणाले संयुक्त भयाका देवराजले अगिनसँग विदा पाइकन फेरि स्वर्गलोकमा जाँदा भया ॥

समीक्षा

महाभारत आदिपर्वको नेपाली गद्य भाषामा रूपान्तरण गरिएको यो पुस्तक आदि अन्त्य पूर्ण छ। प्रारम्भ मङ्गलाचरणबाट गरिएको छ भने अन्त्यमा **"सम्वत् १८८९ साल मिति ज्येष्ठ शुदि ५ रोज १ मा यो पुस्तक सिद्ध भयाको हो ॥ यो भाषाको आदिपर्वको पुस्तक. श्री जनरल भीमसेन थापाको हो ॥ शुभम् ॥"** भन्ने लेखिएको छ। यसैका आधारमा डा. दयाराम श्रेष्ठ सम्भवले यो कृति भीमसेन थापाका निम्ति लेखिएको अनुभव हुन्छ भनेका छन्। यसको लेखक वा रूपान्तरणकार भने अज्ञात नै छ। पत्र ४९० को र कथानकलाई २३२ अध्यायमा विभाजन गरिएको यो कृति बृहत् र मनमोहक छ। यसको भाषिक र शैलीपरक अध्ययन हुन सकेमा थप जानकारी प्राप्त हुने सम्भावना देखिन्छ।

२५. महाभारत आदिपर्व, ल. सं. द्वि. १७४, वि. सं. ७९, लेखक-, लेखन समय-, पत्र ५०८, पूर्ण, रिल नं. B २४२/३

उद्धरण

अव भगवान् पाराशर्य्यनामा व्यास मुनि जो थिया सो. संपूर्ण प्राणि माथि. परम करूणाले संयुक्त भयाकाले मन्दबुद्धि. भयाका मनुष्यमाथि अनुग्रह गर्ना निमित्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चतुर्दश विद्या. स्थानका अनेक रहस्य प्रकाश गरि देखाउना निमित्त महाभारत नाम भयाको इतिहासकन प्रकाश गरि आज्ञा गर्छन् ॥

समीक्षा

महाभारत आदिपर्व ल. सं. द्वि. १६५ कै प्रतिलिपि अनुमान हुने यो आदिपर्व पनि आदि अन्त्य पूर्ण छ तर पुष्पिका वाक्य लेखिएको अन्तिम पत्र नभएकोले लेखन समय थाहा हुन सक्दैन । यस कृतिमा पनि महाभारत आदि पर्वका २३२ अध्यायको नेपाली भाषानुवाद छ । यी दुई कृतिको तुलनात्मक अध्ययन गर्ने हो भने थप तथ्य प्राप्त हुने देखिन्छ ।

२६. **महाभारत आदिपर्व,** ल. सं. द्वि. १८६, वि. सं. ८०, लेखक-, लेखन समय-, पत्र २६४, पूर्ण, रिल नं. B २४२/४

उद्धरण

अव. भगवान् पराशर्य्य नामा. व्यास मुनि जो थिया सो. संपूर्ण प्राणिमाथि परम करूणाले. संयुक्त भयाकाले. मन्द बुद्धि भयाका मनुष्यमाथि अनुग्रह गर्ना निमित्त चतुर्दश विद्या स्थानका अनेक रहस्य प्रकाश गरिदेखाउना निमित्त. महाभारत नाम भयाका इतिहास कन प्रकाश गरि आज्ञा गर्छन् ॥

समीक्षा

अघिल्ला आदिपर्व कै प्रतिलिपिका रूपमा देखिने यस पुस्तकमा प्रशस्त पाठ भेद पाइन्छ । बीच बीचमा पत्र थपिएका छन् । लेखाइ निकै त्रुटिपूर्ण छ । लेखाइमा थप घट गरिएको छ । यसमा पनि जम्मा २३२ अध्याय रहेका छन् तापनि कथालाई निकै संक्षेपीकरण गरिएको छ । सम्पूर्ण ग्रन्थको प्रतिलिपि पनि विभिन्न ढाँचाका अक्षरमा रहेकाले यसको प्रतिलिपि गर्ने व्यक्ति पनि एउटै होइन भन्ने देखिन्छ । पछि थपेर बीचको अपूर्ण अंशलाई पूर्ण पारेको अनुभव हुन्छ । प्रतिलिपिकार र प्रतिलिपि गरिएको समय उल्लेख छैन । अन्त्यमा पछि थपिएको अक्षरमा **"९३ साल मिति फागुन वदि ९ रोज ४ सागरधर षर्दार्कोमानिस दयाराज वाँडा वुग मतिको हस्ते पत्रा ५० यक सय चौविसदेषि यक सय यकासीतक गयाको"** भन्ने लेखिएको छ ।

२७. **महाभारत सभापर्व,** ल. सं. द्वि. ८५, वि. सं. ८९, लेखक-, लेखन समय-, पत्र १४, अपूर्ण ,रिल नं. A १३४३/३

उद्धरण

हे महाराज. जनमेजय ब्रह्मर्षि नारद मुनिका वचन सुनिकन कृतार्थ भैकन धर्मराज युधिष्ठिर. राजाले नारद मुनिकन केही वचन बोलदा भया ॥ युधिष्ठिर उवाच ॥ हे मुनीश्वर. तिमिले कह्याको. धर्मको निश्चय भयाको. संपूर्ण राजनीति. मैले सुन्या यो राजनीति. आफ्ना सामर्थ माफीक यथाशक्ति मैले गर्न्याछु ॥

समीक्षा

राजा जनमेजय र वैशम्पायन ऋषिको सम्वादको रूपमा आएको महाभारत सभापर्वको यस पुस्तकमा केवल पन्ध्रौ अध्यायको भाषा टीका मात्र छ । आदि अन्त्य अपूर्ण छ लेखक वा प्रतिलिपिकार एवं लेखन समय कतै उल्लेख छैन । भएका पत्रहरू सुन्दर अवस्थाका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२८. **महाभारत आश्रम वासिक पर्व,** ल. सं. ष. ८३५, वि. सं. ६०, लेखक-, लेखन समय-, पत्र ८८, अपूर्ण, रिल नं. A १०१५/७ (अत्यन्त जीर्ण)

उद्धरण

जनमेजयनामा राजा जो छन् वैशंपायन मुनिसँग सुध्याउँछन् हे वैशंपायन मुनि हाम्रा बाबा परिक्षित् राजाका पितामह- भयाका एस्ता पांडवहरूले. राज्य पाइकन. आफ्ना मान्य भयाका. महात्मा. धृतराष्ट राजा पनि. आफ्ना. मंत्री. पुत्र. राज्य ऐश्वर्य. संपूर्णको नाश भया पछि. वडो यश् भयाकी. आफ्नी रानी गांधारीले. जुक्त भैकस्ता तरहले रह्या ॥२॥

समीक्षा

यस पुस्तकमा महाभारत आश्रम वासिक पर्वका ४१ अध्यायका संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। मुनि वैशम्पायन र राजा जनमेजयको सम्वादका रूपमा रहेको यो पुस्तक आदि अन्त्य अपूर्ण छ। पुस्तक मुसाले काटेको र पानीले भिजेको भै बीचका अक्षर अस्पष्ट छन्। नेपाली रूपान्तरणकार र रूपान्तरण समय उल्लेख छैन। भाषा शैलीका आधारमा हेर्दा यो त्यति प्राचीन देखिदैन। यसका वाँकी अंशको अध्ययनबाट केही थप तथ्य निकाल्न कृतिगत अध्ययन हुनु आवश्यक छ। यो किताव अत्यन्त जीर्ण अवस्थामा रहेको छ।

२९. **महाभारत सौप्तिक पर्व,** ल. सं. ष. २०५२, वि. सं. ४, लेखक-, लेखन समय: सम्वत् १९३४, पत्र ४०, अपूर्ण, रिल नं. A १०७४/५

उद्धरण

कौरव्का घरमा बिरैको महिमा करौं अधि रथ् ताहाँ
पाण्डव्का विरमा अर्जुन् त भिमसेन् नकुल् सहदेव् ताहाँ ॥
राजा धर्म जुधिष्ठिर तांहां मदुक द्रुपद् विराटै जहाँ।
धृष्टैदुम्न प्रसि षरिङ विरमा सुख हेर्नु छैन आंहाँ ॥१॥

समीक्षा

महाभारत सौप्तिक पर्वको सरल नेपाली भावानुवाद पद्यमा गरिएको यस पुस्तकमा रामायणलाई पनि समावेश गरिएको छ। अगाडिका पत्र २० मा महाभारत छ भने पछाडिका २० पत्रमा रामायणलाई अन्त्य गरिएको छ। महाभारतको अन्त्यमा **"श्री सम्वत् १९३४ साल मिति फाल्गुण वदि ३ रोज ४ मा तस दिन लेषितम्"** भनिएकोले यसको लेखन काल सम्बत १९३४ देखिन्छ। लेखकको नाम चाहिँ सदा हरिको सेवक रणसेर भट्ट भन्ने लेखिएको छ। वाँकी मुसाले काटेकोले थप जानकारी छैन। रामायणको अन्त्य चाहिँ सवै मुसाले काटेकोले केही छैन तर एउटै गातावन्दीमा भएकोले रामायण पनि एकै व्यक्तिले एकै मितिमा अनुवाद गरेको हो कि भन्ने अनुमान चाहिँ गर्न सकिन्छ। पुस्तक कीराले र मुसाले काटेकोले अत्यन्त जीर्ण छ।

३०. **महाभारत विराटपर्व,** ल. सं. ष. ९४२, वि. सं. १६, लेखक: टीकाकार काशीनाथ, लेखन समय: वि. सं. १९२३, पत्र १५९, पूर्ण, रिल नं. A १०१६/३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

परा पूर्वमा युधिष्ठिरादि पंच पाराडवहेरू. द्वैतनाम वनमा बाह्वर्ष वन बास गरि सक्या उप्रान्त. विराटनगरमा वर्ष दिन पर्य्यन्त गुप्तवास गरिकन वस्‌दा भया. भनि वैशंपायन मुनिले आज्ञा भया उप्रान्त जन्मजय राजाले फेरि प्रश्न गर्छन् । जन्मयजय उवाच ॥

समीक्षा

महाभारत विराटपर्वको अनुवादका रूपमा आएको यो कृति आदि अन्त्य पूर्ण छ । यसमा विराट पर्वका ७२ अध्यायको भाषानुवाद छ । अन्त्यमा **"सम्वत् ९८६ साल मिति भाद्र वदि १५ रोज ३ सम्वत् १९२३ साल आश्विरा वदि १ रोज ३ मा भादगाउँ टौमाछि टोलका कासिनाथले लेष्याको. पोष्टक यो पोष्टक कसैले लोभ गरि दवाया हुँदी. पाप लागन्या छ."** भन्ने लेखिएकोले यसको प्रतिलिपिकार वा अनुवादक एवं अनुवादको तिथि मिति स्पष्ट हुन्छ । पुस्तक साधारण अवस्थाको छ ।

३१. **महाभारत धर्म कथा,** ल. सं. ष. १९०४, वि. सं. ४५, लेखक-, लेखन समय-, पत्र २२, अपूर्ण, रिल नं. A १०७१/६

उद्धरण

को आयो. को आयो. समागम बरोवर भयोः ॥ जाति अजाति केहि नजान्नु. केहि नबुझिन्या. एस्तो कल्है नसुन्या नदेख्याको एस्तो अजवेग. अपूर्व राजाका द्वारमा आयो ॥ क्याहो भनि द्वारपालले बडो आश्चर्य मान्या. तव तस्को प्रष्याद गर्न सकेनन् ॥

समीक्षा

महाभारत धर्म कथाको संस्कृत श्लोक र नेपाली भाषानुवाद दिइएको यो पुस्तक आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । लिपि र लेखन शैलीका आधारमा हेर्दा त्यति प्राचीन देखिदैन । किताव सामान्य अवस्थाको छ ।

३२. **महाभारत उद्योगपर्व,** ल. सं. ष. ९४३, वि. सं. ३३, लेखक-, लेखन समय-, पत्र ६७, अपूर्ण, रिल नं. A १०१६/५

उद्धरण

पाँच पाराडवले र द्रौपतीले बाह्वर्ष वन वास र एक वर्ष गुप्तवास गरि सक्यापछि. उपप्लव्य नाउँ भएका देशमा वस्याका थिया ॥ तेस बीचमा. धृतराष्ट्र नामा राजाले. पांडवहरू क्या भंछन् कसो गर्छन् भनि पांडवहरूको चित्त वुझ्नका निमित्त संजयलाई दूत पठाया र पाराडवहरु सित संजय गैकन पाराडवहरूको चित्त बुझि. आफ्नु. आधा राज्य दिया मिलाप गर्न्या. लडाइ नगर्न्या

समीक्षा

आदि अन्त्य अपूर्ण रहेको यस महाभारत उद्योग पर्वको भाषामा जम्मा ९ अध्याय छन् । मोक्ष धर्मदेखि पूर्वको भाग खण्डित छ । ग्रन्थ अवस्था सामान्य रहेको छ भने लेखक र लेखन समय उल्लेख छैन । राजा धृतराष्ट्रले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाण्डवहरूको चियो चर्चो गर्न दूत पठाएको दूतले उनीहरूको मनशाय र हाल खवर बुझी समाचार ल्याएको एवं राजा धृतराष्ट्रलाई चिन्ताले निद्रा नपरेको प्रसङ्ग उल्लेख गरिएको यो कृतिमा भाषिक त्रुटि प्रशस्त भेटिन्छ ।

३३. **महाभारत सभापर्व,** ल. सं. द्वि. १६६, वि. सं. १०२, लेखक-, लेखन समय: विक्रम समवत् १८८०, पत्र २७५, रिल नं. B २६२/२

उद्धरण

पुरा पूर्वमा पांडव वन दाह हुंदामा. अनेक पशुपक्षी जीवा जंतु हेरूकन अग्निले भस्म गऱ्या ॥ महा प्रज्वलि भैकन. अग्निदेवता वल्ल लाग्या अग्निका भयले वेगले वनदेषिन्. निस्कन्या जीवा जन्तुहेरूकन अर्जुनले शर प्रहार गरिकन श्री कृश्नले चक्रप्रहार गरिकन खंड खंड गरि काटि ॥ फेरि अग्निमा षसाइ. दिंदा भया ॥

समीक्षा

महाभारत सभा पर्वको नेपाली भाषानुवाद गरिएको यस कृतिमा जम्मा ८० अध्याय छन् । पुस्तक आदि अन्त्य पूर्ण छ । अनुवादकको नाम उल्लेख छैन भने अन्तिम पुष्पिका वाक्यमा **"संवत् ९४३ श्री विक्रमसंवत् १८८० मिति श्रावणवदि ९ रोज ६ सभापर्व सिद्ध दिन"** भन्ने उल्लेख गरिएकोले यसको लेखन समय १८८० प्रमाणित हुन्छ । आख्यानात्मक शैलीमा गरिएको नेपाली अनुवाद कथा आस्वादनका दृष्टिले निकै महत्त्व पूर्ण छ । लेखक नभए तापनि लेखन समयको तिथि मिति उल्लेख भएका यस कृतिको विस्तृत रूपमा कृतिगत अध्ययन हुनु पर्ने देखिन्छ । भाषिक शैलीको तुलनात्मक अध्ययन गरिएका खण्डमा यसबाट थप तथ्य प्राप्त हुने देखिन्छ ।

३४. **महाभारत भीष्मपर्व,** ल. सं. द्वि. १२७/१०, वि. सं. १५७, लेखक-, लेखन समय-, पत्र ३, अपूर्ण, रिल नं B २५५/६

उद्धरण

ताहापछी द्रोणाचार्यको र घृष्टद्युम्नको वडो युद्ध भयो तस् युद्धमा घृष्टद्युम्नका सहाय निमित्त भीमसेन आउँदा भया द्रोणका सहाय निमित्त कलिंग देशका सेना प्राप्त भया भीमसेनसँग वडो युद्ध गर्दा भया एहि अवसर पाई द्रोणाचार्यले घृष्टद्युम्नलाई छोडी विराट द्रुपदसित युद्ध गर्दा भया ।

समीक्षा

यस अपूर्ण पुस्तकको पत्र तीनमा अगाडि सूचीपत्र दिइएको छ भने अन्य दुई पत्रमा घृष्टद्युम्न र अभिमन्यु, द्रोर्णाचार्य भीम आदिका युद्धको बयान गरिएको छ । लेखक लेखन समय आदि केही उल्लेख छैन । यसमा प्रथम दिनदेखि तृतीय दिनसम्मका युद्धको बयान छ ।

३५. **महाभारत शल्यपर्व,** ल. सं. द्वि. १२७/१३ ,वि. सं. २०१, लेखक-, लेखन समय-, पत्र ९, अपूर्ण, रिल नं. A ३१०/५

उद्धरण

शल्य पर्वका प्रथमाध्यायमा संजयले रण भूमिदेखि आइं शल्य. शकुनि. उलूक अरूसव राजा राजपुत्रहरू. लडाइँमा पऱ्या. भीमसेनले. दुर्योधनका उरू भांच्या. पाण्डव पट्टि पाँच भाइ पाण्डब. श्री कृश्नजी. सात्यकि एति सात जना वाँच्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

महाभारत शल्यपर्वको कथालाई सारांश उतारिएको यो पुस्तकमा बुँदागत रूपमा कथा दिइएको छ। गदापर्वका पत्र दुई पनि यसैमा मिलाइएको छ। ती दुई पत्रमा पनि संक्षिप्त कथावस्तु दिइएको छ। पुस्तकको अगाडि पट्टि **"महाराज राजेन्द्र विक्रमाज्ञानुरोधनः रमानाथेन रचिता शल्यपर्वणि पञ्जिका"** भन्ने उल्लेख गरिएकोले यसको लेखन समय श्री ५ राजेन्द्र विक्रम शाह काल र लेखक रमानाथ हुन् भन्ने बुझिन्छ। अन्यत्र कृतिमा भने लेखक वा लेखन समय उल्लेख छैन। पुस्तक अन्त्य अपूर्ण र साधारण अवस्थाको छ।

३६. महाभारत कर्णपर्व, ल. सं. द्वि. १२७, वि. सं. १९०, लेखक-, लेखन समय-, पत्र १३, अपूर्ण, रिल नं. A ३१०/६

उद्धरण

जनमेजयको प्रश्न .... धृतराष्ट्रको खेद .... कर्ण सेनापति भै संजय पांचाल. कैकेय. विदेह हरूलाई माऱ्या र अर्जुन सित संग्राम गरि मऱ्या भनि संजयले धृतराष्ट्रलाई कह्या ..... ४, कर्ण मऱ्याको सुनि धृतराष्ट्र मूर्छा भया. अंतः पुरमा हाहाकार भयो. पछि आफ्ना पुत्रहरूकन निन्दा. पांडवलाई सहाउँदा भया.

समीक्षा

कर्णपर्व र भीष्म पर्वको अध्याय र पृष्ठ संख्या सहितको पंजिका मात्र दिइएको यस कृतिमा जम्मा १३ पृष्ठ छन्। लेखक र लेखन समय उल्लेख छैन। भएका पत्र साधारण अवस्थाका छन् भने पञ्जिका आदि अन्त्य अपूर्ण छ। केवल पंजिका मात्र भएकोले यसको कुनै कृतिगत महत्त्व छैन। यसलाई कुनै कृतिको सूचीपत्रका रूपमा समावेश गर्न सकिन्छ।

३७. महाभारत शल्यपर्व, ल. सं. द्वि. १२७/१०, वि.सं. २००, लेखक-, लेखन समय-, पत्र ३२, अपूर्ण, रिल नं. B २४८/८

उद्धरण

नकुलर. चित्रसेनको युद्ध. दुवै जनाले परस्पर वाणले हान्या दुवैजना कृताश्त्र भयाका बलिया भयाका छन्. चित्र सेनले. तिषा भलाले. नकुलका धनुकन काट्ये. धनुकाटियाका नकुलका ललाटमा. तीषा ३ वाणले. चित्र सेनले हान्यो. नकुलका घोडाकन तिषावाणले माऱ्यो ध्वजाकन ३ वाणले. सारथिकन ३ वाणले गिरायो।

समीक्षा

नकुल र चित्रसेनको, शल्य र युधिष्ठिरको कृतवर्मा र भीमसेन आदिसँग भएको युद्धको बयान गरिएको यस शल्यपर्वमा जम्मा १९ अध्याय छन्। प्रारम्भ नकुल चित्रसेनको लडाई प्रसङ्गबाट भएको छ भने अन्त्य चाहिँ शकुनिको बधवाट भएको छ। अपूर्ण भए तापनि किताव राम्रो छ कथानक पनि निकै राम्रो भाषाशैलीमा लेखिएको छ भाषिक शैलीका आधारमा हेर्दा कृति त्यति प्राचीन देखिदैन।

३८. महाभारत द्रोणपर्व, ल. सं. द्वि. १२७, वि. सं. १६८, लेखक-, लेखन समय-, पत्र २२, अपूर्ण, रिल नं. A ३१०/८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

द्रोणपर्वका पैल्हेका दुइ अध्यायमा जनमेजयले भीस्म शरशय्यामा पऱ्याको सुनि राजा धृतराष्ट्र क्या गर्दा भया भनि वैशंपायन छेउ प्रश्न गऱ्या ॥ वैशंपायनले संजय रण भूमिबाट आया भीष्मशर शय्यामा पऱ्याःको षवर् सुनाया. ॥ त्यो षवर्सुनि शोकले व्याकुल भयाका धृतराष्ट्र भीष्मशर शय्यामा पऱ्या पछि भीष्मको शोक गरेर कौरवहरू क्या गर्दा भया भनि संजय छेउ प्रश्न गर्दा भया ।

समीक्षा

यो पनि महाभारत द्रोणपर्वको पंजिका हो । यसमा केवल प्रमुख घटना विषय र पत्र संख्या दिइएको छ । लेखक र लेखन समय उल्लेख छैन । तर पुस्तकको अगाडिको पत्रमा **"धर्माय विजित भारस्तत प्रति पक्षेषु विहित संहारः ॥ गोरक्षाचल धरणीपाल कपालो भवो भवतात् ॥१॥ रमानाथ निर्मित पक्ष त्रय सङ्गतम् पद्य मिदंम् = ॥"** लेखिएकोले ल. सं. द्वि १२७/१३ को महाभारत शल्यपर्वको अनुवाद जस्तै यस्को अनुवाद पनि गोरक्षाचल धरणीपाल श्री ५ राजेन्द्र विक्रम शाहको आज्ञाले रमानाथले गरेको हुनुपर्छ भन्ने अनुमान भने गर्न सकिन्छ । यसरी यसको रूपान्तरण समय श्री ५ राजेन्द्र विक्रमशाहदेवको समय र लेखक चाहिँ रमानाथ हुन् भन्ने देखिन्छ ।

३९. **महाभारत उद्योगपर्व,** ल. सं. द्वि. १७३, वि. सं. १३५, लेखक-, लेखन समय-, पत्र ३१८, पूर्ण, रिल नं. A ३०२/४

उद्धरण

वैशंपायन मुनि जो छन्. राजा जनमेजयसित कहन् छन् ॥ हे जनमेजय धृतराष्ट्र राजाले पठायाका. संजयले राजा युधिष्ठिर सित भेट् गरिफिऱ्या पछि. धर्मका पुत्र. राजा युधिष्ठिर जो छन्. सात्त्व वंशमा श्रेष्ठ भयाका श्री कृश्नसित विंति गर्न लाग्या ॥१॥ इष्ट मित्रमा प्रीति राषन्या भयाका. हे श्री कृश्न. मित्रको काम पाँउन्या. योबेला छ ॥॥

समीक्षा

मूल संस्कृत भाषा श्लोक र त्यसको नेपाली गद्य अनुवाद रहेको यस कृतिमा जम्मा १४६ अध्यायसम्म रहेको छ । ३१८ पत्र रहेको यो कृति कर्ण समागमसम्म पूर्ण छ । अत्यन्त सुन्दर अवस्थामा रहेको यस कृतिमा नेपाली भाषानुवाद गर्दा संक्षेपीकरण शैली अपनाइएको छ । युद्ध शान्तिका लागि श्री कृष्ण पाण्डवको दूत बनेर कुरू राजसभामा जान लागेका वखतमा युधिष्ठिरले सम्पूर्ण आफ्ना मान्यजनलाई यथायोग्य सन्देश पठाएको प्रसङ्ग यसमा उल्लेख छ । भाषाशैली अत्यन्त रोचक छ । महाभारतको भाषा कथा आस्वादनका लागि कृति निकै उपयोगी देखिन्छ ।

४०. **महाभारत उद्योगपर्व,** ल. सं. द्वि. १६७, वि. सं. १३९, लेखक-, लेखन समय-, पत्र २४५, पूर्ण, रिल नं. B २४४/४

उद्धरण

वैशंपायन मुनि जो छन्. राजा जनमेजयसित कहनछन् ॥ हेजनमेजय धृतराष्ट राजाले पठायाका. संजयले राजा युधिष्ठिर सित भेट् गरि फिऱ्या पछि धर्मका पुत्र राजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

युधिष्ठिर जो छन्. शात्त्व त वंशमा. श्रेष्ठ भयाका श्री कृश्नसित विंति गर्न लागया ॥१॥ इष्ट मित्रमा प्रीति राष्न्या भयाका. हे श्री कृश्न. मित्रको काम पाँइन्या. योबेला छ ।

समीक्षा

यो कृति ल. सं. द्वि. १७३ को प्रतिलिपि अनुभव हुन्छ। एउटै ढर्राको भाषा शैली भएकाले यी दुवै कृतिको भाषा रूपान्तरण गर्ने व्यक्ति एउटै हुनुपर्छ भन्ने अनुमान गरिएको हो। यसमा जम्मा २४५ पत्र रहेका छन् भने कृति पूर्ण छ। यस कृतिमा श्री कृष्ण युधिष्ठिर सम्वाद देखि लिएर कुन्ती कर्ण सम्वाद एवं कुन्तीले कर्णलाई आशीर्वाद दिएको प्रसङ्ग उल्लेख छ। कुन्ती र कर्णको सम्वाद सहित ७५ अध्यायमा यसलाई टुङ्ग्याइएको छ। नेपाली भाषा कथा आश्वादनका लागि कृति उपयोगी छ। भाषाको सैद्धान्तिक र तुलनात्मक अध्ययनका लागि पनि निकै महत्त्वपूर्ण सावित हुन्छ।

४१. **महाभारत विराटपर्व,** ल. सं. च. २९४४, वि. सं. १३०, लेखक-, लेखन समय: सम्वत् १९३१, पत्र १५५, अपूर्ण, रिल नं. B २६३/८

उद्धरण

परापूर्व कालमा. युधिष्ठिरादि. पंच पाण्डवहरू द्वैत नामावनमा. वाह्वर्ष. वनवास गरि सक्या ॥ उप्रान्त विराटनगरमा वर्षदिनसम्म. गुप्तवास गरिकन. वस्ता भया भनीकन वैशंपायन नामा मुनिले आग्या गऱ्या. उप्रांत जन्मेजय राजाले. फेरि प्रश्न गर्छन् ॥ ॥ जन्मेजय उवाच ॥ हे ब्राह्मरण वैशंपायरण. हाम्रा पूर्व पितामह. पाण्डवहरू. दुर्योधनका डरले पीडित भयाका.

समीक्षा

यसमा केही महाभारत विराटपर्व एवं केही विश्वन्तर कुमार कथा र वंशावली समेत मिसिएको छ। विराटपर्वको राजा धृतराष्ट्रले पाण्डवहरू गुप्तवास गर्दा चियोचर्चो गर्न पठाएको र दूतले धृतराष्ट्रलाई पाण्डवको सन्देश सुनाएको प्रसङ्गदेखि लिएर अभिमन्यु विवाह सम्मको प्रसङ्ग दिइएको छ। अन्त्यमा मूल कृति जस्तो थियो त्यस्तै मैले सारेको हुँ शुद्ध अशुद्ध भएमा मेरो केही दोष छैन भन्ने आशयको संस्कृत श्लोक लेखिएको छ भने पुष्पिका वाक्यमा **"स्वस्ति श्री शाके १७९ ॥ श्री विक्रमादित्य १९३१ ॥ श्री नेपाली श्रयोक्त सम्बत् ९९४ साल मिति नष्ट आखाढ वदि ८ रोज ३ मा लिषितम् शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ। **"साखु देश चलखु टोल आधा इनार भएको घरको न्हूँलछे नारायणको मनमा धर्म चित्त उत्पति भै यस भाषाको किताव लेखाएर राखिएको हो। शुभम्"** भन्ने लेखिएकाले यसको लेखक साँखु निवासी हुनुपर्ने देखिन्छ। वंशावली नेपाली–भाषा र विश्वन्तर कथा चाहिँ नेपाल भाषामा लेखिएको छ।

४२. **महाभारत गदापर्व,** ल. सं. द्वि. १६९, वि. सं. २११, लेखक: विजयानन्द, लेखन समय: १८८६, पत्र १९३, पूर्ण, रिल नं. A ३०२/५

उद्धरण

राजा धृतराष्ट्रकन संजयले कह्याका. शल्य पर्वका सवै वृत्तांन्त सुनि फेरि गदा पर्वमा भयाको वृत्तान्त सुनाउना निमित्त संजयकन आज्ञा गर्छन ॥ हे संजय. रणभूमिमा पाण्डुका छोराहरूले हाम्रा सवै सैन्य मार्दा वाकि सेख रहन्याहरूले क्या पुरूषार्थ कन गऱ्या ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस महाभारत गदापर्वको भाषा लेखाइ अत्यन्त त्रुटिपूर्ण छ । अश्वस्थामा दूर्योधनका पक्षमा लड्न थालेको प्रसङ्गदेखि लिएर पाण्डुपुत्रहरूको हत्या गर्नका निमित्त अश्वस्थामा पाण्डवहरूको शिविरमा प्रवेश गरेको प्रसङ्ग बयान गरिएको यस पुस्तकमा जम्मा ४३ अध्याय छन् । अन्तिम वाक्यमा **"सम्वत् १८८६ साल मिति ऋगहरा शुदि ११ रोज १ लिखित मिदं पुस्तकं विजयानंदेन"** भन्ने लेखिएकाले यसका लेखक र लेखन मिति स्पष्ट भएको छ । वीचमा पछि थपिएका दुई चार पत्र पनि छन् । यसका प्रतिलिपिकार विजयानन्द को हुन् ? कहाँका हुन भन्ने विषय चाहिँ अनुसन्धेय रहेको छ । भाषा शैली त्यति बगेको स्पष्ट छैन । साधारण अवस्थाको यो पुस्तक आदि अन्त्य पूर्ण छ ।

४३. **महाभारत शान्तिपर्व,** ल. सं. च. २९३८, वि. सं. २४५, लेखक-, लेखन समय-, पत्र ३१५, पूर्ण, रिल नं. A १३४३/२

उद्धरण

मद्को गन्ध सुङेर षानकनलाई आयी वहुतै भ्रम
गंराडस्थल् विचमा बसेर मधुरै स्वर्लेत भूँ-भूँ गरी ॥
बोल्याको सुनिचित्तमा सुखमयी थोडै नजर्चिम्लँदा
प्यारा पुत्र भवानिका गरापती संपूर्रा विघ्नै हरून् ॥

समीक्षा

प्रारम्भमा भाषा श्लोकमा मङ्गलाचरण गरिएको यस पुस्तकमा अन्त्यमा पनि महाभारतको अति कठिन मोक्षधर्मलाई कान्तिपुर निवासी विद्वानले सबैको कल्याणका निमित्त भाषानुवाद गरेका हुन् भन्ने आशयका नेपाली भाषा श्लोकहरू रहेका छन् । महाभारत अन्तर्गतको युधिष्ठिर भीष्म सम्बादको राजधर्म, आपतधर्म र मोक्षधर्मको वयान गरिएको छ । पुस्तक आदि अन्त्य पूर्ण छ । भाषा कथा निकै राम्रो छ । लेखक लेखन समय आदि उल्लेख छैन । लेखन शैलीका आधारमा हेर्दा यसका लेखक भवानीदत्त पाण्डे हुनकि भन्ने अनुमान मात्र यहाँ गर्न सकिन्छ किनभने यिनले लेखेका महाभारतका अन्य पर्वहरू पनि यही शैलीमा लेखिएका र छापिएका समेत छन् ।

४४. **महाभारत मौसलपर्व,** ल. सं. द्वि. १८९, वि. सं. २९९, लेखक-, लेखन समय-, पत्र १९, अपूर्ण, रिल नं. B २४९/९

उद्धरण

वैशंपायन जो छन्. राजा जन्मेजयकन आज्ञा गर्दा भया ॥ हे जन्मेजय. ञाँहा उप्रांत. छत्तीस् वर्ष लागदामा. युधिष्ठिर जो छन्. विपरीत जनाउन्या. एस्तो विघ्नकन. देष्दा भया ॥१॥ कस्तो विघ्न भन्या. धुलो र. साना ढुंगा वर्षाउन्या. शद्वले युक्त भयाको ठूलो बतास लाग्न् लाग्यो अशुभकन. जनाउन्या मंडल पक्षीहरू गर्दा भया ॥२॥

समीक्षा

यसमा मौसल पर्वका प्रारम्भदेखि तीन अध्यायसम्मका संस्कृत श्लोक र नेपाली भाषा अनुवाद छ । युधिष्ठिरलाई विपत्ति परेको प्रसङ्गदेखि लिएर बलभद्र र श्रीकृष्णले द्वारका छोडी जंगल प्रवेश गरेको प्रसङ्गलाई ४ अध्याय सम्ममा बयान गरिएको छ । त्यस पछिको भाग छैन अपूर्ण छ । भएको अंश राम्रो अवस्थाको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४५. **महाभारत मौसलपर्व,** ल. सं. द्वि. २०१, वि. सं. ३००, लेखक-, लेखन समय-, पत्र ४०, अपूर्ण, रिल नं. B २४८/१३ द्य २४९/१

उद्धरण

वैशंपायन जो छन् राजा जन्मेजयकन आज्ञा गर्दा भया हे जन्मेजय. आहा उप्रांत छत्तीस् वर्ष लाग्दामा युधिष्ठिर जो छन् विपरीत जनाउन्या एस्तो विघ्नकन. देष्दा भया ॥१॥

समीक्षा

यो प्रति ल. सं. द्वि. १८९ को प्रतिलिपि देखिन्छ। यसमा लेखाइ निकै त्रुटिपूर्ण छ। यसमा पनि संस्कृत श्लोक र नेपाली भाषानुवाद छ। पत्र केही वढी भएकाले यसमा अर्जुन द्वारिका पुगेको प्रसङ्गसम्म उल्लेख छ। यसमा ७८ अध्यायसम्म रहेका छन्। अन्त्यमा **"इति मूसल पर्व सम्पूर्णम्"** भनिए तापनि कृति अपूर्ण जस्तो देखिन्छ। यदुकुलको अन्त्य सँगै यस पर्वलाई पनि समाप्त गरिएको छ।

४६. **महाभारत घोषयात्रा,** ल. सं. द्वि. ३१४, वि. सं. ३३४, लेखक-, लेखन समय-, पत्र १९, कापी, अपूर्ण, रिल नं. A ३१०/११ A १३४३/८

उद्धरण

धृतराष्ट्र राजाको आज्ञा लियेर. आफ्ना भाइहरू रानीहरू. आठहजार रथ तिन अयुत हाति. बहूत हजार सिपाहि. नौ हजार घोडा. स्त्री समेतका सहरवासी. गाडी. बजार बनिञा. वंदि हजारौं सिकारि..समेत भै. दुर्योधन राजा दुइदुइ कोसमा वस्तै. गोठ भयाका जगामा पुग्दा भया ताहाँ बसेर. गाइ गोरू बहर्वाछा इसवैको गराना. चिन्ह गरेर. सिकार षेल्दै वन विहार गर्दै. द्वैतवनमा जादा भया।

समीक्षा

फुटकर पत्र भएको यो पुस्तक आदि अन्त्य अपूर्ण छ। राजा परिक्षितलाई तक्षक नागले डसेको गन्धर्वका दूतहरूले दुर्योधनलाई बाँधेको आदि प्रसङ्ग उल्लेख छ। भाषा शैलीका आधारमा हेर्दा पनि त्यति प्राचीन देखिदैन। कुनै पनि पानामा लेखक वा लेखन समय उल्लेख छैन।

४७. **रणजित सिंह पुरूषार्थ वर्णनम्,** ल. सं. द्वि. ३०८, वि. सं. ३८६, लेखक-, लेखन समय-, पत्र १३४४X९ १/२ को लामो पत्र, पूर्ण, रिल नं. A ३१९/२१

उद्धरण

महा सिंले जैसी गनिका सल्लाह लि रसुल् नगर् दषल गर्नाको इरादा गऱ्या. त्यो रसुल् नगर कहाँ छ भन्या चुनावन्. दिन्का पूर्व तर्फ छ तहाँ मुसल्मान्हरू वस्याका छन्. त्यस् जगाका सर्दारको नाम पीरमहम्मद हो. कुरान् का मतमा चलन्या हुन्. तिनैको जगा दषल् गर्नको मन्सुवा गऱ्या. क्याकारण भन्या।

समीक्षा

यसमा महासिंहदेखि रणजित सिंहका पाला सम्मका राजाहरूका पुरूषार्थको बयान गरिएको छ। लेखाइ प्रायः शुद्ध नै छ। वर्णन सरल तरिकाले गरिएको छ। अन्त्यमा **"अंग्रेजि सन् १७७४ साल देषी, सन् १८३४ सालसम्मको,**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विस्तार लेषियाको छ- संपूर्ण शुभम्" भन्ने उल्लेख गरिएको छ । नेपाली कागजका टुक्रामा लेखी त्यसलाई जोडेर लामो पारिएको छ । जीवनी जति लामो कागज पारेर लेख्यो सो जीवनी वालाको आयु पनि सोही अनुसार लामो हुन्छ भन्ने जन विश्वास त्यस वेलामा रहेको देखिन्छ । यो कृति पनि ऐतिहासिक सामग्री अध्ययनका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

४८. **राजा जयस्थिति मल्ल,** ल. सं. द्वि. ८६, वि. सं. ३९३, लेखक-, लेखन समय- ,पत्र २, अपूर्ण, (माइकोफिल्म नभएको)

उद्धरण

श्री राजा जयस्थिति मल्लले भादगाउँका गाद्दिमा. जोतिषिहरूले वढिया सुसायत हेरिकन वस्यामा वडो हर्ष भयो. गुरू पुरोहित् ब्राह्मणहरूका हातबाट सुवर्णका कलशमा वाग्मति आदि गरियाका सकल तीर्थका जल भरिपूर्ण गरिकन राज्याभिषेक गऱ्या. त्यो कलशबाट गीऱ्याको जलधारा श्री जयस्थिति मल्लका प ... रूपि पर्वतको. नोष रूपि श्रृंगमा पर्नाले. ताहाँबाट उछिट्टियाको विन्दुरूपि मोति. पर्नाले पृथ्वीले शोभा पाईन् ।

समीक्षा

राजा जयस्थिति मल्लको राज्याभिषेकको बयान गरिएको यो कृति दुई पत्रको अपूर्ण छ । राज्याभिषेक र त्यसको वयान गरिएको यसमा राजाको प्रशस्ति गाइएको छ । लेखक लेखन समय उल्लेख नभए तापनि यो कृति राजा जयस्थिति मल्ल कालीन हो कि भन्ने अनुमान भने गर्न सकिन्छ ।

४९. **राज भोगमाला वंशावली,** ल. सं. प. १५९८, वि. सं. २८, लेखक-, लेखन समय-, पत्र ४७, अपूर्ण, रिल नं. A १०१५/२०

उद्धरण

यस् पुरि सन्सारको सागर हुन् ईसान पुरि भन्दा उत्तम पासुपति पुरि हुन् जहाँ ज्योति लिङ्गेश्वर बागमति सहित छन्. बलिराजाको हकुम् मानि दैत्य जनले हिमवत् उत्तरमा ज्ञान तिर्थ भन्येको स्थान्मा आई सुकाचार्य्यले संकल्प गराइ. देवलोक जितना निमित्त नाना प्रकारले दैत्य जनले तपस्या गरि रहदा दिव्य वर्ष सहस्र पुग्या सम्म विश्नु आराधना गर्ना निमित्त ।

समीक्षा

सकल भूमण्डलको उत्पत्तिदेखि पुण्यभूमि नेपालको बयान गरिएको यस बंशावलीमा प्रारम्भदेखि, राजा जयस्थिति मल्ल भित्रिनी पट्टिका छोराहरूसँग डराइ पनौतिमा गइ लुकेर बसेको प्रसङ्ग उल्लेख गरिएको छ । लेखक लेखन समय उल्लेख छैन । विषयवस्तु राजा जयस्थिति मल्लमा ल्याइ टुङ्ग्याइएकोले यसको लेखन सोही मितिमा भएको हो कि ? भन्ने अनुमान मात्र लगाउन सकिन्छ । बीच-बीचमा आगोले पोलिएको र सोही अवस्थामा हाल संरक्षित गरिएको कृति अन्त्यमा पनि अपूर्ण छ । भाषा लेखाइ निकै अशुद्ध देखिन्छ ।

५०. **वंशावली नेपाली भाषा,** ल.सं.च. २२३३, वि.सं. ३९७, लेखक-, लेखन समय-, पत्र ३६२, अपूर्ण, रिल नं. B २६४/२१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

ताहा पछि दैतेन्द्र प्रलाद संतुष्ट भै स्वस्थान्मा जाँदा भयाः ॥ श्री पशुपतिनाथको जोतिर्लिङ्गकन देवताहरूले अर्चन गरिरह्याका थिया. जोतिर्लिङ्ग गुप्त भै जाँदा देवताहरू श्वस्थानमा जांदा भया ॥ ञाहा उप्रांत मृतिकाले छोपिया ॥ उस्ता समयमा. काम धेनु आई नित्य जोति स्वरूप विराजमान भै आयाका स्थानमा मृतका माथि दुग्ध चढाउँद थिईन् ॥

समीक्षा

ज्योतिर्लिङ्गेश्वर पशुपतिनाथको उत्पतिदेखि लिएर श्री ५ पृथ्वी वीर विक्रम शाहदेवसम्मको बयान गरिएको यस वंशावलीमा नेपाली भाषा संस्कृतनिष्ठ शैलीमा लेखिएको छ । कृति आदि अन्त्य अपूर्ण भए तापनि निकै महत्त्व पूर्ण देखिन्छ । गोपाल वंशी राजाहरूदेखि लिएर शाहवंशी राजा श्री ५ पृथ्वी वीर विक्रम शाहदेव सम्मका राजा र राज्यसँग सम्बन्धित प्रमुख व्यक्तिहरूका प्रमुख कार्यको बयान यसमा गरिएको छ । नेपाली कागजमा लेखिएको यस कृतिलाई गातावन्दी गरी संरक्षण गरिएको छ । लेखक लेखन समय यसमा उल्लेख छैन तापनि श्री ५ पृथ्वी वीरविक्रम शाहदेव सम्मको वयान यसमा परेकोले कृति त्यति प्राचीन हो जस्तो लाग्दैन । इतिहास लेखनका लागि भने यो महत्त्वपूर्ण धरोहरका रूपमा देखिन्छ ।

५१. वंशावली नेपाली भाषा, ल. सं. १६९०, वि. सं. ४०६, लेखक-, लेखन समय-, पत्र ८, अपूर्ण, रिल नं. A ३१९/१९

उद्धरण

एस्तै युगमा. गोपालहरू राजा भयाका हुन्. नेपालेश्वर. वंदर. ताहादेषि भै आयको हो. तव. ताहा. श्री पशुपतिका कृपाले. श्री पृथिवीको राजा. गोठालो राजा भयाको हो ॥

समीक्षा

दुईवटा संस्कृत श्लोकवाट नेपालको वयान गरी प्रारम्भ गरिएको यस कृतिमा जम्मा ८ वटा पत्र छन् । यसमा गोपाल वंशी श्री भूमांगदराजा १ वर्ष ८४ भन्नेदेखि प्रारम्भ गरेर श्री जयस्थिति मल्ल राजा १० वर्ष भनी टुङ्गयाइएको छ । त्यस पछिको अंश अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । सूचीका रूपमा राजा र उनको राज्यकाल एवं केही प्रमुख राजाका प्रमुख कामको वयान संक्षिप्त रूपमा गरिएको छ ।

५२ वंशावली नेपाली भाषा, ल. सं. च. २८१४, वि. सं. ४००, लेखक-, लेखन समय- ,पत्र ९३, अपूर्ण, रिल नं. A ३१९/५

उद्धरण

आदि प्रकाश भयाका जो सच्चित् स्वरूप बुद्धबाट उत्पत्ति भयाका आदि बुद्ध परमेश्वर देषिन् प्रकाश भयाका ईश्वरले यथाकम सित उत्पत्ति गरिराष्याका सुमेरू मध्ये रहयाका हिमालय पर्वतको दक्षिरा पादमा रहयाको १ षादल जो छन् सो नागवासनाम सहद भनि प्रष्यात रहंदा सत्य जुगमा वधुमती नाम नगर देषिन् श्री विपश्वी नाम बुद्ध प्राप्त भै नाग वास हद पश्चिमका पर्वतमा वसि नागवास हदमा पद्म्य स्कंद १ रोपी ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

प्रारम्भदेखि श्री जय श्री निवास मल्ल सम्मको बयान गरिएको यो कृति कुनै बुद्धधर्मालम्वीले लेखेको अनुमान हुन्छ । नेपाल उत्पत्ति आदि मुनि बुद्धबाट गरिएको हो भन्ने उल्लेख प्रारम्भमा पाइएकाले यस्तो अडकल गरिएको हो। नेपाली राजाहरूको नाम राज्यकाल र प्रमुख कामको उल्लेख गरिएको यो कृतिको लेखन समय र लेखकको नाम उल्लेख छैन । भाषा परिस्कृत छ लेखाइ वर्णनात्मक किसिमको रहेको छ । श्री निंवास मल्ल पछिको बयान नभएकोले कृति अपूर्ण देखिन्छ ।

५३ वंशावली नेपाली भाषा, ल. सं. च. १०४६, वि. सं. ४०४, लेखक-, लेखन समय-, पत्र १ लामो मूठो, अपूर्ण, रिल नं. A ३१९/११

उद्धरण

रत्न मल्ल राजाले वर्ष ११ राज्य गरि शांत भया इन्का पुत्र अमर मल्ल वर्ष ११ अमर मल्ल राजाका पालामा वनिकापुरका कुमाल हरूले पशुपति नाथका मंदिर भित्र अनंत नारायणको मृतिका मूर्ति स्थापन गर्छौ भनी विन्ती गर्दा ठाउँ दियेनन् रात्मा आई कसैले चाल नपाई एकै रातमा ... पीठ संनिधानमा स्थापना गरी गया ॥

समीक्षा

यस पुस्तकमा राजा धर्मानन्द देवको पालादेखि लक्ष्मी नरसिंह मल्लका पालासम्मका प्रमुख राजा र तिनीहरूले गरेका प्रमुख कामको बयान छ । लेखक-लेखन समय उल्लेख छैन । कृति अपूर्ण छ। भाषा निकै त्रुटिपूर्ण देखिन्छ । नेपाली कागजको लामो पत्र वनाइ एउटै पत्रमा लेखिएको छ । कृति लक्ष्मी नरसिंह मल्लका पालामा आएर टुङ्गिइएकोले यसको लेखन समय पनि सोही मितिमा हो कि भन्ने अनुमान गर्न सकिए तापनि भाषिक रूप त्यति प्राचीन लाग्दैन ।

५४ वंशावली तीर्थ देवमाला, ल. सं. च. १५८८, वि. सं ४०३, लेखक-, लेखन समय-, पत्र ९६, अपूर्ण, रिल नं. A ३१९/४

उद्धरण

आदी नेपाल सकलशास्त्र प्रसिद्ध. आदि जुगात्. श्री पशुपतिनाथ् विराजमान् भयाका छन्. इ नाथका आदि अंतकन ब्रह्मादि देवता. कसैले पनि जानि सकनुछैन. याहादेषि उप्रांत केहि समय विषे श्री महादेवकन. दक्ष प्रजापतिले. अपमान गर्‍याका सहन नसकि. सति देवीले प्राण मोचन् गरिन् र देवीका शरिर श्री महादेवले वोकि फिर्दा. यो पृथ्वी तलविषे देवीका शरिर जहां पतन भयो. तांहां तांहां पीठ रूपि शिवशक्ति भै गया. ॥

समीक्षा

प्रारम्भमा संस्कृत श्लोकको मङ्गलाचरण तथा दक्ष प्रजापतिको यज्ञमा सतीदेवीले शरीर त्याग गरेको र महादेवले त्यो मृत शरीरलाई बोकी हिडेको प्रसङ्गबाट थालनी गरिएको यो कृतिलाई १९९० सालको भूकम्प र त्यसबाट भएको शहरका विभिन्न घरहरूको क्षतिको विवरण दिइ टुङ्ग्याइएको छ । वंशावली भएकोले यसमा पनि राजाको नाम राज्यकाल र उनका पालामा भएका प्रमुख कार्यको विवरण दिइएको छ । जम्मा ९६ पत्रको यो कृति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । अन्य थप विवरणका लागि कृतिगत रूपमा तुलनात्मक अध्ययन हुनुपर्ने देखिन्छ । ऐतिहासिक विषयको अध्ययनका लागि आधिकारिक सामग्री चाहिँ यसले प्रदान गर्ने देखिन्छ ।

५५ वंशावली नेपाली भाषा, ल. सं. च. २९६१ ,वि. सं. ४०१, लेखक-, लेखन समय-, पत्र १०३, अपूर्ण, रिल नं. B २६४/१९

उद्धरण

आदौ नेपाल सकल शास्त्र प्रसिद्ध आदि युगात् श्री पशुपतिनाथ् विराजमान भयाका छन् ॥ इनाथका आदि अंतकन ब्रह्मादि देवता कसैले पनि जांन सक्नु छैनः॥ आहादेषि उप्रांत केहि समय विषे महादेवकन दक्ष प्रजापतिले अपमान गऱ्याका सहन नसकि सतिदेवीले प्राण मोचन् गरिन् र देवीका सरीर महादेवले बोकिकन फिर्दा समयमा यो पृथ्वी तल विषये ॥ देवीका शरीर जहा जहा पतन् भयो. ताहा ताहा पिठरूपि शिवशक्ति भै गया ॥

समीक्षा

प्रारम्भमा संस्कृत श्लोकको मङ्गलाचरण एवं दक्ष प्रजापतिको यज्ञमा सतीदेवीले शरीर त्याग गरेको र महादेवले त्यो मृत शरीरलाई बोकी हिडेको प्रसङ्गबाट थालनी गरिएको यो कृति ल. सं. च. १५८८ वंशावलीकै प्रतिलिपि अनुभव हुन्छ । कागज पनि नवीन, लेखन शैली पनि नवीन देखिने यस कृतिमा पत्र १०३ भए तापनि अक्षर ठूला भएकाले अघिल्लो कृतिलाई पूर्णरूपमा उतारिएको छैन । यसलाई प्रारम्भदेखि रणबहादुर शाहको बयान सम्ममा टुङ्ग्याइएको छ । बीचमा निकै पत्र खाली भएकाले प्रतिलिपि अपूर्ण भएको अनुभव हुन्छ । यसमा पनि प्रारम्भ देखि रणबहादुर शाह सम्मका राजा राज्यकाल र उनीहरूका राज्यमा भएका प्रमुख कामको बयान गरिएको छ । लेखक लेखन समय उल्लेख छैन । कृति अन्त्यमा अपूर्ण छ ।

५६ वंशावली नेपाली भाषा, ल. सं. च. ३३२, वि. सं. ३९९, लेखक-, लेखन समय-, पत्र १६२, अपूर्ण, रिल नं. A ३१९/३

उद्धरण

आदौ नेपाले सकल शास्त्र प्रसिद्ध आदि जुगात् श्री पशुपतिनाथ विराजमान भयाका छन् संक्षेपले गरि आदि देषिन्को वर्णन कहिंछ अव्यक्त देषिन् शृष्टि हुंन्छ वेक्त भयाको जो छन् । तन्को नष्ट हुंछ अव्यक्त भंनू तत्त्व ज्ञान हो. शृष्ठि संहार देषिन् वर्जित भयाका यकै ब्रह्म सत्य हुन् तनै परंब्रह्म देषिन् कारिकारिरिण भयाकी प्रकृर्ति मायाको प्रकाश हुँदा महतत्त्वको उदय भयो ॥

समीक्षा

परब्रह्मको उदय, यस सृष्टिको उत्पत्तिदेखि लिएर जय प्रकाश मल्लसम्मको बयान गरिएको यस कृतिमा पनि प्रारम्भमा मङ्गलाचरण संस्कृत श्लोकबाट गरिएको छ । यसमा पनि राजाहरूको राज्य समय र प्रमुख कामको बयान गरिएको छ । कृति जय प्रकाश मल्लमा टुङ्गिएकोले यसको लेखन काल सोही समयमा भएको हो कि भन्ने अनुमान गर्न सकिए तापनि लेखक र लेखन समय उल्लेख छैन । लेखाइमा अशुद्धि पाइन्छ अन्त्यमा केही पत्रहरू पछि थपेका हुन् कि ? भन्ने जस्ता देखिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५७. **वंशावली नेपाली भाषा,** ल.सं.च. १०१०, वि.सं. ३९८, लेखक-, लेखन समय-, अपूर्ण, पत्र ७१, रिल नं. A ३१९/२ (अत्यन्त जीर्ण)

उद्धरण

तस पछि त्रेता युगमाः महा चीनबाट मंजु श्री नाम बोधि सत्त्व प्राप्त भैः महा मराडपमा ३ रात वास गरीः स्वयंभू ज्योती रुप दर्शन गरी. पर्वत. छेदन गर्न निमित्तः दक्षिरा दिशामाः अग्लो भयाको पर्वतमा गै वरदा मोक्षदाः नाम गरियाकाः आफ्ना देवीहरूमाः एक फुल्चोकु पर्वतमा वसाई॰एक ध्यनाच्च पर्वतमा वसाईः आफु वीचमा वसी पर्वत छेदन गरी तलाउका जल निकाली पथाई ।

समीक्षा

नेपाल शहरको उत्पत्ति प्रारम्भ देखि श्री ५ शुरेन्द्र वीर विक्रमशाह सम्मको वंशावली बयान गरिएको यो कृति अत्यन्त जीर्ण छ । आदि अन्त्य अपूर्ण छ । भाषा पनि निकै अशुद्ध छ । लेखक नेवार भाषा भाषी जस्तो देखिन्छ । किनभने नेपाल भाषाको प्रभाव पनि यसमा परेको छ भने कतै-कतै नेपाल भाषा मै लेखिएका १-२ पत्र पनि छन् । कीराले काटेको, पानीले भिजेको कृति हाल सोही अवस्थामा संरक्षित छ । लेखक लेखन समय उल्लेख छैन ।

५८ **वंशावली नेपाली भाषा,** ल.सं.पं. ७३७९, वि.सं. ४०२, लेखक-, लेखन समय-, अपूर्ण, पत्र २०९, रिल नं. B २६४/२०

उद्धरण

शाहलाई बोलावट आउँदा पाल्पाली राजाबाट अब उप्रान्त गोरखाको र हाम्रो घाघरायस तपाञीबाट गराउनु होला तपाञीले गरेको बन्दोवस्तमा हामी दुवै थर बस्नू भनी वन्दोवस्त बाँधी रिश्वत वक्सीस र सौगात तयार गरी बिदा वक्सिंदा सुलतान शाह गोरखा आइ श्री ५ नरभुपाल साहका हजुरमा सर सौगात चढाई दर्शन गर्नुभयो ।

समीक्षा

श्री ५ पृथ्वीनारायण शाहको विवाह प्रसङ्गबाट थालनी भै श्री ५ पृथ्वी वीर विक्रम शाहदेबको पालासम्मको बयान गरिएको यो कृति त्यति प्राचीन देखिदैन । अन्य वंशावलीमा जस्तै यसमा पनि राजाको नाम, राज्य समय, र प्रमुख कामको बयान गरिएको छ । अगाडिको वंशावली उतार गर्नका लागि कापीका पांना खाली राखिएकोले कृति अपूर्ण नै देखिन्छ ॥ लेखक लेखन समय उल्लेख छैन भने पुस्तकको अगाडि पट्टि **"हेमराज शर्मणः पुस्तकम्"** भन्ने लेखिएकोले यो कृति राजगुरु हेमराज शर्मा पाण्डेको रहेको र वहाँबाट यस अभिलेखालयलाई प्राप्त भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । हेमराज शर्माकै पालाको पुस्तक भएकाले यो त्यति प्राचीन मानिदैन । अगाडि पट्टि **"वंशावली विक्रम सम्बत १९४७ पर्यन्ता"** भन्ने उल्लेख छ नेपाली भाषा लेखाइ पनि शुद्ध र स्तरीय छ एवं लेखनमा प्रयोग गरिएको कागज पनि त्यति प्राचीन छैन ।

५९. **वंशावली नेपाली भाषा,** ल. सं. च. २१६९, वि.सं. ४१०, लेखक-, लेखन समय-, पत्र ५० , अपूर्ण, रिल नं. B २६५/९ (अत्यन्त जीर्ण पुस्तक)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

फेरी दीपंकरतथागतलाई आवाहना गरी तथागतका सर्व संघ भिक्षुहरू सवै .... वताइ जुगोदयका दीन गन्या. तव उस वेलामा १ बुही स्वास्नी एकली रह्याकी उस बुढिले वडो कस्त गरि ..... ।

समीक्षा

यो पुस्तक आदि अन्त्य अपूर्ण छ । अत्यन्त जीर्ण भएकोले अक्षर उडेका छन् पढ्न पनि निकै गाह्रो छ । भाषा शैली, लेखाइ आदिका आधारमा हेर्दा कृति त्यत्ति प्राचीन देखिदैन । लेखक लेखन समय उल्लेख छैन । बुद्ध धर्मसँग सम्बन्धित देखिएकोले यसका लेखक कुनै बुद्धधर्मावलम्बी व्यक्ति हुन सक्ने अनुमान गर्न सकिन्छ ।

६०. **वंशावली नेपाली भाषा,** ल.सं.ष. ५१२, वि.सं. ८१, लेखक-, लेखन समय-, पत्र २१८, अपूर्ण, रिल नं. A १०२१/१५

उद्धरण

हे पुत्री तेरा कल्मष पाप सव नष्ट भैगयो मुढ अनाचार दुष्ट जनकन भक्षरा गरीनलाई पाप छैन भनि बुझाउँदा फेरी राक्षसीले ब्रह्माका चररामा दर्शन गरी तहा पछि फेरी राक्षसीलाई भोकले पीडित् गर्दा ब्रह्माका आज्ञा अनुसार फेरी नर नारी आदि प्रारगी कन भक्षरा गरी आउँदा यक कोहि दिन हंतीनाम कै रात राजा हार्येतम नाम मन्त्रीले सहित भै सैन्य साथ लि सिकार षेल्न निमित्त बनमा जाइ वास गरी रह्याका थिया ॥

समीक्षा

राजा अङ्गमति देखि लिएर वीर समशेरका पालासम्मको बयान गरिएको यो कृति आदिमा अपूर्ण छ । पहिले नेपालमा किराँतहरूले राज्य गर्दथे । त्यस वखतमा भगवान शंकर किरात भेष धारण गरि श्लेषमान्तक बनमा विहार गर्नुहुन्थ्यो भन्ने प्रसङ्ग उल्लेख गर्दै तिनै शंकर पशुपतिमा शिवलिङ्गमा प्रकट भएको कुरा पनि यसमा बयान गरिएको छ । भाषा शैली निकै राम्रो छ । कृति बृहत् छ । त्यसैले यसको कृतिगत अध्ययन गर्ने हो भने थपतथ्य प्राप्त हुने आशा गर्न सकिन्छ । लेखक लेखन समय उल्लेख नभए तापनि वीर समशेरको राज्यकाल सम्मको बयान यसमा परेकोले यसको रचना वा प्रतिलिपि पनि सोही समयमा भएको हो कि ? भन्ने अनुमान भने गर्न सकिन्छ ।

६१. **शाहवंश चरितम्,** ल .सं .पं. ८० ३४, वि.सं. ४११, लेखक-, लेखन समयः वि. सं. १९८४, पत्र १४३, पूर्ण, (रिल नभएको)

उद्धरण

जस्तै श्री शिवका जटा मुकुटमा गङ्गाजि शोभा रहिन्.
तस्तै श्री गरानाथका शिरमहाँ मद्की नदी खुव् वहीन् ॥
द्यौता मानिस पक्षिबृन्द जतिको संपूर्रा सेवा रहोस्.
हे विघ्नेश मलाइ आज प्रभुले निर्विघ्न काम् गर्दिनोस् ॥१॥
वीरा पुस्तक वाहुमा धरिलिन्या माला छ फट्टीकको.
हाँस्का वाहनमा चढी अभयदान् दीनूहवोस् भक्तको ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हे माई जननी सरस्वति जहाँ संभ्री शरणमा पऱ्याँ.
बुद्धीको मल फालि वक्सनु हवोस् हात् जोरि विन्ती गऱ्याँ ।।२।।

समीक्षा

चित्रकुटका अधिपति महाराज विक्रमको पालादेखि श्री ३ चन्द्र समशेरका पालासम्मको बयान गरिएको र नेपालका शाहवंशीय राजाहरूलाई विक्रमादित्यकै परम्परामा जोड्न लगिएको यस ऐतिहासिक काव्यमा शार्दूलवीक्रिडीत, मन्दाक्रान्ता, वसन्ततिलका जस्ता विभिन्न छन्द एवं वीर, करुण, श्रृङ्गार आदि रसको प्रयोग गरिएको छ । लगभग ९३० जति श्लोकहरूमा कथा वस्तुलाई लम्व्याइएको यो ऐतिहाँसिक काव्यमा साहित्यिकता भन्दा ऐतिहाँसिकता र वर्णनात्मकता बढी पाइन्छ । राजाहरूका वीरता पूर्ण कार्यको बयान यसमा गरिएको छ । काव्यलाई सर्ग-सर्गमा विभाजन गरिएको छैन तापनि, इति श्री शाहवंश चरितं पूर्व पुरुष पराक्रम प्रथम, श्री ५ पृथ्वीनारायण शाह पराक्रम द्वितीय, श्री ५ सिंह प्रताप शाह पराक्रम तृतीय श्री ५ रणबहादुर शाहदेव पराक्रम चतुर्थ, श्री ५ गीर्वाण युद्ध विक्रम शाह पराक्रम वर्णन पञ्चम, अथ राणा चरित्र वर्णनम्, श्री ५ सुरेन्द्र, श्री ५ राजेन्द्र विक्रम शाह षष्ठ जस्ता खण्डमा विभाजन गरिएको छ । यस ऐतिहाँसिक काव्यमा कवितात्मक अभिव्यक्ति निकै रसमय छ । ग्रन्थको अन्त्यमा **“उंडाइस् सये असी उपर् चार्साल वीक्रमैको छ. यो कार्तिक् शुक्ल युगादिका नवमिमा ग्रंथै समाप्ती भयो” । कार्तीकमास अठार दिं वितिगया वार्श्री गुरुको पऱ्यो. येही साहितमा समाप्त हुन गै यो ग्रंथले दिल्भऱ्यो ।”** भन्ने उल्लेख भएकाले यसको लेखन समय १९८४ साल, कार्तिक शुक्ल नवमी, १८ गते बृहस्पतिवार रहेछ भन्ने प्रमाणित हुन्छ । तर लेखकको नाम भने यसबाट स्पष्ट हुँदैन । त्यसका लागि कृतिगत र तुलनात्मक अध्ययन हुनुपर्ने देखिन्छ ।

६२. **शाहवंश चरितम्,** ल.सं.ष. २७९०, वि.सं. ४९, लेखक-, लेखन समय: वि.सं. १९८४, साल, पत्र १६२, अपूर्ण, रिल नं. A१३७५/८

उद्धरण

जस्तै श्री शिवका जटा मुकुटमा गङ्गाजि शोभा रहिन्
तस्तै श्री गणनाथका शिरमहाँ मद्की नदी खुव् वहीन् ।।
द्यौता मानिस पक्षिबृन्द जतिको संपूर्ण सेवा रहोस्
हे विघ्नेश मलाई आज प्रभुले निर्विघ्न काम् गर्दिनोस् ।।१।।

समीक्षा

यो ‘शाह वंश चरितम्’ काव्य ल.सं.पं. ८०३४ कै शाहवंश चरितम्‌को प्रतिलिपि देखिन्छ । लेखनमा प्रयोग गरिएको कागजका आधारमा हेर्दा यो प्रति मुद्रण गर्नका लागि लेखन समयभन्दा निकै पछि तयार गरिएको अनुभव हुन्छ । उतार गर्ने क्रममा अथ राणा चरित्र वर्णनम् पछिका श्री ५ सूरेन्द्र वीर विक्रम शाहदेव र श्री ५ राजेन्द्र वीर विक्रम शाहदेवको बयान एवं त्यस पछिको प्रसङ्गलाई मूल कृतिबाट यसमा उतारिएको छैन । कृति उतार गर्दा नै अपूर्ण उतारिएको हो वा यहाँ संकलनमा आउँदा अपूर्ण आएको हो सो एकिन हुन सक्दैन । कापीका नयाँ पत्रमा सिलाइ गरि यस प्रतिलाई संरक्षण गरिएको छ ।

६३. **श्लेषमान्तक वन वारेको सनद,** ल.सं.ष. ८०३, वि.सं. ५६, लेखक-, लेखन समय: ई.सं. १९०४ साल, पत्र १, पूर्ण, (रिल नं.नभएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

श्री ५ महाराजा धीराजाकस्य पत्रम्–

आग्ये श्री गुरु प्रोहीत भै भारदार ४ वर्ा ३६ जात प्रती श्री पशुपतिनाथका श्लेषमांतक बंको अघीका राजाहरूले देसी पर्देसी पन्दीत ब्राह्मराहरूसँग मत्तो गरी सास्त्रका प्रमाराले विचार गर्दा ...

समीक्षा

श्लेषमान्तक वनवाट कसैले रुख नकाट्नु, सुकेका दाउरा चाहिँ जाडामा धुन जगाउनका लागि लिनू नपुग भएमा गुठीकै आमदानीवाट खरीद गर्नू भन्ने व्यहोराको सनद ई.सं. १९०४ सालमा भएको देखिन्छ । यसमा यो-यो कार्यका लागि यति-यति भारी दाउरा लिनू भन्ने किसिमको आदेश छ । यो ऐतिहाँसिक कागज अभिलेख शाखामा रहनु पर्ने भूलले हस्तलिखित ग्रन्थ शाखामा परेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कथा

१. **उपाख्यान कथा,** ल.सं. ष. १२५४, वि.सं. ३९, लेखक : गौरीनारायण प्रधान, लेखन समय: श्री सम्वत् १९३६, पत्र ६४, अपूर्ण, रिल नं. A १५१८/३

उद्धरण

।।तस्को उपष्यान ।। एकादेशका नजिकमा एक तलाउ रहेछ ।। तश तलाउ विष्य. एक कुर्म वश्याको रहेछ ।। एक दिनका प्रस्थानमा. व्रह्म भुवनबाट. राज हंश दुई. तस तलाउ विष्य आफ्ना शहजले शुंन्दर तलाउ विष्य व्रह्म आया ।। तस विच विष्य कुर्मले राज हंश देष्यो र. वार्ता शोध्छ ।। तपाजिहरू काहा देषि आयौ भनि कुर्मल्य भंदा हंशहरू कहंछ ।।

समीक्षा

कुर्म र राजहंशको सम्वादका रूपमा आएको यस पौराणिक कथामा अनेकौं उपकथाहरू छन् । उपायले आफूभन्दा बलियो शत्रु जित्त सकिन्छ, सवैसँग वैरभाव राख्नु हुँदैन भन्ने जस्ता नैतिक उपदेश मूलक कथाहरू यसमा छन् । आफ्नो स्वभाव मिल्दोलाई मात्र मित्र वनाउनु भन्ने उपाख्यान देखि लिएर पैल्येको शत्रुलाई पछि मित्र भएपनि पूर्ण विश्वास नगर्नु भन्नेसम्मका ४६ वटा संस्कृत श्लोक र त्यसको उपाख्यान कथा यसमा रहेको छ । प्रारम्भको एक पत्र छैन भने अन्त्यमा पूर्ण छ । अन्त्यमा "**श्री शाके ।।१८०१।। श्री सम्वत् ।। १९३६।। साल फाल्गून शुदि ।।११।। रोज ।।७।। लिषितम् व्राह्वविस्या । वजार ग्रामे वास्तव्यं गौरी नारायण पात्र हस्तव्यं उपष्यान कथा लेषितम् शुभम् ।।**" भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखक स्पष्ट हुन्छ । लेखक गौरीनारायण प्रधान वाह्वविसे वजारका वासिन्दा देखिन्छन् । अनेकौं उपाप्यानका रूपमा आएका साना-साना नीतिकथाहरू निकै रोचक छन् ।

२. **ऋषि पञ्चमी व्रतकथा,** ल.सं.ष. ५७६, वि.सं. ६, लेखक-, लेखन समय -, पत्र ९, पूर्ण, रिल नं. A १०१८/८

उद्धरण

हे श्री ब्रह्म ज्यू ऋषी पंचमिका व्रतको फल क्या हो भनि युधिष्ठिरले श्री ब्रह्मा थाजि सोद्धा भया श्री ब्रह्म आज्ञा गर्छन ।। श्री ब्रह्म उवाच ।। हे युधिष्ठिर सुंन्नु हवस म कहंछु अस्त्री जनलाइ व्रतमा व्रत ठुलो ऋषि पंचमी हो यो व्रत गऱ्या ऋतुमा छुत भयाको पाप सवै छुटि जान्छ तव सवै चारै वर्णका अस्त्रीहरूले यो व्रत गर्नु. ।।

समीक्षा

व्रह्मा र युधिष्ठिरको सम्वादका रूपमा आएको यो कथामा इन्द्रलाई कसरी ब्रह्म हत्याको पाप लाग्यो र उनले त्यसवाट कसरी छुट्कारा पाए भन्ने कथा रहेको छ । साथै यसमा स्त्री जातिले गर्नुपर्ने ऋषि पञ्चमी व्रत र सुन्नु पर्ने कथाको वयान छ । पूजा विधि समेत दिइएको यस पुस्तकमा जम्मा ९ पत्र रहेका छन् । नेपाली भाषा कथा मात्र रहेको यो पुस्तक सामान्य अवस्थाको छ । अन्त्यमा "**इति श्री व्रह्म युधिष्ठिर सम्वादे ऋषि पञ्चमी कथा समाप्तम् शुभम्**" भन्ने उल्लेख गरिएकाले पुस्तक आदि अन्त्य पूर्ण देखिन्छ । कृतिमा लेखक र लेखन समय उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३. **कापिलेयो पाख्यान,** ल.सं. च. २२२०, वि.सं. २७, लेखक: श्री हरिदास रुद्रकान्त पनेरु, लेखन समय-, पत्र ८, अपूर्ण, रिल नं. A ३३८/२८

उद्धरण

अन्तकरण शुद्द भयाको योगी मिथ्या जगत्मा हुनगो वियोगी ॥
त्यो सत्त्व गुणाका भजनैले गर्दा हरी चरणमा सरणैमा पर्दा ॥१॥
अज्ञानकाद्वार षुली गयाको साक्षी स्वरूपले स्थिर भै रह्याको ॥
अज्ञानको कार्य मनै वन्याको मनैले संसार खडा गन्याको ॥२॥
भ्रंमात्र संसार स्वरूप यस्तो स्वप्नाको संसार जाग्रत्मा जस्तो ॥
यस्ता विवेक्ले भवमा विरागी हरी प्रभुका चरणैमा रागी ॥३॥

समीक्षा

प्रस्तुत कृति श्री मद्भागवत महापुराण तृतीय स्कन्धको २८ अध्याय अन्तर्गत संस्कृत श्लोकको नेपाली भाषा रूपान्तरण हो। संसार अनित्य छ यस संसारको मोहमायामा परेर कहिल्यै मुक्ति पाइँदैन भन्ने कपिल मुनिले आफ्नी आमा देवहुतीलाई दिएको आध्यात्मिक उपदेशलाई सरल नेपाली पद्यमा उतारिएको छ। कथालाई जम्मा ३१ वटा श्लोकमा आवद्ध गरिएको छ। अन्त्यमा **"दास हूँ प्रभु हजुरका भ्रमले भुल्याको श्री रुद्रकांन्त पनेरू अभिमान चढ्याको ॥ नाथ्का कृपाले अभिमान छुटी गयाको फेरी चरणमा हरिदास भुल्याको भन्ने"** उल्लेख भएकाले यसका लेखक हरिको दास = हरिदास श्री रुद्रकान्त पनेरु हुन् भन्ने स्पष्ट हुन्छ भने लेखन समय चाहिँ यसमा खुलेको छैन।

४. **कृष्ण चरित्र,** ल.सं.ष. २७८७, वि.सं. १९, लेखक-, लेखन समय-, पत्र १८, आदि अन्त्य खण्डित अपूर्ण, रिल नं. A १३७५/९

उद्धरण

वायुको रूप गरिकन त्रिंणा वर्त्त आयोकृश्न थिया डोका माहाँ ॥
भँउरालाको रूप गरि डोको उडायो मंडल्यायो आकाश माहाँ ॥
माइ जसोदा भितर थियं शंक पऱ्यो कान माहा ....

समीक्षा

संक्षिप्त रूपमा कृष्णको बाल लीला लेखिएको यस कृतिमा आदि अन्त्य छैन। भएका पत्रहरूमा पनि अक्षर अस्पष्ट छ पढ्न कठिन छ। लेखक लेखन समय उल्लेख छैन। कृति अपूर्ण छ।

५. **गजेन्द्र मोक्ष,** ल.सं.ष. ४३४१, वि.सं. ६९, लेखक-, लेखन समय-, पूर्ण, पत्र २१ (रिल नं. नभएको)

उद्धरण

परिक्षित्महाराज प्रति शुकदेव ऋषि बिस्तारकन गर्दछन्। तामस नाउ गन्याका चतुर्थ मन्वंतरमा पनि. हरि मेधादेषि. हरिणी नाउ गन्याकी पत्नी हरि भनिकन प्रख्यात भयाको श्री भगवानको अवतार हुँदो हुंथ्यो. जउन्हरिले. ग्राहाले ग्रासगन्यामा गजेन्द्रलाइ मोक्ष गराया ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

श्री मद्भागवत महापुराणका अष्टम स्कन्धका १ अध्याय देखि ४ अध्यायसम्मको संस्कृत श्लोक र त्यसको गद्यमा नेपाली भाषा टीका यस कृतिमा दिइएको छ । पुराणमा जस्तै यस पौराणिक कथामा पनि राजा परिक्षित र शुकदेवको सम्वादका रूपमा हात्तीलाई गोहीले आक्रमण गरेपछि हात्तीले भगवानको प्रार्थना गरेको र भगवान विष्णुले आफ्नो सुदर्शन चक्रले गोहीको टाउको काटी हात्तीको उद्धार गरेको प्रसङ्गलाई यसमा दिइएको छ । पुस्तक आदि अन्त्य पूर्ण राम्रो अवस्थाको छ भने लेखक र लेखन समय दिइएको छैन ।

६. **गजेन्द्र मोक्ष,** ल.सं.प. ४४४९, वि.सं. ७४, पत्र १३, लेखक-, लेखन समय-, अपूर्ण, (माइक्रोफिलम नभएको)

उद्धरण

हे महराज. तस् पर्वतका विच मैदान विषे वडो ऐश्वर्य भयाका यस्ता. वरुणाको स्वर्गमा भयाका. सर्वदा फुलन्या. सर्वदा फलन्या वृक्षले चारो तर्फ देखिन् शोभा गरियाको अ्प्सराहरूको. विहार गर्न्या स्थान भयाको. यस्तो ऋतुमत् नाउ भयाको सुन्दर वगैचा छ. तशले पनि शोभायमान भयाको ॥

समीक्षा

यस गजेन्द्र मोक्षमा प्रारम्भमा अध्याय एक देखि द्वितीय अध्यायको १० औं भन्दा पहिलेका श्लोकहरू छैनन् भने अन्त्यमा चौथो अध्यायका १४ श्लोक पछिको अंश छैन । यसरी पुस्तक आदि अन्त्य खण्डित अपूर्ण देखिन्छ । जम्मा १५ पत्र रहेको यो पुस्तक साधारण अवस्थाको छ । लेखक, लेखन समय उल्लेख छैन । माइक्रोफिलम हुन बाँकी नै छ । यसमा पनि मूल संस्कृत श्लोक र त्यसको नेपाली गद्यमय भाषा टीका रहेको छ ।

७. **तीर्थको बयान,** ल.सं.तृ. २०१, वि.सं. ४४, लेखक-, लेखन समय-, पत्र २५, अपूर्ण, रिल नं. A ३३९/११

उद्धरण

अव्यक्त देषिन् श्रृष्टि हुंदा वैक्तभयाका जो छन् तन्को नष्ट हुन्छ अवेक्त भंनु तत्त्व ज्ञान हो श्रृष्टि संहार देषिन् वर्जित भयाका यकै व्रह्म सत्य हुन् तनै परंव्रह्म देषिन् रिराी भयाकि प्रकृति मायाको प्रकाश हुँदा महत्तत्त्वको उदय भयो ......॥

समीक्षा

विभिन्न पौराणिक आख्यानलाई आत्मसात गर्दै सृष्टिको उत्पत्ति देखिको बयान गरी नेपालका देवी देवता र तीर्थको पौराणिक आख्यानसँग सम्बन्ध जोडेर देखाउने प्रयास यस कृतिमा गरिएको छ । आधुनिक रजिष्टर कापीमा लेखिएकोले यो कुनै कृतिको नवीन अनुवाद देखिन्छ । कृतिमा लेखक लेखन समय उल्लेख छैन । भाषिक आधारमा हेर्दा पनि यो त्यति प्राचीन लाग्दैन । यसको अन्त्य पनि प्रसङ्ग विहीन रूपमा भएको र बाँकी पत्रहरू पनि खाली रहेकाले यो अनुवाद अपूर्ण देखिन्छ ।

८. **धुब चरित्र,** **ल.सं. च. १०६५, वि.सं. ६०, लेखक: कवि हरिदास, लेखन समय-, पत्र १५, पूर्ण, रिल नं. A१०२९/१७**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

सृष्टिकाल हरिको जब आयो, जीव छन्ता हरिका पेट माहा ॥
योग निंद्रा नयनै थियिन् नेत्र छोडि हरिलाई बिंति गर्छिन् ॥
नाथ जागनु ह्वोस् श्रृष्टिकाल भो शेषशाइँ विहुंज्या प्रभुतेस् घरी ॥
गर्न लाग्या जीवको सव सृष्टी नाभिदेखि कमलै पनि निस्क्यो ॥

समीक्षा

यस कृतिको मूल कथानक श्री मद्भागवत चतुर्थ स्कन्धको ८ देखि १२ सम्मका ५ अध्यायमा आधारित छ। कविले आफ्नै शैलीमा भावानुवाद मात्र गरेर यस कृतिमा ४२ वटा श्लोकमा सीमित गरेका छन्। लेखन समय कृतिमा उल्लेख छैन तापनि कमल दीक्षितले यसको रचना काल १९२८ पूर्व मानेका छन्। पौराणिक आख्यानलाई छन्दोवद्ध रूपमा प्रस्तुत गरिएको यस कृतिमा कथा प्रवाह र शिल्प अत्यन्त राम्रो छ। मूल संस्कृतलाई संक्षेपीकरण गरे तापनि राजा उत्तानपादका छोरा बालक ध्रुवले आफ्नी सौतेनी आमा सुरुचीको वंचन रूपी वाण सहन नसकेर जंगलमा गई तपस्या गरेर आफ्ना बावुको राज्य प्राप्त गर्नुका साथै उत्तर दिशामा अविचल ध्रुवलोकको प्राप्ति गरेको कथालाई चाहिँ छोडेका छैनन्।

९. **नलोपाख्यान,** ल.सं.ष. १९०३, वि.सं. २१, लेखक-, लेखन समयः सम्वत् १८८८, पत्र ७५, पूर्ण, रिल नं. E १४२२/७

उद्धरण

परापूर्व विषय. वनि भन्याको देश थियो. विरसेन भन्याका राजा ताहा थिया. तस्का पूत्रको. नाउ भन्या हुं षुन भन्या केहिमा पनि लाई नसकनु. त्यस्ता लक्षणका राज कुमार बहुतै सुंन्दर थिया. वीदर्व भन्याको. कोहि एक नगरी थीया ताहाका राजा भिमनाउ गऱ्याको थिया. तन् राजाका छोरा छोरि कोहि भएन र आफ्नी रानी सित वस्याका बेलामा दुष विरह निकासि कुरा गर्न लाग्या र. हे रानी हामि दुई जानाले पर्लोकमा पाप गरिउ र यस जन्ममा हामिलाई .... ॥

समीक्षा

भीम नाम गरेका राजाले कसरी पुत्र प्राप्त गरे। नलको जन्म कसरी भयो एवं उनले दमयन्तीसित कसरी विवाह गरी राज्य सुख भोग गरेर वसे भन्ने राजा नल र रानी दमयन्तीको कथालाई यसमा नेपाली भाषामा लेखिएको छ। यसको मूल कथा महाभारतको वन पर्ववाट लिइएको हो। यसमा कथालाई निकै रोचक तरिकाले बयान गरिएको छ। आदि अन्त्य पूर्ण भएको यो कथाका पुस्तकको रचनाकारको नाम उल्लेख छैन भने अन्त्यमा **"इति श्री सम्वत १८८८ साल मिति श्रावण सुदि १ रोज २ लिषितमिदं संपूर्णम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ।

१०. **नासिकेतुपाख्यान,** ल.सं.च. १०६४, वि.सं. ६१, लेखक-, लेखक समय-, पत्र ८१ अपूर्ण, रिल नं. A १३६६/६

उद्धरण

कोहि यक समय विषे गंगाजिका किनारमा सुख पुर्वक वसी रहयाका महाराज जंमेजय जोछन् वैशंपायन नाउ गऱ्याका मुनिसँग केहि कुराको प्रशन गर्दा भया हे

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

महामुने सव मुनिमाका श्रेष्ठ भयाका हे मुने यो संसारमा कलियुग विषे संपुर्ण मनुष्यहरूका आयु पनि छोतो भयाका बुद्धि पनि छोतो भयाका हुनाले प्राणिहरू अनेक दु:ख क्लेश रूपि पापले भरियाका छन् तस्कारण हे मुने जौना प्रकारले जौनाशास्त्र सुनि इ प्रानिहरूको उधार हुंन्छ. सो कुरो म उपर अनुग्रह राखि आज्ञा गरी बक्सनु हवस् ॥

समीक्षा

प्रस्तुत कृति वैवश्वत पुराण अन्तर्गत वासुदेव खण्डको नासिकेतु पाख्यानको नेपाली रूपान्तरण देखिन्छ। लेखक लेखन समय उल्लेख छैन। पौराणिक कथालाई सरल नेपाली गद्यमा लेखिएको छ। लेखाइमा भाषिक त्रुटि प्रशस्त भेटिन्छ। यसमा राजा जनमेजय र मुनि वैशम्पायन बीच भएको सम्वादलाई आठ अध्यायमा कथात्मक ढाँचामा उतारिएको छ। मुनि वैशम्पायनले राजा जनमेजयलाई उदालाख्य मुनिलाई पिप्पलायनले गृहस्थी जीवन भोग नगरीकन तपस्या सफल हुँदैन त्यसैले पहिले गृहस्थी जीवन भोग गर स्त्री, पुत्र प्राप्त गर अनि तिम्रो तपस्या सफल हुनेछ भनेर दिएको उपदेश र उदालाख्य मुनिले पनि सोही अनुसार गरेको पौराणिक प्रसङ्गलाई आख्यानात्मक ढाँचामा यहाँ बयान गरिएको छ। कृति अन्त्यमा अपूर्ण छ।

११. **प्रल्हाल चरित्र,** ल.सं.प. १००५, वि.सं. ६७, लेखक: कवि हरिदास, लेखन समय-, पत्र ३, पूर्ण, रिल नं. A १०१९/११

उद्धरण

दैत्यराज हरिणां कुशका छन् पुत्र चार प्रलाद कनिष्ठ हुन् ॥
गर्भदेषि हरिको सव लीला नारदै सित सुनी वुझिलिया ॥१॥
जन्मदेखि हरिभक्त वडा भई भक्त भक्तजनको प्रतिमा भया ॥
सत्य बोल्नु सव दिन् व्रत धार्दा आत्मा झैं ता सवका पनि प्यारा ॥

समीक्षा

श्री मद्भागवत महापुराणको राजा हिरण्य कश्यप र छोरा भक्त प्रल्हादको कथालाई संक्षेपीकृत रूपमा जम्मा १५ श्लोकमा कविले यहाँ प्रस्तुत गरेका छन्। संक्षिप्त पुस्तक आदि अन्त्य पूर्ण छ। लेखन समय उल्लेख छैन। अन्त्यमा "हरीदास् कविराज कोही" इति भाषा प्रहलाद चरित समाप्तम्" भन्ने उल्लेख गरिएकाले यसका रचयिता कवि हरिदास हुन् भन्ने देखिन्छ। हरिदास नाम नै हो वा हरिको दास = हरिदास भन्ने अर्थमा लिइएको हो यो विषय भने अनुसन्धेय देखिन्छ। यसको रचना काल डा. जगदीशचन्द्र रेग्मीले १९३६ तिर अनुमान गरेका छन्।

१२. **पिनासको कथा,** ल.सं.ष. ११९५, वि.सं. ५३, लेखक-, लेखन समय-, पत्र ३, पूर्ण, रिल नं. A १०१९/१२

उद्धरण

श्री माहादेव पारवति गउरी वैकुंठमा वस्याका थिया ॥ माहादेव मंत लोकमाषान भनि गया र ॥ ढेरै काल संम आयेनं र महादेव मंत लोकमा गई पूजाषानामा भुल्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भनि पारवतीले सिंहलाई पठाई नूरसिंह गयो महादेवसित विंति गऱ्यो र माहादेवले सिंहलाई पनि षानामा भुलाई दिया र. ॥

समीक्षा

'नेपाली अध्ययन' मा डा. जगदीशचन्द्र रेग्मीले श्री पिनासको कथालाई १८७२ को रचना मानेका छन्। उनले उल्लेख गरेको पिनासको कथा र यसमा निकै भिन्नता छ। शीर्षक एउटै भए पनि कथा भिन्न छ, भाषिक शैली भिन्न छ। त्यसैले यो पिनासको कथा चाहिँ निकै अवार्चीन (नवीन) देखिन्छ। यसमा लेखक लेखन समय उल्लेख छैन भने यो कृति प्राचीन पिनासको कथाको प्रतिलिपि पनि होइन। अन्त्यमा **"इति श्री पिनासको कथाहा लिष्येत् शुभम् ॥ रामार्परामस्तु"** भन्ने उल्लेख छ।


स्वस्तिश्रीगणेशायनमः॥ ॥श्रीमाहादेवपारवतिगउरीवैकुंठमावसा
कथिया॥माहादेवमंनलोकमाषानेमनिगयार॥ठैरैकालसंमआ
येनंरमाहादेवमंनलोकमागई रुजाषानामा भुल्याभनिपारवती
ले सिंहलाई पठाई नूरसिंह गयोमाहादेवसित विंतिगऱ्योर माहा
देवलेसिंहलाईपनिषानामाभुलाईदियार॥तवपारवतीले भनि
माहादेवसिंघदेवइजानाषानामाभुल्याभनिपिनासवनाईनूर॥
तवगयिंमाहादेवताकानाकमापसिवशेरलोभभनिपठाईतवपि

पि.श. १

रामः १


नासगई माहादेवताका नाकमापस्योर दिनदिन माहादेवताकानाक
वार रगत आउनलाग्योर माहादेवले पारवतीको षेल हो भनि वस्यार
माहादेवसिंघसोर्गमा गयार तवपारवतीले पिनासफोकेर तव पिना
सले भन्यो हे परमेश्वर मेरो श्री थियोर तपाईलेवनाउनुभयो म
ईलेका हावस नु क्या षानु भनि विंतिगऱ्योर तंईले ति ढाजालनका नुहा
वन्या डुंगामनिवसनुमयेलषानु भनि पारवतीले पगाई त्याहि वस्या
को थियार ब्राम्हनकापनि पत्नि आहानठैरै थियार पिनासका पनिजां
हान धेरै भयार ब्राम्हन पनि विहान इलन गया कां थियार पिनासप

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१३. **पिनासको कथा,** ल.सं.प. ५५३७, वि.सं. ६८, लेखक-, लेखन समय-, पत्र ५, अपूर्ण (रिल नं. नभएको)

उद्धरण

वहुत दिन वित्या र पनि क्या कारर्न आयन भनि श्री पार्वतिलेः वस्याहालाई अहाइनः वसाहालेः श्री माहादेवः मत्रलोकमा गया क्या अर्थले आयनः तिमि जाउ र वोकीकन ल्याउ भनिरारः

समीक्षा

ल.सं.प. ११९८ 'पिनासको कथा' को प्रतिलिपि अनुभव हुने यो कृतिका केही पत्र मुसाले काटेको अवस्थामा रहेकाले अपूर्ण छ । अन्तिम पत्र पनि अत्यन्त जीर्ण रहेको छ । लेखक लेखन समय उल्लेख छैन ।

१४. **पिनासको कथा,** ल.सं.ष. ३६१५, वि.सं. ७०, लेखक-, लेखन समय-, पत्र १५, पूर्ण , (मा.फि.नभएको)

उद्धरण

परा पुर्वमा भयाको देस उचा सहर भगम् थीयोः तेसै नगरिमा साप साप्येनिको गुद रहेछ. तसै नगरिका गोठालाहरुले गाइ भंसि चघाउन लैजादा तसै नगरिका नीकतमा साप सप्यानिको गुड गाईका षुरले कुलची भीत्न फुलमाका छोरा छोरि मारी दीया छनः

समीक्षा

यस 'पिनासको कथा'को विषयवस्तु डा. जगदीशचन्द्र रेग्मीले 'नेपाली अध्ययन'मा उल्लेख गरेको 'पिनासको कथा' को विषय वस्तुसँग मिल्दो छ । यति हुँदाहुँदै पनि यहाँ उल्लेखित "पिनासको कथा" जुन कलम र मसीले लेखिएको छ सोही मसी र अक्षरमा **"श्री सम्बत् १९५५ साल मिति चैत्र सुदि ६ रोज ४"** भन्ने उल्लेख गरिएकाले यो निकै पछि गरिएको प्रतिलिपि हो भन्नु पर्ने हुन्छ । कृतिमा लेखकको नाम उल्लेख छैन भने अन्त्यमा **"पिनासको रोगको दोहोलो हुन् शुभम"** भनिएको छ ।

१५. **फारसीको कथा,** ल.सं.ष. ९५२, वि.सं. १४, लेखक-, लेखन समय-, पत्र ९९, अपूर्ण, रिल नं. १०१९/१३

उद्धरण

जो साहेव दाजा र हिन्दुस्थानका बोलि बोलन्याहरूका चरणमा चढाउँछु यो कथाहा चारदर देशको पहिले अमिर षुसो डिल्ली नगरी वासिले यस्तर कहयाकी साहेव नीजामुद्दीन जरिजर वष्श गुरु उन्को थियो ति सिद्धको घर डिल्ली देषि तिनकोश टाढा लाल दरवाजा देषि वाहिर मदिया दर्वाजा देषि अगाडी लाल वंगको साथ छ ।

समीक्षा

यो फार्सि कथाको नेपाली भाषानुवाद हो । यसमा पहिले मङ्गलाचरण गरिएको छ भने त्यसपछि सम्वत् १२१५ सालदेखि १८२१ सालसम्मको ऐतिहासिक कथा रहेको छ । अनुवादकको नाम उल्लेख छैन । यो कथा प्रारम्भ हुने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वादशाहको नाम मुसाले काटेको छ भने अन्त्य चाहिँ निदानमासाहावाल महाराजबाट गरिएको छ । बीचमा मुसाले काटेकोले कृति अपूर्ण छ । अन्त्यमा **"पंच अष्टांक युते, आश्विने शुक्ल पक्षे पंचम्यां शशिवासरे. लिषितं विसर्जनं॥ शुभंभवतु सर्वदा"** भन्ने उल्लेख गरिएकाले यसको अनुवाद १९५८ मा गरिएको हो कि ? भन्ने अनुमान गर्न सकिन्छ ।

१६. **बत्तीस पुतलीको कथा,** ल.सं.द्वि. १०, वि.सं. ५३, लेखक-, लेखन समय-, पत्र ११ः पूर्ण, रिल नं. A१३५६/४

उद्धरण

> **पूर्वकाल विषये सिंहनाद पर्वतको निकटमा एक देश थियो । त्यो देशको नाम श्री कंठ पुरी हो । तेस् देशमा रत्नदत्त नाम वनिया वस्याको थियो ॥ तेस् वनियाले एक. दिनमा. स्वाश्निलाई डाकेर भन्यो ॥ हे गर्भावती. म वेपार गर्न जांछु. आहा घरको संभार गऱ्यास् भनि गर्भावतीलाई भन्यो र. गर्भावती भंछे ॥ हे स्वामी पाव् लाग्नुहवस ॥ सक्याभर संभार गरुँला भनि र अनेक अनेक चीजली वेपार लाई गयो ॥**

समीक्षा

यसमा ३२ वटा रोचक कथाहरू छन् । राजा भोज जव पृथ्वीमा गाडिएको विक्रमादित्यको सिंहासनमा वस्न चाहन्छन् त्यति नै बेला त्यहाँ रहेका ३२ वटा पुतलीहरू मध्येमा पहिलोले विक्रमादित्यको पराक्रमको कथा सुनाएर राजा भोजलाई त्यसमा बस्न दिंदैन । यो कथा भन्ने क्रम बत्तीसौं पुतलीसम्म चली रहन्छ अथवा ३२ वटा पुतलीहरूले राजा विक्रमादित्यसँग सम्बन्धित बत्तीसवटा कथाहरू भन्छन् । यो कृति संस्कृत कथा सहित्यको १३ औं शताब्दीतिर को कथा हो । त्यसैको नेपाली भाषा रूपान्तरण गरेको देखिन्छ । अनुदित भए तापनि अनुवादकले निकै मिहिनेत पूर्वक नेपालीपन ल्याएको देखिन्छ । कथाहरू निकै रोचक छन् । नेपाली रूपान्तरणकारको नाम र समय भने यस कृतिमा छैन । पुस्तक आदि अन्त्य पूर्ण छ । यसका बीच-बीचमा कथासँग सम्बन्धित रंगीन चित्रहरू पनि दिइएका छन् ।

१७. **बत्तीस पुतलीको कथा र शुक वाक्यकथा,** ल.सं.च. २९४०, व.सं. ५२, लेखक-, लेखन समय-, पत्र ९ पूर्ण, रिल नं. A ३३८/४४, ३३९/१

उद्धरण

> **पूर्वकालमा सिघनाद पर्वतको निकटमा एकदेश थियो त्यो देशको नाम श्री कराठ पुरी जुक्त भइ रहयाको थिया तही रत्न दत्त भन्याका बनिया थियो त्यो वनीयाको नाम गर्भावती इ दुइ इस्त्री पुरुष भै आनन्द सित रहयाका थिया कोहि एक दिन स्त्री पुरुषले मतो गर्न्या हे गर्भावती हामी बनिया भैकन व्यपार नगरीकन कसोगरी रहु :॥**

समीक्षा

ल.सं. द्वि. १० को बत्तीस पुत्तलीका कथाको प्रतिलिपि जस्तो देखिने यस कृतिमा पनि राजा विक्रमादित्यसँग सम्बन्धित ३२ वटा कथा दिइएको छ । यसमा कथालाई संक्षेपीकरण गरिएको देखिन्छ भने बत्तीस पुत्तलीका कथाको समाप्ति पछि शुकवाक्य कथालाई यसमा समावेश गरिएको छ । शुकवाक्य कथामा संस्कृत श्लोक र त्यसको नेपाली टीका सहितका ३७ अध्याय छन् । यसमा पनि लेखक र लेखन समय उल्लेख छैन । श्रृङ्गारिक शैलीमा नैतिक उपदेश

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दिनेकाम यस कथामा गरिएको छ। प्रभावती र शुगाहरूको सम्वादका रूपमा कथालाई अगाडि बढाइएको छ। कृति त्यति प्राचीन लाग्दैन। लेखाइ निकै त्रुटिपूर्ण छ। अन्तिमका केही पत्र खाली छन् तापनि ३७ अध्यायसम्म कृति पूर्ण छ।

१८. **बत्तीस पुत्तलीको कथा,** ल.सं.ष. ५०९, वि.सं.३, लेखक-, लेखन समय-, पत्र ३७, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

हे महापुरुष तिमि त्यो वाटो कसो गरि आयौ कसो भयो र बाघले षायेन भन्दा रानीले भंछिन् हे लोक पांच हो त्यो वाघलाई मैले मारी आया भनिन् ति वचन सुनि दुनियाहरू वहुतै षुसि भैकन भन्न लाग्या अहो धंन्ये धंन्ये इ मुसाफेरको पराक्रम् हाम्रा थुलो काललाइ मारीदीया भनी वढी प्रसंसा गरि राजा छेउ षवर पुऱ्याउन गया॥

समीक्षा

यस बत्तीस पुत्तलीका कथामा नेपाली कागजमा लेखिएका ३७ पत्र छन्। पुस्तक अत्यन्त जीर्ण छ। आदि अन्त्य अपूर्ण छ। विषयवस्तु अगाडिका बत्तीस पुत्तलिका कथामा जस्तै छ। लेखक लेखन समय उल्लेख छैन। अगाडिको पत्रमा **"मंगलदास महरजन पिपा गोश्वारा अड्डा डिल्ली वजार कालिकास्थान, २०३०।९।२३"** भन्ने कुरा नवीन मसी र अक्षरले लेखिएको छ। यो पुस्तक डिल्लीवजारका मंगलदास महर्जनबाट राष्ट्रिय अभिलेखालयमा जम्मा हुन आएको बुझिन्छ।

१९. **बृहत् कथा,** ल.सं.द्वि. २०२, वि.सं. ७८ लेखक: सोमदेव, लेखन समय: १९५४, पत्र ३१७, पूर्ण, रिल नं. A ३४०/३

उद्धरण

निर्विघ्न पूर्वक ग्रन्थ समाप्ति निमित्त कवि मंगलाचरण गर्छन्॥ उमेति॥ एक समयमा प्रेम कलह कुपित भयाकि पार्वतीकन प्रसन्न गर्ना निमित्त प्रणाम गर्दा तिनका चरणारविंदका माहुर लाग्नाले लाल वर्ण भयाको. जस्का शिरको चन्द्रमा सन्ध्या कालमालाल भया जस्तो देषिंछ तेस्ता रसिकराज शिवजी यस् कथा श्रोता वक्ता अनुमोदन कर्ता हरुकन रक्षा गरुन्॥१॥

समीक्षा

'बृहत् कथा' संस्कृत साहित्यका लोक कथाको संगालो हो। यसको संकलन कर्ता गुणाढ्य मानिन्छन्। यसमा तत्कालीन भारतको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक विषयसँग सम्बन्धित अनेकौं लोक कथाहरू छन्। त्यही वृहत् कथाको नेपाली भाषा टीका यस कृतिमा गरिएको छ। ३१७ पृष्ठको वृहत् यस कृतिमा पनि मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ। अन्त्यमा **"इति श्री सम्वत् १९५४ साल मिति आषाढ वदी १३ रोज १ लिखितम् सम्पूर्णम् शुभम्"** भन्ने लेखिएकोले यसको लेखन समय स्पष्ट हुन्छ भने लेखक वा नेपाली टीकाकार को नाम भने उल्लेख छैन। साथै **"गुरू पुस्तकमा संवत् १९०७ साल मिति अधिक वैशाष षुदि ९ रोज ७, शुभम्॥"** भन्ने उल्लेख गरिएकाले यसको प्रतिलिपि ल.सं.च. १७९ को बृहत् कथाबाट गरिएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२०. **बृहत् कथा,** ल.सं.च. १७९, वि.सं. ७७, लेखकः सोमदेव, लेखन समयः वि.सं. १९०७, पत्र ३१७, पूर्ण रिल नं. B २७२/३२-३३

उद्धरण

निर्विघ्न पूर्वक ग्रन्थ समाप्ति निमित्त कवि मंगलाचरण गर्छन् उमेति ॥ एक समयमा प्रेम कलह कुपित भयाकि पार्वतीकन प्रसन्न गर्ना निमित्त प्रणाम गर्दा तिनका चरणारविंदका माहुर लाग्नाले लाल वर्ण भयाको जस्का शिरको चन्द्रमा सन्ध्याकालमा लाल भया जस्तो देषिंछ तेस्ता रसिकराज शिवजी यस् कथा श्रोता वक्ता अनुमोदन कर्ताहरू कन रक्षा गरून् ॥१॥

समीक्षा

यो बृहत् कथा ल.सं.द्वि. २०२ को बृहत् कथाभन्दा पहिले प्रतिलिपि गरिएको देखिन्छ। यो पनि ३१७ पृष्ठको आदि अन्त्य पूर्ण कृति छ। लेखन समय वा प्रतिलिपि गरिएको समय फरक भए तापनि दुवै कृति समान छन्। यसमा पनि प्रतिलिपिकारको नाम दिइएको छैन भने अन्त्यमा "**बिक्रम सम्वत् १९०७ श्री नेपालि सम्वत् ९७० साल अधिक वैसाष सुदि ९ रोज ७ शुभम्**" भन्ने उल्लेख गरिएकाले यसको प्रतिलिपि गरिएको समय प्रष्ट हुन्छ। यी दुईवटा बृहत् कथाहरूको कृतिगत रूपमा तुलनात्मक अध्ययन गरिएमा थप तथ्य फेला पर्नसक्ने देखिन्छ।

२१. **बाणलिङ्ग, वर्णनम्,** ल.सं.पं. १०१६, वि.सं. ७५, लेखक-, लेखन समय-, पत्र ११, पूर्ण, रिल नं. A ३४०/१४

उद्धरण

नर्मदामा सरयुमा. गंगामा यमुनामा अरूपनि महानदिमा वाणलिंग हुंछन् हे कुमार भनी महादेव आज्ञा गर्छन् ॥१॥ अन्यत्र पनि इन्द्र प्रभृति देवताहरूले पूजा गरियाका इन्द्रादि देवताहरूका वज्रादिजो चिन्ह छन्. तिनै चिन्ह भयाका हुन्छन्. तिवाण लिंग कस्ता हुन्छन् भन्या. धमार्थ काम मोक्ष दिन्या सदा शिव चिन्हरूमा नित्य रहन्छन् ॥२॥

समीक्षा

शिव लिङ्ग मध्येको विशिष्ट लिङ्ग मानिने बाण लिङ्गका विषयमा भगवान शंकरजीले कुमारलाई वयान गरिएको वाण लिङ्गका मूल संस्कृत २८ श्लोक र त्यसको नेपाली भाषा टीका यसमा रहेको छ। लेखक लेखन समय उल्लेख छैन। पुस्तक आदि अन्त्य पूर्ण राम्रो छ। भाषा शैली त्यति प्राचीन लाग्दैन। वाण लिङ्ग चिन्ने विधि र त्यसको पूजा गर्ने तरिका पनि यस ११ पत्रको सानो पुस्तकमा दिइएको छ।

२२. **भाषा कथा संग्रह,** ल.सं.तृ. ५१३, वि.सं. ८१, लेखक-, लेखन समय-, पत्र २०, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

यस्को उपकथाहा कसो हो भन्या कोहि देसमा. जंगलका विचमा पोषरि रहेछ. उस पोषरिमा भ्यागुतो वस्याको रहेछ. उसै पोषरिमा एक कृश्न सर्प गयेछ र. भ्यागुताले कति मानिस षाई सक्यो र ता केहि भयन. मलाई क्या होला. भनि नगनि नगनि कन.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सर्पलाई षिज्यांर्उन लाग्यो. सर्पलाई क्रोध भयो र. भ्यागुतालाई षायो. तसर्थ अर्काको सोभाव पराक्रम विवस्ता नबुभ्कि नचलावनु. सोभाव नवुभ्कि चलाया आफ्नु नास हुन्छ ॥

समीक्षा

माथि उद्धरणमा उल्लेख गरिएका जस्ता विभिन्न नैतिक उपदेश मूलक कथा र उपकथाहरू यसमा समावेश छन् । संस्कृत नीति श्लोक र त्यसको भाषा कथा यसमा छ । भाषा शैली हेर्दा कृति निकै प्राचीन अनुभव हुन्छ तापनि लेखक वा प्रतिलिपिकार र लेखन समय कृतिमा उल्लेख छैन । आदिका ३ पत्र र अन्त्यमा ४७ पछिका पत्रहरू छैनन् । कृति आदि अन्त्य अपूर्ण छ । अत्यन्त जीर्ण अवस्थाका जम्मा २० पत्र यस कृतिमा छन् ।

२३. **मदालसोपाख्यान,** ल.सं.च. २९७०, वि.सं. ८७, लेखक-, लेखन समय-, पत्र १६, पूर्ण, रिल नं. A १०२९/२७

उद्धरण

अलर्कनामा माहाराजा दत्तात्रेय नामा ऋषिकन प्रणाम गरेर वडा नम्र भैकन वचन वोल्द छन् हे व्राह्मराजी तपाजिले वक्स्याको ज्ञान दृष्टिले हेर्दामा मलाइ दुःख केहि लाग्दैन जस्का ज्ञान दृष्टि छैन ति पुरुष दुःख रूपी समुद्रमा डुब्दछन् जौन् जौन् वस्तुकन मेरो मेरो भंदछन् तेसै तेसै वस्तुदेषि दुःख पाउँछ ।

समीक्षा

यस पुस्तकमा मार्कण्डेय पुराण अन्तर्गत अलर्क नामका महाराज र ऋषि दत्तात्रेयको सम्वादका रूपमा रहेको मदालसोपाख्यान अन्तर्गतका अध्याय ३३ देखि ३८ सम्मका ६ अध्यायको नेपाली भाषा कथा रहेको छ । मूल संस्कृत श्लोक दिइएको छैन । भाषा कथालाई निकै संक्षेपीकरण गरिएको छ । प्रारम्भ अर्थात् ३३ औं अध्यायदेखि ३८ अध्यायसम्म कृति आदि अन्त्य पूर्ण छ । अज्ञानता नै दुःखको कारण हो । यस संसारबाट मुक्त हुनका लागि ज्ञान प्राप्त गर्नु परम आवश्यक छ, भन्ने पौराणिक आख्यानलाई नेपाली भाषामा दिइएको छ । लेखाइ राम्रो स्पष्ट र सुन्दर छ पुस्तक पनि राम्रो छ । लेखक र लेखन समय उल्लेख छैन ।

२४. **मदालसोपाख्यान,** ल.सं. द्वि. २८२, वि.सं. ८८, लेखक-, लेखन समय-, पत्र १३, पूर्ण, रिल नं. A ३४०/१९

उद्धरण

यस्तरहले प्रतिदिन माताले भनियाका अलर्क नाम वालक वयले वुद्धि वढ्दा भया ॥१॥ ऋतध्वजका पुत्र ति अलर्क कुमार अवस्था पाईकन उपनयन गरियाका बुद्धिमान छदा ॥ प्राणिपात पूर्वक नमस्कार गरिमाता प्रति विंति गर्दछन् हे मात ॥ मैले यहलोक परलोकलाई सुख निमित्त ज्या कर्त्तव्य हो त्यो सवै भक्तिले तंश्र मकन आज्ञा गर्नुहवस् ॥३॥

समीक्षा

माता मदालसा र पुत्र अलर्कको सम्वादका रूपमा रहेको यस कृतिमा मार्कण्डेय पुराण अन्तर्गत मदालसोपाख्यान चौवीसौं अध्यायका संस्कृत श्लोक त्यसको नेपाली टीका रहेको छ । आध्यात्मिक दर्शनको पृष्ठ भूमिमा राजा, प्रजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र व्यक्तिले इहलोक र परलोक सुधार्न गर्नुपर्ने कर्तव्यको बयान यसमा गरिएको छ । जम्मा १ अध्याय कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

२५. **मदालसोपाख्यान,** ल.सं.द्वि. ३, वि.सं. ८९, लेखक-, लेखन समय-, पत्र १६, पूर्ण, रिल नं. A ३४०/११

उद्धरण

यस्तरहले प्रतिदिन माताले भनियाका अलर्कनाम बालक वयले वुद्धिले वुद्धा भया हे मात मैले इहलोक परलोकलाई सुख निमित्त ज्या. कर्तव्य हो त्यो सवै भक्तिले नम्र भयाका मकन आज्ञा गर्नु हवस् ॥

समीक्षा

माता मदालसा र पुत्र अलर्कको सम्वादका रूपमा रहेको यस कृतिमा मार्कण्डेय पुराण अन्तर्गत मदालसोपाख्यान चौवीसौं अध्यायका संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । यो कृति ल.सं.द्वि. २८२ कै प्रतिलिपि देखिन्छ । यसमा पनि चौवीसौ अध्याय पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । पुस्तक सामान्य अवस्थाको छ। १३ औं श्लोक पछिको नेपाली भाषा टीका छैन ।

२६. **महालक्ष्मी रानी योग सम्वाद,** ल.सं.च. ९७०, वि.सं. ९७, लेखक-, लेखन समयः श्री सम्वत् १९३५, पत्र २१, अपूर्ण, रिल नं. A १०२९/३२

उद्धरण

हे महामति सिद्ध महागुरु दत्तात्रयंले योग गर्दाका सर्व भ्रम मेटिन्यास गरि योग गऱ्याको उपदेश ॥ महामतिलाइ दियाको उपदेशः तिमिथाई कह्या ॥ पुन हे महारानी ॥ ई दर्येनन्द राजालाई ॥ रसावति रानीले उपदेश दियाको कथा ॥ तपाञीलाई सुनाउछु ॥ सुन्नु होला ॥ हे महारानी उदयेनि भन्याको एक देशमा ॥ उदयेनन्द राजा थिया ॥

समीक्षा

ऋषि दत्तात्रेयले महामतिलाई दिएको उपदेशलाई यस कृतिमा बयान गरिएको छ । योग, जप, ध्यान जस्ता विषयलाई कथात्मक शैलीमा लेखिएको यस कृतिका अन्त्यमा "**इति श्री गोपाल विलासि विरंचितायां बुद्धि प्रसादिनी महालक्ष्मी रानी योग सम्वादे पंच दशमोध्याये ॥ स्वस्ति श्री सम्वत् १९३५ साल मिति मार्गवदि १० रोज ४ मा लिषितम् संपूर्ण ॥**" भन्ने उल्लेख गरिएकाले यसका मूल संस्कृतका लेखक र लेखन समय स्पष्ट हुन्छ । पुस्तक आदि अन्त्य पूर्ण छ । योगसँग सम्वन्धित यो कृति भाषा शैली र विषयवस्तु दुवै दृष्टिले निकै महत्त्वपूर्ण देखिन्छ ।

२७. **मुद्रा राक्षस कथा वेताल पंचविशंति कथा,** ल.सं.तृ. २०१, वि.सं. १०८, लेखक-, लेखन समय-, पत्र १०२ कापी, अपूर्ण, रिल नं. ८ ३४१/१०

उद्धरण

परापूर्व कालमा येक............ नगर थियो .... त्यस नगरिमा............ सुवर्ण थयो । तस नगरमा मुद्रा राक्षसका कुल कुटुम्ब वस्याका थिया ......॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यसमा मुद्राराक्षस कथा र वेताल पंच विंशति कथा रहेकोछ। प्रारम्भदेखि १८ औं पृष्ठसम्म मुद्राराक्षस कथा छ र अन्त्यमा **"इति मुद्रा राक्षस कथा समाप्तम् इति सम्बत् १९३५ साल चैत्र वदि ३० रोज ३ शुभम्"** भन्ने उल्लेख गरिएको छ। त्यस पछिका केही पत्रहरू खाली छन्। पुन: पृष्ठ संख्या १ दिई वेताल पंच विंशति कथा सुरु गरिएकोछ। छैटौं पृष्ठमा कथा समाप्तम् भन्ने उल्लेख छ। लेखकको नाम उल्लेख छैन भने जम्मा छ पत्रमा लेखिएको यो कथा अपूर्ण देखिन्छ। अत्यन्त जीर्ण अवस्थामा रहेकोले जीर्ण रजिष्टरमा जनाइएको छ।

२८. **युधिष्ठिर चाण्डाल सम्वाद,** ल.सं.च. २१७१, वि.सं. ११४, लेखक-, लेखन समय-, पत्र २५, अपूर्ण, रिल नं. A ३४१/१३

उद्धरण

......द मुनि आज्ञा गर्दा भया सवै संधेय मेटियो. कथाहा कहन्छु सुन्नुहवस् ॥ परापुर्व
एक दिन. साभामा वाठूँ हुँदा. तेसैदिन. दिग्देवता. गन्धर्व. ऋषि. तेतिस्कोटि देवता.
ईत्यादि चन्द्र सुर्य्य व्रह्मा ऋषि. सवतेतिस्कोटि देवता. तिनै त्रैलोकमा श्यानि जो
थिया. ई सवै वसि. ऋषि मुनि महाका श्रेष्ठ. महागुरुवन्त. नारद भन्ना ऋषिले.
परमात्मा महा विश्नुकन. नमस्कार गरि. पूजा गर्दा भया :

समीक्षा

महाभारतको युधिष्ठिर चाण्डाल सम्वादका संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको यो कृति आदि अन्त्य अपूर्ण छ। प्रारम्भका ३ श्लोक छैनन् भने अन्त्यमा पृष्ठ २५ पछि ११९ श्लोक भन्दा अन्त्यको अंश छैन। यसरी कृति आदि अन्त्य अपूर्ण छ भने लेखक र लेखन समय पनि उल्लेख छैन। सामान्य अवस्थामा रहेका यस कृतिको भाषा हेर्दा अलि प्राचीन जस्तो लाग्दछ। त्यसैले यसको काल, भाषिक तुलनाका आधारमा निर्धारण गरिनु पर्ने देखिन्छ।

२९. **रत्न सुन्दरी कथा,** ल.सं.ष. ५०७, वि.सं. ७, लेखक-, लेखन समय-, पत्र ५०, अपूर्ण, रिल नं. A १०१९/२३

उद्धरण

तेति नजानेको पुरुष मलाइ व्यर्थ हुंछन् मनमा क्लेशमात्र दिने हुंछ भनेको कुरा सुनि
राजाले विचार गरे असल् रहेछन् यस्ले विवाह गर्ने कुरा इक्षा गरि सकेकी रहेछ
बढिया भयो इनी देवि हुन् के कारणले म काहा पैदा भयाकी हुन् देवी नभयाको भया
यस्तो वालष अवस्थामा यस्तो कुरा कसोरी जान्याको थिईन.

समीक्षा

शक्तिदेव र रत्न सुन्दरीको कथा बयान गरिएको यस पुस्तकमा अनेकौं रोचक कथा उपकथाहरू छन्। अतिरञ्जनात्मक शैलीमा लेखिएको यो कथा माध्यमिक कालीन नेपाली कथा जस्तो देखिन्छ। आदि अन्त्य अपूर्ण छ। आदिमा पृष्ठ ७ सम्मको अंश छैन भने अन्त्यमा पृष्ठ ११४ देखिको अंश छैन। नेपाली कागजमा लेखिएको र सिएर पुस्तक आकार पारिएको यस कृतिमा जम्मा ५० पत्र छन्। लेखक लेखन समय उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३०. **लक्ष्मी धर्म सम्वाद,** ल.सं.तृ. ५१३/३, वि.सं. ५६ 'ख', लेखक-, लेखन समय: सम्वत् १८५१, पत्र: ठ्यासफु +६, रिल नं. A ३९८/१

उद्धरण

अव धर्म्मले लक्ष्मि छेउ आज्ञा गर्दा भया. हे लक्ष्मि धर्म्मका कथाहा म कहंछु सुनुहवस्: तव शित्रजनले स्वामिदेषि ज्युको तरह नगर्नु: स्वामि भन्याको स्त्रिजनको वडो श्रिंगार छः समस्त देवता समस्त तिर्थ समस्त धर्म्म समस्त पुन्य: सर्वधर्म्म स्वामि जनको सेवा गऱ्या हुंछ :

समीक्षा

स्त्री जातिले पूर्वीय धार्मिक मान्यता अनुसार गर्नुपर्ने कर्तव्य, धर्म आचरण आदि विषयमा लक्ष्मी र धर्मको सम्वादका रूपमा यो कृति रहेको छ। यही लगतमा २ वटा कृति छन्। पहिलोमा जम्मा ६ पत्र छन् अपूर्ण छ भने लेखक लेखन समय पनि उल्लेख छैन दोस्रो चाहिं ठ्यासफुमा लेखिएको छ। अन्त्यमा **"श्री शाके १७१६ श्री सम्वत् १८५१ साल चैत्र वदि १२ रोज ४ नक्षत्रे धनेष्ठा योगे मैत्र लिषितं राम भद्र पाध्या"** भन्ने उल्लेख भएकाले यसको लेखन समय र लेखक रामभद्र पाध्या रेग्मी हुन् भन्ने स्पष्ट हुन्छ।

३१. **लक्ष्मी पृथ्वी सम्वाद,** ल.सं.द्वि. १८८, वि.सं. १२५, लेखक-, लेखन समय-, पत्र ६, पूर्ण, रिल नं. A ३४१/१५

उद्धरण

शेषनाग विषे शयन गऱ्याका एस्ता भगवान् नारायणले आज्ञा गर्नु भयाका संपूर्ण धर्मशास्त्रको तत्त्वकन पृथिवीले आदर पूर्वक श्रवण गरीन् ॥ ताहापछि तिनै नारायणका चरणकमलकन आफ्ना काषमा राषी सेवा गर्न लागयाकी आफ्ना तपस्याका वलले जाज्वल्यमान सुंदर दिव्य स्वरूप भयाकी एस्ती परमेश्वरी लक्ष्मीकन देषि निर्मल सुवर्ण झै पहेलो वर्ण भया की एस्ती पृथिवी जो छन्सो प्रसन्न चित्त भै केहि कुराको प्रश्न गर्न लागीन् ॥

समीक्षा

लक्ष्मी के कस्ता ठाउँमा वास गर्छिन् भन्ने कुरालाई लक्ष्मी स्वयंले पृथ्वीलाई बयान गरेको प्रसङ्ग यस कृतिमा रहेको छ। धर्मशास्त्रको विषयलाई पृथ्वी र लक्ष्मीको सम्वादका रूपमा यहाँ बयान गरिएको छ। संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका यस कृतिमा रहेको छ। लक्ष्मी र पृथ्वीको सम्वादका रूपमा रहेको यो अध्याय १ आदि अन्त्य पूर्ण छ तापनि लेखक लेखन समय उल्लेख छैन। पुस्तक राम्रो अवस्थाको छ।

३२. **लक्ष्मीधर्म सम्वाद,** ल.सं.प्र. १४६२, वि.सं. १२०, लेखक-, लेखन समय-, पत्र ३, पूर्ण, रिल नं. A ३४१/१७

उद्धरण

शुवास भयाको ठाउमा लक्ष्मीले वास गर्छ जाहा लक्ष्मि वास गर्छिन्. ताहा कृश्न वास गर्छन्. जाहा कृश्न वस्छन्. ताहा धर्म वसछन्. जाहा धर्म वस्छन् ताहा धर्म होला ॥ जस् होला ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

धर्मले लक्ष्मीसँग संसारमा कोही धनी र कोही गरीव किन छन् र तपाइँ के कस्तो ठाउँमा बास गर्नुहुन्छ भन्ने प्रश्न गरे पश्चात् लक्ष्मीले धर्मलाई म जस्ले सरसफाइ गर्छ, शुद्धता पवित्रतामा रहन्छ म त्यस्को घरमा बास गर्छु भनेको प्रसङ्गलाई संक्षिप्त रूपमा वयान गरिएको छ । पुस्तक राम्रो छ जम्मा ३ पत्र रहेको पुस्तक आदि अन्त्य विषयवस्तुका दृष्टिले पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

३३. **लक्ष्मी धर्म सम्वाद,** ल.सं.प. ३४३८, वि.सं. ३१, लेखक: नैन सिं वानियाँ, लेखन समय: सम्वत् १९४१, पत्र १७, अपूर्ण, रिल नं. A १३९६/१

उद्धरण

धर्म्मले विंति गर्नु भयो श्री लक्ष्मी तपाइको स्यवा: सवै मनुष्येहरूले पूजा पाठ गर्दछिन्
सधै थाई तपाईले वास कीन गर्नु हुदैरा । कस्व भन्या कति मनुष्ये बहुतै कंगाली छन्
कतिः मनुषे धनाध्येः भयाका छन्: क्या निमीत्तलेः वरोवर गर्नु भयेरा भनी धर्मले
विंन्ती गर्नुभयो र : ॥

समीक्षा

धर्मले संसारमा मान्छेहरू कोही धनी कोही गरीव किन भएका हुन् ? तपाइँ कसरी प्रसन्न हुनुहुन्छ र कहाँ ? कहाँ ? बास गर्नु हुन्छ भन्ने प्रश्न लक्ष्मीसँग गरेको र लक्ष्मीले उत्तर दिएको प्रसङ्ग यस पुस्तकमा रहेको छ । पुस्तक आदिमा अपूर्ण छ भने अन्त्यमा **"इति संम्वत् १९४१ साल मिति वैसाष वढी ७ रोज ५ का दिन .... लिषितंम् नैनसिं वानीञा क्षेत्रीले शुभम्"** भन्ने उल्लेख गरिएकाले यसका लेखक र लेखन समय स्पष्ट हुन्छ । ८ x १३ आकारको सानो कृतिलाई धागोले सिलाइ पुस्तकाकार बनाइएको छ । अन्त्यमा संस्कृतमा संकटा स्तोत्र पनि रहेको छ ।

३४. **वीर सिक्का,** ल.सं.प्र. ७८३/५, वि.सं. १४१, लेखक -, लेखन समय-, अपूर्ण, पत्र २, रिल नं. A १०२९/४२

उद्धरण

प्रथम सुगाले वीरशीखाकन भन्दा भयाः हे वीर शीखा नानी वसन्त ऋतुका समयेमा
वनको महिमा हेर्रा जाउँ हिड भन्या रः दुवै जनाले वावा महातारी थै. वीदा माग्दा
भया. ॥

समीक्षा

जम्मा २ पत्र रहेको यस कृतिमा पत्र संख्या १ नेपाली भाषाको र पत्र संख्या १३ नेवारी भाषाको रहेको छ । यी दुई प्रकीर्ण पत्र देखिन्छन् । नेपाली भाषाको चाहिँ पहिलो पत्र देखिन्छ । आदि अन्त्य अपूर्ण जीर्ण प्रकीर्ण पत्र रहेको छ ।

३५. **वीर सिक्का,** ल.सं.पं. १५५०, वि.सं. १४०, लेखक-, लेखन समय-, पत्र २६१, अपूर्ण, (रिल नं.नभएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

> **संपूर्ण देवगणका नाथ भयाका देवीका पुत्र भयाका मनमा चितायाको संपूर्ण कामना दिन्या भयाका विघ्नको नाश गर्न्या भयाका मनुष्यका हितकन दिन्याभयाका एस्ता श्री गणेशकन शिरले प्रणाम गरिकन संपूर्ण लोकका हित निमित्तलाइ वढिया सुंदर कथाकन कहंछु ॥**

समीक्षा

२६१ पृष्ठ संख्या रहेको यस 'वीर सिक्का' कथामा जम्मा २७ अध्याय हरेको छ। मूल संस्कृत सूक्तिमय श्लोक र त्यसको नैतिक उपदेश मूलक अतिरञ्जनात्मक, जाशूशी तिलश्मी प्रवृत्तिका कथाहरू रहेका छन्। प्रारम्भमा गणेशजीको मङ्गलाचरण र कथाको महात्म्य संस्कृत श्लोकमा दिएपछि कथाको थालनी गरिएको छ। अन्त्यमा चाहि राजाले आफ्नी कान्छी छोरी कनक सुन्दरीसँग तिमीले के इच्छाले व्रत गरेको भनेर सोधेपछि छोरीले उत्तर दिने क्रममा **"हे वावा मैले त केहि कामना गरेन किनभया जो कपालमा लेष्याको कु............"** पछिको अंश नभएको र वाक्य समेत अपूर्ण भएकोले कथा अन्त्य अपूर्ण देखिन्छ। यो कुनै मूल कृतिबाट प्रतिलिपि गर्दा गर्दै छुटेको हुनुपर्छ। तर प्रतिलिपि कुन कृतिबाट गरिएको हो सो अनुसन्धेय रहेको छ। लेखक वा प्रतिलिपिकार र लेखन समय उल्लेख छैन। सम्पूर्ण कथा शुगा र वीरशिखाको सम्वादका रूपमा रहेकाले यसलाई 'वीर सिक्का' भनिएको देखिन्छ। यसमा एकपछि अर्का अनेकौं कथाहरू उब्जिदै गएका छन्। यसको प्रमुख विशेषता कथालाई रोचकशैलीमा अगाडि बढाउनु हो।

३६. **वेताल पंच विंशति,** ल.सं.प्र. ३६८, वि.सं. १४३, लेखक: शिवदास, लेखन समय-, पत्र २५, अपूर्ण, रिल नं. A १०२९/४३

उद्धरण

> **येति वचन सुनि राजाले भण्डारि कन बोलायो. हे भण्डारी जो फल मैले राषनदियाको त्यो सवै ल्या भन्यो राजाको वचन सुनि. भंण्डारीले सवै फल ल्यायो ति सवै येक येक गरि यो चार रत्नको थुप्रो. लाग्यो. सवैले देष्या र राजा बहुत षुसि भइ भन्न लाग्या हे दिगम्वर. येक रत्नको मोल मेरो राज्य छ इन् ये तिरत्नको मोल म क्या दिउँला ॥**

समीक्षा

अतिरञ्जनात्मक र तिलस्मी प्रवृत्तिका नैतिक उपदेश मूलक कथा लेखिएको यो कृति आदि अन्त्य अपूर्ण छ। साह्रै जीर्ण अवस्थामा रहेका बीचका जम्मा २५ पत्र छन्। पुस्तकको ३६ औं पृष्ठमा **"इति शिवदास विरचितायां वेताल पंच विसतिकायां दशम कथा समाप्त"** भन्ने उल्लेख गरिएकाले यसमा द्वितीय देखि दशम सम्मका ८ वटा कथा रहेको देखिन्छ। अध्यायको अन्त्यमा उल्लेख भए अनुसार यसका लेखक शिवदास देखिन्छन् भने लेखन समय उल्लेख छैन।

३७. **वेताल पंचविशति,** लं.सं.च. १०१९, वि.सं. १४४, लेखक-, लेखन समय-, अपूर्ण, पत्र ११, रिल नं. A ३४२/९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

वेतालोक्त कथा पचिश तकका श्लोक्मा भयाको प्रथा
श्री राजेश्वर विक्रमाजित वडा उन्ले कह्याको मता ॥
विस्तार्देषि कुरा बहुत्तरहका श्लोक्मध्य भाषा पनी
सार्ही कि त कहियो रसीक जनका मन् खुसि होला भनी ॥

समीक्षा

यसमा वेताल पंचविंशतिका कथाको प्रारम्भदेखि चौथो अध्याय सम्मका पद्य भाषा रहेको छ । पुस्तक पत्र ११ देखि अपूर्ण छ । प्रारम्भमा मङ्गलाचरण संस्कृत र नेपाली दुवै भाषा श्लोकमा गरिएको छ । पुस्तक जीर्ण छ भने लेखक लेखन समय उल्लेख छैन । भाषा श्लोक राम्रो छ । कविले भाषा कथालाई आफ्नै शैलीमा ढालेर संक्षेपीकृत गरेका छन् । वीच-वीचमा अध्याय छुट्टयाइनुका साथै भाषा श्लोक संख्या पनि दिइएको छ ।

३८. **वेताल पंचविंशति,** ल.सं.ष. ३५०८, वि.सं. ३०, लेखक-, लेखन समय-, पत्र २४, अपूर्ण, रिल नं. A १३९४/२३

उद्धरण

केहि फल हातमा लिय़ेर राजाका सभामा आयो. सो फल राजाका हातमा दियो. राजाले पनि तेस् तपसि करण विक्षाउनामा वसाया य़ेसै प्रकारले दिगम्बर. य़ेक फल भेटि राष्याको फल जो थियो. सो पाल्याका वाँदरले हातदेषि षोसेर फोऱ्यो. हेर्दामा फल भित्रबाट येक रतण साभामा षस्यो. त्यस् रतन्को जोतिले साभामा उज्यालो भयो ॥

समीक्षा

यो वेताल पंचविंशति कथा पनि आदि अन्त्य अपूर्ण छ । प्रारम्भमा १ पत्र छैन भने अन्त्यमा चौथो अध्याय पछिको कथा छैन । यसका लेखक पनि शिवदास देखिन्छन् भने लेखन समय उल्लेख छैन । २ देखि २५ सम्मका जम्मा २४ पत्र यसमा रहेका छन् । यसमा कुनै दिगम्वरले राजालाई जंगलमा लगेको र त्यहाँ वेतालले विभिन्न नीति मूलक कथाहरू सुनाएको प्रसङ्ग उल्लेख छ । बीच-वीचमा संस्कृत श्लोक दिइएको छ भने तिनै सूक्तिमय श्लोकका आधारमा कथावस्तुलाई अगाडि वढाइएको छ ।

३९. **शुक सप्तति,** ल.सं.प. १९०१, वि.सं. ३४, लेखक-, लेखन समय-, पत्र ७१, पूर्ण, रिल नं. A १०७३/७

उद्धरण

परापूर्व हेम कुट पर्वतको. नजिक कांचनपुर. भन्याका एक........ यो. ताहाविरवाहु नाम राजा थियो. तनका पुत्र मकरधोज भन्याका थिया. एस् देसमा रत्नदत्त भन्याका बनिया थियो. तस्को तीन पुत्र थिया: सुंन्दर नाम गऱ्याको एक.......... यो तिनै भाईले देशमा जाइँ व्यपार गरौ भनि मतो गरि आफ्ना वावा रत्नदत्त वनिया छेउ: विन्ती गर्छन: हे वावा: हामि देसमा जाइ- व्यपार गर्न जाछौं.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

सुगाले रानी प्रभावतीलाई सुनाएका नैतिक, श्रृङ्गारिक र मनोरञ्जनात्मक कथाहरू यसमा रहेका छन्। वीर वाहु राजा, रत्नदत्त बानियाँ, विक्रमादित्य राजा सुमति बानियाँ, विक्रम राजा पुष्पहार मन्त्री, रत्नपरीक्षा राजा, वर्गशेखर मन्त्री जस्ता राजा, मन्त्री, ब्राह्मण र बानियाङ्सँग सम्वन्धित कथाहरू यसमा रहेका छन्। कथा पढ्ने र सुन्ने दृष्टिकोणले हेर्दा निकै रोचक देखिन्छ। पुस्तकलाई धागोले सिलाइ राखिएको छ। अगाडि विषय सूची समेत दिइएको छ भने बीचमा संस्कृत श्लोक र त्यसको नेपाली भाषा कथा दिइएको छ। **"इति शुकसप्तशती कथा प्रथम अध्याय,... द्वितीय अध्याय"** गरी कथालाई विभाजन गरिएको छ। पुस्तक आदि अन्त्य पूर्ण छ, तापनि लेखक वा प्रतिलिपिकारको नाम र लेखन समय उल्लेख छैन।

४०. **सत्यदुर्गा व्रतकथा (मल्लसेनको कथा),** ल.सं.तृ. ४६८, वि.सं. १६८, लेखक-, लेखन समय-, पत्र २१ अपूर्ण, रिल नं. A ३४२/३५ A १०२९/४९

उद्धरण

यती वचन अघोर राजाले भन्याको सुनी ॥ ताहापछि कुमती कुनतीले विंती गऱ्या ॥
द्वाहा ॥ हे राजान् पनी हो स्वह सींगारकी मोहनी साथ लीउः उलटो गंगा वहाउ पथर
छुव ल सुन हो राजा तिन त्रभुववन रीझाउ ॥

समीक्षा

यसमा अघोरा राजाले आफ्ना राज्यका माझीहरूलाई हुँगिया काठको डुँगा र मनपबना नामका काठको बहना बनाएर ल्याउन अह्राए देखिमात्र कथा प्रारम्भ भएको छ। आदि अपूर्ण भएकाले प्रारम्भ नै १४ औं पृष्ठवाट भएको छ। बीच बीचमा हिन्दी मिश्रित भाषा दोहा रहेका छन् भने त्यसको नेपाली भाषा अर्थ दिइएको छ। कथालाई कुनै अध्याय खण्ड आदिमा विभाजन गरिएको छैन तापनि विभिन्न कथा उपकथा यसमा समावेश छन्। राजा अघोर, सतलसेन, बिजुली, आदिको कथा यसमा बयान गरिएको छ। ३५ औं पृष्ठ पछि कृति अपूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

४१. **सतल सेनको कथा,** ल.सं.च. १४८८, वि.सं. १७८, लेखक-, लेखन समयः सम्वत् १९५५, पत्र १ लामो, अपूर्ण, रिल नं. B२७३/१७

उद्धरण

य़ति भनि आग्या गर्दा भया तव सुवर्न केसरि रानिले सबै सराजाम लिय़र जोगि भयाका थाउमा गइन्ः तव अघोर. राजाले पनि बहुत षुसि भैः सुवर्न केसरि. कंन्यादान लेउ भनि. जादा भय़ा. तहापछि. सुवर्न केसरिले. जग्येसाला तर्‍या गरि वस्याका बेलामा.तेस्ता वेलामा. ॥

समीक्षा

यसमा हिन्दीभाषा दोहा र नेपाली भाषा कथा रहेको छ। राजा सत्रसेन र रानी सुवर्ण केशरीको कथा यसमा वयान गरिएको छ। अगाडिको भाग अन्त्यन्त जीर्ण रहेको छ भने भाषा लेखाइ निकै त्रुटिपूर्ण देखिन्छ। कृति आदि भागवाट अपूर्ण छ भने अन्त्यमा **"इति सम्वत् १९५५ साल मिति प्रथम आसुन सुदि २ रोज ७ शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ तर लेखक भने उल्लेख छैन। १६ फिट ९ इन्च लामो एउटै पत्र बनाइएको नेपाली कागजमा यो लेखिएको छ। राजा र रानीको कथा श्रृङ्गारिक शैलीमा लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४२. सतलसेनको कथा, ल.सं.प. ६०७५, वि.सं. परिशिष्ट, लेखक-, लेखन समय-, पत्र ९, अपूर्ण, (मा.फि.नभएको)

उद्धरण

> ताहा पछि चन्द्रपुर भन्याको देशमा चंन्द्र सींह भन्याको राजा थीया तेसका रानी सुमती नाउ गऱ्याकी थीईन् तेस्का छोरा वतीस लक्षेणले शंजुक्त भयाको माहा प्रतापी ॥ चंद्रमाको जस्तो तेज भयाको सतल सेन नाउ गऱ्याको राजकुमार थिया ॥

समीक्षा

यस कृतिमा सतलसेन कथाका पत्र २ देखि १२ सम्म रहेको छ। यसको प्रारम्भमा सतलसेनको जन्मको बयान छ भने अन्त्यमा चाहिँ ज्वालासुर दैत्यको मृत्यु भएको प्रसङ्ग छ। कृति आदि अन्त्य अपूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

४३. सतलसेनको कथा, ल.सं.प. ६०७६, वि.सं. परिशिष्ट, लेखक-, लेखन समय-, पत्र ३४, अपूर्ण, (मा.फि.नभएको)

उद्धरण

> यति वचन राजकुमार सतल्सेनले आज्ञा गरिकन फेरि आज्ञा गर्दा भया ॥ हे भाइहरू हो शुव भन्या देषी परदेश जानाकन वधिया भयो। क्या कारणलेभन्या. कोही येक फेरा देष्यको. केही भया पनी तेस्को पाईला दिव्य. वाह्र वर्षमा देष्या पनी. यो फलानाको पाइला हो भनी चिन्ह सकन्या पनी भयो.॥

समीक्षा

यस कृतिमा सतलसेनको कथाका पृष्ठ ५ देखि ४६ सम्म रहेका छन्। वीचका केही पत्रहरू पनि अत्यन्त जीर्ण छन्। कृति आदि अन्त्य अपूर्ण छ भने यसमा लेखक लेखन समय उल्लेख छैन।

४४. सोमवार व्रत कथा, ल.सं.प. ४३, वि.सं. ५, लेखक-, लेखन समयः सं. १९३४, पत्र ११, पूर्ण, रिल नं. A १०२०/४

उद्धरण

> युक्तं धर्मका पुत्र युधिष्ठिर राजा जो थिया. सो भिष्म पितामहका हजुरमा नमस्कार गरि विन्ति गर्छन् हीत भयाको हाम्रो कल्याण हुन्या कुरो आज्ञा हवस्. भारतका समयमा संपूर्णहरू मासिया दुर्जोधन वाच्याका थिया. सो पनी भीमसेनले हानि माऱ्या हे भिष्म पितामह. हाम्रा कुलमा दुर्योधन कु मंत्री हुनाले. संपूर्ण हाम्रा कुलको क्षय भयो.

समीक्षा

यस कृतिमा शरशय्यामा सुतेका भीष्म पितामहसँग युधिष्ठिरले गरेको प्रश्न र भीष्म पितामहले दिएको उत्तर एवं सोमवारे औंसीका दिन गरिने व्रतका महत्त्वको बयान गरिएको छ। भीष्मले उत्तराका गर्भको रक्षाका निम्ति यस व्रतको महत्त्व युधिष्ठिरलाई बताएको अनुभव हुन्छ। भीष्म पितामहले राजा महासेन र उनका राज्यका ब्राह्मण ब्राह्मणीले पनि यसको व्रत गरेर सुख पाएको प्रसङ्ग उल्लेख गरेका छन्। पुस्तक आदि अन्त्य पूर्ण छ भने अन्त्यमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

"इति सम्वत् १९३४ साल मिति श्रावण वदि ४ रोज १ शुभम्" भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ । तर लेखकको नाम भने उल्लेख छैन । पुस्तक राम्रो अवस्थाको छ । पूजा विधि र महात्म्य समेत दिइएको यो कृति कर्मकाण्डीय दृष्टिले पनि महत्त्वपूर्ण देखिन्छ ।

४५. **स्वस्थानी व्रतकथा,** ल.सं.ष. ५५६७, वि.सं. ६२, लेखक-, लेखन समय-, पत्र ५, अपूर्ण, (मा.फि. नभएको)

उद्धरण

पैल्हे श्री ३ स्वस्थानि परमेश्वर भनि. अैनामा ॐकार लेषी गंगाजलले श्नान गर्नु ॥ चंदन सिंदुर जजमका. नैवद्य फलफूल पक्कान कस्तूर तांवूल वस्त्रादिंधूप दिप समस्त तयार गरि. पूजा गर्नु

समीक्षा

यो स्वस्थानी व्रत कथा ८ x ८ आकारका जम्मा पत्र ५ भएको सानो कृति छ । प्रारम्भदेखि पार्वतीले स्वस्थानी परमेश्वरीको ब्रत गरेसम्मको कथा बयान मात्र रहेको अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । लेखाइ निकै त्रुटिपूर्ण रहेको छ ।

४६. **स्वस्थानीव्रत कथा,** ल.सं.ष. ५५४२, वि.सं. ६१, लेखक-, लेखन समय-, पत्र ३१ अपूर्ण, (मा.फि.नभएको)

उद्धरण

गालामा सर्पको मालालाइ हातमा सर्पले ब्रेहि. दाहिना हातले डम्वरु बजाइ. वाञाहातले त्रिसूल लि मुण्डमाला गलामा लाइ. बुढा साद्याका आममा चहि समसानले घसि अति विस्वभाभयाको यस्तै भोला महादेव यस्काररणले यज्ञमा असोभा होला भनि यस निमित्त तिमिलाइ नडाको भनिभंदा ॥

समीक्षा

सतीदेवीले दक्षको यज्ञमा प्राण त्याग गरेको प्रसङ्गदेखि लिएर गोमा ब्राह्मणीले दुःख पाएको प्रसङ्गसम्मको भाषा कथा रहेको यो स्वस्थानी व्रतकथा आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । भाषा सामान्य किसिमको छ । कृति त्यति प्राचीन लाग्दैन । यसमा १८x८ आकारका जम्मा ३१ पत्र रहेका छन् ।

४७. **स्वस्थानी व्रतकथा,** ल.सं.ष. ८३९, वि.सं. ४९, लेखक-, लेखन समय-, पत्र १५८ पूर्ण, (रिल नं. नभएको)

उद्धरण

कुमार आज्ञा गर्छन् हे अगत्यमुनि तिमि एक चित्त भै सुन अघि यो संसार जलामय छंदा परब्रह्म विश्नुले जल भित्र योग निन्द्रासित सयन गरि रहंदा विश्नुका नाभि देखि सहस्रदल कमल उत्पत्ति भयो तेस्कमल माथि ब्रह्मा बसि संसार सृष्टिगर्न चिताया ॥ ब्रह्माका कान चिलायो र आफ्ना हातका कांछि अंगुलाले कान्यागुजी झिकि फेक्या तेसै कान्यागुजि देषि वडा वीर पराक्रमी मधुकैटभ नाम गर्‍याका दुई दैत्य सृष्टि भया ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस स्वस्थानी व्रतकथामा कथा प्रारम्भदेखि अन्त्यसम्म पूर्ण छ तापनि २२ अध्याय अन्त्यका केही पत्र छैनन्। त्यसैले यो अपूर्ण देखिन्छ। कथावस्तु पूर्ण भएको २२ औं अध्यायको अन्त्यमा **"लिखित्त्वा गणेश गिरजि. का"** भन्ने उल्लेख गरिएकाले यसका लेखक काठमाडौं जिल्ला निवासी श्री गणेश गिरी देखिन्छन्। लेखन समय भने उल्लेखे छैन। १५७ पत्र रहेको यो पुस्तक ११x६ आकारको छ भने नेपाली कागजमा एकातिर हरिताल लगाएर पहेंलो पारिएको पुस्तक साधारणतया राम्रो छ। यसको माइक्रोफिल्म भएको छैन।

४८. **स्वस्थानी व्रतकथा र ऋषि पञ्चमी व्रतकथा,** ल.सं.ष. २७८४, वि.सं. ३६, लेखक-, लेखन समय-, पत्र ५, अपूर्ण, रिल नं. A १३८८/२३

उद्धरण

श्री युधिष्ठिर. राजाले. कर जोरि श्रीकृश्नका चरणमा विंति गर्दा भया: ॥ हे श्री कृश्न सप्त ऋषिको माहात्मा मलाई सुनाउनु हवस्. भनि विंन्ति गर्दा भया: श्री कृश्नले आज्ञा गर्दा भया: ॥

समीक्षा

यस कृतिमा ऋषि पञ्चमी व्रत कथा र स्वस्थानी व्रत कथा समेत रहेको छ। प्रारम्भको १ पत्र मात्र ऋषि पञ्चमी व्रत कथाको छ भने बाँकी ४ पत्र स्वस्थानी व्रत कथाका छन्। दुवै कृति अपूर्ण छन्। लेखक लेखन समय उल्लेख छैन। स्वस्थानी व्रत कथाको पहिलो पत्रका ठाउँमा ऋषि पञ्चमी व्रत कथाको पत्र मिसिन आएको देखिन्छ। स्वस्थानी व्रत कथामा प्रारम्भदेखि सृष्टिको बयान सम्मको कथा रहेको छ।

४९. **स्वस्थानी व्रतकथा,** ल.सं.ष. १५४४, वि.सं. ३७, लेखक-, लेखन समय-, पत्र १३२, पूर्ण रिल नं. A १३७५/६

उद्धरण

कुमार आज्ञा गर्छन. हे अगस्त्य मुनि. तिमि येक चित्त भै सुन. अघि यो संसार पद्म कल्पमा जलमय छन्दा परव्रह्म स्वरूप विश्नुले. जल भित्र योगमाया शितशयन गरिरहदा. विश्नुका नाभिदेखि सहस्र दल कमल उत्पन्न भयो. तेस् कमलमा व्रह्मा वसि संशार सृष्टि गर्न विचार गर्दा भये. त्यसै वखत्मा विश्नुका काने गुजि देखि वडा विर परा ऋमि मधु कैटभ नाम गऱ्याका दुई दैत्य उत्पन्न भये.

समीक्षा

यो स्वस्थानी व्रत कथा जम्मा २२ अध्यायको आदि अन्त्य पूर्ण छ। प्रारम्भमा पूजा विधि दिइएको छ भने मङ्गलाचरण पनि संस्कृत श्लोकमा गरिएको छ। नेपाली भाषा लेखाइ निकै त्रुटिपूर्ण रहेको छ। लेखन समय उल्लेख छैन। अन्त्यमा आशीर्वचन पनि दिइएको छ। अगाडिको पत्रमा श्री स्वस्थानी परमेश्वरीको चित्र पनि बनाइएको छ। २७.७ x १४.८ आकारको यस कृतिमा नेपाली कागजमा लेखिएका १३२ पत्र रहेका छन्। पुस्तक साधारण अवस्थाको छ। मूल लगतमा ऋषि पञ्चमी व्रतकथा समेत भनिए तापनि यसमा सो कथा समावेश छैन।

५०. **स्वस्थानी व्रतकथा,** ल.सं.च. ३३१३, वि.सं. १९२ 'ख', लेखक-, लेखन समय: सम्वत् १८९०, अपूर्ण, पत्र ५२, रिल नं. A १०३०/६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

का पनि घर नहुन्याको: थातको ठगाना छैन: तस्कारण: मतिमि छेउ आयाको हु: क्यान भन्या: देवलोकहरू सवैका कन्यादान: गरि सक्या र सुख आनंदसग वस्या भंन्या षवर पाञ्यां र: मनले विचार गर्दा: दक्ष प्रजा पति थै: कन्या ऐक वाकि रह्याको छ र गैकंन्या १ मलाई माग्या र : दक्ष प्रजा पतिले मलाई. भन्नु नभन्नु पनि भन्यो ॥

समीक्षा

स्वस्थानी व्रतकथाको कथासार मात्र दिइएको यो कृतिका अगाडिका १ देखि ६ पत्रसम्म छैनन् । कथालाई अध्यायहरूमा विभाजन नगरिएको यो कृति अपूर्ण छ । लेखकको नाम उल्लेख छैन भने अन्त्यमा **"स्वस्ति श्री शाके १७५५ श्री सम्वत् १८९० साल मिति चैत्र वदि १३ रोज १ लिषित पुस्तकं पाल्पा देशे शालीग्राम निकटे तान सिं नगरे शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखिएको ठाउँ पाल्पा जिल्लाको तानसेन बजारमा रहेछ भन्ने कुरा स्पष्ट हुन्छ ।

५१. **स्वस्थानी व्रतकथा,** ल.सं.प. ३०३६, वि.सं. २९, लेखक: श्री वलभद्र पाध्या लुइटेल, लेखन समय: सं. १९३०, पत्र १०२, पूर्ण रिल नं. A १३९०/१

उद्धरण

कुमार आज्ञा गर्छन् ॥ हे अगत्स्य मुने. तिमि यक चित्त भै सुन अघि यो सन्सार .जलामय छदा. परव्रह्म विश्नुले जलभित्र जोगमाया सित. सयन गरि रहदा विश्नुका नाभिदेषि सहस्र दल कमल उत्पत्ति भयो. तेस कमल माथि व्रह्मा वसि सन्सार श्रृष्टि गर्न चिताया.

समीक्षा

यस स्वस्थानी व्रतकथामा जम्मा २२ अध्याय रहेको छ । साधारण अवस्थाको यो पुस्तक आदि अन्त्य पूर्ण छ । अन्त्यमा **"इति सम्वत् १९३० शाल श्री शाके १७९५ वैशाष मासे दिन १६ गते शनिवासरे तिथौ १४ पर अमावस्या लिषितंमिदं पुस्तकम् श्रीश्रीश्री वलभद्र पाध्या लुञिट्याल लिषकं भीर्पानि वशत श्री स्वस्थानी परमेश्वरीकथाह शुभं"** भन्ने उल्लेख गरिएकाले यस स्वस्थानी व्रत कथाको प्रतिलिपि भिर्पानी निवासी श्री वलभद्र उपाध्याय लुइटेलले सम्वत् १९३० मा गरेका हुन् भन्ने स्पष्ट हुन्छ ।

५२. **स्वस्थानी व्रतकथा,** ल.सं.प. ६०८, वि.सं. २२, लेखक-, लेखन समय-, पत्र ११८, पूर्ण, रिल नं. A १०२१/५

उद्धरण

प्रथम श्री स्वस्थानि परमेश्वरी भनि विंति गर्नु ॥ आर्सिमा ॐकार लेषी स्थापना गर्नु .॥ गंगाजलले स्नान गराउनु ॥ श्री खरङ रक्त चंदन सिन्दुर जनै नाना पुश्प ॥ धूप. दीप. नैवेद्य. फलफुल पक्कान ॥ कस्तूर । ताम्वूल । वस्त्र दक्षिरणा ॥ अनेक सामाग्रि तयार गरि ॥ श्री इश्वरका चरणमा एक चित्त लाइ ॥ श्री स्वस्थानि पर मेश्वरका चरणमा । षोडस परिकार गरि ॥ पूजा गर्नु.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस स्वस्थानी व्रत कथामा पनि जम्मा २२ अध्याय कथा पूर्ण छ। लेखक लेखन समय उल्लेख छैन तापनि भाषिक शैलीका आधारमा हेर्दा त्यति प्राचीन अनुभव हुँदैन। यसमा प्रारम्भमा पूजा विधि र अन्त्यमा महात्म्य समेत दिइएको छ। स्वस्थानी सम्वन्धी कथाको थप जानकारीका निम्ति विभिन्न स्वस्थानी कथाको भाषाशैली, विषयवस्तु प्रस्तुतीकरण आदि विषयको तुलनात्मक अध्ययन गरिनुपर्ने देखिन्छ।

५३. **स्वस्थानी व्रतकथा,** ल.सं.प्र. १६९७, वि.सं. १९४, लेखक: विष्णुभक्त ?, लेखन समय: श्री सम्वत् १९०४ साल, पत्र ११७, अपूर्ण, रिल नं. A १०३०/८

उद्धरण

कुमार आज्ञा गर्छन् हे अगस्त्य मुनि तिमि यक चित्त गरि सुन अघि यो संसार: जलामय छदा परमव्रह्म विश्नुले जलभित्र योगमाया सित सयन गरि रहदा: विश्नुका णाभिदेषि सहस्र दल कमल उत्पत्ति भयो :

समीक्षा

यस स्वस्थानी व्रत कथामा नेपाली कागजमा लेखिएका ११७ पत्र छन्। जम्मा २० अध्याय रहेको छ भने कथालाई त्यत्ति मैं पूर्ण गराइएको छ। अगाडि अति जीर्ण भै मंगलाचरणका लागि एक पत्र पछि थप गरेको जस्तो देखिन्छ। लेखाइ पनि निकै अस्पष्ट र अशुद्ध रहेको छ। अन्तिमको ११६ औं पृष्ठमा "**श्री शाके १७५६ श्री सम्वत् १९०४ साल मिति वैशाष सुदि ॥ दिन गते ॥२६ श्री सम्वत् १९०४ साल मिति वैशाख सुदि ॥ दिन गते ॥ २६ गुरु वासरे ॥५॥ श्री स्वस्थाणि परमेश्वर्यो कथा श्री विश्नुभक्तेन लिखितम्**" भन्ने लेखिएकाले यसका लेखक विष्णुका भक्त वा विष्णुभक्त हुन् भन्ने र लेखन समय स. १९०४ भन्ने देखिन्छ भने ११७ औं पृष्ठका रूपमा रहेको अर्को अन्त्यको थोत्रो पत्रमा चाहिँ "**स्वस्ति श्री सम्वत् १९०६ साल मिति मार्ग सुदि: ५ रोज ६ तस् दिन्मा: श्री धौलविर षत्रि लेषिते: ग्रामे श्री सुन्नेस्वर माहादेव: मुकम् पुरु वासि**" भनिएको छ। यो अंश लेखिएका अक्षर र मसी पृष्ठ ११६ मा लेखिएको अक्षर र मसीसँग मेल नखाने भएकाले यो अंश पछि थपिएको वा अरू कुनै स्वस्थानीको अन्तिम पत्र मात्र यहाँ समावेश हुन आएको हो कि भन्ने देखिन्छ। यसरी यसको लेखन समय १९०४ नै हो भन्न सकिन्छ। दुवैतिर काठको गाता लगाइएको र गातामा बुट्टा समेत रहेको छ। सामान्य अवस्थाको यस पुस्तकका बीचका केहीपत्र भाँचिएका छन्। पुस्तक अपूर्ण छ।

५४. **स्वस्थानी व्रत कथा,** ल.सं.च. १०६५, वि.सं. १६९, लेखक: विष्णु विनोद, लेखन समय: श्री सम्वत् १९०४, पत्र ११५, पूर्ण, रिल नं. B २७३/२१ A १०३०/१९

उद्धरण

श्री कुमार आज्ञा गर्छन्. हे अगस्त्य मुनि. तिमि एक चित्त भै सुन. अघि यो संसार जलामय छदा पर व्रह्म विश्नुले. जल भित्र योगमाया सित.सयन गरि रहँदा विश्नुका नाभिदेषि सहस्र दल कमल उत्पत्ति भयो.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस स्वस्थानी व्रत कथामा ११५ पत्र छन्। जम्मा २२ अध्याय रहेको यो पुस्तक आदि अन्त्य पूर्ण छ। सामान्य अवस्थामा रहेका यस पुस्तकको लेखाइ राम्रो छ। प्रारम्भमा संस्कृत भाषा श्लोकमा मंगलाचरण गरिएको छ भने त्यसपछि पूजा सामग्री र विधि समेतको उल्लेख नगरी कथाको थालनी गरिएको छ। अन्त्यमा "॥ श्री सम्वत् ॥१९०४॥ साल मीती वैशाष शुदी ॥१५॥ रोज ॥६॥ शुभमा॥ भूयात्॥ इदं पुस्तकं ॥ वीश्नु विनोद लिषेते" भनिएकाले यसको लेखक र लेखन समय स्पष्ट हुन्छ।

५५. स्वस्थानी व्रतकथा, ल.सं.पं. १८६४, वि.सं. २१० 'ख', लेखक-, लेखन समय-, पत्र १०८, पूर्ण, रिल नं. A ११६४/३

उद्धरण

प्रथम श्री स्वस्थानि परमेश्वरि भनी ॥ विन्ति गर्नु ॥ आर्सिमा ॐकार लेषी स्थापना गर्नु। गंगाजलले श्नान गराउनु ॥ श्री खंड रक्त चंदन. सिन्दुर जनै नाना पुस्प ॥ धूप. दीप. नैवेद्य. फलफुल. पक्कान ॥ कस्तूर। ताम्वूल। वश्त्र दक्षिरा ॥ अनेक सामाग्रि तयार गरि ॥ श्री इश्वरका चरणमा एक चित्त लाइ ॥ श्री स्वस्थानि परमेश्वरका चरणामा.॥ षोडस परिकार गरि ॥ पूजा गर्नु.

समीक्षा

यस स्वस्थानी व्रत कथामा पनि जम्मा २२ अध्याय छन्। आदि अन्त्य पूर्ण छ। यो स्वस्थानी ल.सं.प. ६०८ को स्वस्थानीसँग मिल्दो देखिन्छ। दुवैमा लेखक र लेखन समय उल्लेख छैन। कुनवाट कुन प्रतिलिपि गरिएको हो त्यसको यकिनका लागि तुलनात्मक अध्ययन हुनुपर्ने देखिन्छ। यसमा पनि प्रारम्भमा पूजा सामग्री र विधिको वयान गरिएको छ भने अन्त्यमा व्रतकथा महात्म्य दिइएको छ। यस स्वस्थानी व्रत कथामा दुवैतिर काठको गाता बनाइएको छ भने त्यसमा शेषसायी भगवान विष्णुको रंगीन चित्र रहेको छ, अगाडिपट्टि भने पछाडिपट्टि चाहिँ नवराज राजा भएको। विभिन्न घटनालाई चित्रात्मक अभिव्यक्ति दिइएको यस पुस्तकमा जम्मा १२४ वटा स्वर्ण रंजित रंगीन चित्रहरू रहेका छन्। राष्ट्रिय अभिलेखालयमा यसलाई सोकेसमा सजाएर राखिएको छ।

५६. स्वस्थानी व्रतकथा, ल.सं.प. ६०७३, वि.सं. परिशिष्ट, लेखक: काशीनाथ नेपाल, लेखन समय-, पत्र ५०, अपूर्ण (मा.फि. नभएको)

उद्धरण

यस्तो निश्चय मन् गरेर मधुकैटभ् बोल्न लाग्या ताहा।
मार्नु स्थल् छ जाहा लगेर तिमिले २ हामिलाइ वाहा ॥
यस्ता वात् सुनि दैत्यका नगिच गै साम्ने अगाडी सरी।
काखमा राखि त खेल भैं सित वाहा मार्नुभयो त्यो घरी ॥१५॥

समीक्षा

यो पद्यमा लेखिएको स्वस्थानी व्रतकथा हो। यसमा प्रारम्भका १४ औं श्लोक भन्दा आदिको अंश छैन भने अन्त्यमा ९०६ श्लोक भै पूर्ण छ। प्राय: गद्यमय स्वस्थानी पाइने गरेको परिप्रेक्षमा यस पद्यमय स्वस्थानीको आफ्नै किसिमको काव्यात्मक र कथात्मक महत्त्व छ भन्न सकिन्छ।

जुन् स्वस्थानि असल् न हो. अधिका नेपाल वासी कवी।
श्री डोट्यालय रामचन्द्र कहिन्या काव्यार्थ शक्ती रवी ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

केवल् वीज अपूर्व देखि हनुमान् नाटक् सरी भैं गरी ।
सुंदर्काव्य वनाइ तज् विज गर्‍या प्रख्यात् छ नेपाल् भरी ॥८९७॥
पूर्वाचार्यहरू मिलीकन मथन् सवशास्त्रलाइ गरी ।
स्वस्थानी प्रभुको कथा जहि तहि झिकेर तर्जु गरी ॥
भाषा मात्र वनाइ लोक भरमा प्रख्यात गराया पनी ॥
भाषै हो तपनी परंतु जगतै ठान्छन् असल् हो भनी ॥८९६॥

उपर्युक्त ८९६ एवं ८९७ श्लोकहरूले "जुन नेपाल निवासी कवि श्री रामचन्द्र डोट्यालले सवै शास्त्रको सार निकालेर हनुमान नाटक भैं गरी श्री स्वस्थानीको भाषानुवाद गरेका थिए । त्यही स्वस्थानीको पद्यमय रूपान्तरण यहाँ मैले गरेको हुँ" भन्ने यस स्वस्थानीका लेखक काशीनाथ नेपालको आशय स्पष्ट पार्छन् । यस भनाइका आधारमा हेर्दा राष्ट्रिय अभिलेखालयमा रहेको कृतिमा लेखकको नाम उल्लेख नभएको "हनुमान नाटक" ल.सं.तृ. ५५१ का लेखक कवि श्री रामचन्द्र डोट्याल हुन् भन्ने देखिन्छ । हनुमान नाटक र यिनै कवि रामचन्द्रले लेखेको स्वस्थानी व्रतकथाका भाषाशैलीको तुलनात्मक अध्ययन भएमा यो विषय अभ्र स्पष्ट हुनेछ । यस स्वस्थानी व्रतकथाका रचयिता कवि श्री काशीनाथ नेपाल काठमाडौं र त्रिशुली वीचको नुवाकोटबाट तीन कोश परको वुधसिङ् घाटको भिल्टुङ वेसीको गैह्राथोक गाउँ निवासी थिए भन्ने कुरा स्पष्ट पारेको छ । उनी षड्शास्त्रका ज्ञाता थिए भन्ने उल्लेख पनि गरिएको छ । कृति आदिमा अपूर्ण भए तापनि अन्त्य पूर्ण छ । कथालाई अध्यायमा छुट्टयाइएको छैन । लेखन समयको यकिन पनि अन्तिम पत्र नभएकोले गर्न सकिदैन । कथालाई आफ्नै शैलीमा ढाली काव्यात्मक शिल्प प्रदान गर्न सक्नु कविको विशेषता देखिन्छ । आदिका अपूर्ण १४ श्लोकलाई सम्पादकले पूर्ण गरी यो पद्यमय स्वस्थानी प्रकाशन गर्न योग्य देखिन्छ ।

५७. हातिम् ताईको कथा, नं. १, ल.सं.प. ५१३, वि.सं. १६, लेखक-, लेखन समय-, पत्र २२, पूर्ण, रिल नं. १०२१/८

उद्धरण

लेष्नेहरूले यो लेष्याका छन् की कोहि काल्मा तैनाम् गर्‍याका इरान्का वाद साहा थीया तीन्को षर्षजाना फौज् जर्ज्वाहारातहरू धेरै हुनाले वहुत् षुस् थीया श्रषीर्मा तीन्ले आफ्ना कांछा वावुकी छोरि संतान हवस् भंना निमित्त बिवाह गर्‍याका थीया धेरै दिन् पछि परमेश्वरका कृपाले तीनै रानीवाट अति सुंदर पुत्र १ पैदा हुन गया ......।

समीक्षा

हातिम् ताइको कथा रा.अ.को लगत षष्ठमा नं. १ देखि ७ सम्म रहेका छन् । प्रश्न उत्तरका रूपमा कथा आएको छ । पहिलो प्रश्न र त्यसको उत्तरका रूपमा रहेको यो हातीम् ताइको कथा १ मा तैनाम् वादशाह र उनका छोरा हातिम्का पराक्रमको कथा एवं उपकथाहरू रहेका छन् । मूल लगतमा हातीमताइ लेखिएको भए तापनि यस कथाको नास यस कथाका राज कुमार "हातिम् ताई" रहेको र त्यसैका आधारमा यसको शीर्षक राखिनु पर्ने देखिन्छ । यो मुश्लिम राज परिवारसँग सम्बन्धित कथा कुनै उर्दू फारसी भाषाको कथाबाट अनुदित गरिए जस्तो देखिन्छ । यो पहिलो प्रश्नको उत्तरका रूपमा आएको कथा आदि अन्त्य पूर्ण छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५८. हातिम् ताईको कथा, नं. २, ल.सं.प. ५१४, वि.सं. ८, लेखक-, लेखन समय-, पत्र २०, पूर्ण, रिल नं. A १०२१/९

उद्धरण

मलाइ लगेर नदिमा फेकी दे भन्या मानिस काहा छ तेष्लाइ षोजन जाने वयान् हुश्न वावुले दोस्रा प्रश्न यो हो कि यउटा मानिसले आफु ढोकामा नेकि गरेर नदिमा फेंकिदे भन्या टासेको छ यो लेषनाको के हेतु हो यस्को भेद षुलेन औ तेश्ले यस्तो के भलाइ गरेछ यस्को षवर ल्याइ देउ भनी भन्यो ।

समीक्षा

दोस्रो प्रश्नको उत्तरका रूपमा आएको यो 'हातिम् ताईको' कथा नं. २ छुमन बावुको आज्ञा मुताविक हातम् चाहिँ आफ्नो ढोकामा 'कृपया मलाई नदीमा फालीदिनु होला' भनेर लेखि टासेको कारण पत्ता लगाउन उत्तर दिशातर्फ गएको प्रसङ्गबाट सुरू भएको छ । अनेकौं रोचक कथा र उपकथाको वयान गर्दै कथावस्तु अगाडि वढेको छ । यस दोस्रो कथामा पनि लेखक लेखन समय उल्लेख छैन । पुस्तक आदि अन्त्य पूर्ण छ ।

५९. हातिम् ताईको कथा, नं. ३, ल.सं.ष. ५१५, वि.सं. १५, लेखक-, लेखन समय-, पत्र १८, पूर्ण, रिल नं. A १०२१/१०

उद्धरण

तेश्रा प्रश्न हातिम् गै कसैसित दुष्टा नगर गऱ्यो भन्या तेहि पाउ लास् भंने कुराको षवर ल्याउने वयान् ॥ ताहापछि यो कुरा सुनि हातिम् तहाबाट विदा भै ईश्वरको भरोसामा. यउटा वन तिर गये ६ मैन्हा पछि यउटा ठुलो परवत देषे. और जसै तेस पहाड मुनि पुगे. तसै यउटा मानिस रून लागि रहेको सुने. तेस्तो सुनि हातिम्ले चारैतिर हेर्न लागे ॥

समीक्षा

तेश्रो प्रश्न सुनी हातिम् जङ्गलतिर लागेको र त्यहाँ एउटा युवकलाई आफ्नी प्रेयसीको पिरमा रोएको भेटेको प्रसङ्गबाट यसको कथा प्रारम्भ भएको छ । यसमा पनि अनेकौं रोचक कथा उपकथाका माध्यमबाट कथावस्तुलाई अगाडि वढाइएको छ । अन्त्य चाहिँ हातिम्, हुश्नवाहु र ब्रह्मवाहुको सम्वादमा गरिएको छ । यो भाग पनि आदि अन्त्य पूर्ण छ लेखक लेखन समय उल्लेख छैन ।

५९. हातिम् ताईको कथा, नं. ४, ल.सं.ष. ५१६, वि.सं. १३, लेखक-, लेखन समय-, पत्र १४, पूर्ण, रिल नं. (नभएको)

उद्धरण

चौथा प्रश्न हातिम् गै सत्य बोल्नेलाई सधै षुसि छ भंने कुरा सोधेर ल्याउने विषयमा ॥ तहा पछि हातिम् ब्रह्मवाहुसँग विदा भै साहावादबाट निस्के केहि दिनमा त्यो सहर नाघेपछि यउटा पर्वत्का मनि गयर यउटा रक्तको नदी वगेको देषे तेस्तो देषेर हातिम्ले वहुत आसार्य मानी यो जल्काहा बाट आयाको छ.

समीक्षा

हातिम् ताईको कथा नं. ४ चौथो प्रश्न सुनिसकेपछि हातिम् ब्रह्मबाहुबाट विदा भएर जङ्गलमा गएको र त्यहाँ रक्त नदी देखी यो कहाँबाट आएको होला भनेर त्यसको खोजी गरेको प्रसङ्गबाट प्रारम्भ भएको छ । यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भागलाई पनि अनेकौं रोचक कथा उपकथाका साथ अगाडि बढाइ हातिम्को अनीदाका लागि प्रस्थान गर्न लागेसम्मको प्रसङ्गलाई समावेश गरिएको छ । यो भाग ४ पनि आदि अन्त्य पूर्ण राम्रो छ । लेखक लेखन समय उल्लेख छैन ।

६१. **हातिम् ताईको कथा, नं. ५,** ल.सं.प. ५१७, वि.सं. १७, लेखक-, लेखन समय-, पत्र १६, पूर्ण, रिल नं. A १०२१/१२

उद्धरण

पंचम प्रश्न हातिम गै कोहनीदा अर्थात् सब्दमान् पर्वतको कुरा बुझेर ल्याउने विषयमा ॥ ताहापछि हातिम्ले २१४ वोटा शिक्ष्या मुनी र स्वामिलाई सुनाई. यकातिरको वनको वाटो. लिय् औ जुन् गाउ नगर्मा पुग्ये वाहाका मानीसहरूसँग हे मित्र हो तिमीहरू कसैले कोह नीदाको वाटो जानेको भया देषी मलाई दयागरी वताई देऊ ॥

समीक्षा

हातिम् ताई कथा नं. ५ को थालनी हातिम सवै गुरुजनहरूसँग विदा भै कोहनीदा जानका लागि प्रस्थान गरेको र वाटोमा सवै गाउँलेसँग वाटो सोधेको एवं एक ठाउँमा मूर्दा अगाडि राखी रोइ रहेका मानिसहरूको समूह भेट्टाएको प्रसङ्गवाट गरिएको छ भने यसलाई पनि अनेकौं रोचक कथा उपकथाका माध्यमवाट अगाडि वढाइएको छ । अन्त्य चाहिँ हातिम्ले मुनी र स्वामीसँग विदा भै जल पंक्षीको फूल जत्रो मोतीको खोजिमा निस्केको प्रसङ्गवाट गरिएको छ । यो भाग पनि आदि अन्त्य पूर्ण राम्रो छ भने लेखक लेखन समय उल्लेख छैन ।

६२. **हातिम् ताईको कथा, नं. ६,** ल.सं.प. ५१८, वि.सं. १०, लेखक-, लेखन समय-, पत्र १५, पूर्ण, रिल नं. A १०२१/१३

उद्धरण

छैटौं प्रश्न. हातीम् गै. जल् पक्षीको फुल् जत्रो मोति षोजेर. ल्याउने वीसयमा ॥ जसै हातीम्. महावादवाट नीस्के तसै पाच् कोस् गई यउटा ढुगामाथि वसि फीत्री गरि हे परमेश्वर यस्तो मोति कुन् समुद्रवाट हात् लाग्ला तर तिमिले मद्दत् गरौ भने मात्र यस्तो मोती पाइला. भनी मनमा भंन लागे ॥

समीक्षा

हातिम् ताई कथा नं. ६ को थालनी हातिम् जलपक्षीको फुल जत्रो मोतीको खोजिका लागि निस्किएको र पक्षीका भालेपोथीहरूवाट त्यस किसिमका मोतीको सुइको पाएको प्रसङ्गवाट गरिएको छ भने यस भागलाई पनि अनेकौं रोचक कथा उपकथाका माध्यमवाट अगाडि वढाइएको छ । अन्त्य चाहिँ छुरनुवानुसँग विदा भै सरायमा आएको र स्वामी तथा मुनिलाई भेटेको प्रसङ्ग एवं हुश्नुवानुले हम्मामृवाद गर्दको षवर सोधेको प्रसङ्गबाट गरिएको छ । यस भागको कथा पनि आदि अन्त्य पूर्ण राम्रो छ । लेखक लेखन समय उल्लेख छैन ।

६३. **हातिम् ताईको कथा, नं. ७,** ल.सं.प. ५१९, वि.सं. ९, लेखक-, लेखन समय-, पत्र ११, पूर्ण, रिल नं. A १०२१/१४

उद्धरण

सातौ प्रश्न हातीम्; हम्मामृवाद गर्दको षवर ल्याउने औ हुश्नवानु. मुनि र स्वामीको वीवाह गर्ने औ आफु आफ्ना घर जाने वीसयमा ॥ जसै हातीम् सहरवाट नीस्की

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जंगल तीरको वाटो लीये थोरै दीन पछी य़उटा सहरका नजीकमा पुगे तसै य़ौटा इनारको चारैतीर धेरैजना मानीस्को भीड देषे.

समीक्षा

हातिम् ताई कथा नं. ७ को थालनी हातिम् हम्माम्‌वाद गर्दको खवर लिन निस्किएको र धेरै दिन पछि एउटा सहरमा पुग्दा त्यहाँ एउटा इनारलाई चारैतिरबाट मानिसले घेरेको एवं त्यस इनारमा त्यस देशका राजाको छोरा बहुलाएर इनारमा खसालेको प्रसङ्गबाट भएको छ भने यस भागलाई पनि अनेकौं रोचक कथा उपकथाहरूका माध्यमबाट अगाडि बढाइएको छ। अन्त्यमा हातिम्‌ले विवाह गरेको सुख पूर्वक राज्य संचालन गरेको प्रसङ्ग रहेको छ। यो सानो भाग पनि आदि अन्त्य पूर्ण छ तर लेखकको नाम भने उल्लेख छैन। अन्त्यमा **"ईती सम्वत् १९५० साल मीती भाद्र सुदी ६ रोज ७ मा हातीम् ताई नेपाली भाषामा लेषी सकीयो सातौ प्रश्न सम्पुर्ण शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको मात्र होइन सम्पूर्ण भाग १ देखि ७ सम्मका यी कथाको अनुवाद १९५० मा भएको स्पष्ट हुन्छ। यो कथा कुनै उर्दू फारसी भाषाको कथाबाट अनुवाद गरेको देखिन्छ। यस सम्वन्धमा थप अध्ययन गर्नुपर्ने देखिन्छ।

६४. **हातिम् ताईको कथा,** ल.सं.तृ ५४५, वि.सं. ३३४, लेखक-, लेखन समय-, पत्र १६८, (किताव) पूर्ण, रिल नं. B २७४/३

उद्धरण

परोपकारि हातम वादसाहाको किस्सा ॥ अथ तारिफ गर्न्याहरूले कहंछन् ॥ कोहि यमन् सत्कारका किनारामा यङ्द नाम गर्‍याको १ जना मर्द गृहस्थि थियो ॥ उस्का मनमा एस्तो आयो कि-क्या कामले कुवाको ड्याङ् झैं घरै वसि रहनु ॥

समीक्षा

ल.सं.तृ. ५४५ मा रहेको यस हातिम् ताईको कथामा कथा नं. १ देखि ७ सम्मका सवै कथाहरू एकै ठाउँमा रहेका छन्। नेपाली कागजमा रहेका पत्रहरूलाई गाताबन्दी गरी पुस्तकाकार वनाइएको छ। किताव आदि अन्त्य पूर्ण छ भने यसमा कुनै पनि खण्डमा अनुवादक लेखक वा लेखन समय दिइएको छैन।

ल.सं.प. ५१३ देखि ५१९ सम्म बयान गरिएका हातिम् ताईको कथा र यो कथा एउटै ढर्रा र शैलीमा लेखिएका एउटै कथा देखिन्छन् तापनिं यसको थालनीको केही भाग ती कथामा भन्दा अगाडिको प्रसङ्ग पनि दिइएकाले यसैको प्रतिलिपि गरिएको हो भन्न चाहिँ मिल्दैन। यी दुवै हातिम् ताईको कथाका मूल उर्दू फासरी स्रोत भने एउटै हो भन्न सकिन्छ। नेपाली कथा विधामा माध्यमिक कालको थालनी र मुद्रण युगको प्रारम्भसँगै संस्कृत इतर भाषावाट समेत नेपाली कथा अनुवाद गर्ने परम्पराको थालनी भएको पाइन्छ। यसैको प्रतिरूप १९५० मा अनुवाद गरिएका यी कथाहरू देखिन्छन्। अतिरञ्जनात्मक र तिलश्मी प्रवृत्तिका यी कथाहरू कथा लेख्नकै लागि नभएर पाठकहरूलाई मनोरञ्जन दिने उद्देश्यले रूपान्तरित गरिएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कर्मकाण्ड

१. **उद्यान निर्माण विधि,** ल.सं.द्वि. २०१, वि.सं. २८८, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. B ३६०/७

उद्धरण

गोदानादि अनेक पुण्य हुंछ भनि वगैचा वनाउन्या विधि लेखिन्छ.॥ घरदेखि पूर्व पश्चिम. उत्तर. इ तिन दिशामा वगैचा लाया पुत्र धन फल हुन्छ ॥

समीक्षा

यसमा वगैंचा बनाउने तरिका र कुन दिशामा कस्तो बगैंचा बनाएमा कस्तो प्रकारको पुण्य हुन्छ भन्ने कुराको बयान छ साथै कुनफूल कुन-कुन महिनामा लगाउँदा उत्तम हुन्छ भन्ने विषय उल्लेख छ । २० ३/४ x २२ आकारको एउटै पत्रमा लेखिएको यो कृति आदि अन्त्य पूर्ण छ लेखक लेखन समय उल्लेख छैन ।

२. **तडागादि निर्माण विधि,** ल.सं.द्वि. १५५, वि.सं. ८३०, लेखक-, लेखन समय-, पत्र ४, पूर्ण, रिल नं. A ४४६/७

उद्धरण

श्रव उप्रांत इनार वनाउन्या विधिकन कहिंछ ॥ विश्नु धर्मोत्तरमा भन्याको वचनको श्रर्थ ॥ विना पानिले. इहलोकमा पनि पर लोकमा पनि.कोहि ठहर्नु सकदैन.तसर्थ. जान्याले. इनार ग्रैह जलाशयकन. श्रवश्य वनाउनु ॥

समीक्षा

यस पुस्तकमा कस्ता किसिमका जलाशयहरू कुन कुन दिशामा के कसरी निर्माण गर्दा के कस्ता प्रकारको पुण्य हुन्छ भन्ने विपयको वयान छ। ४ पत्रको कृति आदि अन्त्य पूर्ण छ। लेखक लेखन समय उल्लेख छैन। विभिन्न धर्मशास्त्र ग्रन्थहरू एवं विशेप रूपमा विष्णु धर्मोत्तरवाट विपयवस्तु लिएर यसको रचना गरेको अनुभव हुन्छ ।

३. **धूप पुश्प नामावली,** ल.सं.पं. २५६७, वि.सं. १०७१, लेखक-, लेखन समय-, पत्र ठ्यासफू, पूर्ण, रिल नं. B ३७०/१)

उद्धरण

षंडित नभयाको विल्वपत्रले येकवार भक्ति पुर्वक श्री भवानीको पूजा गर्नु तस्को .... पाप मुक्त भैकन शिवलोकमा वास हुं. ॥

समीक्षा

यसमा विभिन्न धर्मशास्त्रमा वयान गरिएका आधारमा कुन फूल चढाएर श्री भवानीको पूजा गर्दा कस्तो फल पाइन्छ भन्ने विपयको वयान गरिएको छ। भवानीका स्वरूप अनुसार कुन-कुन स्वरूपलाई कुन जातको फूल उपयुक्त र फलदायी हुन्छ भन्ने विपयको निरूपण गरिएको छ। ठ्यासफूमा लेखिएको यो कृति आदि अन्त्य पूर्ण छ भने लेखक र लेखन समय उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४. **पार्थिव लिङ्ग पूजा,** ल.सं. च. १८६०, वि.सं. १२९६, लेखक-, लेखन समय-, पत्र ६, पूर्ण, रिल नं. B ३७२/११

उद्धरण

यस् मंत्रले फलफूल दुवो हालि सूर्यलाइ अर्घदिनु ॥

समीक्षा

यसमा पार्थिव शिव लिङ्ग पूजाका मूल संस्कृत मन्त्र र त्यसको निर्देशन (यसो गर्नु उसो गर्नु) भन्ने चाहिं नेपाली भाषामा दिइएको छ । अगाडि संकल्प र मंत्रहरू रहेको यो कृति आंदि अन्त्य पूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन ।

५. **राज प्रशस्तिक्यम्,** ल.सं.प्र. ९९४, वि.सं. १६९९, लेखक-, लेखन समय-, पत्र ६, अपूर्ण, रिल नं. A ४५६/२२

उद्धरण

अन्वय सांख्य जस्तो हो हे जीव त्यस्तो भयाको छँदो तांहांसम्म भोगगर जहासम्म प्रकृति.............॥

समीक्षा

प्रकृति, पुरुप र आत्मतत्त्व सम्बन्धी विषयको बयान गरिएको यस पुस्तकमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । सामान्य अवस्थाको यो कृति आदि अन्त्य अपूर्ण छ भने लेखक र लेखन उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कामशास्त्र

१. **अनङ्ग रङ्ग भाषा टीका. सहित,** ल. सं. द्वि. २०८, वि.सं. १, लेखक: कल्याण मल्ल, लेखन समय–, पत्र ६४, अपूर्ण,रिल नं. B २७७/१९

उद्धरण

निर्विघ्न पूर्वक ग्रंथ समाप्त हवस् भन्ना निमित्त. कामदेवको स्मरण रूप मंगलाचरण गरिंछ अति सुंदर विलास भयाका सव प्राणीका चीतमा वस्याका संग्राममा वडा तेजस्वी भयाका संवरनाम दैत्यकन मार्न्या आफ्नी पत्नी रतीका नेत्रकन आनन्द दिन्या सर्वदा सुन्दर मुर्तिभयाका सकल स्त्रीजनकन मोह गराउन्या सवैलाइ आनंद दिन्या यस्ता कामदेवकन नमस्कार गर्छु. भनि कल्याण. मल्लनामा कवी. जोछन् सो कामदेवकरा नमस्कार गर्छन्– १

समीक्षा

कामदेवको शारीरिक वयानवाट प्रारम्भ गरिएको र पुरूषको कामशक्ति वढाउने उपाय वयान गरिएसम्मको नेपाली टीका छ भने त्यस पछिको अंश संस्कृत श्लोक मात्र छ। यसरी नेपाली टीका अपूर्ण छ भने संस्कृत श्लोक चाहिँ **"संभोगादि निरूपणम् नाम दशम स्थल समाप्तम्"** भन्ने उल्लेख गरिएकाले पूर्ण देखिन्छ। यसका संस्कृतका मूल लेखक महाकवि कल्याण मल्ल हुन्। यसको नेपाली अनुवाद कसबाट र कहिले गरियो सो यस कृतिवाट थाहा हुन सक्दैन। प्राचीन काम शास्त्रीय आधारमा स्त्री लक्षण वर्णन, पुरूष लक्षण वर्णन गरिएको यो पुस्तक सम्वन्धित विषयमा महत्त्वपूर्ण देखिन्छ , भाषिक दृष्टिले हेर्दा यो मध्यम स्तरीय देखिन्छ। वर्णनात्मक शैली निकै राम्रो छ।

२. **अनङ्ग रङ्ग नेपाली टीका,** ल.सं.पं. ३२१४, वि.सं. ३, लेखक: कल्याण मल्ल, लेखन समय: सं. १९०९, पत्र ९९, पूर्ण, रिल नं. B २७७/२० B २७८/१

उद्धरण

निर्विघ्न पूर्वक ग्रंथ समाप्त हवस् भंना निमित्त. कामदेवको स्मरण रूप मंगला चरण गरिन्छ. अति सुन्दर विलास भयाका. सव प्राणिका चित्तमा वस्याका. संग्राममा वडा तेजस्वी भयाका. शंवरनामा दैत्यकन मार्न्या. आफ्नि पत्नि र तिनका नेत्रकन नमस्कार गर्छु भनिकन. कल्याण मल्ल नामा कवि कामदेवकन नमस्कार गर्छन्।

समीक्षा

ग्रन्थ निर्विघ्नतापूर्वक समाप्त होस् भन्नका निमित्त प्रारम्भमा मङ्गलाचरण संस्कृत श्लोकमा गरिएको छ भने त्यसपछि मूल संस्कृत र त्यसको नेपाली टीका समेत दिइएको छ। कामदेवको शारीरिक बयानबाट प्रारम्भ गरिएको यस कृतिलाई स्त्री लक्षणको बयान गरी टुङ्ग्याइएको छ भने अन्त्यमा आशीर्वाद वचन पनि दिइएको छ। जम्मा दश स्थलमा विभाजन गरिएको यस कृतिमा पहिलो स्थलमा पद्मिनी आदि जातिका स्त्रीको निरूपण, दोस्रोमा चन्द्रकलाको निरूपण, तेस्रोमा मृगादि जातिका पुरूष र तिनीहरूको संभोग क्रियाको बयान, चौथोमा स्त्रीको उमेर, नाम र स्वभावको बयान, पाँचौमा पनि स्त्रीहरूको स्वभावको बयान, छैठौंमा वर्गीकरण आदि विधिको बयान गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्त्यमा दशम स्थलमा संभोगादिको निरूपण गरिएको छ। अन्तिम पुशिपका वाक्यमा **"इति सम्वत् १९०९ साल. कार्तिक वदि २ रोज ७ का दिन यो पुस्तक नेपालका राजा श्री ५ राजेन्द्र बिक्रम शाहका वैठक्याले लेष्याको हो शुभम्"** भन्ने उल्लेख गरिएकोले यसको लेखन समय स्पष्ट हुन्छ तर मूल कृति संस्कृतवाट नेपालीमा रूपान्तरण गर्ने व्यक्ति चाहिँ वैठके हो भन्ने मात्र उल्लेख भएकोले स्पष्ट नाम किटानका लागि थप अनुसन्धान हुनु पर्ने देखिन्छ। यसमा नेपाली अनुवाद र संस्कृत दुवै आदि अन्त्य पूर्ण छ। पुस्तकको अवस्था साधारण रहेको छ भने भाषिक प्रस्तुतिकरण पनि उपयुक्त छ।

३. **अनङ्ग रङ्ग नेपाली टीका,** ल.सं.पं. ३२१६, वि.सं. ८, लेखक: कल्याण मल्ल, लेखन समय–, पत्र ५०, अपूर्ण, रिल नं. A ३८१/३३

उद्धरण

प्रथम श्लोकको भाखा निर्विघ्नपूर्वक ग्रन्थ समाप्त हवस् भन्ना निमित्त कामदेवको स्मरण मंगलाचरण गरिंछ।

समीक्षा

यो अनङ्ग रङ्ग पनि पं. ३२१४ को प्रतिलिपि अनुभव हुन्छ। यसमा ५० पत्रमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। प्रतिलिपिमा भाषिक त्रुटि निकै देखिन्छ। अध्याय छुट्याइएको छैन केवल श्लोक संख्या मात्र दिइएको छ।

४. **अनङ्ग रङ्ग नेपाली टीका,** ल.सं.पं. ३२१५, वि.सं. १०, लेखक: कल्याण मल्ल, लेखन समय–, पत्र ३५, अपूर्ण, रिल नं. A ३५४/१३

उद्धरण

इनै महाराजका विनोद निमित्त शोभायमान. संपूर्ण कलामा कुशल भयाका वडा यशस्वी. क्षत्रिय विषे वडाज्ञानी एस्ता कल्याण मल्ल नामा कवि. सवै सौखिन जनको पियारो अनंग रङ्ग नामा ग्रन्थकन बनाउँछन् ३

समीक्षा

अगाडि कै अनङ्ग रङ्गको प्रतिलिपि गरिएको यस कृतिमा अगाडिको १ पत्र नभएको जस्तो देखिन्छ। कामदेवका रूपको वयानवाट कृति थालिएको छ भने चुम्बनका प्रकारको बयानमा टुङ्गिएको छ। जम्मा ३५ पत्र भएको कृति आदि अन्त्य अपूर्ण छ। यसमा पनि मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषानुवाद छ। संस्कृत मूलका लेखक कल्याण मल्ल हुन् भने नेपाली रूपान्तरणकार रूपान्तरण समय उल्लेख छैन।

५. **अनङ्ग रङ्ग नेपाली टीका,** ल.सं.पं. १०२३, वि.सं. १५, लेखक: कल्याण मल्ल, लेखन समय: सं. १००५, अपूर्ण, पत्र ५५, रिल नं. A १०२४/८

उद्धरण

निर्विघ्न पूर्वक ग्रंथ समाप्त हवस् भन्ना निमित्त. कामदेवको स्मरण रूप मंगला चरण गरिंछ. अति सुन्दर विलास भयाका सव प्राणीका चित्तमा वडो तेजस्वी भयाका संवरनाम दैत्यकन मान्यी आफ्नी पत्नी रतीका नेत्रकन आनन्द दिन्या सर्वदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुन्दर मुर्तिभयाका सकल स्त्रीजनकन मोह गराउन्या सवैलाइ आनन्द दिन्या एस्ता कामदेवकन नमस्कार गर्छु भनि कल्याण मल्लनामा कवी कामदेवकरा नमस्कार गर्छन् ।

समीक्षा

कीराले र मुसाले काटेर आदि अन्त्य अपूर्ण भएको यो कृति पनि अगाडिकै अनङ्ग रङ्ग जस्तै महाकवि कल्याण मल्लले लेखेको संस्कृत प्रतिको नेपाली अनुवाद देखिन्छ । कीराले काटेको भए तापनि दशम स्थलसम्मको अन्तिम पत्र छ । यस कृतिमा पनि काम कला र नायक नायिकाका भेदहरू दिइएको छ । अन्त्यमा **"संवत् १००५ मिति भाद्र शुदि ९"** लेखिएको बाँकी मुसाले काटेको छ तापनि यसमा नेपाली रूपान्तरण समय थाहा हुन्छ तर रूपान्तरणकार भने थाहा हुन सक्दैन ।

६. **अनङ्ग रङ्ग नेपाली टीका सहित,** ल.सं.ष. ६७४, वि.सं. १७, लेखक: कल्याण मल्ल, लेखन समय–, पत्र ४६, पूर्ण, रिल नं. A १३०९/३५

उद्धरण

आफ्ना महाराजका यश निमित्त वर्णन पूर्वमा आशीर्वाद दिंछन् ॥ लोदी वंशका मुकुट भयाका जस्ले माऱ्याका शत्रु स्त्रीजनका अश्रु धारादेषि सात समुद्र प्रटक भयाका छन् ॥ शत्रुका यशकन सहजैले नाश गर्‍या दरिद्रकन दानले तृप्त गराउन्या वडो किर्त्तिभयाका जो अहमद नाम राजा तन्का त पुत्र कामशास्त्रको सिद्धान्त जान्या संपुर्ण पृथ्वी मंडलका राजाका मुकुटले तन्का चरण कमलको प्रणाम गरिन्छ ॥

समीक्षा

प्रारम्भमा मङ्गलाचरण एवं कामदेवका शारीरिक र पराक्रमिक पक्षको बयान गरिएको यो कृति पनि अगाडिका अनङ्ग रङ्ग कै नेपाली टीका देखिन्छ । यसमा चाहिँ मूल संस्कृत श्लोक उतारिएको छैन केवल भाषानुवाद मात्र छ । प्रारम्भदेखि दशम स्थलसम्म रहेको यो कृति आदि अन्त्य पूर्ण छ तर लेखक वा रूपान्तरणकार एवं रूपान्तरण समय उल्लेख भएको छैन । पुस्तकलाई 'इति पद्मिनी लक्षणं' इति शंखिनी एवं विभिन्नदेश र उमेर रूप अनुसारका स्त्रीहरूको स्वभावको बयान तथा कामासनको वयान, सित्कारको बयान र स्त्री लक्षणको बयान गरिएको छ । कामशास्त्रको शास्त्रीय ज्ञानका लागि कृति निकै उपयोगी देखिन्छ ।

७. **पंच सायक नेपाली भाषा टीका,** ल.सं.ष. ९६७, वि.सं. ९, लेखक: कवि शेष आर्य, लेखन समय–, पत्र ४३, पूर्ण, रिल नं. A १००२/३८ A १००३/१

उद्धरण

रतिको यो परिमल प्रीति तस्को सिंधुः समुद्र जस्तो । कामिनी स्त्रीको केलि श्रृगार कला तस्को वंधु सहाय विहित गरेछ भुवनलोकको मोह हर्ष जस्ले । जस्को सेवा गऱ्या सुख हुंछ ॥ जस्ले संसार मोह गरिराषेछ जस्को चाक्रि कामिनी जन गर्छन् ॥ माछो जस्का ध्वजाविषे छ ॥ एस्तो कामदेव सर्वोपरि विराज हुंछ ॥ तस्मात् कामदेवको सेवा गर्नु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

मङ्गलाचरण र ग्रन्थ महात्म्यबाट यसको थालनी गरिएको छ । यसका मूल संस्कृतका लेखक कवि शेष आर्य हुन् । नेपाली रूपान्तरणकारको नाम भने थाहा हुन सक्दैन । संस्कृत भाषा र त्यसको नेपाली टीका सहित दिइएको कृति आदि अन्त्य पूर्ण छ । पाँचवटा सायक अथवा भाग भएकाले यसको नाम पञ्च सायक राखिएको हो । जम्मा ४३ पृष्ठ मध्ये पृष्ठ ३१ पछि केवल संस्कृत भाषा मात्र छ नेपाली टीका छैन । भाषिक दृष्टिले हेर्दा कृति अलि प्राचीन जस्तो देखिन्छ । यसको यकिन गर्नका लागि यसको कृतिगत एवं तुलनात्मक अध्ययन हुनु आवश्यक देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

काव्यशास्त्र

१. **अजीर्ण मञ्जरी,** ल.सं.ष. ३५५९, वि.सं. ५९, लेखक–, लेखन समय–, पत्र १, अपूर्ण, रिल नं. A १३९९/३१

उद्धरण

विषले मात्यामा सुन पषाल्याको पानि र गुरा षानु. दुदले मात्यामा षांड षानु.....॥

समीक्षा

यसमा अजीर्ण मञ्जरीको जम्मा १ पत्र रहेको छ । आयुर्वेद विषयको यो पुस्तक काव्य अन्तर्गत दर्ता भएकोले यहाँ चर्चा गरिएको हो । यसै लगतमा दर्ता भएको अर्को पत्र पनि छ तर त्यो हिन्दी भाषामा लेखिएको काव्य जस्तो देखिन्छ । यस अजीर्ण मञ्जरीको पत्रमा मूल संस्कृत र त्यसको नेपाली टीका रहेको छ । अरू थप विवरण कृतिबाट स्पष्ट हुँदैन ।

२. **मोतीराम भट्टका फुटकर कविता,** ल.सं.–, वि.सं. ४५ 'ख', लेखक: मोतीराम भट्ट, लेखन समय- , पत्र ५३ कापी, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

छ कस्का मकाख्मा सुते क्या म ओढी दुई स्तन् अधार
पाउदा क्या गरीयो भयो हर्ष कस्तो छ को धन्य जन्मा
परीका पखेटा समाती उडेको अंतर्लापिक –१


छुकस्कामकाखमासुनेक्यामओढीउईस्तन् अधारपाउदा
क्यागरीयोभयोहर्षकस्तोछकोधन्यजन्मापरीकापखेटासमा
तीउडेकोअंतर्लापिक १
रागठुगरी
सनमपतनानसनावोरेआओगलेलगनावो ध्रु नेरेखा
तिरयह्निंजुरसनमकर्नेनकोजुदामोरेसकोकलम मुरे
येनखुसीनारंनअलमनननेगदेखवावोरे १ गहेरोमेनुनो
जानेहोनहियासहमारेआनेहो इनवामोमेक्यापानेहो हमसे
नोवनाओरे २ कलवादाकियारवाइकसमपासनेरेआवे
गेहम वसदेखलिपागमबाजमनमनवानवनाओरेसन
३ मेरेपहिसरमानससवमाफकरोओररारवोमरम तुम
आनमिलोहमसेहरदम गागापनिगुगागावोरे ४
रागभामावरी
भमराकनिदिनरहुंमैउदासी ध्रु सिरकिसीदुरनेत्रकीगा
जुलुहानजोकंकनवांहि पिहावियोगिनीपरदेशगईहैजो
भनभयेपुरनाही १ रोइश्नेनानिरवहनलागीचोलियाभं
गभिनाईउठिकेपिहाकोदेखनपाइँमनचित्तकेरोउगाइमम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा कवि मोतीराम भट्टद्वारा रचित २ वटा विभिन्न रागका श्रृङ्गारिक गजल, गजेन्द्र मोक्ष, विभिन्न कुट श्लोक एवं संस्कृत र बंगाली भाषाका केही श्लोकहरू रहेका छन् । अगाडि र पछाडिका पत्रमा पछि थपिएका गजलहरू छन् । अगाडि पट्टि केही शब्दार्थ र अष्टदल कमलको चित्र दिइएको छ । कृति आदि अन्त्य पूर्ण छ भने लेखन समय कही उल्लेख छैन । मोतीराम भट्टका आफ्नै हस्ताक्षरमा लेखिएका हुन् कि जस्ता देखिने यी गजलहरू फुटकर रूपमा प्रकाशमा पनि आइसकेका छन् ।

३. **खड्ग युग्म वन्ध पढ्ने कुन्जी,** ल.सं.च. २२८३, वि.सं. १४७, लेखक- , लेखन समय- , पत्र ४, पूर्ण, रिल नं. A ३७६/४

उद्धरण

खड्ग युग्म वन्ध पढ्ने कुन्जी

१. खड्गको दुई भाग हुन्छ– १ भाग खड्ग । दोस्रो भाग मुठ । २. खड्ग र मुठको सन्धि अक्षर ५ वार पढ्न हुने गरी श्लिष्ट पारी रचना गर्नुपर्छ र खड्गको अगाडि पट्टि धारतिरको पङ्क्तिमा मिल्ने गरी सो सन्धि अक्षरबाट पढ्न शुरू गर्नुपर्छ ।

समीक्षा

यस कृतिको अगाडिपट्टिको कवरमा **"श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका ४८ सौं शुभ–जन्मोत्सवमा २०२४ साल ज्येष्ठ........गते शुभकामनाका रूपमा चढायेको खड्ग युग्म बन्ध पढ्ने कुन्जी लेखिएको पुस्तक"** भन्ने उल्लेख भएकोले यसको लेखन समय र लेख्ने उद्देश्य स्पष्ट हुन्छ । वीर पुस्तकालयका तत्कालीन अध्यक्ष बुद्धिसागर पराजुलीले तयार पारेर मौसूफमा चढाएको अनुमान गर्न सकिन्छ । ल.सं.च. २२८२ वि.सं. १४८ को खड्ग युग्म पढ्ने कुन्जी पनि वि.सं. १४७ को खेस्रा रूप देखिन्छ । श्री ५ महाराजाधिराजका प्रमुख स्वकीय सचिवालय राजदरवार नेपाल २०११ को छाप समेत लगाइएको यस खेस्रा कपीको अन्त्यमा 'बुद्धिसागर पराजुली' भन्ने उल्लेख गरिएको छ ।

४. **गीत गोविन्द,** ल.सं.पं.४२१८, वि.सं. १७७, लेखक–, लेखन समय–, पत्र ६६, पूर्ण, रिल नं. A १३४६/८

उद्धरण

ग्रंथका प्रारंभमा. मंगल पर्न्हुभन्ना निमित्त जयदेव कवि जो छन्. मेघैर्मेदुरमंवरं भन्याका मंगल श्लोककन पर्धछन्. तस्को अर्थ. वालक भयाका श्री कृश्न र. राधिका प्रभृतिहरू यमुनाका तीर वीषे गयामा जव संध्याकाल हुन्या समय आउन लाग्यो. तस् समयमा. नंद जोछन्. राधिकाकन कहन्छन्. ॥

समीक्षा

यस कृतिमा कवि जयदेवद्वारा रचित 'गीत गोविन्द' संस्कृत काव्यको प्रारम्भदेखि अन्त्यसम्मको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका दिइएको छ । यसमा जम्मा १२ सर्ग रहेका छन् । पुस्तक आदि अन्त्य पूर्ण तथा राम्रो छ । भगवान् श्री कृष्ण र राधिका एवं गोपिनीहरूसँगको क्रीडा बयान गरिएको यो काव्य श्रृङ्गार रस प्रधान रहेको छ । गद्य नेपाली भाषा टीकाकार र टीकाकरण समय भने दिइएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५. **गीत गोविन्द,** ल.सं.च. १५८१, वि.सं. १८८, लेखक– , लेखन समय– , पत्र ५१, पूर्ण, रिल नं. B ३६०/२ B ३८०/२

उद्धरण

हे राधे मेघले आकाश चिल्लो भयो. तमाल वृक्षले वन भूमी कालो भयो. कृश्नजी भन्या रात्रिमा डराउँछन्. तस्काररााले कृश्नजीकन तिमिनघर पुऱ्याउ ॥ एति नंदका आज्ञाले गयाका राधाको र. कृश्नको. वाटावाटामाका. कुंजकुंज वृक्षवृक्षमा र यमुनातीरमाका. एकांतका क्रीडा सर्वैभन्दा वडा भै रहंछन् । ॥१॥

समीक्षा

यसमा पनि कवि जयदेवद्वारा रचित संस्कृत काव्य गीत गोविन्दका मूल संस्कृत श्लोक र नेपाली भाषा टीका रहेको छ । यसमा पनि नेपाली टीका समय र टीकाकारको नाम दिइएको छैन । ल.सं.पं. ४२१८ भन्दा केही भिन्न शैलीका देखिने यी दुई कृतिको तुलनात्मक अध्ययन हुनु आवश्यक देखिन्छ । कृति साधारण अवस्थाको र आदि अन्त्य पूर्ण छ ।

६. **गीत गोविन्द,** ल.सं.पं.४२१७, वि.सं. १६५, लेखक–, लेखन समय–, पत्र ५३, पूर्ण, रिल नं. A ३७९/६

उद्धरण

हे राधे. मेघले आकाश चिल्लो भयो. तमाल वृक्षले वन भूमी कालो भयो. कृश्नजी भन्या रात्रिमा डराउछन्. तस्काररााले कृश्नजीकन तिमिनघर पुऱ्याउ. एति नंदका आज्ञाले गयाका राधाको र कृश्नको वाटा–टामाका कुंजकुंज वृक्षवृक्षमा र यमुनातीर माका. एकांतका क्रीडा सर्वैभन्दा वडा भै रहंछन्– १

समीक्षा

यो गीत गोविन्द ल.सं.च. १५८१ कै प्रतिलिपि देखिन्छ तापनि दुवै कृतिका लिपि भिन्न भएकाले प्रतिलिपि गर्ने व्यक्ति दुई भिन्न हुन् भन्ने स्पष्ट हुन्छ । यस कृतिमा पनि गीत गोविन्दको मूल संस्कृत र त्यसको नेपाली गद्यभाषा टीका दिइएको छ । प्रतिलिपि समय र प्रतिलिपिकारको नाम दिइएको छैन । सामान्य अवस्थाको पुस्तक आदि अन्त्य पूर्ण छ ।

७. **गीत गोविन्द,** ल.सं.च.२५६५, वि.सं. १९७, लेखक–, लेखन समय–, पत्र ६२, पूर्ण, रिल नं. A ३७८/७

उद्धरण

हे राधे मेघले आकाश चिल्लो भयो. तमाल वृक्षले वन भूमी कालो भयो. कृश्नजी भन्या रात्रीमा डराउँछन्.

समीक्षा

यस गीत गोविन्दमा पनि मूल संस्कृत श्लोक र त्यसको नेपाली गद्य भाषा टीका रहेको छ । यस कृतिमा पनि १२ सर्ग रहेका छन् । आदि अन्त्य पूर्ण छ लेखक वा प्रतिलिपिकार समय र नाम छैन । यो पनि अगाडि वयान गरिएकै गीत गोविन्दको एउटा प्रतिलिपि देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

८. **गीत गोविन्द,** ल.सं.तृ.७३५, वि.सं. १९३, लेखक–, लेखन समय–, पत्र ६०, पूर्ण, रिल नं. A ३९७/२२

उद्धरण

हे राधा आकाशमा भन्या. मेघले विल्लोल गरि राषेछ वन वृक्ष र तुवालाले भंन्यां भूमि कालो. अध्यारो होई आयो. कृश्न भन्या रात्रि विषे अति भयाउन्या. तदर्थ. आज तिमिले कृश्नलाई घर पुऱ्याउनु पर्दछ भनि नंदका आज्ञाले आनंद भै. राधाले वोकियाका कृश्न जो छन्सो.

समीक्षा

यस कृतिमा पनि जयदेव रचित गीत गोविन्दका १२ सर्गका संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ । मूल कृतिका लेखक जयदेव हुन् तापनि नेपाली टीका गरिएको समय र टीकाकारको नाम उल्लेख छैन । कृति सामान्य अवस्थाको आदि अन्त्य पूर्ण छ ।

९. **गीत गोविन्द,** ल.सं.द्वि.८५, वि.सं. २१९, लेखक–, लेखन समय–, पत्र २, अपूर्ण, रिल नं. B ३१३/१०

उद्धरण

हे राधे तिमि इ कृश्नकन घर लैजाउं. क्यान भन्या. आकास मेघले ढाकीयाको छ.

समीक्षा

यस कृतिमा गीत गोविन्दका अगाडिका २ पत्र रहेका छन् । अर्को धर्मशास्त्र विषयका पुस्तकको नेपाली भाषा टीका सहितको १ पत्र पनि यसमा रहेको छ । लेखक लेखन समय उल्लेख नभएको कृति अपूर्ण छ ।

१०. **गीत गोविन्द,** ल.सं.च. १५८६, वि.सं. २२९ 'क', लेखक: धिरज नरसिं, लेखन समय:सम्वत् १८८८, पत्र ४८, पूर्ण, (मा.फि. नभएको)

उद्धरण

मेघै हे राधे. मेघले आकास चिल्लो भयो . तमाल वृक्षले वन भूमी कालो भयो कृश्न जी भन्या रात्रीमा डराउछन् ॥ तस्कारणले कृश्न जी कन तिमि न घर पुऱ्याउ येति नंन्दका आग्याले गयाका राधाको र कृश्नको वाटा वाटामाका कुंज कुंज वृक्षमा र यमुना तिरमाका एकांत का क्रिडा सबै भंदा वडा भै रहंछन् ॥१॥

समीक्षा

यस कृतिमा गीत गोविन्दका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । २१ वटा रंगीन चित्रहरू पनि रहेका छन् । यसमा प्रारम्भ देखि वाह्रौं सर्गसम्म रहेको छ । कृति सामान्य अवस्थाको आदि अन्त्य पूर्ण छ । अन्त्यमा "**शाके १७५३ सम्बत् १८८८ साल श्रावण माशे लिखित् पुस्तकं समाप्तं शुभम् ॥ लिषितम् धिर्जनर सिंहस्य पुस्तकम्**" भन्ने उल्लेख गरिएकोले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ । धिरज नरसिं गोर्खाका निवासी हुन् भन्ने कुरा पनि कृतिवाट स्पष्ट हुन्छ । श्रृङ्गार भक्ति मिश्रित काव्यका रूपमा यो कृति देखिन्छ ।

११. **गोर्खा सेना वर्णन काव्यम्,** ल.सं.द्वि. २००, वि.सं. २३४, लेखक –, लेखन समय–, पत्र २१, ठ्यासफु, पूर्ण, रिल नं. A ३७८/२१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

सहर कांतिपुर्मा कहन् कंपु माला . लयन्को तमासा उचा टोप काला ॥
सुरुष् रंग कूर्था जरद पाव़जामा चमक् ज्योति वन्दुक् विजूलीकि धामा ॥१॥

समीक्षा

कान्तिपुरका सेना र तिनले खेलेका परेडको बयान गरिएको यस कृतिमा जम्मा ४५ श्लोक रहेका छन्। त्यसपछि शार्दूल विकीडित छन्दमा लेखिएका केही श्लोकका माध्यमबाट भीमसेन थापाको बयान गरिएको छ भने केही संस्कृत श्लोक र नेपाली श्लोक पनि रहेका छन्। कृति आदि अन्त्य पूर्ण रहेको छ। लेखक लेखन समय उल्लेख छैन। अन्त्यमा संस्कृत भाषाको भुवनेश्वरी स्तोत्र दिइएको छ।

१२. **चन्द्र कीर्ति प्रकाश,** ल.सं.पं. ७३४२, वि.सं. २५९, लेखकः रामवहादुर राउत, लेखन समय–, पत्र ७१, कापी, पूर्ण, रिल नं. B ३१३/१७

उद्धरण

रिद्धि सिद्धि दुइ साथ रहेका
वञ्चरो अनि लड्डु लिय़ेका
एकदन्त प्रभुका भुडि भारी
सूँड लामु भइ मूस सवारी

समीक्षा

यस कृतिमा श्री ३ चन्द्र समशेरको बयान गरिएका २५० श्लोक रहेका छन्। प्रारम्भमा गणेश र शिवजीको स्तुति गरिएको छ भने त्यसपछि चन्द्रसमशेर र उनले गरेका प्रमुख कामको बयान गरिएको छ। अन्त्यमा श्री ३ वालकुमारी देवीको पनि संक्षिप्त बयान गरिएको छ। साथै क्षमायाचनात्मक कविता पनि अन्त्यमा रहेका छन्। श्री ३ चन्द्र समशेरलाई खुशी पार्नका लागि लेखिएको यो काव्य वर्णनात्मक शैलीमा रहेको छ। वर्णनात्मकताका साथै काव्यात्मक कलात्मकताको समावेश गर्न सक्नु कविको विशेषता देखिन्छ। कवितामा गरिएको बयानका आधारमा भन्दा यो काव्य श्री ३ चन्द्र समशेरकै शासनकालमा रचना गरेको अनुमान हुन्छ। लेखकको नामका सन्दर्भमा अन्त्यमा दिइएको श्लोक......

सुवेदा ह़स्तवीर्वावु छोरो राम वहादुर
खसका जातमा जन्म राऊत बुझ्नू थर
भादगांउ इलाकामा खल्पिटार महाँ घर
रहोस करूणा भारी प्रभुको दास उपर ॥

यस श्लोकले यसका लेखक भक्तपुर जिल्ला खल्पिटार निवासी सुवेदार हस्तवीरका छोरा रामबहादुर हुन् भन्ने स्पष्ट पार्दछ। नेपाली कागजमा लेखिएको कृति आदि अन्त्य पूर्ण छ।

१३. **त्रिरत्न सौंन्दर्य गाथा,** ल.सं.द्वि. १९६, वि.सं. २८२, लेखक–, लेखन समय–, पत्र ११, पूर्ण, रिल नं. B ३१५/८

उद्धरण

पहिलै. श्री रत्नत्रय भनि नाउ भयाका. सवै दुनिआका हीरा जस्ता जाज्वल्यमान तेज भयाका। पुरूष रत्न श्री ५ मन्महाराजा १. सकल प्रकृति विषे मूल प्रकृति भयाका.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शक्तिरत्न श्री ५ मन्महारानी १. सप्त राज्यांग विषे मंत्रणामा मूल रत्न भयाका काजी जनरल १. इ तिन्.

समीक्षा

त्रिरत्न अर्थात् श्री ५ महाराजाधिराज राजेन्द्र वीर विक्रम शाहदेव, श्री ५ महारानी ललिता त्रिपुरा सुन्दरी र मन्त्री भीमसेन थापाको वयान गर्ने क्रममा शाहवंशीय परम्पराका रूपमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेखिको सामान्य चर्चा यसमा गरिएको छ। कतै संस्कृत, कतै नेपाली र कतै नेवारी तिनै भाषा मिश्रित गरेर लेखिएको यस कृतिका लेखक सुन्दरानन्द वाँडा मानिन्छन्। श्री ५ राजेन्द्र विक्रम शाहदेवको राज्य व्यवस्थाका साथै टुडिखेलको बयान पनि यसमा गरिएको छ। यसमा विविध भाषाका जम्मा २२ श्लोक र त्यसको नेपाली भाषा अर्थ रहेको छ। कृति आदि अन्त्य पूर्ण रहेको छ भने लेखक र लेखन समय उल्लेख छैन। यस कृतिको सामान्य चर्चा गर्ने क्रममा डा. दयाराम श्रेष्ठ सम्भवले आफ्नो कृति "प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा" मा यसको रचनाकाल सं. १८८९-९० तिर मानेका छन् र यसको आवश्यक टिप्पणी पनि गरेका छन्।

१४. **त्रिरत्न सौंन्दर्य गाथा,** ल.सं.द्वि. १९६, वि.सं. २८१, लेखक–, लेखन समय–, पत्र ६, पूर्ण, रिल नं. B ३१५/७

उद्धरण

निर्विघ्न पूर्वक ग्रंथ समाप्ति होस् भन्ना निमित्त ॥प्रथम॥ वक्रतुण्डको स्तुति गरिंछ ॥ मानिस्कन परि आयाका दुर्ग्रह दशाकन ॥ तत् क्षणैमा निवारण गरिदिन्या ॥ जौन् वक्रतुण्डका भावले ॥ इन्द्रादि देवता समेत्. वामदेव आदि पुराणमा प्रसिद्ध भयाका ॥ मुनिहरूले पनि सकल कार्यको सिद्धिफलकन पाइगया ॥

समीक्षा

यस त्रिरत्न सौंन्दर्य गाथाका ७ वटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ। प्रारम्भमा मङ्गलाचरण र त्यस पछि श्री ५ पृथ्वीनारायण शाह देखि श्री ५ शुरेन्द्र वीर विक्रम शाहदेवसम्मको बयान यसमा गरिएको छ। यो पनि सुन्दरानन्द वाँडाकै रचना मानिएको छ। यसमा पनि लेखक र लेखन समय उल्लेख छैन भने कृति आदि अन्त्य पूर्ण साधारण अवस्थामा रहेको छ।

१५. **दशकुमार चरित,** ल.सं. द्वि. २०८, वि.सं. २९९, लेखक–, लेखन समय: शाके १७५८, पत्र ४६, अपूर्ण, रिल नं. A ३८१/११

उद्धरण

वडा पराक्रमी सपूर्ण पृथिवीका एकै राजा हुन्या सुन्दर सुकुमार कुमार हजुरका गर्भदेषि जन्मन्याछन् भनि ज्योतिषिहरूले र साक्षात् ऋषिले पनि भन्याका छन् तस् निमित्त हजुरले न्यहक् मर्नु जोग्य छैन

समीक्षा

यस कृतिमा "दशकुमार चरित" को नेपाली भाषा कथा रहेको छ। प्रारम्भदेखि ६ सम्मका पत्रहरू नभएकाले कृति अपूर्ण रहेको छ। त्यसपछिको पूर्व पीठिका अंशसम्म पूर्ण छ। अन्त्यमा "**श्री शाके १७५८ मासे ६ तिथौ ७ वासरे कान्तिपुर राजा धानीम् लिखित मिदं पुस्तकं गोरक्षा चलाधिपं मंत्री त्रिविक्रम सिंहस्य पठनार्थम् पूर्व पीठिका**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शुभम्" भन्ने उल्लेख गरिएकोले यसको लेखन समय स्पष्ट हुनुका साथै मंत्री त्रिविक्रम सिंहलाई पढ्नका लागि नेपाली भाषा कथा गरिएको हो भन्ने कुरा स्पष्ट हुन्छ । लेखकको नाम भने कृतिमा उल्लेख छैन । स्तरीय गद्यमा रूपान्तरण गरिएको यो कृति आख्यानको आश्वादनका लागि निकै उपयोगी रहेको छ ।

१६. दशकुमार चरित, ल.सं. द्वि. १४५, वि.सं. २८८, लेखक–, लेखन समय: शाके १७४०, पत्र १०४, पूर्ण, रिल नं. B ३१४/३१

उद्धरण

> **सम्पूर्ण नगरीकन. आफ्ना सौन्दर्यले क्षीरा गराउँदि ॥ मगध देशका शिरो भूषरा स्वरूप भयाकि. पुस्पपुरी नाउँभयाकी नगरी छ. ॥१॥ तंहा विषय. शत्रु सेना रूपी. समुद्रका मथन गर्दामा. मन्दराचल स्वरूप भयाका.**

समीक्षा

यस कृतिमा "दशकुमार चरित" को नेपाली भाषाकथा रहेको छ । कृति अत्यन्त राम्रो अवस्थाको छ । आदि अन्त्य पूर्ण छ । नेपाली भाषा रूपान्तरण पनि निकै राम्रो शैलीमा गरिएको छ । कृतिमा लेखकको नाम उल्लेख छैन भने लेखन समयका सन्दर्भमा अन्त्यमा **"खवेद सप्तशशि संमिते शके भाद्र सितास्ष्टम्यां भौम वासरे लिखित मिदम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय शाके १७४० रहेको स्पष्ट हुन्छ । यसमा पूर्व पीठिकाका चार र उत्तर पीठिकाका आठ गरी जम्मा १२ उच्छ्वास रहेका छन् ।

१७. दशकुमार चरित, ल.सं. द्वि. २०८, वि.सं. २९०, लेखक–, लेखन समय: शाके १७५८, पत्र ४७-१३५, अपूर्ण, रिल नं. B ३१७/५ B ३१७/७

उद्धरण

> **विद्येश्वरका इन्द्रजाल विद्याका प्रभाव विद्याले अनेक भलाभला कला गरी विधिपूर्व विवाहको कार्य भरि अन्तः पुरमा गुप्त प्रकारले प्रवेश गरी आपस्तिभावका चौकि चारौं तर्फ धरी अवन्ति सुन्दरीका संगमा आनन्द विस्तार विहार गरी रहयाका राजा................॥**

समीक्षा

यस कृतिमा "दशकुमार चरित" को उत्तर पीठिकाको नेपाली भाषा टीका रहेको छ । उत्तर पीठिका पूर्ण छ भने अन्त्यमा **"श्री शाके १७५८ साल् १८९३ मासे ८ तिथौ वाला चतुर्दशी मंत्री पाठार्थम् शुभम्"** भन्ने उल्लेख गरिएकोले यसको लेखन समय स्पष्ट हुन्छ । लेखकको नाम भने उल्लेख छैन । दशकुमार चरितको श्रृङ्गारिक र मनोरञ्जनात्मक कथालाई सरल नेपाली भाषा शैलीमा उतारिएको छ ।

१८. नैषध चरित (नल दमयन्ती कथा), ल.सं.च. १५४८, वि.सं. ३८८, लेखक–, लेखन समय–, पत्र ५४, अपूर्ण, रिल नं. A ३८४/५

उद्धरण

> **यो वघैचामा वडो सरोवर तलाव थियो ॥ भनि तलाव मानिस मार्दै घुम्दै त्यो पोषरिका किनारामा वशन गया ॥ तसै समयमा त्यो पोषरिमा अति रामरो सुवर्ण**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जस्तो राजहंस पोषरिमा षेलन लाग्याको नल राजाले देष्या र मन वहुत आसर्य्य मानि यस् सुवर्रा भयाको राजहंस कैले देष्याको छैन सुन्याको पनि छैन ॥

समीक्षा

यस कृतिमा नैषधीय चरित्रको नेपाली भाषा कथा रहेको छ । प्रारम्भ राजा नलले सुवर्णमय राजहंस देखेको र त्यसलाई समात्न खोजेको प्रसङ्गदेखि भएको छ भने अन्त्य चाहिँ राजा नललाई कलियुगले दिएको उपदेश प्रसङ्गबाट भएको छ । कृति आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

१९. **भक्तमाला,** ल.सं.ष. २५१, वि.सं. १४३, लेखक: भानुभक्त आचार्य, लेखन समय–, पत्र १०, पूर्ण, रिल नं. A १०१९/२१

उद्धरण

भजन्होला भन्थ्यां. अघित. जव जन्म्यां. उस घरी.
भजन्हुन्थ्यो काहां धन तिर कि पो. लागि लहरी.
हजुर्को मायाको अधिक वलियो जाल परियो.
शरण् लीया जावस्. विनति. कर जोरेर गरियो ॥१॥

समीक्षा

यस कृतिमा कवि भानुभक्त आचार्यद्वारा रचित "भक्तमाला" कविताका प्रारम्भदेखि १३ औं श्लोकसम्म रहेका छन् । अन्त्यमा **'इति भानुभक्त कवि विरचित भक्तमाला भाषा शुभम्'** भन्ने उल्लेख छ । त्यस पछि भक्तिसँग सम्वन्धित ५ वटा भानुभक्तीय रामायणका श्लोकहरू दिइएका छन् । यो कृति कवि भानुभक्त आचार्यकै हस्ताक्षरको हो वा पछि अरू कसैले प्रतिलिपि गरेको हो सो स्पष्ट हुँदैन । लेखन समय कृतिमा उल्लेख छैन । २०.५ x ८.५ आकारको नेपाली कागजमा लेखिएको यो कृति २३ औं श्लोकसम्म पूर्ण छ ।


॥शुभम्॥ ति भानुभक्त कविविरचित भक्तमाला भाषा शुभम् ॥ ॥
हे लोक हो रघुनाथका चरणको भक्ति छ मुक्ति दिन्या ॥ यो जा
॥ श्री ॥ नी कन कामधेनुसरिका राम् हुन् मनेमा लिन्या ॥१॥ क्याग
र्छौ अरु मन्त्र तन्त्र हरूले छोडेर सव् राममा ॥ नन्म न्लाइ अ ॥ राम ॥
वस्य जानमनले सामिल्छ येकाममा ॥२॥ ॥ भक्ति मुख्य ॥ श्री ॥
रहेछ साधनमहा भक्ति छ सव् ज्ञान् दिन्या ॥ भक्तिले सव् मु
क्ति हुन्छ दुनिमा यो नित्य जानी लिन्या ॥१॥ ॥ नार्छ न्
नारिणा भक्ति जन्क नय नी मेरा न सेवक भनी ॥ भक्तिनै गरि
खुव् स्तुती पनि गऱ्या रेव र्जा न्लकै ल्येपनी ॥१॥ भक्ति हिन्
भइ गर्छ कां पनि भन्या कान्लाग्दैन जानी लिन्या ॥ भक्ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२०. **भ्रमर दुतार्थ प्रकाशिका,** ल.सं.प. ४५२४, वि.सं. १०९, लेखक–, लेखन समय–, पत्र २, पूर्ण, रिल नं. A १४००/१६

उद्धरण

भ्रमर सगि ऊटाया छाड्न छो पग् हमारा अरूकि कुचकि कुं कुं मालिका छोइ जुँघाले ॥
मधुपति सब धारून्मानिनीको प्रसाद् त्यो यदु कचहरि खुल्या दूत जस्को तं यस्तो ॥

समीक्षा

यस कृतिमा श्रीमद्भागवत दशम स्कन्धका भ्रमर गीतको नेपाली पद्यानुवाद रहेको छ। कविले निकै संक्षेपीकरण गरी जम्मा १० श्लोकमा कथालाई टुङ्ग्याएका छन्। भाषा हिन्दी नेपाली मिश्रित जस्तो देखिन्छ। यसमा श्री कृष्णको विरह व्यथामा पीडित भएका गोपिनीहरूले आफ्नो सन्देश भँमरा मार्फत पठाएको प्रसङ्ग उल्लेख छ। २ पत्रको कृति आदि अन्त्य पूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

२१. **माले साँढेको कविता,** ल.सं.प्र. ५०६, वि.सं. ५४१, लेखक: राधा वल्लभ पाँडे, लेखन समय–, पत्र १८ ठ्यासफु, पूर्ण, रिल नं. A ९८०/२७ ?

उद्धरण

वढत अति कठोर अंग जोर रह्यो जँवाँ काँन्
वलत मद मत्त नव कुँ जर ठाँन्. रोम रोम् स्यांम्: ॥
करै विर घमसान् व मेघतै अधिक गर्ज्जमान्:
पर्वत ढ़हरै वंक उडै छपत. तारा चंद्र भाँन्: ॥१॥

समीक्षा

यस ठ्यासफूमा दुवैतिर एउटै कविता लेखिएको छ। एकातिर पूर्ण छ भने अर्कोतिर अपूर्ण रहेको छ। रणवहादुर शाहको समयमा लेखिएको मानिने यो कवितामा साँढे जुधाइलाई विषयवस्तु बनाएर कविले **"युग मानसलाई अभिव्यक्त गरेका छन्। कवितामा युग र माटोको छाप छ"** भन्ने उल्लेख डा. दयाराम श्रेष्ठ सम्भवले गरेका छन्।

२२. **रघुवंश महाकाव्यम्,** ल.सं.पं. ७००६, वि.सं. ५९०, लेखक–, लेखन समय–, पत्र प्रकीर्ण, अपूर्ण, रिल नं. B ३२१/१३

उद्धरण

दिलीपका पछिबाट राज्यमा रहेको सुनेर राजाहरूको हृदयमा अत्यन्त धुवा उडायाको अग्नि जो छन् सो हुँदा भया.

समीक्षा

यस कृतिमा रघुवंश १-५ सर्ग र सप्तशती चण्डीका प्रकीर्ण पत्रहरू रहेका छन्। आफ्नो निजी अध्ययनका लागि तयार गरेको जस्तो देखिने यस लेखोटमा अन्वय सहितको मूल संस्कृत अंश र त्यसको नेपाली भाषामा अर्थ दिइएको छ। कृति त्यति प्राचीन लाग्दैन। लेखक लेखन समय उल्लेख छैन। प्रकीर्णपत्रहरू मात्र भएकोले कृति अपूर्ण छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२३. **वृषभ वर्णन कविता (साँढेको कविता),** ल.सं.द्वि. २५४, वि.सं. ८२९, लेखक–, लेखन समय–, पत्र ठ्यासफु १४, पूर्ण, रिल नं. A १०५७/१७

उद्धरण

सुभ मगिग जडित वुलाकि वेसरि झुल्क्यो नि तिम्म्रा.
छँन मनकर चूराः छम्छम् वाजै निः पैइराः
वदन लाल तिम्म्रोः देष्ता कल्पित् हुन् छन् भँवराः
रस षोजि फिरि आऱ्युँः साथै जाउंला नि तिम्म्राः ॥१॥

समीक्षा

यस साढेको कवितामा ठ्यासफूको अगाडि पट्टि नै "**श्री साँढ्याको कवितः सँच्याइ लेष्या हो सुभम्**" भन्ने उल्लेख गरिएकोले यो मूल साढेको कविताको प्रतिलिपि हो भन्ने बुझिन्छ तापनि कुन कविताबाट उतार गरिएको हो भन्ने कुरा स्पष्ट हुँदैन । यसमा प्रतिलिपिकार र प्रतिलिपि समय दिइएको छैन । डा. दयाराम श्रेष्ठले यसलाई राधावल्लभको साढेको कविता भन्दा परिस्कृत र परिमार्जित शैलीमा आएको र नेपाली झर्रा शब्दको प्रयोगका दृष्टिले अलि उदार भएकोले यो अर्कै व्यक्तिको रचना हो भनेका छन् । कृति आदि अन्त्य पूर्ण र जीर्ण अवस्थाको ठ्यासफूमा रहेको छ ।

२४. **वृषभ वर्णन कविता (साँढेको कविता),** ल.सं.द्वि. २५४, वि.सं. ८२८, लेखक–, लेखन समय–, पत्र १८, ठ्यासफू, पूर्ण, रिल नं. A १०५७/१६

उद्धरण

तुंम्वाः ताको नाउं रह्योः घमसानः मै दौडि गयो. थोडा लडाँइंमाः थकित् भयो. वांनु मानु भइ रह्योः ॥।
वैजनाथ्. ताको जव्र सोभा माथः ताकौं वढ्यो लडांइंको मात्:

समीक्षा

यस ठ्यासफूमा वाहिरपट्टि नै "**साँढ्याको कवित् पछी वन्याको हो**" भन्ने उल्लेख गरिएको छ। यसमा पनि लेखक र लेखन समय उल्लेख छैन । वीच वीचमा अक्षर मेटिएको छ । यहाँ उल्लेख गरिएका तीनवटै साढ्याको कविताका विषयमा डा. दयाराम श्रेष्ठ सम्भवले "प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा" मा सामान्य चर्चा गरेका छन् ।

२५. **शुभाषित श्लोक संग्रह,** ल.सं.ष. ३२३९, वि.सं. ९८, लेखक–, लेखन समय–, पत्र १६, अपूर्ण, रिल नं. A १३८६/१३

उद्धरण

मिल्दा दर्शन यो अपूर्व सव गै चिन्ता भयाको जती
व्रह्मानन्द स्वयं मिल्या झरि खुसी लाग्यो मलाइ अगि ॥
इच्छा केहि रहेन संताप छ क्वै वाकी म तेस्को पनी
आशाराख्छु भया कृपा हजुरकी छुन्या छ अैन भनी ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यसमा केही आध्यात्मिक श्लोक, सरस्वती वन्दना, चीरहरण, द्रौपदी विलाप, कोल्हुको गोरू, भर्तृहरिशतक नीतिशतक आदिका भाषा श्लोक दिइएका छन् । आध्यात्मिक र नैतिक उपदेश दिने उद्देश्यले लेखिएका यी श्लोकहरूमा अगाडिका १–५ श्लोक छैन । पहिलो आध्यात्मिक श्लोकको अन्त्यमा अर्थात् ५२ औ श्लोक पछि **"पं. नरहरि प्रसाद खतिवडा पेडारी जनकपुर"** भन्ने उल्लेख गरिएकोले यसका लेखक पं नरहरि प्रसाद खतिवडा जनकपुर निवासी हुन् कि भन्ने शंका गर्न सकिन्छ । अन्तिम पृष्ठको वाहिरी कवरमा **"कविता संग्रह पं जगन्नाथ भट्टराई"** लेखिएकाले यो पुस्तक उनीबाट नै रा.अ.मा प्राप्त हुन आएको अनुभव हुन्छ । शैलीका आधारमा माध्यमिक कालीन जस्तो लाग्ने यस कवितामा लेखन समय उल्लेख छैन ।

२६. **साँढेको कविता (वृषभ कविता),** ल.सं.द्वि. २५४, वि.सं. ७६९, लेखक–, लेखन समय–, पत्र ठ्यासफू, पूर्ण, रिल नं. A ३९५/१५

उद्धरण

श्री माहाँ सुर विरू विरः श्रीग माहाँ दलवादल रहयो थिर. जैसे घोर विकाल. घम साँन. कियो. मत्त विकढ अरि विरको ठुट्ठायो सिरः

समीक्षा

यस साँढेको कवितामा पनि लेखक लेखन संमय उल्लेख छैन । लेखाइ सामान्य अवस्थाको छ भने ठ्यासफूमा लेखिएको कृति आदि अन्त्य पूर्ण छ ।

२७. **साँढेको कविता (वृषभ कविता),** ल.सं.द्वि. २५४, वि.सं. ७७०, लेखक–, लेखन समय–, पत्र ठ्यासफू, पूर्ण, रिल नं. A ३९८/१८

उद्धरण

मांहां वांका विर जोधा व़र जुल्याः वल पारा कर्मरूप वर्ण सुंदर षुल्याः ॥
पचलि भैरवका थाल्याः वडे वडे विकौं घमसांन भै फाल्याः ॥

समीक्षा

यस साँढेको कवितामा पनि लेखक लेखन समय उल्लेख छैन । लेखाइ सामान्य अवस्थाको छ भने ठ्यासफूमा लेखिएको कृति आदि अन्त्य पूर्ण छ ।

२८. **हरिश्चन्द्र कथा नेपाली भाषा,** ल.सं. ष. ६२१, वि.सं. १६१, लेखक–, लेखन समय–, पत्र ११२, पूर्ण, रिल नं. A १३९४/११

उद्धरण

मार्कराडेय़ पुराराको हरिश्चन्द्र पाख्यानको भाषा धर्म पक्षिहरूले जैमिनि नामा रिषिसित भन्दा भय़ा पूर्व त्रेता युगमा वहुतै धर्मात्मा भयाको अधिक शोभायमान उत्तम किर्ति भयाका हरिश्चन्द्र नामा. राजा थिया तन्‌ले राज्य गर्दा हुदि. दुर्भिक्ष कैल्हे पनि हुदैन प्रजाहरूलाइ रोग पनि भयेन.

समीक्षा

यस कृतिमा मार्कण्डेय पुराण अन्तर्गतको राजा हरिश्चन्द्रका कथाको भाषानुवाद रहेको छ । मूल कथालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

निकै संक्षेपीकृत गरिएको र बीच-बीचमा अध्याय नछुट्टयाइएको भए तापनि प्रारम्भदेखि आठौं अध्यायसम्मको भाषानुवाद रहेको तथ्यलाई अन्त्यमा **"इति मार्करडेय पुराणे हरिश्चन्द्रो पाख्यान नामाष्टमोध्याय शुभम् भुयात्"** भन्ने उल्लेख गरिएकोले स्पष्ट हुन्छ । लेखक लेखन समय उल्लेख छैन तापनि कृति आदि अन्त्य पूर्ण छ । कथा विषयको यस कृतिलाई काव्य अन्तर्गत राष्ट्रिय अभिलेखालयको लगतमा राखिएकाले यसको चर्चा यहाँ गरिएको हो । यस कृति सँगै नेपाली कागजको लामो पत्रमा लेखिएको **"उमिज हमजा कथा"**को नेपाली भाषाका पत्र १२ पनि रहेका छन् । त्यसमा पनि लेखक र लेखन समय उल्लेख छैन । पौराणिक कथालाई अनुवादकले आफ्नै शैलीमा ढालेर रोचक ढाँचामा प्रस्तुत गरेका छन् ।

२९. **हनुमान नाटक,** ल.सं. ष. २७७८, वि.सं. १२, लेखक–, लेखन समय–, पत्र २४, अपूर्ण, रिल नं. A १३७५/७

उद्धरण

> **वनमा जाउन्. मंत्रिले सहित भरत राज्यकन गरुन् भनि भंथिन्. ॥४॥ तांहां पछि कैंक राजाका छोरि यो कैकेयि छन्. ति सहरमा रामचन्द्रका राज्याभिशेषको. सामग्री देषिकन.**

समीक्षा

काव्य विषय अन्तर्गत राखिएको यस हनुमान नाटकमा कैकेयी वरदानदेखि सीताहरणको प्रसङ्गसम्म रहेको छ । किताव आदि अन्त्य अपूर्ण छ कीराले काटेको, मुसाले काटेको अवस्थामा रा.अ. मा प्राप्त हुन आएको देखिन्छ । संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका यसमा छ । लेखक लेखन समय उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छन्दशास्त्र

१. **श्रुत बोध,** ल.सं.द्वि. १९०, वि.सं. ८५, लेखक–, लेखन समय–, पत्र १८, पूर्ण, रिल नं. B २७९/१८

उद्धरण

कालिदास नामा कवि जो छन् सो ॥ श्रतवोध नामगऱ्याका छंदो ग्रंथ. । थोरै शिलोकले आफ्ना स्त्रीलाई वुझाउंन कन बनाउं छन् । जौन ग्रंथले । सुन्ने मात्रले छंदहरूको लक्षण बुद्धछं ॥१॥

समीक्षा

यसमा कवि कालिदासद्वारा चरित संस्कृत "श्रुत बोध" नामक ग्रन्थको नेपाली भाषा टीका दिइएको छ । यसमा 'छन्दसूत्र' छन्दहरूको भेद सहितको परिचय रहेको छ । यसमा संस्कृत शास्त्रीय छन्दहरूको लक्षणको बयान गरिएको छ । जम्मा ४२ श्लोक र त्यसको भापा टीका समेत रहेको यो कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख नभएको भए तापनि कृति भाषिक र विषयगत दुवै दृष्टिले सान्दर्भिक र उपयोगी देखिन्छ । सामान्य अवस्थाको यो कृति नेपाली कागजमा लेखिएको छ । राष्ट्रिय अभिलेखालयमा नेपाली भाषा टीका सहितको छन्द विषयको ग्रन्थ यो एक मात्र रहेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ज्योतिष

१. **अंकको पहाडा,** ल.सं.ष. १२५६, वि.सं. ३२५, लेखक–, लेखन समय–, पत्र ४१, अपूर्ण, रिल नं. A ९९९/४

उद्धरण

३– तिया नौं– ९
३– चौको वाह्र– १२
३– पंचे पंध्र– १५

समीक्षा

यो अंकको पहाडा लेखिएको कृति हो। यसमा अंकको पहाडा, नगदको जम्मा गर्ने तरिका, अंकको जम्मा गर्ने तरिका, जग्गाको जम्मा गर्ने तरिका, तिथिको नाम नक्षत्रको नाम, अन्नको जम्मा गर्ने तरिका, राशि र तिनका स्वामीको नाम, सवाई लेखा, डेढा हिसाव आदि रहेका छन् कृति आदिमा अपूर्ण छ लेखक र लेखन समय उल्लेख छैन।

२. **अङ्गस्फुरणम्,** ल.सं.तृ. १९५/३०, वि.सं. ५, लेखक–, लेखन समय–, पत्र ३ ठ्यासफ्, पूर्ण, रिल नं. A ४०२/५

उद्धरण

जस् मनुष्यका शिर विषे स्फुरण हुन्छ. तस्का चाडै भूमि लाभ हव्स्. तस्तै ललाट विषे स्फुऱ्या देषी आफ्ना ठावं विषे प्रवेश हुंछ. तस्तै भौंका नाकका माझमा. फुऱ्यादेषी आफ्ना रुचायाका सित भेट हव्स्. तस्तै आँषाका माझमा स्फुऱ्या देषी कोहि सहाय मिलस्. ॥

समीक्षा

यस कृतिमा मान्छेका शरीरको शिरदेखि पैताला सम्मका कुन अंग स्फुरण हुँदा के कस्तो लक्षण वा कुलक्षण हुन्छ भन्ने कुराको बयान गरिएको छ। यसमा ज्योतिष विषयका जम्मा ९ वटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने लेखक र लेखन समय उल्लेख छैन।

३. **अवदय प्रश्न, शकुनावली विचार,** ल.सं.ष. ९७१, वि.सं. ३४५, लेखक–, लेखन समय–, पत्र २४, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

अवदय भन्या चार अक्षरले विहान हेर्नु र. जस्ताको तस्तो पुगदछ भनि अघिदेषि श्री सरस्वतीले कहियाको प्रश्न विचार हो ॥ चार पातामा भयाको उत्तरमा काठको एकपासा वनाउनु ॥ एक एक पातामा॥

समीक्षा

यस पुस्तकमा "अवदय" यी चार अक्षरका आधारमा प्रश्नकर्ताको प्रश्नको शुभ र अशुभ फलको उत्तर दिने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषयको वयान गरिएको छ । ती अक्षर मध्ये कुन पल्टिएमा कस्तो प्रकारको फल हुन्छ भन्ने र त्यसका प्रश्नको उत्तर समेत यसमा रहेको छ । यसै कृतिमा स्वप्नाध्याय र अंग स्फुरण समेत रहेको छ । यो कृति ज्योतिष विषयका विविध ग्रन्थको नेपाली भाषामा गरिएको सँगालो देखिन्छ । व्यक्तिगत आवश्यकताको परिपूर्तिका लागि तयार पारिएको अनुभव हुने यस साधारण अवस्थाको कृतिमा लेखक र लेखन समय उल्लेख छैन भने यसमा समावेश भएका सवै कृति आदि अन्त्य पूर्ण छन् ।

४. **काकस्वर विचार,** ल.सं.च. ३०१७, वि.सं. १, परिशिष्ट, लेखक–, लेखन समय: सं. १९०६, पत्र ३, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

प्रथम प्रहरमा. पूर्व दिसा हेरि कराया. मनले चितायाको काज का पुक्ला. ॥१॥
आग्नि दिसा हेरि कराया. मा देसम्म गयाका. निको समचार भलो छ भनी जांनु. ॥२॥

समीक्षा

काग कुन वेला कस्ता ठाउँमा वसेर कतातिर फर्केर कराएको देखिएमा कस्तो साहित हुन्छ भन्ने कुराको वयान गरिएको छ । यसलाई प्रथम प्रहरको वयान, द्वितीय प्रहरको वयान, तृतीय प्रहरको वयान र चतुर्थ प्रहरको वयानमा छुट्याइएको छ । हरेक प्रहरको वयान ९ वटा श्लोकमा गरिएको छ । अन्त्यमा **"श्री साके १७७१ सम्वत् १९०६"** लेखिएको हुनाले यसको लेखन समय स्पष्ट हुन्छ भने लेखकको नाम दिइएको छैन । विभिन्न ज्योतिष विषयवाट भाषानुवाद गरिएको यस कृतिमा लेखाइ अशुद्ध छ भने सामान्य अवस्थाको पुस्तक आदि अन्त्य पूर्ण छ । यसको लगत संख्या मिल्दैन ।

५. **केरली प्रश्न भाषा,** ल.सं.प्र. २४८, वि.सं. ८९, लेखक–, लेखन समय: शाके १९९२, पत्र १४, पूर्ण, रिल नं. A ४०२/३०

उद्धरण

हे प्रीछ कतो काँ एक वल हैं परमेश्वरको. तेरा शत्रु वहुत हैं. यै शत्रु कि हानि होइगि
निश्चै करिजानु. तेरो कार्ज्य सिद्धि होला.

समीक्षा

यस पुस्तकमा एउटा योगीले आफ्ना साधकलाई कर्म अनुसारको फल पाइन्छ भन्ने विषयंको बयान गरेको छ । भाषा हिन्दी मिश्रित देखिन्छ । कुनै हिन्दी भाषी योगीले नेपाली भक्तलाई भविष्यवाणी गरेको देखिन्छ । कृतिका अन्त्यमा लेखन समय उल्लेख गरिएको छ । आदि अन्त्य पूर्ण सामान्य अवस्थाको रहेको छ किताव ।

६. **खण्डखाद्य,** ल.सं.च. ३३३१, वि.सं. ११८, लेखक– , लेखन समय: शा. १५१३, वि.सं. १६४८, पत्र १६८ किताव, अपूर्ण, रिल नं. A १०६३/६

उद्धरण

अव उदयास्तादि कर्म्मका वक्रमार्ग केन्द्र भौमादि ग्रह जान्ना कहु ॥
जस् ग्रहको केन्द्र जान्नु छ ॥ तशै ग्रहको खंडदा मुनितिर धूलौटा राषनु ॥
मंगलका उदय वक्र मार्ग्ग अस्त जान्न कहुं ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यो कृति आदि अन्त्य अपूर्ण कीराले काटेको, मुसाले काटेको, पानीले भिजेको र ध्वाँसो समेत लागेको अवस्थामा रा.अ.मा प्राप्त हुन आएकोले आदि अन्त्य अपूर्ण छ ज्योतिष विषयको यस पुस्तकमा लेखक लेखन समय उल्लेख छैन । यसको विस्तृत चर्चा ठाकुरप्रसाद पराजुलीले वाङ्मय वर्ष ४ पूर्णाङ्क ४ मा गरेका छन् ।


३१
द्रू लिओआयो छ सोमंगलको स्फुट विक्षेप होजान्नु ।। बुधादि ग्रहका पातांश सोधना ।। तब
ओवाआछि ।। मध्यविक्षेपले ओवा गुन्नि ।। तब अन्तकर्तोले ताग घालिको ओआयो छ ।। सो स्फु
टविक्षेप होजान्नु ।। बुधादि ग्रहका मध्यविक्षेप १२० जीवस्य ६० शुक्रस्य १२० सौरस्य १२० ।।
तत्काल फुओ मंगल राषनु ।। १२ इति अयनांशक ओइदिना ।। तव दिग्वि चार गर्नु ।। त्रिधिकेके
द्रूं विशोधये त्यादि ।। इति क्रिया वस्ता यति शो गुन्नि ।। ओं शक वड्डा इ दिना ।। ओं शक साठि गुन्नु
घडि वड्डां ६ दिनि ।। ८०० येति के ताग घालि ज तिआवून ।। ऊति क्रान्ति खंड सुकाजान्नो ।। अ
शुद्ध खंड ले गुन्नु ।। अजि वार खरव नंदेलै ताग घालि ऊ तिआवून तुल्या खंड मध्य ओइदिना ।।
सो मंगल कि क्रान्ति होजान्नु ।। अठर ग्रह कि पृथि ताति क्रान्ति आन्नि ।। सोमादि ग्रहका स्फुट विक्षे
पे ।। क्रान्ति रक दिशा होत ओइ दिनु ।। भिन्न दिशा होत सोधि घाल नु ।। विक्षेपे क्रान्ति होजा
नु ।। सूर्यादि सातै ग्रहकि परम क्रान्ति ।। आदित्यस्य १४४० चन्द्रस्य १७१० सोमस्य १६९ ।। बुधस्य १६
जीवस्य १५१५ शुक्रस्य १८७२ सौरस्य १५६७ यिता कि कुऊओ यानां क्रान्ति सो साधन कृत्या । दक्षिण


क्रम क्रान्त्या व्यस्तास्यादि चरुसो रयो ।। ।। बुध क्रान्ति सदा दक्ष्यास्तां त्रिघ्नं नाज ये द्युलैं ।। परम क्रान्त्याय
नांशं तद्वा स्या घं षड्गुणा ड्रितम् ।। ।। इति षंडषाद्यके पिं ।। अथ श्री धरी ।। तत्काल चन्द्र सध्या ।। त
त्काल राहू शोधनु ।। न शुक्र तर वार रास ला ६ शोधनु ।। शो ध्यांवा ऊ दिग्वि चार गन्नु ।। तव जीवाअंति
र एति के जीवा गुन्नि ।। प इति के ताग घालि ओ आयो छ ।। सो चन्द्र को स्फुट विक्षेप होजान्नु ।। येइमा
कि क्रान्ति आन्नि ।। विक्षेपे क्रान्ति ये क दिशा होत ओइ दिनु ।। भिन्न दिशा होत शोधि घाल नु ।। ओ ओ
धिक हो उ शै कि दिशा राषनि ।। इति षंडषाद्यके पिं ।। अथ श्री धरि ।। आदित्य कि क्रान्ति प आन्नि ।।
विक्षेप न अं ६ शा ।। आदित्य ।। मंगल ।। बृहस्पति ।। शुक्र ।। अवर ६ चु ग्रहका स्फुट क्रान्ति ।। उत्तर गोल
होतर ।। परम क्रान्ति मध्य ओइदिनु ।। अवर स्फुट क्रान्ति दक्षिण गोल प होतर ।। परम क्रान्ति मध्य
शोधि घाल नु ।। रवि ।। सोम ।। जीव ।। शुक्र ।। इति क ग्रह को ये शो विचार ।। करि क्रान्ति ले गुन्नि रा
नि ।। तशै ग्रह कि परम क्रान्ति ले राशु अंशक घडि प ने ऊला आं ना ।। क्षुं द्रु स ध्य ध इति के ताग
घालि ।। राशु अंशक घडि प ने ऊला आं ना ।। रा शु स्तु न्य प आवू ।। अंशक शाठि गुंना ।। घडि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७. **ग्रह गणित नेपाली भाषा,** ल.सं.पं. २७९३, वि.सं. १५१ 'ख', लेखक–, लेखन समय–, पत्र २९, पूर्ण, रिल नं. A १०६३/७

उद्धरण

बुद्धिमा शुद्ध रूप्सो चढोस्सर्वदा जो छ जाँहाँ पनी सूक्ष्म खुप् एक रूप् ॥ हो त नित्यै पनी षद्विकार्ले गनी हुन्छ धेरै भनी जान्दछन् जो पनी ॥२॥

समीक्षा

प्रारम्भमा मङ्गलाचरण गरिएको छ । लेखाइ पद्य जस्तो देखिन्छ भने निकै त्रुटि पूर्ण पनि रहेको छ । गणित ज्योतिषका माध्यमवाट ग्रहदशा निर्धारण गरी चिना बनाउने तरिका दिइएको छ । लेखक लेखन समय उल्लेख छैन । कृति साधारण अवस्थाको आदि अन्त्य पूर्ण छ ।

८. **ग्रहगन्ने विधि,** ल.सं.प. ८२४, वि.सं. २७७, लेखक–, लेखन समय–, पत्र १२, अपूर्ण, रिल नं. A ९९९/१६

उद्धरण

सेष गर्नु तब अद्ववृन्द राषनु अल्लिवारौ ५४ येतिले भाग हालि उपल्लामा सेष जोर्नु तव भौम ऋवाभया:

समीक्षा

ग्रह गन्ने विधि लेखिएको यस पुस्तकमा जम्मा १२ पत्र रहेका छन् । ती पत्र पनि छेउमा मुसाले काटेका जीर्ण अवस्थाका छन् । कृति आदि अन्त्य अपूर्ण रहेको छ भने लेखक लेखन समय उल्लेख छैन ।

९. **ग्रहगुण फलम्,** ल.सं.प. ८३१, वि.सं. २८२, लेखक: रामभद्र शर्मा, लेखन समय: वि.सं.१८७०, पत्र २०, अपूर्ण, रिल नं. A ९९९/९

उद्धरण

य़ेतिले गुन्नु...उत्पन्न...१० घटावनु...यक दुई ठाउ राषनु. खसि...२४० येत्तिले भाग हालि उपल्लामाहा घटाउनु.

समीक्षा

यस कृतिमा नेपाली भाषामा गुणन गरेर ग्रहहरूको मान निकाल्ने विधि दिइएको छ । यसमा आदिका ३ पत्र छैनन अपूर्ण छ भने अन्त्यमा पूर्ण छ । अन्त्यमा **"इषुराम मुनि ईन्दुश्च शाके: ब्योम अद्रिनाग ईन्दुश्च सभूत ॥ मासे मृगे तिथौराम नक्षत्रे वेद नेत्रय योगे वसु ईन्दुश्च: पक्षेच ससिनामस्य वारे च नेत्र कस्तथा करणेच वेद कस्तथा ॥ दुरध कौसिका निकटे सोहृद्वि समिपे वास्तव्यं सल्याना व्रंह्मक्षत्रे मिदं पुस्तकं लिखितं रामभद्र सर्मणेणा व्राह्मरा"** भन्ने उल्लेख गरिएकोले यसको लेखन समय वि.सं. १८७० शाके १७३५ मंसीर, महिना, तृतीया तिथि रोहिणी नक्षत्र, भद्रा योग कृष्ण पक्ष, सोमवारका दिन दूधकोशीका नजीकमा बसेर रामभद्र शर्मा ब्राह्मणले लेखेको भन्ने देखिन्छ ।

१०. **चन्द्रोदय शिक्षा,** ल.सं.षं. ४५३४, वि.सं. ११०, लेखक: पं. रेबतीरमण, लेखन समय: सम्वत् १९८१, पत्र २९, पूर्ण, रिल नं. A १३९९/५७

उद्धरण

श्री श्री श्री श्री. श्री. महाराज्धिराज साक्षात्सूर्य़े ॐ उदाय़ेर आज देख्या सब्ले. मार्गको दैविकाज क्या क्या ताडीफ् छन्. अहो साजवाज

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा शालिनी, मालिनी, भुजङ्गप्रयात आदि शास्त्रीय छन्दमा लेखिएका त्रिभूवन विख्यात चन्द्रमार्ग वर्णन र चन्द्रोदय शिक्षा विषयका नेपाली भाषाका कविता रहेका छन्। श्री ३ चन्द्रसमशेरकै बयानमा आधारित भए तापनि कविता स्तरीय देखिन्छन्। जम्मा २९ पत्र रहेको यो सानो कृति आदि अन्त्य पूर्ण छ। कितावको अगाडिको कवरमा नै लेखकको नाम र लेखन समय उल्लेख गरिएको छ। लेखकको थप विवरण कृतिबाट स्पष्ट हुदैन। अन्त्यमा 'अथ भीमोपदेश' लेखिएको र केही पत्र खाली समेत रहेका छन्। कृति मौलिक देखिन्छ। कविले श्री ३ चन्द्रसमशेरलाई रिझाउने उद्देश्यले यी कविता लेखेको अनुभव हुन्छ।

११. चिना लेख्ने विधि, ल.सं.च. ११७७, वि.सं. २४५, लेखक– , लेखन समय: शाके १६६६, वि.सं. १८०१, पत्र १६, अपूर्ण, रिल नं. A ४०८/२०

उद्धरण

अथ मुक्त घटिका गर्नि युक्ति कहु ॥ जन्मदा हुदिघरि भुक्तेछ, सोहि भुक्त घटिका भनि जान्नु तसइ भुक्त घटिकाले परमायु दसा गुन्नु ॥

समीक्षा

यसमा चिना लेख्ने विधिको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका दिइएको छ। कृति अन्त्यमा अपूर्ण छ। लेखन समय शाके १६६६ देखिन्छ भने लेखकको नाम उल्लेख छैन। यसमा विधिन्न विधिबाट विभिन्न प्रकारका चिना वनाउने तरिका दिइएको छ।

१२. जातक पत्र पद्धति, ल.सं.पं. ७०५८, वि.सं. २४८, लेखक–, लेखन समय–, पत्र ६३, पूर्ण, रिल नं. B ३३०/२

उद्धरण

यो भाव ग्रह हो तसकी वल्लि सन्धि हेरणि जो ग्रह लाउनु छ तसका स्फूट राशि अंशा कला विकला बल्लि सन्धि अधिक हो त ग्रह उसै भाव रह ॥

समीक्षा

यो पुस्तक ज्योतिष विषयका विविध पुस्तकको संग्रह हो। यसमा जातक पद्धति, अङ्ग स्फुरण, ग्रहदशाफल आदि पुस्तक समावेश छन्। कुनैमा संस्कृत मात्र छ भने कुनैमा नेपाली टीका दिइएको छ। मोटामोटी हेर्दा लेखक र लेखन समय स्पष्ट हुँदैन। सामान्य अवस्थाको कृति आदि अन्त्य पूर्ण छ।

१३. जातक पत्रिका, ल.सं.प. १४३१, वि.सं. २८५, लेखक–, लेखन समय: सम्वत् १९२१, पूर्ण, रिल नं. A १००२/१५

उद्धरण

स्फुट रवि राषनु. अयनांसा जोर्नु जति रासि हो तिति षंड भुक्त्या जान्नु ॥ जोन भुक्त्याको हो तस्ले अंसकला विकला गुननु विकलामा राखि भाग लिनु कलामा जोर्नु पलाकन साठिभाग लिनु अंसामा जोर्नु शेषकला अंसको राषनु ॥

समीक्षा

यसमा जन्म कुण्डली वनाउने तरिकाको मूल संस्कृत अंश र कहीं कहीं त्यसको नेपाली भाषा टीका समेत दिइएको छ। कतै संस्कृत र कतै नेपाली भाषा रहेको यो कृति आदि अन्त्य पूर्ण छ। अन्त्यमा "**श्री शाके १७८६ संवत्**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१९२१ साल मिति चैत्र कृश्न ८ रोज २ शुभम् समाप्ति भयो" भन्ने उल्लेख गरिएकोले यसको लेखन समय स्पष्ट हुन्छ भने लेखक वा प्रतिलिपिकारको नाम उल्लेख छैन । भाषिक मात्र नभै विषयगत दृष्टिले पनि यो कृति निकै महत्त्वपूर्ण देखिन्छ ।

१४. ज्योतिष प्रश्नावली, ल.सं.ष. ३०४०, वि.सं. ९, लेखक–, लेखन समय–, पत्र ३०, पूर्ण, रिल नं. A १३९०/८

उद्धरण

रोगि वात्ता पूछ्त हे पृछक. रोगिको आयुर्दाभलो छ. षादामा चोखा लागेछ. त्यो चोखा फालिदियास् सुस्तनिको होला.

समीक्षा

प्रश्न कर्ताका प्रश्नको लक्षण अनुसारको फलको बयान गरिएको यो कृति ल.सं.ष. १३३० को प्रतिलिपि देखिन्छ । ९.५x९ आकारको सानो कृति आदि अन्त्य पूर्ण छ भने लेखक र लेखन समय पनि उल्लेख छैन ।

१५. ज्योतिष भविष्य फल, ल.सं.ष. ३३१, वि.सं. ९, लेखक–, लेखन समय–, पत्र किताव, अपूर्ण, रिल नं. A १००२/१४

उद्धरण

अश्विनि नक्षत्रको घोडा वाहन देवंता गुरा ...तेजश्वी रामरो राजमान्य यसश्वि धनवान देवभक्त चंचल मन वलषको लमा दुश्चि धनहातमा नरहने दृढ ममता........

समीक्षा

यस कृतिमा कुन-कुन नक्षत्रमा जन्मिएका वालकको लक्षण कस्तो हुन्छ भन्ने विषयको बयान गरिएको छ । मूल लगतमा ज्योतिष भविष्य फल भनिए तापनि पुस्तकको अन्त्यमा **"इति नक्षत्रमाला समाप्त"** भन्ने उल्लेख गरिएकाले यसको वास्तविक नाम स्पष्ट हुन्छ । ९.५x९ आकारको सानो कृति आदिमा अपूर्ण छ । यस कृतिमा लेखक लेखन समय उल्लेख छैन ।

१६. ज्योतिष सार, ल.सं.प. ११८९, वि.सं. २२३, लेखक–, लेखन समय–, पत्र ठ्यासफू, पूर्ण, रिल नं. A १००२/१९

उद्धरण

स्ववर्गो परमप्रिति मित्र प्रिति कहिन्छ आफ्ना वर्गदेषि पाँचौ शत्रु चौयो त मित्र कहिन्छ भन्याको आफ्ना वर्गदेषि तेश्रो उदाशि हुन्छ ।

समीक्षा

यस कृतिमा मूल संस्कृत ज्योतिष सारको वीच-वीचमा कठिन अंशहरूको मात्र शब्दार्थ दिइएको छ । एउटै लामो कागज ठ्यासफुमा लेखिएको यो कृति आदि अन्त्य पूर्ण छ । संस्कृतकै वाहुल्यता भएको र नेपाली भाषा थोरै मात्र रहेको यस कृतिको प्रारम्भमा **"स्वस्ति श्री सम्वत् १९१० साल मिति वैशाष वदि १ रोज १ मा लेषेको हो शुभम्"** भन्ने उल्लेख गरिएकोले लेखन समय स्पष्ट हुन्छ ।

१७. नक्षत्र जातकम् (लघुजातकम्), ल.सं.प. २७९३, वि.सं. ६३, लेखक–, लेखन समय: सम्वत् ९५०, पूर्ण, रिल नं. A १३७४/६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

> **मान खोजन्या अथीर द्रव्य. अथीर वचन. त्यागी. लोकले करुणा नगर्ने. मित्रता गर्न्ये. देव पूजामा रत हुन्या. हासी रहन्या. धर्म्मार्थि. कुल वंन्त. गुरुलाइ मान्या. गरेको काम सिद्ध गर्न्ये.**

समीक्षा

यस ग्रन्थमा कुन नक्षत्रमा जन्मिएको मान्छे कस्तो स्वभावको हुन्छ भन्ने कुराको बयान गरिएको छ । यसमा विभिन्न नक्षत्रका चित्रहरूपनि दिइएका छन् । कृति आदि अन्त्य पूर्ण छ । अन्त्यमा **"सम्वत् ९५० जेष्ठ सुदी १ रोज १ का दिनं यो नक्षत्रमाला श्री श्री श्री देवप्रकाश मल्लले लेषी सिद्यायाको पोस्तकमा साऱ्याको"** भन्ने उल्लेख छ । यसबाट सम्वत् ९५० मा लेखिएको नक्षत्र जातकम्वाट यो प्रतिलिपि गरिएको भन्ने अनुमान गर्न सकिन्छ ।

१८. **पवन विजय स्वरोदय,** ल.सं.तृं. ७११, वि.सं. १५१४, लेखक–, लेखन समय: सम्वत् १८९७, पत्र ६०, पूर्ण, रिल नं. A १०६९/१३

उद्धरण

> **कोहि एक समय विषे श्री पार्वति अंजलि जोरि श्री महादेवका चरणमा विंन्ति गर्दि भयिन्: हे देवका देव: महादेव संपूर्ण सिद्धिकन गर्न्या ज्ञान हे प्रभु मलाइ आज्ञा हवस: ॥ हे प्रभो यो ब्रह्माण्ड कौना तरहले वर्तमान भइ रहेछ. कस्ता तरहले लय होला ॥**

समीक्षा

यो कृति शिव र पार्वतीको सम्वादका रूपमा आएको छ । पार्वतीले शिवसँग यो संसार र यहाँका चराचर जीवको उत्पत्ति सम्वन्धी प्रश्न गरेकी छन् भने शिवले त्यसको उत्तर दिएका छन् । यसमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । ३४ औं पृष्ठ पछि मूल संस्कृत श्लोक मात्र छ । नेपाली टीका लेख्ने ठाउँ खाली रहेको छ । पुस्तकको अगाडिको पत्रमा **"सम्वत् १८९७ साल जेष्ठ सुदि १० रोज ३"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ भने लेखकको नाम छैन ।

१९. **पवन विजय स्वरोदय,** ल.सं.तृं. ७३५, वि.सं. ५८८ 'ख', लेखक: पदमदास, लेखन समय: सम्वत् १९४१, पत्र ३८, पूर्ण, रिल नं. A १०६५/१४

उद्धरण

> **हे देवताका पनि पनि देवता भयाका श्री महादेव. मेरा उपर कृपा गरि सवै सिद्धि हुन्या ज्ञानकन. हे प्रभो मलाई कहनु हव्स् ॥१॥ हे प्रभू यो ब्रह्माण्ड कसोगरि उत्पन्न हुंछ. फेरि कसो गरि रहयाको छ ॥**

समीक्षा

यो कृति शिव र पार्वतीको सम्वादका रूपमा आएको छ । पार्वतीले शिवसँग यस ब्रह्माण्ड चराचरको उत्पत्ति वारे प्रश्न गरेकी छन् भने शंकरले त्यसको उत्तर दिएका छन् । पृथ्वीको उत्पत्तिदेखि सम्पूर्ण चर अचरका सृष्टिको वयान यसमा गरिएको छ । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ । मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । यसमा प्रथम देखि नवम प्रकरणसम्म रहेको छ । अन्त्यमा **"इति सम्वत् १९४१ साल मिति मार्गसीर वदि ३ रोज ५ तस्मीन दिने लिखितं पुस्तकं .... लीखनार्थे पद्मदास भक्तनाम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२०. **पवन विजय स्वरोदय,** ल.सं.पं. ५५२, वि.सं. ५८८, लेखक: योगी अम्वर गीर, लेखन समय: सम्वत् १९०७, पत्र ६९, पूर्ण, रिल नं. A १०६५/१३

उद्धरण

हे देवताका पनि देव महादेव कृपा निधी प्रभो यो संपूर्ण सिद्धि होईन्या ज्ञान जो छ सो. विशेष गरि मलाई आज्ञा भया सुन्नामा अति लालशा होईयाको छु ॥१॥ कस्तो ज्ञान आज्ञा होला त. यो ब्रह्मारण्ड कस्ता प्रमानले उत्पन्न भयाको हो.

समीक्षा

यसमा नाडीभेद तत्त्वनिर्णय, युद्धविजय जस्ता भेदहरू रहेका छन् । यो कृति पनि शिव पार्वतीको सम्वादका रूपमा आएको छ । कृति आदि अन्त्य पूर्ण छ । मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ । यसमा पनि जम्मा ९ वटा प्रकरण रहेका छन् । अन्त्यमा **"इति सम्वत् १९०७ साल मिति माघ शुदि १३ रोज शुभ्"** भन्ने उल्लेख गरिएकोले यसको लेखन समय प्रष्ट हुन्छ । साथै **"प्रणव प्रकासी देव है सव घट सो हं निवास, सो हंते ॐ कार प्रगट है अम्वर्गीर कीयो प्रकाश"** भन्ने उल्लेख गरिएकोले यसको नेपाली भाषा टीका गर्ने व्यक्ति योगी अम्वर गीर हुन् भन्ने देखिन्छ ।

२१. **प्रश्न तत्त्व,** ल.सं.पं. ४०१३, वि.सं. ५५९, लेखक–, लेखन समय–, पत्र २०, अपूर्ण, रिल नं. B ३३२/३९

उद्धरण

यो प्रश्न तत्त्व नाउ भयाको ग्रन्थ वनाउन्या आचार्य जो छन्. श्री सरस्वती देवीको नमस्कार रूप मंगला चरण गर्छन्. हे भारति हे सरस्वती तपाञी कस्ती भन्या अति सुन्दर चलाक छीटो शरीर भयाकी.

समीक्षा

यस ज्यौतिष सम्बन्धी पुस्तकमा प्रश्न कर्ताले कुन वेला कस्तो किसिमको प्रश्न गर्दा त्यसको फल कस्तो हुन्छ भन्ने विषयको बयान गरिएको छ । यसमा पनि मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । २० औं पत्र देखि अन्त्यको भाग नभएकोले कृति अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । प्रारम्भदेखि चतुर्थ अध्याय सम्मको भाग पूर्ण छ । ११ x ५ १/२ आकारको कृति सामान्य अवस्थाको रहेको छ । यसको अगाडिको पत्रमा **"यो पोस्तक वद्रीलाल जोसीको हो"** भन्ने उल्लेख गरिएकोले उनैबाट रा.अ. मा प्राप्त हुन आएको देखिन्छ ।

२२. **प्रश्न विचार,** ल.सं.पं. ७४७६, वि.सं. ६७०, लेखक–, लेखन समय–, पत्र १७, पूर्ण, रिल नं. A ४१६/२५

उद्धरण

अधि कोहि कालमा. सरस्वतिले यो प्रश्न कह्याको. यो प्रश्न प्रातकालमा. स्नान गरीकन. ॥ अवदय ईचार. अक्षर लेख्याको. पासाहातमा लिनु र. सरस्वतीको पूजा गरी. जौन कुराको. प्रश्न विचार गर्नु छ. त्यो मनमा समझना गरी. पासा मंत्रनु.

समीक्षा

यस पुस्तकमा 'अवदय' लेखेको पासाका माध्यमबाट मनले चिताएका विभिन्न प्रश्नको उत्तर खोज्ने विधि दिइएको छ । कृति आदि अन्त्य पूर्ण छ भने लेखन समय र लेखकको नाम उल्लेख छैन । यस कृतिमा पृष्ठ १ देखि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७ सम्म नेपाली भाषा र ७ देखि १० विभिन्न पत्र एवं त्यस पछि नेवारी भाषा रहेको छ । यही लगतमा २ प्रति किताव रहेका छन् ।

२३. **प्रश्न विचार,** ल.सं.द्वि. २६०, वि.सं. ६६७, लेखक–, लेखन समय–, पत्र २७, अपूर्ण, रिल नं. A १०६५/२५

उद्धरण

रवि कि दसा होता रातो वस्तु षाइछस् भन्नु ॥ षरो मानिस भेटिछस् ॥ भन्नु ॥ काजमाठो होला भन्नु ॥ कि षरो वस्तु षाइछस् भन्नु ॥ काज मभ्क छ चंन्द्र दसा हो त सेतो वस्तु षइछस भन्नु ॥

समीक्षा

यसमा व्यक्तिको ग्रह दशा अनुसार उसले सोधेका प्रश्नहरूको उत्तर दिने तरिकाको वयान गरिएको छ । ग्रहदशा निकाल्ने तरिका र अन्त्यतिर खेती गर्ने साइत घोडा किन्ने साइत, छोरो जन्मने साइत, चोरी गर्ने साइत आदि दिइएको छ । कृति आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

२४. **प्रश्नोत्तरि माला,** ल.सं.प. १२४५, वि.सं. ३००, लेखक: भानुभक्त आचार्य, लेखन समय–, पत्र १४, अपूर्ण, रिल नं. A१००३/२

उद्धरण

कुन् ज्ञान् छ ठूलो भनिलीनु पर्न्या वेदान्तको ज्ञान छ दुःख हर्न्या ॥
कुन् हो सहज् मोक्ष गराइ दीन्या ज्ञान् हो अरूको किन नाम लीन्या ॥४॥

समीक्षा

यो कवि भानुभक्त रचित प्रश्नोत्तरी माला हो । यसको अगाडिको १ पत्र र २१/२ श्लोकहरू छैनन् । कृति अपूर्ण छ । जम्मा ५० वटा श्लोकहरू रहेको यो कृति अन्त्यमा भने पूर्ण छ । ५० औं श्लोकमा भानुभक्त नामले प्रसिद्ध भएका कविले प्रश्नोत्तरीको भाषा वनाएका हुन् भन्ने आशय स्पष्ट गरिएको छ । लेखन समय उल्लेख छैन । कृति २४ . ५ x१२ आकारको साधारण अवस्थामा रहेको छ ।

२५. **भविश्य वार्ता श्लोक,** ल.सं.प. १००७, वि.सं. १९४, लेखक–, लेखन समय–, पत्र ४, पूर्ण, रिल नं. A १०००/१६

उद्धरण

श्री शंकर जी पार्वति प्रति आज्ञा गर्दछन् हे पार्वती चतुर्थ यूग भन्याको कलीयुग जव प्राप्त होला धर्मको क्षय गर्ना निमित्त म्लेछ राजाको एकै छत्र हुन्या छ तेश्ले यो पृथ्वी तल विषे ठुलो सुष भोग गर्न्या छ.

समीक्षा

शिव र पार्वतीको सम्वादका रूपमा आएको यस कृतिमा शिवले पार्वतीलाई भविश्यमा हुने कुराको वयान गरेका छन् । जम्मा ४ पत्र रहेको यस कृतिमा मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । जम्मा ५ वटा श्लोक पछि संस्कृतमा **"इति भविश्य वार्ता समाप्तम्"** भन्ने उल्लेख गरिए तापनि नेपाली टीका भने अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२६. **भाश्वती,** ल.सं.ष. ६०७७, वि.सं. परिशिष्ट, लेखक–, लेखन समय–, पत्र २, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

मुरनामा दैत्यः तनका अरि शत्रुः विश्नु हुन् तनका चरणकौं नत्त्वा जो नमस्कार . श्री मान्सदानन्द. आचार्य्यः भाश्वति कत्थ छन् ॥ शिष्यका हित निमित्तः शक काल र षनुः ताहा माहा शशिपक्ष ख एं कै १०२१ येति अंक घटावनु. अव् त्यो अंक पिराड भयो ॥

समीक्षा

यस कृतिमा भाश्वती नेपाली टीकाका २ पत्र रहेका छन् । प्रारम्भमा संस्कृतमा मङ्गलाचरण गरिएको छ । डा. जगदीशचन्द्र रेग्मीले यसलाई १४५७ पूर्वको नेपाली अनुवाद मानेका छन् । यसमा लेखन समय र लेखक वा प्रतिलिपिकारको नाम उल्लेख छैन । कृति अत्यन्त जीर्ण अवस्थाको अपूर्ण छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२७. **भाश्वती,** ल.सं.ष. ८२७, वि.सं.३३३, लेखक– , लेखन समय–, पत्र ११, अपूर्ण, रिल नं. A १०००/१८

उद्धरण

तसलाई पनि यो मुत्रि गरि गुंनु ॥ चन्द्रमानां गुललाई स्थित्यर्द्धले गुंनु ॥
पैहलैका ळैं गर्नु ॥ तव ६ ले भाग लिनु जत्ति आयो त्यो छलका गुल्भयो ।

समीक्षा

यसमा भाश्वती नेपाली टीकाका जम्मा ११ पत्र रहेका छन् । पत्र ४४ देखि ५० सम्म मात्र रहेको यो कृति आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । ज्योतिष विषयको चतुग्रह योग फल, ग्रहादि योग फल जन्म पत्रि काल ग्रहका शत्रु मित्र आदिको बयान गरिएको छ । कतै संस्कृत र नेपाली भाषा टीका छ भने कतै नेपाली भाषा मात्र रहेको छ ।

२८. **भृगु सिद्धान्त,** ल.सं.च. १६९३, वि.सं. ८२४, लेखक–, लेखन समय–, पत्र ३१, पूर्ण, रिल नं. A ४१९/११

उद्धरण

अथ भृगु सिद्धान्तमहा चाहीन्या परिभाषा ॥ मेष रासीको स्वामी मंगल. वृष राशीको स्वामि शुक. मिथुन राशीको स्वामि बुध. कर्कट रासीको स्वामि चन्द्रमा. सिंहरासीको स्वामि सूर्य.

समीक्षा

यसमा भृगु सिद्धान्तको नेपाली भाषा टीका दिइएको छ कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

२९. **मुहुर्त चिन्तामणि,** ल.सं.ष. ९८०, वि.सं. २२९, लेखक–, लेखन समय: शाके १५२२, पत्र ठ्यासफु, पूर्ण, रिल नं. A १०००/१९

उद्धरण

पार्वतीका कर्णमा रह्याको केतकी फुलको पातकन शूढले ळिकिकन आफ्ना मुखका अगाडीका दातमा दोस्रा दैत्य उत्पत्ति भयाको जस्तो सोभा भयाका द्विपास्य भन्ना गरोश जो छन् विघ्न हरून् ।

समीक्षा

यस कृतिमा मुहुर्त चिन्तामणिको नेपाली भाषा अर्थ दिइएको छ । मूल संस्कृत कालो मसी र नेपाली भाषा अर्थ रातो मसीले लेखिएको छ । मूल कृति र नेपाली अर्थ दुवै आदि अन्त्य पूर्ण छ । लेखक वा नेपाली अर्थकारको नाम उल्लेख छैन भने अन्त्यमा "**१५२२ शाकमा मुहुर्त चिन्तामरिग नाम गर्‍याको ग्रंन्थकन वनाउँदा भया शुभम्**" भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ ।

३०. **युद्ध यामल,** ल.सं.च. २३८३, वि.सं. ११८५, लेखक–, लेखन समय–, पत्र २६, अपूर्ण, रिल नं. B १४२/४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

कोट मंगल हो त आगो लाग ॥ वुध हौ त कुराचार हो ॥ बृहस्पति हो त ॥ अन्न पाणि पूर्ण हौ ॥

समीक्षा

संस्कृत र नेपाली गरी मिश्रित भाषामा लेखिएको यस कृतिको भाषा हेर्दा निकै प्राचीन जस्तो देखिन्छ । ग्रह गन्ने तरिका, लगन एवं मान्छेको चित्र बनाइ त्यसका शरीरको लक्षणको बयान गरिएको यो कृति अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन भने कृति सामान्य अवस्थाको छ । माइक्रोफिल्ममा मात्र रहेको यो कृति शाखा रजिष्टरमा विषयान्तरभइ जनिएको छ ।

३१. **बसन्तराज सगुनम्,** ल.सं.च. २१७३, वि.सं. ११४१, लेखक–, लेखन समय–, पत्र ५५, अपूर्ण, रिल नं. B ३४९/२

उद्धरण

ग्रंथ प्रारम्भमा. निर्विघ्न पूर्वक. समाप्नि हवस् भन्ना निमित्त. ग्रंथ कर्ता ब्रह्मादि देवतालाई नमस्कार गर्छन् ॥ विरिंचीति ॥ ब्रह्मा नारायण महादेव इन्द्र. स्वामि कार्तिक. गणेश. लक्ष्मी. भवानि वाघ्का देवता. एति देवतालाई र. आदित्यादि नवग्रह देवतलाई पनि नमस्कार ॥१॥

समीक्षा

यस ग्रन्थमा विभिन्न विषयको सगुन र अपसगुन विषयको बयान छ । ज्योतिष विषयको यस पुस्तकमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । लेखक लेखन समय उल्लेख छैन । साधारण अवस्थाको कृति अन्त्यमा अपूर्ण छ । कस्तो ठाउँमा वसोवास गर्न कस्ता पुरुषलाई उपयुक्त हुन्छ भन्ने र अङ्ग स्फुरण सम्वन्धी विविध विषयको बयान गरिएको छ ।

३२. **वादरायणी यात्रा,** ल.सं.पं. ६७४२, वि.सं. ११५२, लेखक–, लेखन समय–, पत्र ७, पूर्ण, रिल नं. B ३४२/२०

उद्धरण

यात्रा गर्न्या लग्नमा राहु मंगल शनिश्चर सूर्य चन्द्रमा भया क्रमैले खान नमिलोस् हतियारको भय गरावस्. वायुको भय गरावस्. चोरको भय गरावस्. अग्निको भय गरावस्. नाना तरहका रोग लागुन्. वृहस्पति. बुध. शुक्रभया धनधान्य भोग सुख सन्तोष दिउन् ॥१॥

समीक्षा

यस पुस्तकमा यात्राको साइत कुन शुभ र कुन अशुभ हुन्छ भन्ने विषयका साथै कस्तो साइतमा यात्रा गर्ने मान्छेले के कस्तो परिस्थितिको सामना गर्नुपर्छ र कति दिनमा घर फर्किन्छ भन्ने ज्योतिष सम्बन्धी विषयको निरूपण गरिएको छ । मूल संस्कृत अंश र त्यसको नेपाली भाषा टीका रहेको छ । जम्मा २४ श्लोक र त्यसको भाषा टीका रहेको यो कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ । लेखक लेखन समय उल्लेख छैन ।

३३. **बृहत् जातकम्,** ल.सं.ष. ९७९, वि.सं. २१५, लेखक–, लेखन समय–,.पत्र ठ्यासफू, अपूर्ण, रिल नं. A १०००/४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

ति जगत्मा प्रख्यात भन्याका रवि भयाका सूर्य जो छं हाम्रा बाच सरस्वति कन ददातुं दिउन्........

समीक्षा

"बृहत् जातकम्" नामक मूल संस्कृत भाषाको किताबका कठिन शब्दको अर्थ नेपाली भाषामा दिइएको छ। मूल संस्कृत पूर्ण भए तापनि सबैको नेपाली भाषा अर्थ दिइएको छैन। नेपाली भाषा अर्थ चाहिँ अपूर्ण छ। नेपाली भाषा अर्थ लेख्ने र लेखन समय कृतिवाट स्पष्ट हुँदैन।

३४. शकुनावली, ल.सं.ष. १३३०, वि.सं. ३५६, लेखक–, लेखन समय–, पत्र २९, अपूर्ण, रिल नं. A १००२/२२

उद्धरण

रोगि वार्ता पुछत हे पृछक रोगिका...भलो छ चोखा लाग्याको छ चोषा फालि दियास् लाभ होला ——रूगका वार्ता पुछत हे पृछक तेरो वादि पैहि वडो कलह गर्ला पछि तरो कार्य सिद्ध होला---।

समीक्षा

यसमा अन्नपूर्णा, मेदिनी, गणेश, अग्नि आदि देव देवताहरूको दर्शन कुन बेला गर्दा कस्तो फल पाइन्छ भन्ने विषयको निरूपण गरिएको छ। साथै प्रश्नकर्ताले कस्तो बेलामा गरेका प्रश्नको फल के कस्तो हुन्छ भन्ने विषयको बयान गरिएको छ। लेखक लेखन समय उल्लेख छैन। कृति आदि अन्त्य अपूर्ण छ। यसमा चित्रहरू पनि बनाइएका छन्।

३५. श्रुतबोध (छन्दशास्त्र), ल.सं.ष. ८२८, वि.सं. ३२०, लेखक–, लेखन समय–, पत्र १७, अपूर्ण, रिल नं. A १००३/११

उद्धरण

श्रुतबोध नाम ग्रन्थका छन्दो ग्रंथ थोरै श्लोकले ...बुझाउनाकन वताउंछन्. ॥
जौन ग्रंथले सुन्ने मात्रले छन्दहरूको लक्षरा बुद्धछन् ॥१॥

समीक्षा

यसमा छन्दशास्त्र सम्बन्धी गणको परिच, छन्दहरूको नाम र लक्षण आदि विषयको बयान छ। यसमा प्रारम्भ देखि ४१ श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति अन्त्यमा अपूर्ण देखिन्छ भने लेखक र लेखन समय उल्लेख छैन।

३६. षट्पञ्चासिका, ल.सं.ष. ७९२, वि.सं. ६५, लेखक–, लेखन समय–, पत्र ७, अपूर्ण, रिल नं. A १००१/२०

उद्धरण

आयो भंनु आषाले यो घर देषि न्या ठाउमा आयो भनि भंनुः ॥२॥ प्रश्न लगनदेषि आठौं उचन्द्र हवोस्: आठ उ पाप ग्रह हवंत प्रवासी शुषसित आवला केन्द्रमा शुभग्रह भयाता लाभसित आवला ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यसमा षट्पञ्चासिकाका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका भएका जम्मा ७ पत्र छन्। कृति आदि अन्त्य अपूर्ण र लेखक लेखन समय उल्लेख छैन। कृति सामान्य अवस्थाको छ।

३७. **षट्पञ्चाशिका,** ल.सं.षं. ९८५, वि.सं. ३४२, लेखक–, लेखन समय–, पत्र १९, पूर्ण, रिल नं. A १००१/१९

उद्धरण

सम्भन्याको वधिया छ: यशशा भन्या जस रवि वुधि जस्का कस्का भन्ये र पृथ्यु यशशा नाम गन्याका आचार्य जो छन् तन्का किंकृत्य गरिकण मूर्धा भन्याको जो सिरले. रवि सूर्य्यकन ॥

समीक्षा

ज्योतिष विषयको यस षट्पञ्चासिका नामक कृतिमा मूल संस्कृत र त्यसको नेपालीमा अर्थ दिइएको छ। जम्मा ५७ श्लोक रहेको यो कृति आदि अन्त्य पूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

३८. **षट्पञ्चासिका,** ल.सं.ष. १७७१, वि.सं.२१९, लेखक–, लेखन समय–, पत्र २५, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

वराह मिहीरका पुत्र वढिया. यस भयाका पृथुयश नाउ गन्याका थिया. तनैले शिरले गरिकन सूर्यको प्रणाम गरेर. प्रश्न शास्त्रमा यो ग्रंथ बनाईछ.

समीक्षा

प्रश्नकर्ताका प्रश्नको समय लग्न अनुसार शुभ-अशुभ फलको बयान गर्ने विधि यस कृतिमा दिइएको छ। मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ। यसमा प्रारम्भदेखि सातौं अध्यायसम्मको भाग पूर्ण छ। लेखक लेखन समय उल्लेख छैन। फलित ज्योतिष विषयका दृष्टिले पनि कृतिको आफ्नै प्रकारको महत्त्व देखिन्छ।

३९. **स्वप्न चिन्तामणि,** ल.सं.च. १५४२, वि.सं. १४९८, लेखक–, लेखन समय–, पत्र ४६, पूर्ण, रिल नं. A ४३३/४६

उद्धरण

जन्का प्रसादले. कविहरू जो छन्. आफूले कल्पना गरि बयानाका वस्तुकन भैं तसैक्षणमा. तिनै लोककन. प्रत्यक्ष गरि देषछन्. एस्ती सरस्वती देवीको जयजयकार छ ॥१॥ प्राचीन मुनिहरूले अघि आफ्ना ग्रंथमा. प्रसंगले. ठाउँ ठाउँ स्वप्न लक्षणकन कहिगया. ती सबै शुभाशुभ लक्षणको संग्रह गरी संक्षेपले कहंछु.

समीक्षा

यस ग्रन्थमा पनि मूल संस्कृत र त्यसंको नेपाली भाषा टीका दिइएको छ। ग्रन्थलाई शुभ स्वप्न विचार र अशुभ स्वप्न विचार गरी दुई खण्डमा छुट्याइएको छ। अन्त्यमा **"दुर्लभ नाम गरेका राजाका पुत्र जगद्वेव कविले यो ग्रन्थ वनाएको हो"** भन्ने आशय व्यक्त गरिएको छ। यसका मूल संस्कृतका लेखक कवि जगद्वेव देखिन्छन् भने नेपाली टीका कसबाट भयो सो स्पष्ट हुँदैन। प्रारम्भमा मङ्गलाचरण र ग्रन्थ महात्म्य दिइएको छ भने ग्रन्थको मूल कथनलाई स्वप्नको शुभ र अशुभ लक्षणको बयानमा खर्चिएको छ। सामान्य अवस्थाको कृति आदि अन्त्य पूर्ण छ भने लेखन समय पनि उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४०. स्वप्न चिन्तामणि, ल.सं.ष. १३५०, वि.सं. १९५, लेखक–, लेखन समय–, पत्र १०, अपूर्ण, रिल नं. A १००१/२८

उद्धरण

जस्को प्रसाद पायेर कविहरू जो छन् ॥ आफूले कल्पना गरि ॥ बयानाका वस्तुकन ꣸ तिनै लोककन ॥ प्रत्यक्षतसै क्षरणामा देषदछन् ॥ एस्ती सरस्वती देवी जयजयकार छ ॥१॥

समीक्षा

यस कृतिमा कस्तो प्रहरमा कस्तो किसिमको सपना देखिएमा कस्तो फल प्राप्त हुन्छ भन्ने विषयको बयान छ। यसमा शुभ र अशुभ गरी सपनालाई दुई भागमा बाँडिएको छ। बीचमा केही पत्र नभएकोले कृति अपूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

४१. स्वप्न चिन्तामणी, ल.सं.द्वि. ९८, वि.सं. १४९७, लेखक–, लेखन समय–, पत्र ४४, पूर्ण, रिल नं. A ४२८/२

उद्धरण

जन्का प्रसादले. कविहरू जो छन्. आफुले कल्पना गरि बनायाका वस्तुकन ꣸ तसै लक्षरामा तिनै लोक कन प्रत्यक्ष गरि देष्छन्. एस्ती सरस्वती देवीको जयजयकार छ ॥१॥

समीक्षा

यस कृतिमा कस्तो सपना देख्नाले कस्तो किसिमको शुभ वा अशुभ फल पाईन्छ भन्ने विषयको बयान छ। वीच बीचमा स्वर्ण रञ्जित रंगीन चित्रहरू पनि बनाइएका छन्। दुःस्वप्नको निराकरण विधि समेत दिइएको कृति आदि अन्त्य पर्ण राम्रो अवस्थाको छ। कृतिमा लेखक लेखन समय उल्लेख छैन।

४२. स्वप्न प्रबोध, ल.सं.तृ. ४८६, वि.सं. १५०९, लेखकः वीरसिंह, लेखन समय–, पत्र ३२, पूर्ण, रिल नं. ब ४३३/४३

उद्धरण

ग्रंथ समाप्ति निर्विघ्न पूर्वक हवस् भन्ना निमित्त. इष्ट देवताको स्मरण गरिंछ. तदर्थ. श्री भगवती सीताले मेरो मति चुंवन गरून्. कस्ति परमेश्वरी भन्या. संसारका भयको नाश गर्न्या. जन्मरूपी जाल काटन्या. रावणादि दैत्यको विनास गर्न्या.

समीक्षा

यस कृतिमा मनुष्यले कसरी शयन गर्दा कस्तो सपना देख्छ र त्यसको फल शुभ अशुभ के कस्तो हुन्छ भन्ने विषयको निरूपण गरिएको छ। प्रारम्भमा जगत् जननी सीताजीको मङ्गलाचरण गरिएको छ भने बीचमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ। फलित ज्योतिष विषयका लागि उपयोगी देखिने यो कृति सबैका लागि मनन योग्य रहेको छ। कृति आदि अन्त्य पूर्ण रहेको छ। कृतिमा प्रारम्भका ७६ श्लोक र त्यसको भाषा टीकामा शुभ स्वप्न बिचारको र अन्त्यका ७९ श्लोकमा अशुभ स्वप्न बिचारको वर्णन गरिएको छ। बीचमा अन्त्यमा श्री कलाधर भट्टले लेखेको कृतिको भाषा टीका गरिएको हो भन्ने आशयको संस्कृत भाषा अंश दिइएको छ। लेखन समय उल्लेख नरहेको यो कृति सामान्य अवस्थाको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४३. **स्वप्नाध्याय,** ल.सं.द्वि. २५०/१८, वि.सं. १४७७, लेखक–, लेखन समय–, पत्र १०, पूर्ण, रिल नं. A ४३३/२४

उद्धरण

प्रथम प्रहरमा देष्याका स्वप्नाको वर्ष भरिसम्म फल मिलोस्. द्वितीय प्रहरमा देष्याको स्वप्नाको अष्ट मैन्हासम्म फल मिलोस्. तेस्रा प्रहरमा देष्याको स्वप्नाको तिनै मैन्हामा फल मिलोस्.

समीक्षा

यस कृतिमा कुन प्रहरमा देखेका सपनाको फल कति दिन भित्रमा पाइन्छ भन्ने र कस्ता स्वप्न देखेमा के कस्तो फल पाइन्छ भन्ने कुराको बयान गरिएको छ । यसमा जम्मा ७३ संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । देवगुरु बृहस्पतिले देवतालाई सुनाएको प्रसङ्गका रूपमा यो कृति आएको छ । नेपाली टीकाकारको नाम र टीकाकरण समय उल्लेख छैन । भाषिक दृष्टिले पनि कृति त्यति प्राचीन देखिदैन । सामान्य अवस्थाको यो पुस्तक आदि अन्त्य पूर्ण र व्यवहारोपयोगी ज्योतिषमा आधारित रहेको छ ।

४४. **स्वप्नाध्याय,** ल.सं.ष. ३८३१, वि.सं. १०२, लेखक–, लेखन समय–, पत्र २१, अपूर्ण, रिल नं. A १३९९/२९

उद्धरण

जलकाग वकुल्ला जलकुषुरो हुटिट्याङ दाज्यूह नामा पक्षी हरितनामा पक्षी. न्याहुलो वहुधा जलका नजिकमा रहन्या पक्षीहरू अरुपनि एतिकन स्वप्नमा देष्यो भन्या शुभ हुदैन दाजूह भन्याको गलामा कालो हुंन्या जलचर पक्षि हो हारित भन्याको हारिल भनी मधेसमा प्रख्यात भयाको पक्षि हो ॥२१॥

समीक्षा

यस स्वप्नाध्यायमा पनि मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । यो आदि अन्त्य अपूर्ण छ । अगाडि शुभ स्वप्नका १०० श्लोक मध्ये २० औं श्लोक भन्दा पहिलेको अंश छैन भने पछाडिको अशुभ स्वप्न विचारको ४४ औं श्लोक पछिको अंश छैन । लेखक लेखन समय उल्लेख छैन । केही पत्र मुसाले काटेको अवस्थाका छन् ।

४५. **स्वप्नाध्याय,** ल.सं.पं. ७३४०, वि.सं. १४८१, लेखक: जगत्देव, लेखन समय–, पत्र ७४, पूर्ण, रिल नं. A १०६९/८

उद्धरण

जन्का प्रसादले. कविहरू जो छन् ॥ आफुले कल्पना गरि बनायाका वस्तु या तीन लोक् प्रत्यक्ष गरी देषछन्. एस्ती सरस्वती देवीको जयजयकार छ.॥१॥

समीक्षा

यस कृतिमा पनि शुभ स्वप्न र अशुभ स्वप्नको लक्षण दिइएको छ । मूल संस्कृत र त्यसको नेपाली भाषा टीका समेत रहेको छ । कृति आदि अन्त्य पूर्ण छ । लेखक जगत्देव उल्लेख गरिएको छ भने लेखन समय छैन । पुस्तकको अगाडि कभर पृष्ठमा **"य पुस्तकं गुरुराज हेमराज पंरिडतस्य"** भन्ने उल्लेख गरिएकोले पण्डित हेमराज शर्मा कै माध्यमबाट रा. अ. मा संकलन हुन आएको अनुभव हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४६. **स्वप्नाध्याय,** ल.सं.ष. २०४, वि.सं. ३०५, लेखक–, लेखन समय: सम्वत् १८६७, पत्र ११, पूर्ण, रिल नं. A १००२/१

उद्धरण

अ्रथ प्रथम प्रहरमा स्वप्ना देष्या ॥ स्वप्नाको फल वर्ष दिनमा पुग्छ ॥ द्वितिय प्रहरमा स्वप्ना देष्याको छ मैन्हामा फल पुग्छ. त्रितिय प्रहरमा स्वप्ना देष्याको तिन मैनामा फल पुग्छ ॥

समीक्षा

यसमा कुन प्रहरमा देखेका सपनाको फल कति दिन पछि पाइन्छ भन्ने र कुन-कुन सपना शुभ र कुन-कुन अशुभ हुन् भन्ने विषयको बयान गरिएको छ । मूल कृतिलाई शुभ सपना र अशुभ सपना गरी दुई भागमा बाँडिएको छ भने अन्त्यमा **"श्री सम्वत् १८६७ वैशाषे शुक्ल ८ सोम वासरे शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ भने लेखकको नाम उल्लेख छैन । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ ।

४७. **स्वरोदय,** ल.सं.प. १५८४, वि.सं. २९६, लेखक–, लेखन समय–, पत्र ५६, अपूर्ण, रिल नं. A १००२/१३

उद्धरण

हे देवताका पनि देव महादेव कृपानिधी प्रभो यो संपूर्ण सिद्धि होइन्या ज्ञान जो छन् सो विशेष गरि मलाई आज्ञा भया सुन्नामा अति लालसा होईयाको छु ॥१॥

समीक्षा

शिव र पार्वतीको जगत्, चर अचरको उत्पत्ति सम्बन्धी विषयको सम्वादका रूपमा आएको यस कृतिमा केवल नेपाली भाषा टीका मात्र रहेको छ । यो अन्त्यमा अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

४८. **स्वरोदय,** ल.सं.ष. ११९१, वि.सं. २२८, लेखक–, लेखन समय–, पत्र ६, पूर्ण, रिल नं. A १००२/६

उद्धरण

जस्को विचार गर्नाले भूत भविष्य वर्तमान त्रिकाल ज्ञान हुन्छ ॥
एस्ता हंशवार स्वरूपि शरिर विषे रह्याको स्वरोदयकन कहंछु ॥१॥

समीक्षा

यस पुस्तकमा कुन-काम गर्दा कुन नाडी वहाउनु पर्छ भन्ने विषयको बयान रहेको छ । कृति आदि अन्त्य पूर्ण छ । अन्त्यमा **"श्री सालिवाहनिय १७७५ शाके संवत् १९१० साल मिति वैशाष शुदि १४ रोज ७ शुभम्"** भन्ने उल्लेख गरिएकोले लेखन समय स्पष्ट हुन्छ । लेखकको नाम भने उल्लेख छैन ।

४९. **स्वरोदय भाष्य,** ल.सं.ष. ३३४४, वि.सं. १०३, लेखक–, लेखन समय: सम्वत् १९४२, पत्र ठ्यासफू, अपूर्ण, रिल नं. A १३९१/२४

उद्धरण

कंन्या पणि स्वरैले प्राप्त हुन्छ राजाको दर्शण पणि स्वरैका वलमा गर्नु देवताको सिद्धि पणि स्वरैले प्राप्त हुंन्छ ॥ २२॥ परदेस गमन पनिः सोरैका वलमा गर्नु भोजण पणि स्वरैका वलले हुन्छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस स्वरोदयमा २२ औं श्लोकदेखि आदिको अंश छैन । शंकर र पार्वतीको सम्वादका रूपमा रहेको यस स्वरोदयको अन्त्यमा "**श्री गोपाल देसे पशुपति क्षेत्र. उत्तर गिल करंठेः पांचपोषरि वागमति निकटे श्री नन्दिकेसर महादेव चर्गो नक्साल् ग्रामस् थिते कृश्न वहादुर षत्रिस्य पुस्तकम् परोपकारेण लिषितम्:..........श्री साके १८०७ श्री सम्वत् १९४२ साल मिति कार्तिक शुदि १४ रोज ७**" भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ । यस पुश्पिका वाक्यबाट यस पुस्तकका धनी कृष्ण बहादुर खत्री भएको कुरा स्पष्ट हुन्छ तापनि लेखक को हुन् ? सो स्पष्ट हुँदैन ।

५०. स्वरोदय, ल.सं.ष. १५८४, वि.सं. २९६, लेखक–, लेखन समय–, पत्र ५६, अपूर्ण, रिल नं. A १००२/१३

उद्धरण

हे देवताका पनि देव महादेव कृपा निधी प्रभो यो संपूर्ण सिद्धि होइन्या ज्ञान जो छन् सो. विशेष गरि मलाई आज्ञा भया सुन्नामा अति लालसा होईयाको छु ॥१॥

समीक्षा

यस स्वरोदयमा मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । प्रारम्भदेखि ५६ पत्रसम्म रहेको यो कृति अन्त्यमा खण्डित छ । लेखक लेखन समय उल्लेख छैन ।

५१. स्वरोदय, ल.सं.ष. १२७७, वि.सं. ३१८, लेखक–, लेखन समय–, पत्र ३०, अपूर्ण, रिल नं. A १००२/११

उद्धरण

हे देवताका पनि देवता भयाका महादेव. म उपर कृपा गरि सबै सिद्धि हुन्या ज्ञानकन हे प्रभो मलाई कहनु हवस् ।

समीक्षा

यस स्वरोदयमा प्रारम्भ देखि ४६ औं श्लोकसम्मको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति अन्त्यमा अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन भने पुस्तक सामान्य अवस्थामा रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तन्त्रशास्त्र

१ **झारफुक मन्त्र,** ल. सं. ष. २०२, वि. सं. २३, लेखक-, लेखन समय-, पत्र ठ्यासफु, पूर्ण, रिल नं. ९४१/११

उद्धरण

पुस्तक पुजा गरि हज्जार्फेरा सोधन गर्नु ॥ सर्पले षायाको विष झार्न्या मंत्र ॥

समीक्षा

यसमा सर्पले टोकेको, आगोले पोलेको, कपाल दुखेको, जुका लागेको नास गर्ने, ज्वरो झार्ने आदि विषयका मूल संस्कृत मंत्र र **"यो मंत्र पढी यसो गर्नु"** भन्ने निर्देशन नेपाली भाषामा लेखिएको छ । कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

२ **झारफुके नाना विधिको पुस्तक,** ल. सं. ष. १०७२, वि. सं. २४, लेखक-, लेखन समय-, पत्र ठ्यासफु, अपूर्ण, रिल नं. A ९४१/१२

उद्धरण

श्री पाड्या अनरूद्रये कन पाटन् सहरमा थीया गंगाका तटमा अनेक् तरहका सर्पै वहुतै थिया ॥

समीक्षा

यस पुस्तकमा विभिन्न विषयका मंत्रहरू रहेका छन् । लेखाइ कही गद्य कही पद्यमय रहेको छ । कृति आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

३ **झारफुकै वेदाङ्ग,** ल. सं. ष. ७१२, वि. सं. २२, लेखक-, लेखन समय-, पत्र ठ्यासफू, पूर्ण, रिल नं. A ९४१/१०

उद्धरण

एहि मंत्र प्रयोग गरिकन पानि माहा हाहिं सिंषु राषनु, ... स्वासनिको पेतमाहा मल्याको निकासनु

समीक्षा

यस कृतिमा पनि विविध विषयका मूल संस्कृत मंत्र र त्यसको निर्देशन नेपाली भाषामा दिइएको छ । कृति आदि अन्त्य पूर्ण छ लेखक लेखन समय उल्लेख छैन ।

४ **दक्षिणकाली पूजा विधि,** ल. सं. ष. १४०३, वि. सं. ४४, लेखक-, लेखन समय-, पत्र ठ्यासफू, पूर्ण रिल नं. A ९६३/१२

उद्धरण

भनी वाएंहातले कुर्म्ममुद्राले हृदय छुनु ॥ भनि चन्दन अक्षतपुस्प वाएं हातमा दाहिनु हातले .... इशान कोणतिर फाल्नु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा दक्षिणकाली पूजा विधिका मूल संस्कृत मंत्र र "यसो गर्नु उसो गर्नु" भन्ने निर्देशन नेपाली भाषामा दिइएको छ। कृति आदि अन्त्य पूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

५ **दमनारोहण पूजा सम्बन्धी पुस्तक,** ल. सं. ष. १८१, वि. सं. ४७, लेखक-, लेखन समय १९६०, पूर्ण, रिल नं. A ९४९/८

उद्धरण

सोही दीन्मा. स्वेष्ट देवता प्रीती गरी चढायाको चांदीको ढलवट. सुनको नाग स्मेत्को जलहरी- १ सून्को पाताले मोरेको. छत्री- १

समीक्षा

यसमा दमनारोहण पूजा विधिदिइएको छ। प्रारम्भमा **"सम्वत् १९६० साल मिति चैत्र सुदी ९ देखि प्रारम्भ"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ।

६. **दमनारोहण पूजा** ल.सं.ष. ४२६ वि. सं. ४६, लेखक-, लेखन समय-, पत्र ठ्यासफ्, पूर्ण, रिल नं. A ९४९/७

उद्धरण

शुभ सम्वत् १९२३ साल्मा श्री ६ वावाज्यू. ग्रमीर मुन्सी लक्ष्मी दास. काठमाडौं. मधूहिटी टोल्को. घर्मा. वेरामी हुनू हुदा. दक्षिरा तरफ. वारीको देवताको दोष छ भनी. जैसीहरू र अनेक जांन्याहरूले भंदा.

समीक्षा

यस कृतिमा दमनारोहण पूजाका लागि आवश्यक सामानको वयान गरिनुका साथै दमनारोहण सम्वन्धी मुन्सी खानाको वंशावली समेत रहेको छ। ठ्यासफूमा लेखिएको कृति आदि अन्त्य पूर्ण छ। लेखन समयको यकिन थाहा हुँदैन भने लेखक चाहिँ मुन्सी लक्ष्मीदासका छोरा हुन सक्ने देखिन्छ।

७. **पुश्पसार** ल.सं.ष. ६५, वि.सं. ५२, लेखक-, लेखन समय-, पत्र ४९, (रिल नं. नभएको)

उद्धरण

श्री विश्नु सरस्वती सदाशिव अंधकारका शत्रु श्री सूर्य एति देवताहरूकन नमस्कार गरेर. पुश्पसार नाउ गऱ्याका ग्रंथ कहंछु।

समीक्षा

विभिन्न शास्त्रहरूमा लेखिएको विषयलाई समेटी कुन-कुन प्रकारका फूलहरू के कस्तो अवस्थामा के कस्ता देवतालाई अर्पण गर्न हुन्छ भन्ने विषयको बयान गरिएको छ। कृति आदि अन्त्य पूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

८. **मन्त्र विधि (सौभाग्येश्वरी धूप),** ल. सं. ष. ३२७, वि. सं. ८३, लेखक-, लेखन समय-, पत्र ३, अपूर्ण, रिल नं. ९४९/४१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

यो सौभागेश्वरी मन्त्रले १०८ जपी धूप दिनू ॥

समीक्षा

यस कृतिमा सौभाग्येश्वरी पूजा विधिको संस्कृत मूल मंत्र र त्यसको निर्देशन नेपाली भाषामा दिइएको छ। कृति अपूर्ण छ। लेखक लेखन सयम उल्लेख छैन।

९. **यन्त्र पुस्तकम्,** ल. सं. ष. १२०६, वि. सं. १७, लेखक -, लेखन समय-, पत्र ५, पूर्ण, रिल नं. A ३००/४

उद्धरण

गैंडाका षागको चुर्न गरि त्यो चुर्नको धुवां भगमा लाउनु षलद्रो निको होइ–

समीक्षा

यस पुस्तकमा विष मार्ने, बौलाहा कुकुरले टोकेको निको पार्ने मंत्र एवं विविध रोगका औषधिको बयान गरिएको छ। यसमा पछिल्लो पत्रको अक्षर केही उडेको छ। कृति आदि अन्त्य पूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

१०. **विचित्र मंत्र कौतुक,** ल. सं. ष. १०२९, वि. सं. ७५, लेखक-, लेखन समय-, पत्र १७६, पूर्ण, रिल नं. A ९४६/४

उद्धरण

कुनै कालमा कैलासका शिखरके विषे महादेव विराजमान भयाका थिया पार्वती जी उच्च २ श्रृंगहरूके विषे कल्लोल् गर्द थिन्.

समीक्षा

यसमा कागती उफार्ने, शत्रुको पिसाव बन्द गराइ दिने, हिक्का बन्द गर्ने, मुखको चाया हटाउने आदि विषयको बयान गरिएको छ। तंत्र मंत्र यन्त्र समेत समावेश गरी लेखिएको यो पुस्तक तन्त्र विद्याको उपासना गर्नेहरूका लागि निकै उपयोगी देखिन्छ। कृति प्रकाशन योगय रहेको छ। आदि अन्त्य पूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धर्मशास्त्र

१. **आशौच निर्णय,** ल. सं. प. ३७१, वि.सं. ६५, लेखक-, लेखन समय-, पत्र १९, अपूर्ण, रिल नं. A १३८१/२७

उद्धरण

प्रथम आशौच २ तरहको. जननाशौच १ मरणाशौच १ जनन मरणशौचको. गर्भ पतन देखिको व्यवस्था. गर्भ रह्याका मास देषि ४ महिनासम्म गर्भ पतन भयो भन्या. स्राव कहिंछ ५।६ महिनासम्म पात कहिंछ ७ मैहनादेषी उभो प्रशव कहिंछ.

समीक्षा

यस पुस्तकमा गर्भ धारणदेखि मृत्युसम्मको संस्कारमा कुन उमेरको व्यक्ति मर्दा वा अन्य आशौच हुँदा कुन नाताको व्यक्तिलाई कति दिन आशौच (सूतक) लाग्छ र कस्ता व्यक्तिले कति दिन आशौच बार्नु पर्दछ भन्ने जस्ता धर्मशास्त्रीय विषयको निरूपण गरिएको छ। मूल संस्कृत श्लोक र त्यसको गद्यमय नेपाली भाषा टीका रहेको यस कृतिमा १९ औं पत्रदेखिको अन्त्य भाग छैन। कृति सामान्य अवस्थाको अपूर्ण रहेको छ भने लेखक र लेखन समय उल्लेख छैन।

२. **कर्म विपाक,** ल. सं. तृ. ४८६, वि. सं. ११०, लेखक-, लेखन समय: सम्वत् १९००, पत्र ४, पूर्ण, रिल नं. A ४९४/७

उद्धरण

अर्जुनले भगवान् श्री कृश्न छेउ विंति गर्छन् ॥ हे श्रीकृश्न क्यापापका फलले आंधा भयो। क्या पापका फलले दरिद्र हुंछ ॥ क्यापापका फलले कुष्ट हुंछ ॥ सो आज्ञा गऱ्या जाव्स ॥१॥

समीक्षा

कृष्ण र अर्जुनको सम्वादका रूपमा आएको यस कृतिमा अर्जुनले भगवान् श्रीकृष्णसँग पूर्व जन्मका के कस्ता पापले यस जन्ममा के कस्तो भोग भोग्नु पर्छ भन्ने प्रश्न गरेका छन् भने कृष्णले उत्तर दिएका छन्। स्त्री हरण, अर्कालाई मारेको आदि पापको फल र दान पुण्य आदि धर्मको फलको वयान गरिएको यस कृतिमा पनि मूल संस्कृत र त्यसको नेपाली भापा टीका रहेको छ। जम्मा ४ पत्रको कृति आदि अन्त्य पूर्ण छ। लेखकको नाम उल्लेख छैन भने अन्त्यमा **"सम्बत् १९०० साल मिति आषाढ वदि ९ रोज ३ शुभम् संपूर्णम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ।

३. **कर्म विपाक,** ल. सं. च. ३३२९, वि. सं. ४११, लेखक-, लेखन समय-, पत्र ४, अपूर्ण, रिल नं. A १२१५/३४

उद्धरण

जश्ले ब्रह्म हत्यापाप गऱ्याका छ. तेस् पापिलाई गलत कुष्टि भन्याको मासु गलि गलि ळर्छ. तेलाई गलत कुष्टि भन्नु. त्यो पाप कस्ता रितले जान्छ. माहारूद्रि गराउनु होम गराउनु.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा पूर्व जन्ममा के कस्तो पाप गर्नाले यस जन्ममा के कस्तो कुष्ठ रोग लाग्छ भन्ने विषयको बयान गरिएको छ । यसमा जम्मा ४ पत्र रहेका छन् । कृति अन्त्यमा अपूर्ण छ । मूल लगत मिले तापनि शाखा रजिष्टरमा विविध पोका अन्तर्गत राखिएको छ । कृतिमा लेखक लेखन समय उल्लेख छैन ।

४. **कर्म विपाक,** ल. सं. द्वि. २८२, वि. सं. १०२, लेखक-, लेखन समय-, पत्र ४, पूर्ण, रिल नं. A ४९३/२१ A ४९४/७

उद्धरण

अर्जुनले श्री कृश्न भगवान छेउ विंति गर्छन् ॥ हे श्री कृश्न भगवान्. क्यापापका फलले अंधा भयो ॥ क्या पापका फलले दरिद्र भयो ॥

समीक्षा

अर्जुन र श्रीकृष्णको सम्वादका रूपमा आएको यस कृतिमा पूर्व जन्ममा कुन-कुन कर्म गर्नाले यस जन्ममा के कस्तो फल पाइन्छ भन्ने धर्मशास्त्रीय विषयको बयान गरिएको छ । सामान्य अवस्थाको कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

५. **तुलसी तत्त्व भाश्कर,** ल. सं. च. १०७७, वि. सं. २९७, लेखक-, लेखन समय: सम्बत् २०१६, पत्र ३०, पूर्ण, रिल नं. B ४१०/९

उद्धरण

स्नान गर्दा समय जस्का अंगमा पवित्र तुलसी माला देखिंछ. सो गंगादि सव तीर्थमा स्नान गरेको तुल्य फल पाउछ. एस्मा संदेह छैन ॥

समीक्षा

शिव पार्वती सम्वादका रूपमा आएको यस कृतिमा तुलसीको महिमा बयान गरिएको छ । मूल संस्कृत र त्यसको नेपाली भाषामा अर्थ दिइएको छ । लेखकको नाम उल्लेख छैन भने अन्त्यमा **"सम्बत् २०१६ फाल्गुन १८ गते रोज ३ मा शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ । राम्रो अवस्थाको कृति आदि अन्त्य पूर्ण छ ।

६. **धर्म महात्म्य,** ल. सं. च. १०२७, वि. सं. ४१२, लेखक-, लेखन समय-, पत्र १४, पूर्ण, रिल नं. B ४१५/३

उद्धरण

प्रातः कालको चार घरि रातमा निद्रादेषी विउंझि स्वस्थ चित्त गरि आज हामी येति धर्म गरौला धर्मराषि येति धन आर्जौला धन धर्म राषि एति कामको भोग गरौंला भनि मन विषे सुभ चिंतना गर्नु. १

समीक्षा

यसमा हरेक जातिका व्यक्तिले धर्मशास्त्रीय नियम अनुसार गर्नुपर्ने कर्तव्यको बयान गरिएको छ । मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको यस कृतिमा शरीर, आत्मा धन आदि शुद्धीकरणको विधि दिइएको छ । जम्मा १४ पत्र रहेको यो कृति पूर्ण नै देखिन्छ । लेखक लेखन समय उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७. **नृप श्लोकी,** ल. सं. द्वि. ९५, वि. सं. ४९९, लेखक-, लेखन समय-, पत्र १५, पूर्ण, रिल नं. A १२१३/१६

उद्धरण

नृप श्लोकी भन्याका ग्रंथमा महापातक प्रभृतिपाप र. तनै पापको प्रायश्चित्त. संक्षेपले कहिंछ ॥ महापातक. अनिपातक अनुपातक. उपपातक. ॥

समीक्षा

यस नृप श्लोकीमा पनि पापका प्रकार र त्यसको प्रायश्चित गर्ने विधि दिइएको छ । यसमा मूल संस्कृत श्लोक, संस्कृत गद्य टीका र नेपाली भाषा टीका समेत रहेको छ । कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

८. **नृप श्लोकी,** ल. सं. द्वि. २०५, वि. सं. ५००, लेखक-, लेखन समय-, पत्र १०, अपूर्ण, रिल नं. B ४२०/१५

उद्धरण

नृप श्लोकी भन्याका ग्रन्थमा महापातक प्रभृति पाप र. तनै पापको प्रायश्चित्त. संक्षेपले कहिन्छ. ॥

समीक्षा

यस ग्रन्थमा महापातक प्रभृति पाप र तिनको प्रायश्चित विधिको बयान गरिएको छ । मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको यस कृतिमा जम्मा १० पत्र रहेका छन् भने अन्त्यमा अपूर्ण छ । लेखक लेखन समय उल्लेख नभएको कृति साधारण अवस्थाको छ ।

९ **नृप श्लोकी,** ल. सं. द्वि. ९५, वि. सं. ४९८, लेखक-, लेखन समय-, पत्र १५, पूर्ण, रिल नं. B ४२०/१५

उद्धरण

नृप श्लोकी भन्याका ग्रन्थमा. महापातक प्रभृति पाप र तनै पापको प्रायश्चित्त संक्षेपले कहिन्छ ।

समीक्षा

यस कृतिमा १० वटा महापातक र तिनको प्रायश्चित्तको विधि दिइएको छ । महापातकलाई पनि दृश्य पाप र अदृश्य पापमा विभाजन गरिएको छ । यसमा पनि मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । लेखक लेखन समय उल्लेख छैन कृति आदि अन्त्य पूर्ण सुन्दर अवस्थाको छ । यो अन्य नृप श्लोकीबाट प्रतिलिपि गरिएको देखिन्छ ।

१०. **नृप श्लोकी,** ल. सं. द्वि. २०१, वि. सं. ४९७, लेखक-, लेखन समय-, पत्र ९, पूर्ण, रिल नं. B ४२०/११

उद्धरण

नृप श्लोकी भन्याका ग्रन्थमा. महापातक प्रभृति पाप र. तिनै पापको प्रायश्चित्त. संक्षेपले कहिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यसमा पनि नृप श्लोकीका मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

११. **पतिव्रता धर्म संग्रह,** ल. सं. च. १६८८, वि. सं. ५०६, लेखक-, लेखन समय-, पत्र ४७, पूर्ण, रिल नं. B ४२०/२१

उद्धरण

मनका कर्मले. वचनका कर्मले शरिरका कर्मले. अगस्ति ऋषीकि पत्नीलोपा मुद्रा. अत्री ऋषीकि पत्नी अनसुया नाम गऱ्याकि ब्रह्माकी पत्नी सावित्री. महादेवकी पत्नी सति. वसीष्ठकी पत्नी अरुंधति. इ पाच पतिव्रता कन नमस्कार गरि.

समीक्षा

यस कृतिमा पतिव्रता नारीहरूको महिमा र लक्षणको बयान गरिएको छ । पतिव्रता नारीले गर्नुपर्ने कर्तव्यको बयान गरिएको यस पुस्तकमा मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । स्कन्द पुराणको काशी खण्डबाट झिकिएको यस कृतिमा जम्मा १२ परिच्छेद रहेका छन् । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने लेखक लेखन समय उल्लेख छैन ।

१२. **पाञ्चायन पुश्प बिचार,** ल. सं. तृ. १२४, वि. सं. ५१५, लेखक-, लेखन समय-, पत्र ४, अपूर्ण, रिल नं. B ४२१/५

उद्धरण

बेली-चबेली माधवी तिल पुश्प चिलाउन्या. नाग. केसर. निलकद. सरपा. बन चवेली. खरि. जाइ कदम्व .....॥

समीक्षा

यस पुस्तकमा फूलको महात्म्य एवं कुन-कुन फूलहरू कुन-कुन अवस्थामा के कस्ता देवी देवतालई अर्पण गर्न राम्रो वा शुभ-दायक हुन्छ भन्ने विषयको बयान गरिएको छ । कृति आदि अन्त्य अपूर्ण सामान्य अवस्थाको छ भने लेखक लेखन समय उल्लेख छैन ।

१३. **पुश्प निरूपणम्,** ल. सं. ष. ३४७, वि. सं. १५, लेखक-, लेखन समय-, पत्र ठ्यासफु, अपूर्ण, रिल नं. A ११०४/१५

उद्धरण

केवडा, केतकी, चमेली कुन्द पुश्प दुभो हालेको ॥ नहालेको हुंछ । अँवला समीपत्र वाहेक स्थल्मा जल्मा फुलेका फूलहरू जुन सुकै चढाये पनी हुंछ ॥

समीक्षा

यसमा कुन-कुन फूलहरू कुन-कुन देवतालाई चढाउन हुन्छ वा हुँदैन भन्ने विषयको निरूपण गरिएको छ । यसमा नेवारी र नेपाली भाषा दिइएको छ । लेखक लेखन समय उल्लेख छैन । कृति अपूर्ण छ ।

१४. **पूर्वकर्म विचार,** ल.सं.ष. ६०७०, वि. सं. परिशिष्ट, लेखक-, लेखन समय-, पत्र १७, ठ्यासफू, पूर्ण, (मा. फि. नभएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

अर्जुनले श्री कृश्नका पाउमा विन्ती गऱ्या । हे श्री कृश्न पुर्व जनममा क्या पापले अंध भयो ॥ क्या पापले दरिद्र भयो क्या पापले अनेक रोग भयो भनि अर्जुनले श्री कृश्न छेउ विंती गर्दा भया ॥

समीक्षा

यस कृतिमा पूर्व जन्ममा के कस्तो कर्म गर्नाले यस जन्ममा के कस्तो फल पाइन्छ भन्ने विषयमा भगवान श्री कृष्ण र अर्जुनका बीचमा भएको सम्वादका मूल संस्कृतका १६ वटा श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण छ । लेखक र लेखन समय उल्लेख छैन । १७ पृष्ठको ठ्यासफुमा रहेको यस कृतिमा संस्कृत भापाका अर्गला स्तोत्र र देवी कवच समेत रहेका छन् ।

१५. **मनुस्मृति,** ल. सं. तृ. १७८, वि. सं. ७३१, लेखक-, लेखन समय-, पत्र ६९३, पूर्ण, रिल नं. A ५२४/१ A ५२३/८

उद्धरण

मनुस्मृतिनामा धर्मशास्त्र ग्रंथको भाषाले अर्थ कहिं छ ॥ मन एकाग्र गरी वसी र ह्याका मनुनामा प्रजापति छेउ गै. महर्षिहरू जोछन् सो शास्त्रमा कह्याका विधि वमोजिम्. तन्को पूजा सन्मान गरी एस् ग्रंथमा कह्याका प्रश्न कन सोधदा भया ॥१॥

समीक्षा

यसमा मूल मनुस्मृति र त्यसको नेपाली भाषा टीका रहेको छ । अगाडि विषय सूची दिइएको छ भने यसमा जम्मा १२ अध्याय रहेको छ । ६४१ पृष्ठको यस बृहत् कृतिको अन्त्यमा **"इति मानव धर्मशास्त्रे भृगु प्रोक्तायां संहितायां द्वादशो ऽध्याय"** भन्ने उल्लेख छ । नेपाली टीकाकार र टीका गरिएको समय कृतिमा उल्लेख छैन । कृति भाषिक र विषयगत दुवै दृष्टिले निकै महत्त्वपूर्ण देखिन्छ ।

१६. **मनुस्मृति,** ल. सं. तृ. ७७१, वि. सं. ७२८, लेखक-, लेखन समय-, पत्र ३४४, अपूर्ण, रिल नं. A५२३/५

उद्धरण

सो बमोजिम् नाम राषिकन पष्ट गरि लेषिंछ ॥ एस्ता प्रकार सित अथवा देवशर्मा. विश्नु शर्मा. सर्वशर्मा.

समीक्षा

यस मनुस्मृतिमा पनि मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य अपूर्ण छ । आदिमा ३५ औं पृष्ठभन्दा आदिको भाग छैन भने अन्त्यमा ३४४ औं पृष्ठ पछिको अंश छैन । लेखक लेखन समय उल्लेख छैन कृति सामान्य अवस्थाको छ । अगाडि पट्टि विषय सूची दिइएको छ ।

१७. **मानव धर्मशास्त्रम्,** ल. सं. द्वि. १५९, वि. सं. ७५०, लेखक-, लेखन समय-, पत्र ४७२, पूर्ण, रिल नं. A ५२५/२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

मनुस्मृति नामा धर्मशास्त्र ग्रन्थको भाषाले अर्थ कहिंछ मन एकाग्र गरी वसी रह्याका मनुनामा प्रजापति छेउ गै. महर्षिहरू जोछन् सो. शास्त्रमा कह्याका विधि वमोजिम्. तन्को पूजा सन्मान गरी. एस् ग्रंथमा कह्याका प्रश्नकन सोधदा भया ॥१॥

समीक्षा

यस मनुस्मृति नामक ग्रन्थमा पनि मूल संस्कृत र त्यसको नेपाली भाषा टीका दिइएको छ । कृति आदि अन्त्य पूर्ण अत्यन्त राम्रो अवस्थाको छ । ल. सं तृ. १७८ र यो दुवै कृति एउटै कृतिका प्रतिलिपि देखिन्छन् । अक्षर लेखाइका आधारमा हेर्दा प्रतिलिपि गर्ने व्यक्ति चाहि फरक फरक हुन् भन्न सकिन्छ । नेपाली टीकाकारको नाम र टीका गरिएको समय उल्लेख छैन भने जम्मा १२ अध्याय रहेको छ ।

१८. **मैथिलानां स्थिति,** ल. सं. पं ७४७२, वि. सं. ७६४, लेखक-, लेखन समयः सम्वत् १९१०, पत्र ठ्यासफू, रिल नं. B ४३१/१४

उद्धरण

मिथिला देशमा चल्याका. शुद्धकाल. वाहिक. अशुद्ध कालमा विवाह. व्रतवंध. उद्यापन. प्रतिष्ठा गैह्. यज्ञकर्म गर्नु ॥१॥

समीक्षा

यस कृतिमा मिथिला क्षेत्रमा बसोवास गर्ने ब्राह्मणहरूको सांस्कृतिक, स्थितिको बयान गरिएकोछ । रीति रिवाज र सोडष संस्कारको बयान नेपाली भाषामा गरिएको छ । अन्त्यमा **"इति सम्वत् १९१० साल मिति आश्विन शुदि १५ रोज १ शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ साथै संस्कृत श्लोकमा **"स्थितिः केदारनाथेन कृता जाङ्ग बहादुरी. ॥ मैथिलानां सदा कल्पं स्थीयता मनिवारिता"** भन्ने उल्लेख गरिएकाले यसका लेखक केदारनाथ हुन् कि भन्ने अनुमान गर्न सकिन्छ । साथै यसमा उल्लेख गरिएको सम्पूर्ण रीति स्थिति श्री ३ जङ्गबहादुर राणाले लागू गरेको देखिन्छ । ठ्यासफूमा लेखिएको कृति सामान्य अवस्थाको छ ।

१९. **रत्न दीपिका,** ल.सं.च. २३३८, वि. सं. ८२६ 'क', लेखक-, लेखन समय-, पत्र १९, अपूर्ण, रिल नं.३०७/८

उद्धरण

शोभाले लक्ष्मीले संयुक्त भयाका चराडेश्वर नामा आचार्य जो छन्. आफ्नै इछाले तुला दानादिका ग्रंथ वनाई कन. रत्न दीपिका नाउं भयाको. रत्न धेनुकन गर्दा भया ॥१॥

समीक्षा

यस कृतिमा पुरूष रत्न, स्त्रीरत्न, धातु रत्न, तथा उपरत्नको बयान एवं तिनीहरूको चिनारी दिइएको छ । यसमा पनि मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । रत्नहरूको गुण र तिनलाई चिन्ने तरिका दिइएको यस कृतिमा जम्मा १९ पत्र रहेका छन् र अन्त्यमा अपूर्ण छ । लेखक लेखन समय उल्लेख नभएको यो कृति साधारण अवस्थाको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२०. राज धर्म, ल. सं. द्वि. १२८, वि. सं. ७४८, लेखक-, लेखन समय-, पत्र ४६, अपूर्ण, रिल नं. A ५२४/१०

उद्दरण

भृगु नामा ऋषि भन्दछन्. हे ऋषिहरू। अव उप्रान्त राजाको धर्मकन कहन्छु.। राजा भैकन जस्तो काम गर्नु. तव राजाको जस्ता प्रकारसित संसारमा राजाको उत्पत्ति भयो तस्कन. ॥

समीक्षा

यस पुस्तकमा राजधर्मका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। धार्मिक नियम अनुसार राजाको लक्षण एवं राजाले गर्नुपर्ने कर्तव्यको बयान यसमा गरिएको छ। २२६ श्लोक र त्यसको नेपाली भाषा टीका रहेको पुस्तक अन्त्यको १ पत्र नभएकोले अपूर्ण छ। सामान्य अवस्थाको कृतिमा लेखक लेखन समय उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नाटक

१. **उषाहरण लीला,** ल. सं. ष. ५२३, वि. सं. २४, लेखक -, लेखन समय-, पत्र ९, पूर्ण, रिल नं. A १०१८/६

उद्धरण

राजा वाणासुर १ वाणासुरको छोरा स्कंद १, मंत्रि २, चोप्दा र १. झंडावाल् २ को सभा. चौथो पर्दाको पछाडी.

षडागरी. पर्दा खुल्ना साथ् साविक् बमोजिम दण्डवत्. प्रणाम गरी. वस्नु राजा वाणासुरले (हे वेटा स्कंद) भन्नु स्कंदले (आज्ञा पिताजी) भनी षडा हुनु.

समीक्षा

यो नाटक डम्बर समशेरको नाट्यशालामा प्रदर्शन गर्नका लागि बनाइएको देखिन्छ। यस नाटकमा सम्वाद मात्र नभएर रङ्गमञ्चमा प्रदर्शन गर्ने तरिका पनि सिकाइएको छ। सम्वाद अंश हिन्दी भाषामा छ भने निर्देशन अंश चाहिँ नेपाली भाषामा रहेको छ। आदिमा पात्र परिचय दिइएको छ भने नाटकलाई विभिन्न १२ वटा दफामा विभाजन गरिएको छ। प्रारम्भमा डम्बर समशेरको छाप लगाइएको छ। जम्मा ९ पत्र रहेको यस किताबमा पछाडि २ पत्र खाली छन्।

(क) **उषाहरण लीला,** ल. सं. ष. ५२०, वि. सं. १९, पत्र ८, लेखक-, लेखन समय -, पूर्ण, रिल नं. A १०१८/२

(ख) **उषाहरण लीला,** ल. सं. ष. ५२२, वि. सं. १३, पत्र ६, लेखक-, लेखन समय-, पूर्ण, रिल नं. A १०१८/५

उपर्युक्त 'क' तथा 'ख' मा उल्लेख गरिएका "उषाहरण लीला" पनि ल. सं. ष. ५२३ उषाहरण लीला कै प्रतिलिपि देखिन्छन्।

२. **उषाहरण लीला,** ल. सं. ष. ५२१, वि. सं. ११, पत्र ९ लेखक-, लेखन समय-, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

मोहडा, वाजा वालाले वजाउने गत्. सिंदूराको गत्. राधाले लालाजिको अगाडि नाच्नेगिद् ॥

समीक्षा

यस कृतिमा अगाडि पट्टि "नाच्ने सषि, गुलाफ्को" भन्ने उल्लेख गरिएको छ भने श्री ३ डम्बर समशेरको मोहोर पनि लगाइएको छ। निर्देशन नेपाली भाषामा दिइएको छ भने रागको नाम सहित केही हिन्दी र केही अंग्रेजी भजन र गीत समेत दिइएको छ। छैठौं पत्रदेखि नाटकको बयान गरिएको छ। कृति आदि अन्त्य पूर्ण छ। लेखक र लेखन समय उल्लेख छैन।

३. **गोश्वारा लीला,** ल. सं. ष. ५३७, वि. सं. १८, लेखक-, लेखन समय-, पत्र ३, पूर्ण, रिल नं. A १०१८/९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

गोस्वारालिलाको

अस्मानी---------------- गिद् --------- काम्--------- ठाउ ------

मोहडा---

१ दफा.

अस्मानि. राधा १ ज्यान कंठविना नाच् बुर्जा.

समीक्षा

यस कृतिमा कुन पात्रले कुन ठाउँमा के गर्ने भन्ने विषयको विवरणात्मक सूचीपत्र रहेको छ। जम्मा ६ पत्र रहेको कृति आदि अन्त्य पूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन। अगाडि कवर पेजमा **"श्री गोस्वारालिलाको – वस्ताज्को"** भन्ने उल्लेख गरिएकाले यो नाटक निर्देशकका लागि तयार पारिएको पुस्तक अनुभव हुन्छ।

४. **चीर लीला,** ल. सं. ष. ५३५, वि. सं. २०, लेखक-, लेखन समय-, पत्र ६, पूर्ण, रिल नं. A १०१९/२

उद्धरण

श्री चीरलिलाको

मोहडा

१ दफा

दोहा स्मेत्को आरति - १

२ दफा

राधाले लालाजीको अगाडी नाच्ने - २

३ दफा

रेषताको श्री कृश्न सषीहरूको नाच् - ३

पैल्हे मोहडाको काम् सिद्धिये पछि लीला सुरू हुंछ

समीक्षा

यस नाटकमा भगवान श्री कृष्णले गोपिनीहरूको चीर हरण गरेको प्रसङ्ग उल्लेख गरिएको छ। यसको मूल कथा पनि श्री मद्भागवत महापुराणबाट लिइएको हो। यसका पात्रहरूपनि कृष्ण, राधा, गोपिनी आदि रहेका छन्। यसमा प्रारम्भदेखि जम्मा ८ वटा दफा रहेका छन्। निर्देशन नेपाली र सम्वाद हिन्दी भाषामा दिइएको छ। डम्वर समशेरको नाट्यशालामा मञ्चनका लागि तयार पारिएका यस नाटकको अगाडिको भागमा **"श्री चीरलिलाको – लालाजी– वसंतीको किताप् हो"** भन्ने उल्लेख गरिएको छ। लेखक लेखन मिति उल्लेख छैन पुस्तक आदि अन्त्य पूर्ण राम्रो अवस्थाको छ।

(क) **चीर लीला,** ल. सं.प. ५३६, वि. सं. ३५, लेखक-, लेखन समय-, पत्र ६, पूर्ण, रिल नं. A १०१९/१

यस पुस्तकको अगाडिको पृष्ठमा **"श्री चीरलिलाको, नाच्ने सषी अस्मानीको किताप्"** भन्ने उल्लेख छ। यो पुस्तक नाच्ने सखी असमानीका लागि ल. सं. ष. ५३५ कै प्रतिलिपि गरेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

५. **नल चरित्र,** ल. सं. ष. १८०१, वि. सं. ८५ 'ख', लेखक-, लेखन समय-, पत्र ४७, अपूर्ण, रिल नं. A १०२६/११

उद्धरण

यस्ले अवश्य मेरो कार्य सिद्ध गरी देला भनी बीचार गरी हंसलाई छाडी दिया र तव नल राजा आज्ञा गर्छन् ॥ हे हंस राज् ॥ एक् दीन् मेरा वावाका कचरीमा म पनी वस्याको थीआं वाटो हीडन्या भाटहरूले कचहरीमा आई दमयंतीको लक्ष्य गुण रूप योवनको वर्णन् गर्‍याको सुन्या रः तेस दीन देखी मेरा हृदयमा कामदेवको वाणले प्रहार गर्‍यो ॥

समीक्षा

यस कृतिमा राजा नल र रानी दमयन्तीको प्रेमपूर्ण कथाको नेपाली भाषा टीका दिइएको छ । यसमा राजकुमार नलले दमयन्तीको बयान सुनेदेखि लिएर राजा नल र कर्कोट नागसँग भएको सम्वादसम्मको कथा रहेको छ । कृति आदि अन्त्य अपूर्ण छ । आदिमा १ देखि पत्र ५ सम्म छैनन् भने अन्त्यमा ४७ औं पछिका पृष्ठहरू छैनन् साथै कथावस्तु पनि अपूर्ण छ । लेखाइ निकै त्रुटिपूर्ण रहेको छ । अक्षर पनि साना ठूला छन् । यो कृति दुई-तीनजना व्यक्तिले पालै पालो गरी लेखेको अनुभव हुन्छ । लेखक लेखन समय उल्लेख छैन ।

६. **नाग लीला,** ल. सं. ष. ५२५, वि. सं. ३२, लेखक-, लेखन समय-, पत्र ३, पूर्ण, रिल नं. A १०१९/५

उद्धरण

छैटौ सानु फाट्ने पर्दाको ठाउँमा राधा कृश्नको मुनि म्याजिक् ल्याङ् टरन्बाट देषायाको –

समीक्षा

यस कृतिको बाहिरपट्टि **"लिलाको काम्मा पटक् पटक् गरी सभामा आउने मानिसहरूको फाट्को किताप् – पोसाक् षानाको"** भन्ने उल्लेख गरिएको छ । भित्री पृष्ठहरूमा कुन-कुन दृश्यमा कुन-कुन पात्रले के कस्तो पोशाक लगाउने भन्ने उल्लेख गरिएको छ । विषयलाई विभिन्न दफामा छुट्ट्याइएको छ । पुस्तक आदि अन्त्य पूर्ण छ भने लेखक र लेखन समय उल्लेख छैन ।

७. **नाग लीला (पर्दाको किताप्),** ल. सं. ष. ५२६, वि. सं. १२, लेखक-, लेखन समय-, पत्र ६, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

श्री जनरल साहेवबाट मर्जि होइवक्सीना साथ् षोल्नु षुलै राषनु– दोश्रो पर्दाको काम् – मोहोडा राधा कृश्नको मुर्ति देषाउनालाइ छैटौं सानु फाट्ने पर्दा षुलेपछि वाजावाला सवैले वजाउने मोहडाको सिंधुराकोगत्को सुरूमा षोल्नु – १

समीक्षा

यसको वाहिरपट्टि **"श्री नागलिलाको पर्दाको किताप् पोसाके वषत्माको"** भन्ने उल्लेख गरिएको छ । यस पुस्तकमा कुन कुन दृश्यमा के कस्तो गरी नाटक सञ्चालन गर्ने भन्ने कुरा उल्लेख गरिएको छ । बीचमा विश्रामको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उल्लेख पनि गरिएको छ । डम्वर समशेरको छाप लागेको यो पुस्तक आदि अन्त्य पूर्ण छ लेखक लेखन मिति उल्लेख छैन ।

(क) **नाग लीला,** ल. सं. ष. ५२६, वि. सं. २६, लेखक-, लेखन सयम-, पत्र ६, पूर्ण, रिल नं. A १०१९/७

यो पुस्तक ल. सं. ष. ५२६ कै प्रतिलिपि देखिन्छ ।

८. **नाग लीला,** ल. सं. ष. ५२४, वि. सं. २९, लेखक-, लेखन समय-, पत्र ९, पूर्ण, रिल नं. A १०१०/६

उद्धरण

> **कंस आउने गिद्गाइ कंस १ मंत्री २, चप्रासि १ आइ साविक् वमोजिम् दण्डवत् गरी मेचमा वश्नु वाहापछि नारद् आउने गिदको सुर्मा नारदले बेन् बनाइ (सीताराम्) वरावर भन्दै नाच्दै कंसको अगाडि षडाहुनु.**

समीक्षा

यस नागलीला नाटकमा भगवान श्री कृष्णले कालीय नाग दमन गरेको प्रसङ्ग दिइएको छ । यसको मूल कथा श्री मद्भागवत महापुराणबाट लिइएको हो । यसमा कंस, कृष्ण, नन्द, यशोदा, गोपिनी, ग्वाला, नागिनी आदि पात्रहरू रहेका छन् । यो भक्ति मूलक श्रृङ्गारिक नाटक डम्वर समशेरको नाट्यशालामा मञ्चनका लागि तयार पारेको देखिन्छ । यसको बाहिर पट्टि **'श्री नागलिलाको राजाषलक् मल्का, मषमली'** भन्ने उल्लेख गरिएको छ । यसलाई जम्मा २१ दफामा विभाजन गरिएको छ । अन्तिममा पात्र परिचय दिइएको छ भने लेखक लेखन समय उल्लेख छैन । राम्रो अवस्थाको किताव आदि अन्त्य पूर्ण छ ।

९. **प्रबोध चन्द्रोदय,** ल. सं. ष. ७३१०, वि. सं. ११०, लेखक-, लेखन समय-, पत्र १०३, अपूर्ण रिल नं. A ३४८/११

उद्धरण

> **ग्रन्थ वनाउन्या कवि जो छन्. विघ्न नभैकन समाप्ति होस्. भन्ना निमित्त. वेदांतले कहियाको परमेश्वरको पहिले भजन गर्छन्. कस्ता ईश्वरको भन्या. अति आनंद सुख स्वरूप भया़को, निर्मल आफै प्रकासमान भया़का.**

समीक्षा

यस कृतिमा प्रबोध चन्द्रोदय नाटकको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । सूत्रधारको कथनबाट नाटक प्रारम्भ भएको छ भने यसमा प्रारम्भका पत्र २ र १६ औं देखि २५ औं पृष्ठमा मात्र नेपाली भाषा टीका रहेको छ अन्यमा चाहि नेवारी भाषा टीका रहेको छ । समग्रमा हेर्दा यसलाई दुईवटा कृति मिलाएर एउटा पूर्ण कृति बनाएको अनुभव हुन्छ किनभने विषयवस्तु र पत्रसंख्या चाहिँ मिलेको छ । तैपनि कृति अन्त्यमा अपूर्ण नै देखिन्छ । लेखक लेखन समय उल्लेख छैन । कृति सामान्य अवस्थाको छ ।

१०. **प्रबोध चन्द्रोदय,** ल. सं. ष. ७३५, वि. सं. ११९, लेखक: पद्म दास, लेखन समय: सम्बत् १९२२, पत्र ५९, पूर्ण, रिल नं. A ३४९/४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

ग्रंथ बनाउन्या कवि जो छन् ॥ विघ्न नभैकन समाप्ती हवस् भन्ना निमित्त वेदान्तले कहियाको ॥ परमेश्वरको पहिले भजन गर्दछन् ॥ कस्ताईश्वरको भन्या अति आनंन्द सुखश्वरूप भयाका नीर्मल आफै प्रकासमान भयाका. ॥ जस् परममेश्वरलाई नाजान्नाले. ॥ मध्यान्हका सूर्यका किरणले झल्क्याको वालुवा देस्तामा. ॥

समीक्षा

यस कृतिमा प्रवोध चन्द्रोदय नाटकको भाषा टीका रहेको छ । प्रारम्भ सूत्रधारको उपोद्घातबाट गरिएको छ भने प्रसङ्ग अनुसार अङ्क विभाजन गरिएको छ । यसका मूल संस्कृतका लेखक श्री कृष्ण मिश्र हुन् । अन्त्यमा **"इति सम्बत् १९२२ साल मिति चैत्र शुदि ॥१॥ रोज ॥२॥ तस्मीन् दिने लिषितं ॥ नेपालदेस्य. श्री पशुपति क्षेत्रेः वैश्नमति नद्यां निकटे. वुरांषेल ग्रामेलिषितं. लीषनार्थे पद्मदास भक्तनां"** भन्ने उल्लेख गरिएकाले यसको लेखन मिति स्थान र लेखकको नाम स्पष्ट हुन्छ । कृति आदि अन्त्य पूर्ण छ ।

११. बाल लीला, ल. सं. ष. ५२८, वि. सं. ३१, लेखक-, लेखन समय-, पत्र ६, पूर्ण, रिल नं. A १०१९/१६

उद्धरण

मोहडा

१ दफा

वाजावालले मात्र गाउने गित्-

२ दफा

श्री कृश्न सषीहरू नाच्ने गत्-

३ दफा

श्री कृश्नसषीहरू नाच्ने गीत्-
अघीबाट मोहडाको काम सिद्धिये
पछि लिलाको काम् सुरू हुन्छ

समीक्षा

यस नाटकमा भगवान श्री कृष्णका बाललीलाको बयान गरिएको छ । यसमा निर्देशन नेपाली भाषामा रहेको छ भने सम्वाद चाहि हिन्दीमा रहेको छ । यसरी यो नाटक हिन्दी र नेपाली मिश्रित भाषाको देखिन्छ । लेखाइ निकै त्रुटिपूर्ण रहेको छ । यो नाटक पनि डम्वर समशेरको नाट्यशालामा मञ्चनका लागि तयार पारिएको देखिन्छ । यसका प्रमुख पात्रहरूमा कंस, श्रीकृष्ण, कंसको मंत्री, यमलार्जुन नन्दवावा, यशोदा आदि रहेका छन् । यसको मूल कथा पनि श्री मद्भागवत महापुराणको दशमस्कन्धबाट लिइएको हो । यस नाटकलाई जम्मा १२ दफा अथवा दृश्यमा विभाजन गरिएको छ । अगाडिको कवर पृष्ठमा **"श्री वाललिलाको राजाषलक् पार्वतिको किताप् कदम्"** भन्ने उल्लेख गरिएको छ । कृति आदि अन्त्य पूर्ण साधारण अवस्थाको छ भने लेखक लेखन समय उल्लेख छैन । यस नाटकले राणा दरवारमा हिन्दी भाषा मिश्रित नाटक लेख्ने परम्परा रहेको स्पष्ट पार्छ साथै मञ्चनकै लागि तयार पारिएका यी नाटकहरूले नेपाली नाटक मञ्चन परम्पराको पृष्ठभूमिको काम गरेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(क) **बाल लीला,** ल. सं. ष. ५२९, वि. सं. २५, लेखक-, लेखन समय-, पत्र ७, पूर्ण, रिल नं. A १०१९/१५

(ख) **बाल लीला,** ल. सं. ष. ५३०, वि. सं. २८, लेखक-, लेखन समय-, पत्र ७, पूर्ण, रिल नं. A १०१९/१८

(ग) **बाल लीला,** ल. सं. ष. ५३१, वि. सं. ३६, लेखक-, लेखन समय-, पत्र ७, पूर्ण, रिल नं. A १०१९/१९

(घ) **बाल लीला,** ल. सं. ष. ५३४, वि. सं. ३७, लेखक-, लेखन समय-, पत्र ७, पूर्ण, (रिल नं.नभएको)

उपर्युक्त क, ख, ग, घ, का वाल लीलाहरू ल. सं. ष. ५२८ कै प्रतिलिपि देखिन्छन् । किताबको अगाडिको कवर पृष्ठमा **"गुलवहारको किताप्, जरीनाको किताप्, चम्पाको किताप्"** भन्ने उल्लेख गरिएकाले नाटकमा भाग लिने विभिन्न पात्रलाई वितरण गर्नका लागि विभिन्न प्रति बनाएको अनुभव हुन्छ ।

१२. **बाल लीला,** ल. सं. ष. ५३२, वि. सं. ३८, लेखक-, लेखन समय-, पत्र ३, पूर्ण, रिल नं. A १०१९/१४

उद्धरण

श्री बाल्लीलाको

नाच्नेसषि - ५

वसंती ------------------------

मोहडाको लालाजी- १ जसोदासित आउने लालाजी -२

ग्वाला वादरसीत आउने यमलार्जुन्का रूषमा छिर्ने लालाजी-४

लालाजी -३

समीक्षा

यस पुस्तकमा वाल लीलाका पात्रको संख्या दिइएको छ। साथै उनीहरूलाई आवश्यक रंगका कपडाको बयान पनि गरिएको छ । यसको अगाडिको कवर पृष्ठमा **"लिलामा काम् गर्ने मानिस् गैहको काम्को फाट् लेषियाको किताप"** भन्ने उल्लेख गरिएको छ । यसमा लेखन समय लेखक उल्लेख छैन. आदि अन्त्य पूर्ण छ ।

१३. **बाल लीला,** ल. सं. ष. ५३३, वि. सं. ३०, लेखक-, लेखन समय-, पत्र ५, पूर्ण, रिल नं. A १०१९/१७

उद्धरण

श्री बाल लीलाको

मोहडा

वाजावालाले मात्र गाउने गिद

समीक्षा

यस कृतिमा नाटकमा गाइने गीतहरू दिइएको छ। कस्ले कुन बेला गाउने भन्ने निर्देशन नेपाली भाषामा र गीत वा भजन हिन्दी भाषामा दिइएको छ। यसमा सिंधुरा, खमाज, जंगल आदि विभिन्न रागहरूको नाम र ती रागका भजनहरू दिइएको छ। जम्मा ५ पत्र रहेको यो कृति आदि अन्त्य पूर्ण छ। लेखन मिति र लेखकको नाम भने दिइएको छैन। यो पनि डम्वर समशेरकै नाट्यशालासँग सम्वन्धित देखिन्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१४. मुद्रा राक्षस, ल. सं. च. ३२९७, वि. सं. १६८, लेखक: विशाखा दत्त, लेखन समय-, पत्र १६८, अपूर्ण, रिल नं. A १३४९/१६

उद्धरण

एक विन्दु मुरा रानीका शिरमा पऱ्यो पुरा रानीले पनि. नम्र भै. भक्ति पूर्वक शिरमा धारिन्. मुरा रानीको भक्ति देषीकन. तपस्वी ब्राह्मरण वहुतै प्रसन्न भया. एसै कारणले. मुरारानीको बुद्धिमान्. गुणवान्. यस्तो मौर्य नामा पुत्र उत्पन्न भयो.

समीक्षा

यो कृति कवि विशाखादत्तले लेखेको र उनले नै नेपाली भाषा टीका गरेको मानिन्छ। यसमा सात अंकको मूल संस्कृत अंश र त्यसको नेपाली भाषा टीका रहेको छ। तर प्रारम्भको १ पत्र नभएकोले कृति अपूर्ण देखिन्छ। लेखन समय कृतिमा उल्लेख छैन भने अन्त्यमा **"इति श्री मन्महाराज पद भाजः पृथी सुनुना श्री विशाखदत्त महाकविना विरचिते मुद्रा राक्षस नाटको निर्वहणान्नाम सप्तमोऽर्कः ॥७॥ समाप्तश्च"** भन्ने उल्लेख भएकाले यसका मूल संस्कृतका लेखक महाकवि श्री विशाखादत्त हुन् भन्ने र अन्त्यमा कृति पूर्ण रहेको तथ्य स्पष्ट हुन्छ। यस कृतिवारे थप चर्चा नेपाली भाषा, साहित्यसँग सम्बन्धित अन्य कतिपय कृतिमा कृतिकारले पनि गरेका छन्।

१५. शुभद्रा हरण, ल. सं. ष. ५०८, वि. सं. १४, लेखक: पं. जगन्नाथ भट्टराई, लेखन समय: १९८६, पत्र १९, पूर्ण, रिल नं A १०२०/३

उद्धरण

पाञ्चाली संग खोपि भित्र कुरू राज् एक्दिन् वसेका थिया।
चोर्ले गाई लग्यो भनेर द्विज कै आयेर हाजिर्भया ॥
अर्जुन्ले द्विजको अर्जुसुनि सकी रक्षा म गर्छु भनी ॥
दौड्या गान्डिव चाप लीन भनि फेर्अत्यन्त कोधी वनी ॥१॥

समीक्षा

यस पुस्तकमा शुभद्राहरण नाटकका प्रारम्भ देखि ३३० सम्मका भाषा श्लोक रहेका छन् नेपाली कागजमा लेखिएको यो कृति आदि अन्त्य पूर्ण छ। महाभारत आदिपर्वबाट विषयवस्तु लिइएको यस कृतिका भाषा श्लोक निकै परिस्कृत देखिन्छन्। आदिमा पं जगन्नाथ भट्टराई लेखिएकाले यसका लेखकको नाम थाहा हुन्छ भने अन्त्यमा **"सम्वत् १९८६ साल जेठ १४ गते जेठ सुदी चतुर्थी सोमवारमा"** उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ। वर्णनात्मक शैली रहेको यस कृतिलाई मूल संस्कृत नाटकको अनुवाद भएर नाटक भनिएको भए तापनि नाटक भन्नुभन्दा पद्यकाव्य भन्न उपयुक्त हुन्छ।

१६. हनुमन्नाटक, ल. सं तृ. १५१, वि. सं. २४६, लेखक-, लेखन समय-, पत्र २४९, पूर्ण, रिल नं A १०२६/२७ A १०२७/१

उद्धरण

श्री हनुमान् जीले हनुमन्नाटक नामाग्रंथ सकल कल्यारा पूर्वक निर्विघ्न सित समाप्त हवस् भंना निमित्त श्री रामनामको महिमा वर्णन गरि मंगला चरण गर्दछन्।। अर्थ ॥ हेलोकहो श्री रामनाम तिमिहरूका ऐश्वर्यका निमित्त हवस् ॥ श्री रामनाम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कस्तो हो भन्या सकल कल्याणका पात्रको रहन्या पात्र भन्याको फेरि कस्तो हो भन्या सवैकन पवित्र गर्न्या जो ब्रह्मादि देवताहेरू छन् तिनिहेरूलाई पनि पवित्र गर्न्या भयाको ॥

समीक्षा

यस कृतिमा हरेक महत्त्वपूर्ण घटनालाई चित्रका माध्यमबाट स्पष्ट पार्ने कोशिस गरिएकाले २२५ वटा स्वर्ण रंजित रंगीन चित्रहरू दिइएको छ । ग्रन्थ अनुवाद निर्विघ्नतापूर्वक सिद्ध होस् भनेर विघ्न दर्ता गणेशजीको स्तुति गरिएको छ । यो स्तुति श्लोक टीकाकारबाट नै गरिएको देखिन्छ । जम्मा १४ अङ्कमा विभाजन गरिएको यस पद्यनाटकमा ५७१ वटा संस्कृत श्लोक र त्यसैको नेपाली भाषानुवाद रहेको छ । यस नाटकका २ र ३ श्लोक नान्दीश्लोकका रूपमा आएका छन् ।चौथो श्लोकबाट नाटकका नायक श्री रामचन्द्रका उदात्तताको बयान गर्नुका साथै कथावस्तुको थालनी गरिएको छ । रामायणको मूल कथामा आधारित भए तापनि यस नाटकमा प्रशस्त थपघट गरी वर्णनात्मक चातुर्यताले काव्यात्मक कौशलता प्रदर्शन गरिएको छ । राजा दशरथका छोरा रामचन्द्रको जन्मदेखि लिएर सीता स्वयम्वरसम्मको घटनालाई पहिलो अङ्कमा टुङ्ग्याइएको छ । प्रमुख घटनालाई एक-एक अङ्क खर्च गरिएको यस नाटकमा सीतारामको शयनागार र कामक्रीडाको बयान दोस्रो अङ्कमा गरिएको छ रामायणको मूल कथा भन्दा भिन्नै देखिने ३१ श्लोक रहेका यस अङ्कलाई सीता विलापको प्रसङ्गमा टुङ्ग्याइएको छ । श्रवणकुमारको कथा, वनगमन, दशरथको मृत्यु, कैकेयी भरत सम्वाद, भरतद्वारा रामलाई अयोध्या फर्काउने चाहना, अहिल्या उद्धार, पर्णशाला निर्माण र मायावी स्वर्ण मृगको पछि लागेर राम कुटीभन्दा निकै टाढा पुगेको प्रसङ्ग तेस्रो अङ्कमा आएको छ । रावण जटायु, युद्ध, सीताले रावणको रथबाट हनुमानलाई देखेर आफ्ना आभुषण फाली दिएको र राम लक्ष्मण कुटीमा फिर्ता आएको प्रसङ्गलाई चौथो अङ्कमा समावेश गरिएको छ । पाँचौ अङ्कलाई रामको सुग्रीवसंगको मितेरी एवं वाली बधसम्मको प्रसङ्गमा टुङ्ग्याइएको छ । हनुमान लंकाका निम्ति प्रस्थान, सीतासंग भेट, अशोक वाटिका विध्वंस तथा दहन पछि हनुमान किस्किन्ध्या फिर्ता भएसम्मको प्रसङ्गलाई षष्ठ अङ्कमा समावेश गरिएको छ । लक्ष्मण सुग्रीव सम्वाद, वानर सेना सहित रामको लंङ्का प्रस्थान, रावणद्वारा तिरस्कृत विभीषण रामका शरणमा आएको र समुद्रमा सेतुबन्ध गरेसम्मको प्रसङ्गलाई सातौ अङ्कमा बयान गरिएको छ । रामले आफ्नो दूतका रूपमा अङ्गदलाई रावणको दरवारमा पठाएको र रावणको दरवारमा रावण र अंगद बीच भएको सम्वादलाई निकै रोचक रूपमा आठौं अङ्कमा बयान गरिएको छ । नवौं अङ्कमा रावणद्वारा रामका सेना निरीक्षण एवं मन्दोदरी र मंत्रीद्वारा रावणलाई सचेत गराइएको प्रसङ्ग उल्लेख गरिएको छ । दशौं अङ्कमा रावणद्वारा सीतालाई मायाजाल प्रदर्शन, गरेको घटना र एघारौं अङ्कमा कुम्भकर्ण र वानर सेनाको युद्ध बयान गरिएको छ । बाह्रौं अङ्कमा मेघनाद वध र तेन्हौं अङ्कमा लक्ष्मण मुर्छाको प्रसङ्ग बयान गरिएको छ । चौधौं यस महानाटकको अन्तिम र महत्त्वपूर्ण एवं बृहत् अङ्क हो । यसमा वानर सेनाद्वारा रावणलाई युद्धका निम्ति आह्वान, रावण मन्दोदरी सम्वाद, राम रावण युद्ध, रावण वध, विभीषणको लंकामा राज्याभिषेक, सीताको अग्नि परीक्षा, रामले पुश्पक विमानमा बसेर युद्ध भूमि निरीक्षण र अयोध्या फिर्ता भई रामको राज्याभिषेक, अंगदद्वारा आफ्ना बाबु वालीका हत्याको वदला लिन रामलाई युद्धका निम्ति आह्वान, आकाशवाणीद्वारा राम परमेश्वर भएको जानकारी, अङ्गद र हनुमानद्वारा रामको प्रार्थना र विदाइ एवं सीता परित्यागसम्मको घटना र फल श्रुतिको विस्तृत बयान गरी नाटक टुङ्गयाइएको छ । आदि अन्त्य पूर्ण अत्यन्त राम्रो अवस्थामा रहेको यस कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन तापनि ल. सं. प. ६०७३ को 'स्वस्थानी व्रतकथा'को ८९६, ८९७ औं श्लोकका आधारमा यस नाटकका नेपाली टीकाकार कवि श्री रामचन्द्र डोट्याल हुन् भन्ने देखिन्छ । उनी काठमाडौं उपत्यकाका निवासी हुन् । यस नाटकका मूल संस्कृत भाषाका लेखक दामोदर मिश्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हुन् । उनले हनुमानबाट तर्जुमा गरिएको नाटकलाई व्यवस्थित पारेका हुन् भन्ने आशय मूल नाटकमा पाइन्छ । यस नाटकका सम्बन्धमा विस्तृत चर्चा जगन्नाथ उपाध्यायले 'अभिलेख' वर्ष -१४ पूर्णाङ्क १४ राष्ट्रिय अभिलेखालयमा गरेका छन् । यसैको प्रतिलिपिका रूपमा उतार गरिएको जस्तो देखिने ल. सं. च. ७०७ को हनुमान नाटकमा लेखन समय सम्वत् १८८० उल्लेख भएकाले यसको लेखन समय पनि त्यस पूर्व नै भएको हुनुपर्छ भन्ने अनुमान भने यहाँ गर्न सकिन्छ ।

१७. हनुमन्नाटक, ल. सं. च. ७०७, वि. सं. २४०, लेखक: श्री भैरव सिं, लेखन समय-, पत्र ठ्यासफू, पूर्ण, रिल नं. B.२७६/२०

उद्धरण

अरे रामचन्द्र तिमीले यो जनकराजाकि छोरि. सिता पाउन्या छैनौं माहाविर जो रावरा तिरा त्रिभूवराको भोग. गर्न्याले मरामा चितायाकि जन्ती स्वर्गमा भयाकी उर्वशि प्रभृति अप्सराले.

समीक्षा

यस हनुमान नाटकमा संस्कृत भाषाका १६३ श्लोक र त्यसको नेपाली भाषामा अङ्क नछुट्टयाइकनै एउटै ढर्रामा लेखिएको टीका रहेको छ । अन्त्यमा **"इति सम्वत् १८८० साल मिति चैत्र शुक्ल पञ्चम्यां तिथौ रविवाशरे ऐस्दीण श्री कप्ताणदल केशर पाण्डेका आज्ञाले भैरव सिंले लेष्याको हो"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखक स्पष्ट हुन्छ । सामान्य अवस्थाको यस पुस्तकमा कथा आदि अन्त्य पूर्ण छ । यो पुस्तक ल. सं. तृ. ५५१ कै हनुमान नाटकको अङ्क नछुट्टयाइकन गरिएको प्रतिलिपिका रुपमा देखिन्छ ।

१८. हनुमान नाटक, ल. सं. च. ७०७, वि. सं. २४१, लेखक-, लेखन समय-, पत्र ८०, अपूर्ण, रिल नं. A१०२६/२६

उद्धरण

ताहादेषि उप्रान्त राक्षसहरू मारियाको समाचार सुंदा आसु भरियाका आषाले युक्त भयाका राजा रावरा जो छ सो रामन्याको भाई मऱ्याको दुःख सम्ळि अत्यन्त ब्याकुल भयाको रावरा ध्यान गरे कैं घोरिदो भयो.

समीक्षा

यस कृतिमा हनुमान नाटकको मूल संस्कृत अंश र त्यसको नेपाली भाषा टीकाका प्रकीर्ण पत्रहरू रहेका छन् । जम्मा ८० पत्र रहेको यो कृति आदि अन्त्य अपूर्ण छ । केही पत्रमा मूल संस्कृत अंश मात्र छ भने केही पत्रमा नेपाली भाषा टीकाका लागि ठाउँ खाली छोडिएको छ । यसमा चित्र पनि छैनन् भने केही पत्रमा चित्र बनाउनका लागि ठाउँ खाली छोडिएको छ । आकारका दृष्टिले पनि केही पत्र ठूला र केही पत्र साना छन् । लेखकको नाम र लेखन समय कुनै पनि पत्रमा उल्लेख छैन ।

१९. हरिश्चन्द्रो पाख्यान, ल. सं. द्वि. १८८, वि. सं. २४९, लेखक-, लेखन समय-, पत्र ४८, पूर्ण, रिल नं. A २७७/५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

> **मार्कराडेय पुराराको ॥ हरिश्चन्द्र पाख्यानको भाषा ॥ धर्मपक्षीहरूले ॥ जैमिनीनामा ऋषिसित ॥ भंदाभया पूर्वत्रेता युगमा ॥ वहुतै धर्मात्मा भयाका ॥ अधिक शोभायमान । उत्तम कीर्तिभयाका हरिश्चंद्रनामा ॥ राजा थिया ॥ तन्ले राज्य गर्दा हुँदि ॥ दुर्भिक्ष कैल्है पनि हुदैन ॥ प्रजाहरूलाई ॥ रोग पनि भयेन ॥**

समीक्षा

यस कृतिमा मार्कण्डेय पुराण अन्तर्गतको अष्टम अध्यायको राजा हरिश्चन्द्रको कथालाई नेपाली भाषामा दिइएको छ । मूल विषय पुराणबाट लिइए तापनि प्रतिलिपिकारले यसलाई आफ्नै शैलीमा ढाल्नुका साथै संक्षेपीकृत शैली अपनाएका छन् । आख्यानात्मक दृष्टिले कृति निकै रोचक छ । कृति आदि अन्त्यपूर्ण अत्यन्त राम्रो छ, लेखक र लेखन समय उल्लेख छैन ।

२०. हास्यकदम्व, ल. सं. च. २०९६, वि. सं. २५७, लेखक: शक्तिवल्लभ अर्याल, लेखन समय-, पत्र २०, अपूर्ण, रिल नं. A ३५३/२०

उद्धरण

> **हास्य कदंव नाटक वनाउनाको निमित्त मंगलाचरण गर्छन् ॥ नृत्य नाथ शिवकन. भजदछु. कस्ता नृत्यनाथ भन्या वाम अंगविषे पार्वती भयाका. कटि विषेवाघका छालाले शोभित भयाका. जन्का शिरमा चंद्रमा लायाका छन्.**

समीक्षा

यस हास्यकदम्व नाटकमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । यसका लेखक शक्तिवल्लभ हुन् भने यसको नेपाली भाषा टीका पनि उनैबाट भएको मानिन्छ । कृति अन्त्यमा अपूर्ण छ । ल. सं. पं. ३९०७ र यो कृति मिलाएर एउटा पूर्ण हास्यकदम्वको निर्माण हुन सक्ने सम्भावना देखिन्छ ।


हास्यक
१
श्रीगणेशायनमः॥ हास्यकदंवनाटकवनाउनाको निमित्त· मंगलाचरण गर्छन्॥ नृत्य नाथश्रीशिवकन· भजदछु· कस्ता नृत्यनाथ भन्या· वाम अंगविषेपार्वती भयाका· कटि विषेवाघका छालाले शोभितभयाका· जन्का शिरमा चंद्रमा लायाका छन्· जन्कामा
श्रीः॥ वामांगे गिरिजा कटौ मृगपतेश्चर्माव रं मालते मौलौ यस्य कलानिधिः सुर नदी धारा जटाजूटके॥ नागेंद्रः उविभूषणं हृदि तथा कण्ठे तु हालाहलो भूती नांव कलेवरे धवलिमा तं नृत्यनाथं भजे॥ १॥
छातिमा
लतीफूलकीमाला लेवेष्टिराख्याको जटाजूट विषे· गंगाजीकी धारा छन्· जन्का· आलंकार· नागराजवासुकी भूष्याका छन्· जन्का कण्ठमा· हालाहलविषको शोभाछ· जन्का शरीरमा विभूतिको ऐश्वर्य सपेतीछ· एस्ता नृत्यनाथ कन· मप्रणामगर्छु॥ १॥ ३५६१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२१. **हास्यकदम्व,** ल. सं. पं. ३९०७, वि. सं. २५८, लेखक: शक्तिवल्लभ अर्याल, लेखन समय-, पत्र २६, अपूर्ण, रिल नं. A ३५३/१६

उद्धरण

पूर्णा सामग्री तयार भयो ..... वाहेक सवैजना नाना प्रकारका चन्दन सिन्दुर गहना पोसाक पहिरि. कन तयार भया. ताहां उप्रांत. रंग भूमिमा जाई कन गाउन्या वजाउन्या प्रभृति. नाच नचाउन्या षलक सवैजना मिलिकन नान्दी मंगलाचरण गर्‍या. ॥

समीक्षा

यस कृतिमा हास्यकदम्व नाटकको नेपाली भाषा टीका रहेको छ ।यसका मूल संस्कृतका लेखत शक्तिवल्लभ अर्याल हुन् र उनले सं. १८५४ मा यो लेखेका हुन् भन्ने मानिन्छ । यसको नेपाली अनुवाद कर्ता पनि शक्तिवल्लभ नै हुन् भनिन्छ । यसको लोक प्रियता र रणवहादुर शाहको मनोरञ्जनका लागि यसको नेपाली अनुवाद गरिएको कुरा डा. दयाराम श्रेष्ठले "प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा"मा उल्लेख गरेका छन् । ऐजन कृतिको पृ. १४२ को पाद टिप्पणी ९० मा विस्तृत विवेचनाका लागि हेर्नुहोस्, धनुषचन्द्र गौतम लिखित **"हास्यकदम्व नेपाली भाषाको जेठो नाटक"** रूपरेखा - ५५ ६/७ (२०२२ मार्ग) पृ. ३१-४३ भन्ने जानकारी समेत दिइएको छ । यस कृतिमा अगाडिको १ पत्र छैन ।

३५


मेरो चित्त सांत भयो गरिकन · मेरा चित्त मा लाग्याको कुरो चिंति [illegible] · [illegible] धन्य रक्षै मनेर · [illegible]
कन बोलाया · हे जनक [illegible] मंदधी मा · मेरा [illegible] मन्त्री कन डाकी [illegible] भनि आज्ञा भयो जनक [illegible]
[illegible] हर्षसहित · [illegible] निस्क्यार · फेरी मन्त्रि साथ लीकन गयो · ताहा पछि राजाले मन्त्र लाग्या · हे मंदर
मान्त्रि हो · कैसी [illegible] कन · डाकिल्या [illegible] भन्यो · एति वचन सुन्योर मंदधी मन्त्रिले · मनमा विचार्यो ·
अहो आश्चर्य हो · [illegible] जैसी कन [illegible] पर्‍यो भनि चिंता गर्न लाग्यो · हे महाराज क्या हेतु हो
[illegible] राजाले बोल्या · [illegible] विहा [illegible]
[illegible] मंदधी मन्त्री हर्षसहित निस्क्यार · जनक [illegible] कन मन्त्र लाग्यो · हे [illegible] जनक [illegible]
[illegible] जनक [illegible] हर्षसहित मे राजा लाई [illegible] निस्क्यो · ताहा पछि ज
[illegible] प्रवेश भयोर · राजा [illegible] हे जनक [illegible] विवाहको [illegible] भनि भन्या
पछि जनक [illegible] भन्यो · [illegible] भनि भन्योर · [illegible]
[illegible] घोसको मार अगाडी [illegible] दियो · ताहा पछि जनक [illegible] जैसी ले ·

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नाट्यशास्त्र

१. **भारतीय नाट्यशास्त्र,** ल. सं. द्वि. १०३, वि. सं. १७, लेखक-, लेखन समय-, पत्र ६, अपूर्ण, रिल नं. A १०२६/७

उद्धरण

अभिनव कथा प्रवंषहरू. तीन प्रकारका हुंछन्. रामायरा महाभारत प्रभृतिमा जति छ. तेत्तिकै मात्रै भयाको. कहि कहि भंगी भेद मात्र भयाको. रघुवंश प्रभृति जस्तो - १

समीक्षा

यो भारतीय नाट्यशास्त्रसँग सम्बन्धित कृति हो । यसमा पनि मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । भरत मुनिले अन्य मुनिहरूलाई सुनाएको प्रसङ्गका रूपमा आएको यस कृतिमा रामायणको संक्षिप्त वयान गरिएको छ । राज घरानामा कस्ता-कस्ता प्रकारका मंत्रीदेखि लिएर अन्य कर्मचारीहरू राख्नुपर्छ भन्ने जस्तो शास्त्रीय विपयको बयान गरिएको यस कृतिको नेपाली टीकाकार र टीका गरिएको समय उल्लेख छैन । २० x १० आकारको यो कृतिमा जम्मा ६ पत्र मात्र भएकोले अन्त्यमा अपूर्ण छ । प्रारम्भका पत्रहरू मात्र सामान्य अवस्थामा रहेका छन् । नाट्यशास्त्र विषयमा पनि नेपाली भापा टीका समेत भएको कृति राष्ट्रिय अभिलेखालयमा यो एउटा मात्र रहेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नीतिशास्त्र

१. **अदालती बन्दोवस्त,** ल. सं. ष. २६०१, वि. सं. ८, लेखक-, लेखन समय -, पत्र ७४, अपूर्ण, रिल नं. A १३०६/१३

उद्धरण

८४ नं. अैनले मीलाप पंच गराउँछन् भन्या हुन्या ईखले गऱ्याका कसुरले अैन वमोजीम सजाये भन्याकै हुन्या रहेछ भन्दा दुवैले षुसी राजीले मील्छौ भन्यो प्राईमीनीष्टर सग जाहेर गरी अैन वमोजीम्को कैदको रूपैयाकादरले मीला पत्रको दस्तुर ली मीलापत्र गरार्उन हुन्छ ॥

समीक्षा

अदालती वन्दोवस्तको जम्मा ७४ पृष्ठ रहेको यस कृतिमा वुँदागत रूपमा दंड सजायको, कैदी थुनुवाको, पकाउ पऱ्याको, जागीरदारको, जग्गा सम्वन्धी विविध कानूनी विषयलाई दफावार रूपमा दिइएको छ । नेपाली कागजमा लेखिएको यो कृति आदि अन्त्यमा मुसाले काटेर, ध्वांसो लागेर, अपूर्ण छ । लेखक लेखन समय उल्लेख नभए तापनि प्राइमिनिष्टर सम्वन्धी कुरा नियमा बढी परेकाले यो राणाशासन कालीन हुन सक्ने अनुमान चाहिँ गर्न सकिन्छ ।

२. **ऐन पुस्तक,** ल. सं. तृ. ७३६, वि. सं. १, लेखक-, लेखन समय-, पत्र १७, कापी, पूर्ण, रिल नं. B २८०/२४

उद्धरण

१९ भवितव्य ज्यान् मर्न गयामा पतियाको पुर्जि आयामा अवल्लाई १५ दोयंलाई १० सिम्लाई ५ चाहार लाई २॥ रूपैयाका दरले दस्तूर लि पतियाको पुर्जि गरिदीनु –

समीक्षा

यस ऐनलाई धर्माधिकारको, चोरीको, नेवारजात्को, अन्नपानी वन्द गर्न्याको, इलाज गर्न्याको, दोपाया चौपाया हटाउन्याको, जमानी गर्न्याको, जग्गा विराउन्याको जस्ता विषयमा विभाजन गरिएको छ । यसमा जम्मा १८७ दफा रहेको छ । प्रत्येक विषयलाई ६- देखि ३३ दफाका बीचमा विषय अनुसार विभाजन गरिएको छ । **'ईलाज गर्न्याको'** विषयको प्रारम्भमा **'सम्वत् १९४५ साल जेठ वदि १० रोज २ मा भयाको'** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ । नेपाली कागजमा लेखिएको यस ऐनलाई धागोले सिलाइ संरक्षण गरिएको छ ।

३. **ऐन पुस्तक,** ल. सं. द्वि. ३०७ वि. सं. २, लेखक-, लेखन समय-, पूर्ण, पत्र कापी ,रिल नं. B २८०/२३

उद्धरण

यो किताप नजा भारादार हुद्दा सिपाहि वोगैरह जंग्गिमुलुकि अदालथि गैरह इलममा रहन्या औ मन सुवा गर्न्यालाई तालिम गर्न श्री कर्णेल उजीर सिंह थापाले तजविज गरि आफुले पनी कवायत गैरह जो जो कामले षियाको छ सो अनुभव गरि काममा लागन्या कुरा ठहराई तयार गऱ्याको कितापलेषिन्छ सम्वत् १८७९ साल. मिति चैत्र वदि १ रोज मुकामपालपा श्री नगर ....॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कितावमा रहेका ३० पत्र मध्ये ३ पत्र खालीछन् भने बाँकीमा एकापट्टि मात्र लेखिएको छ । बाक्लो छालाको जिल्दाहाली संरक्षण गरिएको यस पुस्तकमा अगाडि पट्टि नै **“कर्णेल उजिंरसिंह थापाबाट तज्वीज् गरी वनायाको आईन्”** भन्ने उल्लेख गरिएकाले यस ऐनको लेखन समय सं. १८७९ देखिन्छ । विभिन्न दफालाई छुट्ट्याएर लेखिएको भए तापनि अंक दिइएको छैन । कर्णेल उजिर सिंहले पाल्पाको श्री नगरमा बसी मुलुकमा वन्दोवस्त कायम गर्नका लागि जंगी, निजामती, एवं मुलुकी ऐन नियम बनाएर लागू गरेको देखिन्छ । पहिलो पृष्ठमा पुस्तक लेखन समय र यसको उद्देश्य राखिएको छ भने दोस्रो पत्रदेखि पहिलो तजविज, श्री कर्णेल उजिरसिंह थापाको भन्ने मुख्य शीर्षक दिएर दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैठौं वन्देज जस्ता ६ वटा भागमा कृतिलाई विभाजन गरिएको छ । कानूनी शैलीको भाषा निकै सुन्दर छ भने पुस्तक पनि सुन्दर अवस्थामा रहेको छ । आदि अन्त्य पूर्ण छ ।

४. **ऐन पुस्तक,** ल.सं.ष. ६०७४ वि.सं. परिशिष्ट, लेखक-, लेखन समय-, पत्र ३२, पूर्ण (मा. फि. नभएको)

उद्धरण

कोहि मानिसले जोर जवर्दस्ति गरि या केहि कुराले जगा या महल् या केहि नचल्न्या माल आफुले दषल्मा राष्यो यो कुरा अदालतमा पुग्यो भन्या अदालत्‌को हुकुम छ.

समीक्षा

यस पुस्तकमा विभिन्न विषयका ऐन नियमको संकलन गरिएको छ । आदि अन्त्य पूर्ण यस कृतिमा विभिन्न ऐनमा उल्लेख गरेको मिति वाहेक लेखन समय र लेखकको नाम उल्लेख छैन । इ. सं. १८०५ देखि १८२९ सम्म जारी भएका प्रमुख ऐनहरू यसमा समावेश भएका छन् ।

५. **ऐन पुस्तक,** ल. सं. ष.-, वि. सं.-, लेखक -, लेखन समय-, पूर्ण, पत्र १५०, (मा. फि. नभएको)

उद्धरण

काठमाडौ किर्तिपूरका वक्यौताका नाउमा भै गयाका सवाल सनद सदर भयाको रपोट् ।

समीक्षा

यस ऐन संग्रहमा काठमाडौं कीर्तिपुरका नामको, पाटन भक्तपुरका नामको, पूर्व १ नम्वर, ३ नम्वर माझ किरात आदिका नाममा सदर भएको सनद सवालको पञ्जिका रहेको छ । कृति आदि अत्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । प्रत्येक सनद सवालको प्रारम्भमा “नेपाल पहाड.... वन्दोवस्त” उल्लेख गरिएको गोलो मोहोर लागेको छ । पुस्तक राष्ट्रिय अभिलेखालयको लगतमा दर्ता भएको छैन । दर्शन शाखाको दराजमा रहेको छ ।

६. **ऐन नेपाली,** ल. सं. ष. १५९९, वि. सं. ३१, लेखक-, लेखन समय-, पत्र २४, पूर्ण, रिल नं. A १३७५/५

उद्धरण

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत् श्री मन्महाराजा धिराज श्री श्री श्री महाराज पृथ्वी वीर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विक्रम सम्सेर जङ्ग वहादुर साह वहादुर देवनां सदा समर विजयी नाम् – आगे हाम्रा भर मुलुकमा. सदर मोफसलका अमिनि.

समीक्षा

वि. सं. १९३६ सालमा बनेको कानूनको संशोधनका रूपमा आएको यो कानून १९४२ सालदेखि लागू भएको देखिन्छ। श्री ३ वीर समशेरको पालामा बनेको यस कानूनमा जम्मा ५८ धारा उपधारा एवं विविध अनुसूची समेत रहेका छन। यसमा विभिन्न विषयसँग सम्वन्धित फिरादपत्रका नमूना पनि दिइएको छ। भाषिक दृष्टिले हेर्दा कानूनी शैलीको भाषा निकै राम्रो देखिन्छ। अलिकति मुसाले काटेको भए तापनि नेपाली कागजमा लेखिएको र धागोले सिलाइएको यो ऐनको पुस्तक आदि अन्त्य पूर्ण छ।

७. **कुशोपदेश नीतिशास्त्रसार,** ल.सं.ष. ३६०६, वि. सं. परिशिष्ट, लेखक-, लेखन समय-, पत्र ६ पूर्ण (मा. फि. नभएको)

उद्धरण

सिस्‌किंध्या नगरीका राजा सुग्रीवले रामचन्द्रका पुत्र लव कुश भन्याका कन राजनिती शीकाउदा भया॥

समीक्षा

राजा सुग्रीवले रामचन्द्रका छोरा कुश र लवलाई सुनाएको नीति श्लोक यस पुस्तकमा रहेका छन् र यसमा पनि ल. सं. तृ. ५५५ को कुशोपदेश नीतिमा जस्तै राजा सुग्रीवले कुशलाई उपदेश दिएको सुग्रीवाष्टक, ताराले कुशलाई उपदेश दिएको ताराष्टक र अंगदले उपदेश दिएको अंगदाष्टक गरी जम्मा २४ श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। सोही कृतिकै प्रतिलिपि जस्तो देखिने यस कृतिमा पनि लेखक लेखन समय उल्लेख छैन। कृति अत्यन्त जीर्ण अवस्थाको भए तापनि आदि अन्त्य पूर्ण छ।

८. **कुशोपदेश नीतिशास्त्रसार,** ल. सं. तृ. ५५५, वि. सं., ११, लेखक-, लेखन समय-, अपूर्ण, पत्र ११, रिल नं. B २८०/९

उद्धरण

किस् किंध्या नगरीका राजा सुग्रीवले रामचन्द्रका पुत्र लवकुश भन्याका कन. राजनीति शिकाउदा भया॥ हे महाराज. कुश कुमार मत्त भै रहयाको हाति शोभा हुंछ॥ शीलवती भै रह्या श्त्रीको शोभा हुंछ॥ चाल वेस् भया घोडाको शोभा हुंछ॥ सदा कलह नभया घरको शोभा हुंछ॥ व्याकरण पढ्याको भया वचनको शोभा हुंछ॥ राजहंस वस्याको भया नदिको शोभा हुंछ॥

समीक्षा

राजा सुग्रीवले राचन्द्रका छोरा कुश र लवलाई सुनाएको नीति भएकाले यस कृतिको नाम 'कुशोपदेशनीति' रहेको हो। यसमा राजा सुग्रीवले कुशलाई उपदेश दिएको सुग्रीवाष्टक, ताराले कुशलाई उपदेश दिएको ताराष्टक एवं अंगदले उपदेश दिएको अंगदाष्टक गरी जम्मा ३ अध्यायमा २४ श्लोक र त्यसको नेपाली भाषानुवाद रहेको छ। यसमा कुशलाई अर्थनीति र राजनीति सिकाइएको छ। नेपाली रूपान्तरणकार र रूपान्तर समय उल्लेख छैन। कृति सामान्य अवस्थाको र जम्मा ११ पृष्ठ रहेकाले अन्त्य अपूर्ण छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

९. **गर्ग संहिताका नीतिशास्त्र बचन,** ल. सं. प. १०११, वि. सं. २, लेखक-, लेखन समय-, पत्र ३, अपूर्ण, रिल नं. ९९९/११

उद्धरण

शुभ अशुभ फल कन दिन्या जो जो उत्पात छन्. ति सवै उत्पात्को निर्णय, ज्योतिष शास्त्रले हुन्छ. तसर्थ. ज्योतिषशास्त्रमा पारंगत भयाका. शांत स्वभावका. बढिया. आचरण गर्न्या. शुभ अंग भयाका. अंगभंग नभयाका. दोषले रहित भयाका. ॥१॥

समीक्षा

पूर्वीय नीतिशास्त्र अनुसार राजा र प्रजाले गर्नु पर्ने कर्तव्यको वयान भएका १५ वटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको यस कृतिका मूल लेखक गर्ग ऋषि हुन् । यसको नेपाली टीका कसले कुन मितिमा गरेको हो भन्ने उल्लेख ग्रन्थमा छैन जम्मा ३ पत्र रहेको कृति अन्त्यमा अपूर्ण छ ।

१०. **चाणक्यसार भाषा टीका,** ल. स.. द्वि. ७७, वि. सं. १८, लेखक-, लेखन समय सम्वत १९०१, पत्र २५, पूर्ण, रिल नं. B २८०/३२

उद्धरण

त्रैलोक्यका अधिपति श्री विष्णुकन नमस्कार गरि चानक ऋषिश्वरले नानाशास्त्रमाः झिकीकन राजनिति आज्ञा गर्छन् ॥ यो चानकको विचार गर्न्या मनुष्य जो छन्. यो धर्म. यो अधर्म्म. यो बढिया काम हो. यो घटिया काम हो. यो गर्नु यो नगर्नु. भनिजान्ला. उपदेश दिनाको सामर्थिपनि होला मनुष्यको हितका अर्थकन. चानक ऋषिश्वरले. आज्ञा गर्दा भया. जस्मनुष्यले यो शास्त्र बुझ्ला विचार गर्ला आमाले पोश्या झैं. यो शास्त्रले पोश्न्या छ ॥२॥

समीक्षा

राजनीति धर्मनीति जस्ता चाणक्यका नीतिहरूको सँगालोका रूपमा रहेको यस कृतिमा जम्मा ३ शतक छन् । हरेक शतकमा १०० वटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । सयवटा श्लोक भएकाले नै एउटा खण्डलाई शतक भनिएको हो । सामान्य अवस्थाको यो पुस्तक ३ शतकसम्म पूर्ण छ । लेखक वा नेपाली टीकाकारको नाम कतै उल्लेख छैन भने अन्त्यमा **"सवत् १९०१ साल मीती कार्तीक वदी ११ रोज ८ शुभं"** भन्ने लेखिएकोले यसको लेखन समय स्पष्ट हुन्छ ।

११. **बुद्धिचाणक्य नेपाली टीका,** ल. सं. च. २३०४, वि. सं. २८, लेखक-, लेखन समय-, पत्र ५४, अपूर्ण, रिल नं. B २८०/२

उद्धरण

वलण हुन्याको वल राजाः वालखको वल रुनुः मूर्खको वल नवोलि रहनुः चोरको वल झुट्ठा बोलनुः स्वामिण ..... न्याको दरिद्रकोः वालखकोः बुढाकोः यति सवैको गति राजा तपसिकोः अन्यायले डाडिन्याको. वे भार्ण हुन्या मानिस्को धण सकिन्या मानिस्को शत्रुको भय हुन्या मानिस्कोः चीत्तमा सोक हुन्याको वखति हितको दरसण हो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

बुद्धिचाणकको नेपाली टीका भएको यो पुस्तकमा लेखक र लेखन समय उल्लेख छैन तापनि यसको भाषिक शैली र लेख्नमा प्रयोग गरिएको कागजका आधारमा हेर्दा यो निकै प्राचीन अनुभव हुन्छ। यसको निष्कर्ष तुलनात्मक अध्ययनबाट पनि निकाल्न सकिन्छ। यसमा प्रारम्भदेखि २ शतकसम्म पूर्ण र बाँकी तेस्रो शतकका जम्मा ४७ श्लोक र त्यसको नेपाली टीका मात्र रहेकोले कृति अपूर्ण देखिन्छ। सामान्य किसिमको लेखाइ भएकोले पढ्न निकै गाह्रो छ।

१२. **चाणक्य नीतिसार,** ल. स.. ष. १००८, वि. सं. २७, लेखक-, लेखन समय-, पूर्ण, पत्र ७१, रिल नं. A १०२४/१५

उद्धरण

त्रैलोक्यका अधिपति विश्नु परमेश्वरकन ॥ नमस्कार गरि नाना शास्त्र आदि यो. राजनितिकन झिकि आफ्ना छोरालाई शिक्ष्या निमित्त चानायक ऋषिले आज्ञा भयाको ॥ आज अम्वर्गिर. आफ्ना बुद्धि शेष भाका गर्दछन् ॥१॥ यो चानायक नामाऋषिले आफ्ना पुत्रलाई सुनायाको नितिशास्त्र जो छ. सो जौना पुरूष बुझ्ला कस्तै मूर्खभया पनि पराडीत होइजाला. संदेह छैन ॥२॥

समीक्षा

चाणक्य नीतिसारका ३२८ संस्कृत श्लोक र त्यसको नेपाली टीका रहेको यो पुस्तक आदि अन्त्य पूर्ण छ। लेखक वा प्रतिलिपिकार उल्लेख छैन। अन्त्यमा **"लिखित् हितो पदेश शुभम्"** भनेर हितयुक्त उपदेश गर्नका लागि यो ग्रन्थ लेखिएको हो भन्ने उल्लेख छ तर लेखन समय छैन। भाषिक आधारमा हेर्दा पनि त्यति प्राचीन अनुभव हुँदैन। पुस्तक सामान्य अवस्थाको राम्रो छ।

१३. **चाणक्य नीति,** ल. सं. ष. ८१९, वि. सं. २९, लेखक-, लेखन समय-, पत्र १५, अपूर्ण, रिल नं. A १०२४/२१

उद्धरण

॥विधाताले. ललाटमां. हां लेख्याका. अक्षर. मेटिकन. दैवले. पनि. अर्को. अक्षर. लेखनु सक्तैन. ॥ १० ॥ कर्मले.नदिया बुद्धिको.केहि लागदैन. कर्मका दिंदा. निवुद्धि. भया पनि. गुंगो देवता हुंछ ॥

समीक्षा

जम्मा १५ पत्रमा ७२ वटा संस्कृत नीति श्लोक र त्यसको नेपाली टीका समेत भएको यो पुस्तक आदि अन्त्य अपूर्ण छ। लेखक लेखन समय उल्लेख छैन। बीचका पत्रहरू कीराले खाएका छन्। भएका पत्र पनि क्रमानुसार नमिलेका हुनाले चाणक्य नीतिका प्रकीर्ण पत्र जस्ता देखिन्छन्।

१४. **चाणक्य नीतिसार संग्रह (बुद्धिचानक),** ल.सं.ष. १००९, वि.सं. ४२, लेखक चाणक्य, लेखन समय-, पत्र ५३, पूर्ण, रिल नं. A १०२४/१६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

त्रैलोक्यका अधिपति विश्नुकन. नमस्कार गरी चानक ऋषीश्वर जो छन् ॥ नाना शास्त्रमा हेरीकन राजनीति आज्ञा गर्छन् ॥१॥ यो चानकशास्त्रको विचार गर्न्या मनुष्य जो छन्. यो धर्म्म यो अधर्म्म यो काम ननिको. यो काम निको हो. यो गर्नु यो. यो नगर्नु.... जा भनीजान्‌ला उपदेश दिनाको सामर्थ होला ॥२॥

समीक्षा

तीन शतकसम्मको मूल संस्कृत श्लोक र त्यसको नेपाली टीका दिइएको यो पुस्तक आदि अन्त्य पूर्ण छ । मूल संस्कृतका लेखक चाणक्य हुन् भने नेपाली टीकाकार र टीका गरिएको समय कृतिमा उल्लेख छैन । चाणक्य नीतिसारका विभिन्न समयमा गरिएका नेपाली टीका मध्ये यो पनि एउटा देखिन्छ । नेपाली कागजमा लेखिएका यस पुस्तकको लेखाइ सामान्य किसिमको छ ।

१५. **चाणक्य नीतिशास्त्र,** ल. सं. ष. १०१०, वि. सं. ५, लेखक-, लेखन समय-, पत्र ५०, अपूर्ण, रिल नं. A १०२४/१९

उद्धरण

राजाले एस्तो मंत्री नतुल्याउनु. क्रोधी कामी लोभी अज्ञानी आमदानी नहेरी खर्च गर्न्या ॥ राजाको विचारी एस्तो तुल्याउनु सवै काम जान्या धैर्य्य सवै रत्नको परिक्षा गर्न्या शुचि विचारि एस्तो ॥ वैद्यशास्त्र जान्या नाडी परीक्षा जान्या रोग हेरी औषधी गर्न्या शील गुरा भयाको बैद्य तुल्याउनु ॥

समीक्षा

पृष्ठ ३ देखि ५३ सम्म रहेको यो कृति आदि अन्त्य खण्डित भएको अपूर्ण छ । पहिलो शतकमा श्लोक ९ बाट मात्र प्रारम्भ छ भने अन्त्यमा चाहिं तृतीय शतक पछिका ४ श्लोक मात्र छन् । लेखाइ निकै त्रुटिपूर्ण छ बीच-बीचमा शद्वहरू दोहोरिएका छन् । यसमा पनि संस्कृत श्लोक र त्यसको नेपाली टीका छ । मूल संस्कृत चाणक्य नीतिका लेखक चाणक्य हुन् भने नेपाली टीकाकार र टीका गरिएको मिति उल्लेख छैन । राजा प्रजाको राजनीति धर्मनीति, समाजनीतिको बयान यस कृतिमा गरिएको छ ।

१६. **चाणक्य नीतिसार,** ल. सं. ष. १२७६, वि. सं. ४, लेखक-, लेखन समय-, पत्र ४४, अपूर्ण, रिल नं. A १०२४/३१

उद्धरण

धन कमउदा. षेति गर्दा. विद्या. पढ्दा. सौदा. व्यवहार गर्दा. यति कुरामा लाज नमांनु ॥ गुरू जतिको ठुलो आमा पनि होइन. वावु पनि होइन. कसो भन्या आमा वावुले ता जन्म मात्र दिंछन्. गुरूले ता संसार सागर तारिदिंछन् तस्कारण गुरू ठुलो हो ॥

समीक्षा

प्रारम्भ र समाप्तिमा दुवैतिर अपूर्ण भएको यो कृतिमा पनि चाणक्य नीतिको नेपाली टीका रहेको छ । प्रारम्भमा पहिलो शतकको ९ श्लोकदेखि तेस्रो शतकको ३३ श्लोकसम्मको बीचका ११ वटा पत्र छैनन् । अन्त्यमा पनि ९९ श्लोक पछिको अंश छैन । यसरी कृति अपूर्ण र लेखक तथा लेखन समय उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१७. **चाणक्य नीति,** ल. सं. ष. १९५४, वि. सं. ३४, लेखक-, लेखन समय-, पत्र ७०, रिल नं. A १०७३/१५

उद्धरण

मनुष्यहरूको हित गर्नकामनाले मं क़हंछु. मनुष्यलाई. यो शास्त्रले आमाले हित गऱ्या झैं हित गर्न्या छ ॥ मूल सूत्र कुरा मंक हंछु. अघि चानक ऋषीश्वरले आफ्ना पुत्रलाई पढाउँदा भया. यो शास्त्र चित्त लाईकन पह्यापछि सवै न्याय नीति. पाप धर्म. शुभ. अशुभ. जान्यां हुंछ ॥

समीक्षा

पहिलो शतकको श्लोक ३ देखि आदि र तेस्रो शतकको श्लोक ९७ देखि अन्त्यको अंश नभएकोले पुस्तक अपूर्ण छ । यसमा पनि संस्कृत नीति श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । सामान्य अवस्थाको यस पुस्तकमा लेखाइ पनि सामान्य छ । मूल लेखक चाणक्य हुन् भने नेपाली रूपान्तरणकार र रूपान्तरण समय उल्लेख छैन ।

१८. **चाणक्य नीति नेपाली भाषा,** ल. सं.च. ३३५, वि. सं. २०, लेखक-, लेखन समय: सम्वत् १००९, पत्र ५८, पूर्ण, रिल नं. A १३५१/५

उद्धरण

त्रैलोक्यका अधिपती. श्री विश्नुको नमस्कार गरीकन ॥ नाना शास्त्रमा नीकाशि राष्याको. राज नितिको कुरो म कहंछु ॥ निश्चये गर्न्या मानिशले. यो शास्त्र धारण गऱ्या देषी धर्म्म अधर्म्म शवै जांछन्. उपदेशवंत होला: कार्य्य अकार्य्ये शुभ अशुभ सवै जांछन् ।

समीक्षा

प्रारम्भ त्रैलोक्याधिपति विष्णुलाई नमस्कार भन्ने आशयको मङ्गलाचरणबाट गरिएको यो कृति पनि, मूल लेखक चाणक्यको नीतिशास्त्र हो । यसमा पनि मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका छ । पुस्तक आदि अन्त्य पूर्ण छ । एक-एक शतकमा १०० वटा संस्कृत श्लोक र त्यसको नेपाली अनुवादको माध्यमबाट कृतिलाई पूर्ण गरिएको छ । अन्त्यमा "**सम्वत् १००९ मितिः पौष सुदी अ्रष्टमी ८ रोज ४**" लेखिएकोले यसको लेखन अर्थात् प्रतिलिपि गरिएको समय थाहा हुन्छ भने त्यसपछि नेपाल भाषामा "**यो पुस्तकको लेखक मुनिहर्ष ब्रज्राचार्य, तपालाछी टोलको हर्षनारायणको छोरा आशानारायणलाई धर्म चित्त उत्पत्ति भएर यो पुस्तक भनेर लेखाएको हो ।**" भन्ने उल्लेख भएकाले यसको लेखक पनि स्पष्ट हुन्छ "सम्वत् १००९" नेपाल सम्वत् देखिन्छ । यसको लेखन लगभग २०० वर्ष पहिले भएको अनुमान हुन्छ ।

१९. **चाणक्य सार संग्रह (बुद्धिचाणक),** ल. सं. च. ८७१, वि. सं. २१, लेखक-, लेखन समय: सं. १९४४, पत्र २८, पूर्ण, रिल नं. A १०५८/१८

उद्धरण

त्रैलोक्यका अधिपती श्री नारायणलाई नमस्कार गरीकन नानाशास्त्रमा झिक्याको राजनीति म कहंछु ॥१॥ त्यो शास्त्र पढ्यापछि धर्म. अधर्म. कार्य. अकार्य. शुभ. अशुभ. ज्ञान अज्ञान जान्या होला ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

ल. सं. च. ३३५ कै चाणक्य नीतिसारको रूपान्तरण देखिने यो कृति पनि आदि अन्त्य पूर्ण छ। यसको छेउमा मुसाले केही काटेको छ तापनि अक्षर बिग्रिएका छैनन्। यसमा केवल नेपाली भाषाको मात्र उतार गरिएको छ। ३ शतकको भाषालाई यसमा जम्मा २८ पत्रमा समावेश गरिएको छ। अन्त्यमा यसको प्रतिलिपि गरिएको समय **"सम्वत् १९४४ साल मिति पौष"** उल्लेख गरिएको छ भने प्रतिलिपिकारको नाम चाहिँ दिइएको छैन। सामान्य अवस्थामा रहेका यस पुस्तकको लेखाइ शुद्ध र राम्रो छ।

२०. **चाणक्य सार संग्रह, (बुद्धिचाणक)** ल. सं. तृ. ७३५, वि. सं. ४३, लेखक: भक्त पद्म दास, लेखन समय: सम्वत् १९३२, पत्र ४६, पूर्ण, रिल नं. A २७९/३७

उद्धरण

चानक ऋषि आज्ञा गर्दा भया. हे पुत्र चैलोक्येका अधी पति भयाका श्री विश्नुकन शिरले नमस्कार गरि नाना शास्त्रदेषि निकालि राष्याको राज नितिका कुरा म त लाई कहंछु सुन् भनि आज्ञा गर्दा भया ॥१॥

समीक्षा

यस चाणक्य नीतिसारमा पनि प्रारम्भदेखि अन्त्य अर्थात पहिलोदेखि तेस्रो शतकसम्मका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ। अन्त्यमा **"इति सम्वत् १९२३ साल मिति भाद्रवदि ८ रोज ३ शुभम् ॥ तस्मीन् दिने लिषितं संपूर्ण शुद्धो वामशुद्धो वा मम दोष नदियेते ॥ लीखनार्थ पद्म दास भक्तनां, शुभं भवति कल्याराम् शुभम्"** भन्ने उल्लेख गरिएकाले यसका लेखक र लेखन समय स्पष्ट हुन्छ। ६ १/२ x ३ ३/४ आकारको सानो पुस्तक जीर्ण भए तापनि आदि अन्त्य पूर्ण छ लेखाइ स्पष्ट छ। कृति अनुसन्धेय छ।

२१. **चाणक्य सार संग्रह,** ल. सं. द्वि. २५२, वि. सं. ५६, लेखक-, लेखन समय-, अपूर्ण, पत्र ठ्यासफु, रिल नं. B २८०/२२

उद्धरण

प्रथम त्रैक्यका अधिपती वीश्नु कन नमस्कार गरीकन नाना शास्त्र देषी झीकीकन राजनीतिको अर्थ कहंछु ॥ नीश्चय गरी मनुष्यले यही शास्त्र धावना गऱ्यादेषी धर्म अधर्म कार्याकार्य शुभ अशुभको उपदेश जान्या होला;॥

समीक्षा

पहिलो शतकको ४८ श्लोक र त्यसको नेपाली टीका दिइएको यो पुस्तक अन्त्यमा अपूर्ण छ। ठ्यासफूमा लेखिएको यो किताव सार्दा-सार्दै छोडेको अनुभव हुन्छ किनभने यसमा बाँकी खाली पत्रहरू पनि छन्।लेखाइ निकै त्रुटिपूर्ण छ। लेखक र लेखन समय उल्लेख छैन। कृति अन्त्यमा अपूर्ण छ।

२२. **चाणक्य सार संग्रह,** ल. सं. तृ. ७३४, वि. सं. ५५, लेखक-, लेखन समय-, पत्र १०, अपूर्ण, रिल नं. B २८०/२१

उद्धरण

चान रिषि आज्ञा गर्दा भयाः हे पुत्र त्रैलोक्येका अधिपति भयाका श्रीविश्नु कन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सिरले नमस्कार गरी. नाना सास्त्र देषि निकालि राष्याको यो राजनितिका कुरा म त लाई कहंछु. सुन् भनि आज्ञा गर्दा भया ॥१॥

समीक्षा

जम्मा १० पत्र रहेको यो कृतिमा चाणक्य नीतिशास्त्रको पहिलो शतकका ५० वटा श्लोक र त्यसको नेपाली टीका छ। कृति अन्त्यमा अपूर्ण छ। लेखक लेखन समयको उल्लेख छैन। सामान्य अवस्थामा रहेको यो कृतिमा भाषा लेखाइ निकै त्रुटिपूर्ण छ।

२३. **चाणक्य नीतिशास्त्र (बुद्धिचानक),** ल.सं.ष. १७८४, वि. सं. ५६, लेखकः जितानन्द, लेखन समयः सं. १९६२, अपूर्ण, पत्र ५६, रिल नं. A १०७२/१०

उद्धरण

त्रैलोक्येका अधिपति श्री नारायणलाई नमस्कार गरि नानाशास्त्रमा झिक्याको राजनीतिमकहंछु ॥१॥ यो शास्त्र पढ्यापछि धर्म्मः अधर्म्मः कार्य्य अकार्य्य शुभ अशुभ ज्ञान अज्ञान जान्या होला ॥

समीक्षा

तेस्रो शतकका ९९ श्लोक मात्रको संस्कृत श्लोक र नेपाली टीका भएको यो कृति अन्त्यमा अपूर्ण छ। पहिलो शतकको अन्त्यमा **"श्री संवत् १९६२ साल मिति फाल्गुन कृष्ण ८ रोज ७ समाप्त ॥ लेखक श्री जितानन्द ॥"** भन्ने उल्लेख भएकाले यसका लेखक वा प्रतिलिपिकार र लेखन समय स्पष्ट हुन्छ। काठको गाता रहेको यस पुस्तकका गातामा दुईवटा रंगीन चिन पनि छन्।

२४. **चाणक्य नीतिशास्त्र (बुद्धिचाणक),** ल.सं.ष. १३२२, वि. सं. ३८, लेखक-, लेखन समय-, पत्र-१२, अपूर्ण (रिल नं. नभएको)

उद्धरण

सिक्नुमा रूचि हुनाले प्रज्ञान क्या प्रयोजन रूचि अभ्यास नहुन्यालाई प्रज्ञान भयो र क्या गर्नु ॥ ज्ञानि लोकले छोराकन अनेक शास्त्र सिक्नु शास्त्र जान्यापछि निति ज्ञान वुद्धि मान हुंछ समस्त लोकले मान्य गर्छन् ॥२४॥

समीक्षा

पहिलो शतकको २४ श्लोक देखि ९१ श्लोक सम्मको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको यो कृति आदि अन्त्य अपूर्ण छ। लेखक लेखन समय उल्लेख छैन भने लेखाइ पनि निकै त्रुटिपूर्ण रहेको छ। १२ वटा प्रकीर्ण पत्रहरूका रूपमा कृति सामान्य अवस्थामा रहेको छ।

२५. **चाणक्य नीति सार (बुद्धिचाणक),** ल. सं. प. ६०७१, वि. सं. परिशिष्ट, लेखक-, लेखन समय-, पत्र १०, अपूर्ण, (मा. फि. नभएको)

उद्धरण

गुरू कि अस्त्रि राजाकि स्त्रि मित्रकी स्त्री सासु महतारि आफ्ना महतारि. ई पाच जनालाई महतारि भंनु. ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस पुस्तकमा चाणक्यनीति सारका २० औं श्लोकदेखि १०० श्लोक सम्मका धर्मशास्त्र शतकका संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ । कृति आदि अन्त्य अपूर्ण छ भने कृतिमा लेखक लेखन समय उल्लेख छैन ।

२६. **चाणक्य नीति सार (बुद्धिचाणक),** ल. सं. प. ६०७२, वि. सं. परिशिष्ट, लेखक-, लेखन समय-, पत्र ३, अपूर्ण (रिल नं. नभएको)

उद्धरण

गुण लिनु काम गर्नु नीमित्त यत्न गर्नु पर्छ स्वभा गरि वस्याले केहि प्रयोज छैन. कसो भन्या दुद नदिन्या गाईहरु धेरै गहना राषि दिया पनि ब्यचदा मोल जां दैन. ॥

समीक्षा

यस कृतिमा पनि चाणक्य नीतिका संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । यसमा भएका तीनवटा पत्रहरू पनि क्रमश: छैनन् त्यसैले प्रकीर्ण पत्रहरू जस्ता देखिन्छन् । कुनै पनि पत्रमा लेखक लेखन समय उल्लेख छैन ।

२७. **चाणक्य नीति सार,** ल.सं.प. ६०७२, वि. सं. परिशिष्ट, लेखक-, लेखन समय-, पत्र ३७, अपूर्ण (मा. फि नभएको)

उद्धरण

त्रैलोकेका अधिपति श्री विश्नुकन णमस्कार गरि चानक रिषिसोरले. राजनिति सवै आज्ञा गर्छन् ॥ जो मनुखेले यो सास्त्र पढ्हि मात्र यो धर्म यो अधर्म यो वधिया काम यो घटिया काम हो. यो गर्नु यो नगर्नु भनि ज्ञान उपदेश दीनाको सामर्थ होला ॥

समीक्षा

यस चाणक्य नीति सार संग्रहमा प्रारम्भ देखि पहिलो र दोस्रो शतकका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । पहिलो र दोस्रो दुई शतक मात्र आदि अन्त्य पूर्ण छ । सामान्य अवस्थाको यस पुस्तकमा लेखक लेखन समय उल्लेख छैन ।

२८. **तन्त्राख्यान कथा,** ल.सं.च. १०३१, वि. सं. ६३, लेखक-, लेखन समय: वि.सं. १९५३, पत्र २-४६, पूर्ण, रिल नं. B २८१/३

उद्धरण

तंत्राष्यान कथा भन्याको. कस्तो हो भन्या. कथामा श्रेष्ठ हो. जस्तो श्री सूर्य्यका किरनले सवै प्रकास गराउ छ तस्तै बुद्धि प्रकास गर्छ ॥१॥ वचन वोल्दा संम्भार गरि बोलनु ॥ वचनले आफ्नु नास हुंछ. जस्तै हंसले कछुवा लाई वोकि लैजादा जसै वोल्यो थ्या तहि षसि मर्‍यो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

सूक्तिमय संस्कृत अंश र त्यसको नैतिक उपदेश मूलक कथा उप कथालाई बयान गरिएको यो कृति आदि अन्त्य पूर्ण छ । "कुनै एक दिन स्वर्गका रजहाँसहरू घुम्दै पृथ्वी तलमा आएछन् । उनीहरूले एउटा तलाउमा कछुवालाई भेट्दा कछुवाले स्वर्गको बारेमा सोधेछ र उनीहरूले त्यसको बयान गर्दा कछुवालाई पनि स्वर्ग जाने इच्छा भएछ र उनीहरूलाई लान आग्रह गरेछ । त्यसको आग्रह अनुसार ती दुईटा हाँसले एउटा दाउरामा हामी दुईपट्टि चुच्चाले समाउँछौं तिमी चाहिँ बीचमा मुखले समाएर झुन्डिनु अनि हामी उडाएर स्वर्ग लैजान्छौं भनेछन् र सोही अनुसार लान लाग्दा बाटोमा गोठालाहरूले देखेछन् र कराउन लागेछन् त्यो देखेर कछुवाले उनीहरूलाई कस्ता मूर्ख रहेछन् भनेर मुख खोल्दा कछुवा भुइमा खसेछ र स्वर्ग जानबाट वञ्चित भएछ ।" भन्ने जस्ता विभिन्न नैतिक कथाहरू यसमा छन् । अन्त्यमा **"संम्वत् १०१७ साल मिति मार्गसिर्स शुदि १४ रोज ३ यतत् दिने संपुर्ण शुभम्"** भन्ने उल्लेख गरिएकाले लेखन समय स्पष्ट हुन्छ । १०१७ सम्वत् ने. सं. देखिन्छ भने लेखक चाहिँ उल्लेख छैन । यसलाई वि. सं.मा भन्दा लगभग १९५३ सालतिर यो कृति लेखिएको देखिन्छ ।

२९. **तन्त्राख्यान कथा,** ल. सं. द्वि. १९२, वि. सं. ६५, लेखक-, लेखन समय-, पत्र ३२, अपूर्ण, रिल नं. B २८१/७

उद्धरण

> **यो तंत्राख्यान कथा भन्याको कस्तो हो भन्या. संपूर्ण कथामा श्रेष्ठ भयाको "जस्तो आदित्यका किरणले सवै प्रकाश गराउँछन् ॥ तस्तै वुद्धि प्रकाश गर्छ ॥१॥ वचन वोल्दा संभार गरि वोलनु ॥ वचनले आफ्नु नाश हुंछ ॥ जस्तै हंसले कछुवालाई वोकि लै जादा जसै वोल्यो तसै षसीकन मर्‍यो ॥**

समीक्षा

यो तन्त्राख्यान कथा पनि ल. सं. च. १०३१ को प्रतिलिपि देखिन्छ । यसमा पनि नैतिक उपदेश मूलक कथाहरू दिइएका छन् जम्मा ४६ संस्कृत श्लोक र त्यसको नेपाली कथा एवं उपकथा दिइएको छ । एउटा दृष्टान्त दिने र त्यसको पुष्टि गर्नका लागि कथा दिइएको छ । अन्त्यमा कथा सम्पूर्णम् भन्ने उल्लेख छ तर लेखक वा प्रतिलिपिकार र लेखन समय दिइएको छैन । पुस्तक साधारण अवस्थाको राम्रो छ । माध्यमिक कालीन नैतिक दृष्टान्त मूलक कथाका दृष्टिले कृति निकै उपयोगी देखिन्छ ।

३०. **दैलेखका मालका नाउँको सनद/सवाल,** ल. सं.प. ६०७७, वि. सं. परिशिष्ट, लेखक-, लेखन समय-, पत्र, ५५ पूर्ण (मा. फि नभएको)

उद्धरण

> **आगे दैलेख माल्का हाकिं कारीन्दाके यथोचित उप्रांत ... अड्डामा धेरै वर्ष देखिको पुरानु सवाल सनद जम्मा भै त्यसबाट काम गर्नु पर्ने र नपर्ने स्मेत छुट्टीन नसकि काम गर्ने हाकिं कारिंदाहरूले सवाल सनद हेरि बुझि काम गर्नलाई दोविधा वाधा मुस्कील भै रहेको बेहोरा जाहेर भयाको हुनाले ...॥**

समीक्षा

यसमा श्री ३ जुद्ध समशेर जङ्गबहादुर राणाले दैलेख मालका नाममा जारी गरेका सनद सवाल रहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.
नेपाली काजगमा लेखिएका पत्रलाई गातावन्दी समेत गरिएको छ । विषय सूची पनि दिइएको छ । जग्गा सम्बन्धी काम गर्दा आइपर्ने रोक्का, जाय जेथा लिलाम, फुकुवा, तालुकदारी, जिम्मावाली आदि विषयका ऐन नियम रहेका छन् । कृति आदि अन्त्य पूर्ण छ । जुद्ध समशेरका पालामा जारी भएको यो नियम भाषिक दृष्टिले भन्दा पनि सम्बन्धित विषयको ऐन नियमका दृष्टिले महत्वपूर्ण देखिन्छ ।

३१. **नानानीति संग्रह,** ल. सं. प्र. १४९१, वि. सं. ७०, लेखक-, लेखन समय-, पत्र १९, अपूर्ण, रिल नं. B २८१/१४

उद्धरण

तिन्लाइ विजय नगरका. सुरसेन राजाकी पुत्रि. कुसुमा नाउँ गऱ्याकि रानि. विवाह गरिदियको थियो. एक दिन पद्म केशर राजा सिकार जाँदा. वाटमा ठुल सिम् देष्या. त्यो सिम् देष निमात्रै. नागका इछाले. ञाहा पोषरी बनाउँ भनि चिंतना भयो. वन्मा गै सिकार षेलि दर्वार फिऱ्या. मंत्रि छेउ भनि. वेलदार झाकी. पोषरिषंन जाउ भनि ऋहाया.

समीक्षा

यस कृतिमा आदिका २ एवं बीचको बीसौं पत्र छैन । कृति आदि मध्य अपूर्ण छ । पत्र ३ देखि २४ सम्म मात्र रहेको यस कृतिमा विभिन्न नैतिक उपदेश मूलक कथाका माध्यमबाट नैतिक शिक्षा दिइएको छ ।

३२. **नीति शतकम्,** ल. सं. ष. ३१५५, वि. सं. ९, लेखक-, लेखन समय-, पत्र २, अपूर्ण, रिल नं. A १३८५/२५

उद्धरण

जो मनुष्यले भन्या विराना अश्त्रीलाई माहाता भैं मांनु ॥ विरानो धन भन्या मांछले नर्क वरोवर मांनु ॥ पर आत्मा आफ्नो आत्मा ऐकै भैं मांनु ॥ यो मनुष्यले ठुलाको रित हो ॥

समीक्षा

यसमा नीति शतकका १२ वटा श्लोक र त्यसको नेपाली टीका मात्र छ । कृति आदि अन्त्य अपूर्ण छ । यसमा लेखक र लेखन समय उल्लेख छैन । भाषा पनि निकै त्रुटिपूर्ण रहेको छ ।

३३. **नीति श्लोक संग्रह,** ल. सं. पं. ७९६९, वि. सं. ८६ (क), लेखन-, लेखन समय-, पत्र ५२, अपूर्ण, रिल नं. A १०५८/२७

उद्धरण

कविता श्लोक वनाउनु सकेनत विद्या क्या गर्नु दान गर्न सकेन त धन क्या गर्नु ॥ कृपा नभया क्या धर्म्म. नीति नहुन्या क्या राजा. ज्ञान नहुन्या छोरो छ त. क्या गर्नु. स्वामिको भक्ति नहुन्या क्या स्वाश्नि. श्वाश्नि नभया क्या भोग्य कीर्ति राषनु. सकेन त क्या जन्म लियो मांछ को ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यो आदि १ पाना र अन्त्यमा ५९ देखि नभएको र बीचमा पनि पत्रहरू नभएको अपूर्ण खण्डित पुस्तक छ। प्रारम्भमा यसमा नेपाली टीका रहेको छ भने बीचमा नेवारी भाषा टीका छ भने अन्त्यतिर चाहिँ संस्कृत श्लोक मात्र छ भाषा टीका छैन। लेखक लेखन समय उल्लेख छैन भने भएका पत्रहरू चाहिँ सामान्य अवस्थामा रहेका छन्।

३४. भर्तृहरि शतक, ल. सं. ष. १४६७, वि. सं. १८, लेखक-, लेखन समय वि. सं. १९५४, पत्र १४, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

यक कोही योगि आई भर्तृ हरी राजालाई चढाया सो फल कस्तो भन्या जस्ले षायो उ मानिस षोडसा तरुण भै कैल्है मर्न नपर्न्या अजम्वर. होइ रहन्या यस्तो फल हुनाले. राजाले विचार गर्‍या कि. यो फल मैले षायर के हुंछ मेरा रानीले. षायाता. षोडसा तरुणि भै मलाई भोग विलास गराउली वडा स्नेह प्रितीले त्यो फल रानिलाई दिंदा ॥

समीक्षा

यस भर्तृहरि शतकमा राजा भर्तृहरिलाई वैराग्य लागी धर्म कार्यमा लागेको प्रसङ्ग उल्लेख छ। यसमा वैराग्य शतक, नीतिशतक र श्रृङ्गारशतक जस्ता तीन शतकहरू छन्। पहिलोमा ३४ दोस्रोमा ३६ र तेस्रोमा पनि ३६ श्लोक रहेका छन्। आध्यात्मिक र नैतिक विषयलाई नेपाली भाषामा लेखिएको कृति निकै राम्रो छ। लेखकको नाम उल्लेख छैन भने अन्त्यमा **"स्वस्ति श्री विक्रम सम्वत् १९५४ साल मिति कार्तिक कृष्ण अष्टमि स्वम वासरेण. ईदं पुस्तक लिषितम्. शुभम्"** भन्ने उल्लेख गरिएकोले यसको लेखन समय स्पष्ट हुन्छ। १४ पत्रको पुस्तक आदि अन्त्य पूर्ण छ।

३५. रीतिस्थिति वारेको मूठा, ल. सं. ष. ७९, वि. सं. ४१, लेखक-, लेखन समय: सम्वत् १९७६, पत्र १, अपूर्ण, रिल नं. A १०१७/५

उद्धरण

येस्मा हामिले १६ आना षाई थरि गरायाका वसुन्ज्याल स्मं थरिले यो दफामा लेषिया वमोजिम संम्म गर्न पाउन्येमा. मंजुर छौं तर सुवा तालुक दारका वे सल्हाले. थरि १६ आन्ये जगा अर्कासित विक्रि गरिराजिनामा लेषि दि. मुंगलां वसै जान्या र. सो वसै जाने थरिका लेषक्लेर ञां वसि रहेका थरिले पनि ॥

समीक्षा

लिम्बू जातिमा कमैयाहरूलाई जग्गा कमाउन दिन र नियम बमोजिम कूत असुल उपर गर्नका लागि तयार गरिएको यो काजग ५७५.५ x २१ आकारको लामो १ पत्रको छ। आदि अन्त्य पूर्ण छ आदिको केही भाग अतिजीर्ण भएको छ। अन्त्यमा **"इति सम्वत् १९७६ साल भाद्र"** भन्ने उल्लेख गरिएकाले लेखन समय स्पष्ट हुन्छ। लेख्ने मानिसको नाम छैन। विविध विषयका २८ वटा नियम यसमा दिइएको छ।

३६. हितोपदेश, ल. सं. ष. ३३४२, वि. सं. १३, लेखक-, लेखन समय-, पत्र १८, अपूर्ण, रिल नं. A १३९३/१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

> **हे गृध राज् सुन्नुहवस् वनमा नै उपज्या का सागले पनि पेट भरिंछ. अभ्यंतरका आगाले. दग्ध गरि राष्याको छ. एस पेतका कारण माहाको पातक गरोस् ॥**

समीक्षा

हितोपदेशका पत्र ५१ देखि ६८ सम्मका १८ पत्र रहेको यो कृतिमा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ । श्लोक संख्या दिइएको छैन । पुस्तक आदि अन्त्य अपूर्ण छ लेखक लेखन समय उल्लेख छैन । पत्रहरू साधारणतया राम्रै छन् ।

३७. **हितोपदेश,** ल. सं. च. १५९१, वि. सं. १४५, लेखक-, लेखन समय: ने. सं. ९३१, पत्र १०४, पूर्ण, रिल नं. A १०५९/२

उद्धरण

> **याहा देषि उप्रांत. फेरि कथाहाका प्रसंग विषे राज पुत्रहरू भंछन. हे गुरो हामि राजपुत्र ह्वौं विग्रह सुन्युं. अव संधि सुंना कन इछा भै रहेछ आज्ञा गर्नु हवोस् ॥ विष्णु शर्मा नाम पंरिडत भंछन्. त ति विग्रह भन्या. अव संधि पनि भंछु. जस् संधिको पैलेको श्लोक यो हो ॥ दुवै राजाका संधिविषे. सैन्य मारिया पछि. गढ टुटि संग्राम भै सकिया पछि ॥**

समीक्षा

हितोपदेश मित्रलाभको यस ग्रन्थमा दुई खण्ड छन् । पहिलो हो सन्धि भेद र दोस्रो हो सुहृद्भेद । पहिलो सन्धि भेदका ४८ पत्र रहेका छन् भने दोस्रोमा ६० । संस्कृत श्लोक र नेपाली टीका विष्णु शर्मा र राजकुमारहरूको सम्वादका रूपमा आएको छ । पहिलो सन्धि भेदको अन्त्यमा **"सम्वत् ९३१ मिति आषाढ वदि ९"** लेखिएको छ भने त्यस पछि नेवारी भाषामा मन्जेश्वरी टोलको पछिद्रले हितोपदेश पुस्तकका मित्रलाभ आदि सुहृदभेद, विग्रह, सन्धि आँफैले हेर्नका लागि चारै पुस्तक बनाएको हो" भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखक स्पष्ट हुन्छ । सं. ९३१ लाई वि. सं. मा परिणत गर्दा १८६७ हुन आउँछ र यसको लेखन समय पनि प्रमाणित हुन्छ । दोस्रो सुहृद्भेदको अन्त्यमा केवल **"इति हितोपदेशे शुभ ज्ञानोदय दायिनी द्वितीय कथा परिच्छेद"** भन्ने मात्र उल्लेख भएकाले एउटै लगतमा राखिएका यी दुई कृति पनि एउटै लेखकका हुन् वा होइनन् भन्ने प्रश्न उठ्छ । जसलाई विषय शैलीगत तुलना गरेर निर्क्योल गर्नुपर्ने देखिन्छ । ११ x ४.५ आकारका आदि अन्त्य पूर्ण भएका यी दुई खण्ड थप अनुसन्धेय छन् । मूल लगतमा यसका लेखकको नाम 'नारायण' उल्लेख गरिएको छ ।

३८. **हितोपदेश,** ल. सं. तृ. ५६१, वि. सं. १२४, लेखक-, लेखन समय-, पत्र २१, अपूर्ण, रिल नं. B २८३/६

उद्धरण

> **इहाँ देखि उप्रांत संधि कहुँ भनि राज पुत्रहरूले. विश्नु शर्मा. पंरिडत कन भन्या र. विश्नु शर्मा कहंछन. हे राज पुत्र हो सुन्नु हवस्. राज विग्रह मैले कहि चुक्यां. अव संधि कहंछु. जौना संधि प्रकरणको यो प्रथमको श्लोक हो. कौन् भनौला त सुन ॥**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

सन्धिको भेदबाट प्रारम्भ गरिएको यो हितोपदेशमा सन्धि भेदका जम्मा २१ पत्र छन् । एउटा भेद पूर्ण छ । यसमा पनि वक्ता विष्णु शर्मालेे श्रोता राजकुमारहरूलाई सुनाएको शैलीका संस्कृत श्लोक र त्यसको नेपाली टीका रहेको छ । एउटा मात्र सन्धि भएकोले यसलाई अन्त्य अपूर्ण मानिन्छ । लेखक लेखन समय उल्लेख छैन । साधारण अवस्थाको यो पुस्तकको लेखाइ कथा बयान राम्रो छ ।

३९. हितोपदेश, ल. सं. द्वि. २०३, वि. सं. १४०, लेखक-, लेखन समय-, पत्र २४, अपूर्ण, रिल नं. A १०५८/२६

उद्धरण

वीरवरले पनि दिनको दिन राजाले दिएका दर्माहामा आधा. देवता र व्राह्मरााका निमित्तमा उठाउन लाग्या ॥ चतुर्था ंस कन दुःखित भयाका गरिप कंगाललाई दिन लाग्यो ॥ वाँकि रह्याका चतुर्थसकन आफ्ना भोजन भोग विलासमा उठाउन लाग्यो ॥

समीक्षा

आदि अन्त्य अपूर्ण रहेको यो कृति हितोपदेशको संस्कृत श्लोक र नेपाली टीकाको प्रकीर्ण पत्रहरू जस्तो देखिन्छ । मुसाले काटेको, पानीले भिजेको एवं अक्षर उडेको र पढ्नै नमिल्ने गरी माटो समेत लागेको छ । केही ठूला केही साना पत्र छन् । लेखक लेखन समय आदि विवरण कुनै पत्रमा पनि पाइँदैन ।

४०. हितोपदेश, ल. सं. प्र. ११५४, वि. सं. १३८, लेखक-, लेखन समय-, पत्र १०, अपूर्ण, रिल नं B १८४/१६

उद्धरण

॥ एस्ता धूर्जटिभंना महारूद्रका प्रसाद तह सर्जन सवैका कार्य्यसिद्धि हौस् । जस महा रूद्रका शिरजता माहा वस्याकी गंगाका फीन् जस्तो शेतो चंद्रमाको कला शोभायमान भै रहेछ ॥

समीक्षा

आदि अन्त्य अपूर्ण रहेको यस कृतिमा जम्मा १० पत्र छन् । प्रारम्भमा मङ्गलाचरण गरिएको छ भने अन्त्य भागमा विद्याको पुत्रको, नीति कर्तव्यको बयान गरिएको छ । यसमा पनि संस्कृत श्लोक र नेपाली टीका दिइएको छ । लेखक लेखन समय उल्लेख छैन । भाषिक दृष्टिले हेर्दा भने कृति निकै प्राचीन जस्तो अनुभव हुन्छ । यसलाई भाषिक तुलनाका आधारमा निर्क्योल गर्नुपर्ने देखिन्छ ।

४१. हितोपदेश ल. सं. द्वि. २०२, वि. सं. १४२, लेखक-, लेखन समय-, पत्र १३, अपूर्ण, रिल नं. B २८४/१३

उद्धरण

अव राज पुत्रहरू बोल्द छन्. हे श्रेष्ठ. मित्र. विश्नु शर्मा पंडित. हामिले तिम्रा मुखार विन्द देखिन्. मित्रलाभको कथा सुनि शक्यु. अव सुहृद्भेदको कथा कहंछु. तस्मा यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पैल्हेको श्लोक हो. एक वनमा. सिंहको र. साद्याको. वडो मैत्री थियो. सो मैत्री दिन् दिनै वढ्दै थियो. एक कोहि कान्या खुसि गर्नामा वहुतै सिपालु र. अति लोभी पनि एस्तो श्याल थियो.॥

समीक्षा

हितोपदेश सुहृद्भेदको नेपाली टीका भएको यस कृतिमा विभिन्न पत्र सहित जम्मा १३ पृष्ठ छन् । बीच-बीचमा अर्कै कृतिका जस्ता देखिने दुई पत्र छन् । अन्तिम पत्रमा **"यो हितो पदेशको भाषा टीकाको चतुर्थ कथा संधिको समाप्त भयो"** भन्नुका साथै **"नेपाल भूपते मंत्री । भीमसेन इतिश्कतः ॥ तदर्थं रचिता टीका भाषा शब्दैश्च संयुता ॥"** भन्ने उल्लेख गरिएकाले यो कृति भीमसेन थापाको पालामा लेखिएको अनुमान हुन्छ । लेखक भने उल्लेख छैन । कृति बीच-बीचमा अपूर्ण छ ।

४२. **हितोपदेश,** ल. सं. च. २४४२, वि. सं. १३९, लेखक-, लेखन समय-, वि. सं १८९९, पत्र ११४, पूर्ण, रिल नं B १८४/१२

उद्धरण

यस्ता धूर्जटि भन्ना महारूद्रका प्रसादले सञ्जन सवैको कार्य सिद्धिहवस्. सञ्जन महांरूद्रका शिर महा वस्याकि गंगाको फेन जस्तो. सेतो चन्द्रमाको कला सोभामान्भै रह्या छन्. तस्तै महारूद्रले सवैको रक्षा गरुन ॥१॥

समीक्षा

यस कृतिमा भित्रलाभ र शुहृद्भेदका कथा छन् । मित्रलाभ कथाको पहिलो खण्डमा २२४ श्लोक र त्यसको नेपाली टीका छ भने दोस्रो सुहृद्भेद कथाको द्वितीय कथामा १८४ श्लोक र त्यसको नेपाली टीका रहेको छ । यसमा पनि विश्णु शर्माद्वारा राजकुमारहरूलाई विभिन्न नैतिक कथा सुनाइएको प्रसङ्ग उल्लेख छ । दोस्रो सुहृद्भेदका पृ. ८५ देखि पछिका पत्रहरूको छेउमा मुसाले काटेर केही अपूर्ण जस्तो देखिए तापनि कृति सामान्यत. आदि अन्त्य पूर्ण छ । लेखक वा प्रतिलिपिकारको नाम उल्लेख गरिएको छैन भने लेखन समयका सम्वन्धमा अन्त्यमा **"विक्रमाऽर्क नवनन्द गज भूमित कार्तिके ऽ सिपक्ष चतुर्थिके"** भन्ने उल्लेख गरिएको छ । यसरी यो पुस्तक वि. सं. १८९९ कार्तिक कृष्ण चतुर्थी आदित्यवार ब्राह्म नक्षत्र, वरियान योग वालव करणमा सारिएको देखिन्छ ।

४३. **हितोपदेश,** ल. सं. च. १५४७, वि. सं. १३१, लेखक-, लेखन समय-, पत्र ५३, अपूर्ण, रिल नं. A १३५६/११

उद्धरण

यहादेषि फेरि कथा आरंभ विषे राज पुत्रहरूले भन्या. हे गुरो हामि राज पुत्र हवौं. हाम्रा त्यो विग्रह सुन्नु इक्षा भै रहेछ. त्यो आज्ञा हवोस् ॥ विश्नु शर्मा नामपण्डित भंछन्. जो तिमिहरुले रूचायाको विग्रह त्यो म भंछु. तिमीहरू सुन जस् विग्रहको पैलेको श्लोक यो हो. हंसहरुको र. मयूरहरूको वरोवर युद्ध गर्दा विषे.

समीक्षा

यो हितोपदेश मित्रलाभ ल. सं. च. १५९१ को सन्धि सुनि सकेपछि विग्रह सुन्ने इच्छा बमोजिम आएको देखिन्छ । यस अर्थमा यी दुवै कृतिका लेखक एउटै देखिन्छन् तर यसमा चाहिँ लेखकको नाम दिइएको छैन । लगत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

च. १५९१ का दुईवटा खण्ड र यो एउटा खण्डलाई एकै ठाउँमा समावेश गरी अध्ययन गर्दा कृति पूर्ण हुने देखिन्छ । अन्तिमको **"इति हितोपदेशे शिशु ज्ञानोपद दायिनी विग्रहो नाम तृतीयः परिछेद"** भन्ने अंशले पनि यस कुराको पुष्टि गर्दछ । यस खण्डमा जम्मा ५५ पत्र छन् । यो खण्ड आदि अन्त्य पूर्ण छ ।

४४. हितोपदेश, ल. सं. द्वि. ११२, वि. सं. १२८, लेखक: दैवज्ञ विष्णु सिंह, लेखन समय: सम्वत् १८३५, पत्र ७४, पूर्ण, रिल नं. A २८३/२२ A २८४/१

उद्धरण

यस्ता धूर्ज्जटि भन्ना महारूद्रका प्रसादले सञ्जन सवैको. कार्य सिद्धि हवस् ॥ जस माहा रूद्रका शिरजटा महा वश्याकी गंगाका फीज जस्तो शेतो चन्द्रमाको कला शोभायमान् भै रहया छ : ॥ तस्ता महारूद्रले सवैको रक्षा गरुन् ॥ यो हितोपदेश शुन्याले संस्कृत वानि बुझिंछ. वोलनाकन चातुर हुन्छ निति सास्त्रको ज्ञान हुंन्छ ॥ यस संसार माहा ज्ञानिजनले वृद्ध हुन्या अघि त सदा अमरै रहौंला भन्या जस्तो मानिकन विद्या चिन्तना गर्नु. मृत्युले मार्नाकन. जगटामहा समाति राख्यो छ भनि मनले मानिकन चाँडो धर्म्म गर्नु ॥

समीक्षा

यस हितोपदेशमा मूल संस्कृत अंश रातो मसीले लेखिएको छ भने नेपाली टीका चाहिँ कालो मसीले लेखिएको छ । आदिको केही भागमा श्लोक संख्या दिइएको छ भने अन्त्यतिर त्यो पनि दिइएको छैन । अन्त्यमा **"इति श्री हितोपदेशे नितिसारे भित्रलाभ नाम् कथा समाप्त"** भन्ने उल्लेख गरिएकाले मित्रलाभ प्रकरणको प्रारम्भदेखि अन्त्यसम्म पूर्ण रहेको देखिन्छ । यसमा १० १/२ x ३ ३/४ आकारका ७४ पत्र छन् । अन्त्यमा नै **"सम्वत् १८३५ साल जेष्ठ वदि ९ रोज ४ शुभम्"** लेखिएकोले यसको लेखन समय स्पष्ट हुन्छ भने "जस्तो मूल किताव थियो त्यस्तै सारेको हो यदि शुद्ध अशुद्ध कतै भएको भए मलाई दोष नदिनु होला" भन्ने आशयको संस्कृत श्लोक पछि **"लिखिति दैवज्ञविश्नुसिंह"** भन्ने उल्लेख गरिएकाले यसका लेखक वा प्रतिलिपिकार विष्णु सिंह देखिन्छन् उपाधिका रूपमा राखिएको 'दैवज्ञ' शब्दका आधारमा यिनी ज्योतिष विद्याका ज्ञाता रहेको अनुमान हुन्छ । यिनको थप परिचयका सम्वन्धमा भने यहाँ केही उल्लेख छैन । कुनै अर्को मूल प्रतिबाट विष्णु सिंहले सारेको यो कृति उनले कुन कृतिबाट सारेका हुन् भन्ने पनि अनुसन्धेय विषय छ किनभने उनले प्रतिलिपि गरेको कृति यो भन्दा पहिले लेखिएको हुनुपर्छ । त्यो कृति पनि नेपाली टीका सहितको हितोपदेश नै हुनु पर्दछ ।

४५. हितोपदेश, ल. सं. तृ. १४०, वि. सं. १०८, लेखक: श्री भानुदत्त, लेखन समय: सं. १८३३, पत्र ३२, पूर्ण, रिल नं. B १८३/१३

उद्धरण

यस्ता धूर्ज्जटि भन्नामहारूद्रका प्रसाद तँ हैं. सञ्जन सवैको कार्य सिद्धि हवोस् ॥ जस् महारुद्रका शिर जटामा वस्याकि गंगाका फीन जस्तो सेतो चंन्द्रमाको कला शोभायमान भैरहंछ ॥ यो हितो पदेश सुन्याले संस्कृत वाणी बुझिंछ. बोलनाकन चतुर हुंछ. नीतिशास्त्रको ज्ञान हुंछ ॥ यस् संसार माहाँ. ज्ञानिजनले. कहिले बुढो हुन्या अधित.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सधैं अमर भैं. रहौंला भैं मानिकन विद्याको चिन्तना गर्नु. धन आर्जनको उपाइ गर्नु. मृत्युले मार्नकन जगटामा समातिकन राषेछ भनि मनले मानिकन. भटपट गरि धर्म गर्नु ॥)

समीक्षा

यस हितोपदेशमा पनि संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । प्रारंम्भदेखि अन्त्यसम्मको मित्रलाभ प्रकरण पूर्ण छ । पुस्तक अत्यन्त जीर्ण छ । अन्त्यमा "**वस्वंक भूपैः प्रमिते शकेऽरे. सर्पस्य तिथ्यो शनिवाशरे शुभ् ॥ हितो पदेशा भिध पुस्तकं तदा. श्री भानुदत्तो ग्रलिखद्थनार्थे ॥ श्री भंज्भगवतीध वीजयति, ग्रनेन लिपि कर्मरणा मंत्री पारिण गृही ताऽवला प्रसन्नाऽश्तु**" भन्ने उल्लेख छ । यसबाट लेखक श्री भानुदत्त हुन् भन्ने र उनले धनको आसले यो पुस्तक लेखेका रहेछन् भन्ने स्पष्ट हुन्छ । यसरी यसको लेखन समय शाके १६९८ वि. सं. १८३३ पञ्चमी तिथि शनिवार देखिन आउँछ ।


हि. भा.
३२
पढाकुष्या सुखसित आफ्ना आफ्ना घरँमा बस्या ॥ ॥एति कथा विष्णुशर्माले सुनाया पछि राजपुत्र हे
रूले आनंद सित बस्याँमा भन्या हचारैजनाले पनि तिम्रा प्रसादले सुख पायाँ ॥ ॥हाम्रिले सुन्न इछ्या गर्या
को पनि सिद्ध भयो ॥ ॥तब विष्णुशर्मा भन्या पंडित भंछन् हे राजपुत्र हो तुमिहरुले सुन्न इछ्या गर्याको
पूर्ण भयो अरू मेरो आशीर्वाद पनि फलोस् ॥ भ्या आशीर्वाद भन्याहुँदि ॥ ॥हे राजपुत्र हो तुमिहरूकन
सज्जन मित्रलाभ हवोस् तिम्रा देशमा लक्ष्मी आश्रय गरून् राजाहरू पनि आफ्ना धर्ममा रहिकन पृ
थ्वीको प्रतिपालना गरून् ... सबैका मन ... नीतिशास्त्र
सज्जनहरूका मन परोस् ... भगवान ... शिवले सबैको कल्याण गरून् ॥
॥ इति श्री हितोपदेशे नीतिशास्त्रे बालबोधाय भाषार्थ ... मित्रलाभ प्रथमकथासंग्रहः समाप्तः ॥
वस्वंक भूपैः प्रमिते शाके ऽरे सर्पस्य तिथ्यो शनिवासरे शुभ ॥ हितोपदेशाभिध पुस्तकं तदा श्री भानुदत्तो
अलिखद्धनार्थे ॥ ॥श्री ... भगवती धवो जयति अनेन लिपि कर्मणा मंत्री पाणि गृहीता ऽवला प्रसन्ना ऽस्तु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुराण

१. अष्टावक्र संहिता ल. सं. च. ९४९, वि. सं. ६, लेखक-, लेखन समय-, पत्र ८७, पूर्ण, रिल नं. A १०३५/३

उद्धरण

अष्टावक्र मुनि कोहि समयमा फिर्दै जनकपूरमा
अग्नि झै गरि व्रह्मतेज् अनलको वल्दो छदो देखियो ॥
करजोरि वहुतै नुहीकन जनक्यै विंति गर्दा भया
धन्यै हुं कृत्य कृत्य आज म भयां दर्शन हुनैले गरि ॥

समीक्षा

यसमा मुनि अष्टावक्र र राजा जनकका बीच भएको ब्रह्मज्ञान विषयको वार्ता दिइएको छ । यसमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । यसका विषयवस्तुलाई शिश्य उपदेश, शिश्य उल्लास प्रकट, यथासुख सप्तक जस्ता अध्यायमा विभाजन गरिएको छ । यसमा जम्मा २१ अध्याय रहेको छ । कृति सामान्य अवस्थाको आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

२. केदार कल्प, ल. सं. तृ. ५४६, वि. सं. ४८२, लेखक-, लेखन समयः सम्वत् ९३४, पत्र ७१, कापी, पूर्ण, (रिल नभएको)

उद्धरण

यसै देहले माहापंथका रस्ता गरि संपूर्ण पूरिको तमासा हेरि देह त्याग नगरिकन साक्षात् शिवलोक प्राप्त हुन्या वार्त्ता शिवजिले पुत्र स्कंद लाइ आग्या गरियाको केदार षंडको व्याष्यान सवैले वुझ्ना मित्र भाषाले वाल वोध गरि कहिन्छ ।

समीक्षा

यस कृतिमा स्कन्द पुराण अन्तर्गत केदार कल्पको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण राम्रो अवस्थाको छ । यस पौराणिक आख्यानलाई शिव र स्कन्दको सम्वादका रूपमा व्यक्त गरिएको छ । लेखकको नाम उल्लेख छैन भने अन्त्यमा **"इति सम्वत् ९३४ साल श्रावन मुदि ७ रोज ३ शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ ।

३. गोपिका गीतम्, ल. सं. द्वि. २५०, वि. सं. ४३२, लेखक-, लेखन समय-, पत्र ८, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

पैतीसौं अध्याय माहा. वन माहा. गाइ चह्राउन श्री कृश्न गया प्रांत जनका स्त्री जो छन्. दुइ श्लोकको एक गीत गाईकन. वहुतै दुःखले दिन् काट्ताभया. गोप्य इति. श्री कृश्न जो छन् सो. बृन्दावन माहा गया प्रांत. श्री कृश्नै पछि चित्त गयाका गोपिनी हेरू जो छन्.

समीक्षा

यस कृतिमा श्री मद्भागवत महापुराणको दशमस्कन्धको पैतीसौं अध्यायका गोपिका गीतको मूल संस्कृत श्लोक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति अन्त्यमा अपूर्ण छ बीचको १ पत्र पनि छैन । यसमा जम्मा ७ पत्र रहेका छन् । लेखक लेखन समय उल्लेख छैन । कृति सामान्य अवस्थाको रहेको छ ।

४. **भूगोल पुराणम्,** ल. सं. द्वि. १४७, वि. सं. २१२, लेखक-, लेखन समय-, पत्र ३४, पूर्ण, रिल नं. A १०४१/८

उद्धरण

> **पृथिवीको स्वरूप कस्तो छ भन्या. जस्तो गेदा गोल भैकन वंदछ. त्यस्तै पृथिवी छन्. वीच आकाशमा रह्याकी छन्. अन्तरिक्ष्मा कसोरी रहन सकिन् भन्या. कालात्मा भगवान्का समर्थले रह्याकी छन्.**

समीक्षा

यस कृतिमा विभिन्न पुराणमा गरिएको पृथ्वीको उत्पत्ति र विस्तारको बयानलाई नेपाली भाषामा दिइएको छ । यसमा पृथ्वीका प्रमुख पर्वत श्रृङ्खला नदी, सरोवर आदिको बयान गरिएको हुनाले भूगोल पुराण भनिएको हो । पृथ्वीका साथै तीन लोक चौध भुवन सम्बन्धी बयान पनि यसमा रहेको छ । लेखक लेखन समय उल्लेख छैन तापनि कृति आदि अन्त्य पूर्ण छ । सामान्य अवस्थाको यो कृति १९ x ९ आकारको रहेको छ ।

५. **लिङ्ग पुराणादि नानाशास्त्र संग्रह,** ल. सं. ष. ७९४, वि. सं. ३९६, लेखक पुरन घर्ति, लेखन समयः सम्वत् १९६१, पत्र ३२ ,अपूर्ण, रिल नं. A१०२१/१६

उद्धरण

> **कुमार श्राज्ञा गर्छन हे श्रगस्त्ये मुनि तिमि यक चित्त भै सुन श्रघि यो संसार जलामय छंदा. पर वंह्मा विश्नुले योगमाया सित समय गरि रहँदाः विश्नुका नाभि देषि सहस्र दल कमल उत्पत्ति भयोः**

समीक्षा

यस कृतिको शीर्षक लिङ्ग पुराणादि नानाशास्त्र संग्रह भनिए तापनि यसमा स्कन्दपुराण अन्तर्गतको स्वस्थानी व्रत कथा रहेको छ । यो कृति विविध पुराणबाट संकलन गरिएको स्वस्थानीको व्रत कथा देखिन्छ । प्रारम्भदेखि अन्त्यसम्म आदि अन्त्य पूर्ण रहेको यस स्वस्थानी व्रत कथाको लेखाइ निकै त्रुटिपूर्ण देखिन्छ । अन्त्यमा **"स्वस्ति श्री शाके १७९५ श्री सम्वत् १९६१ साल .... श्री वागेस्वरि मा पुरन् घर्तिले श्री माघ महात्मा स्वस्थाणि परमेस्वरि कथाहा लिषितम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखक र लेखन समय स्पष्ट हुन्छ । कथालाई २२ अध्यायमा विभाजन गरिएको छ । ३५.५ x २४ आकारको रहेको यो कृति अत्यन्त जीर्ण अवस्थामा रहेको छ ।

६. **श्री मद्भागवत दशम स्कन्ध,** ल. सं. तृ. ७३६, वि. सं. ४१९, लेखक-, लेखन समय-, पत्र २, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

> **भो परमेश्वर पापि कंसले हामिहरुका वालष जति जन्म्याका सवै मारि दियो य्स्ता ठाउमा हजुर्ले चतुर्भूज भई वसुदेव देवकिका पुत्र मलाई जन्मनु भयो ॥**

समीक्षा

यस कृतिमा श्री मद्भागवत दशम स्कन्ध पूर्वार्द्ध श्री कृष्ण जन्म कथाको भाषाटीका दिइएको छ । कृति जम्मा २ पत्रको आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

महात्म्य

१. **कार्तिक महात्म्य,** ल. सं. ष. १९०२, वि. सं. ३, लेखक-, लेखन समय-, पत्र ४९, अपूर्ण, रिल नं. A १०७२/१२

उद्धरण

...छैं गरि मानि वस्यो ससुराले पनि आफना ज्युवाईलाई छोरा छैं गरि राष्या कोहि एक दिनमा ससुरा जुवाई दुई जनाः हेमालए पर्वतका निकठमा कुस स्वोर्मेधा षोजन भनि गया. दुवै जनाले कुस स्वर्मेधा लियेर वसि रहदामा तस्ता समय विष्यमा ऐक भयांकर राक्षेस देष्या.

समीक्षा

यस कृतिमा पद्मपुराण अन्तर्गत कार्तिक महात्म्यको नेपाली भाषा टीका रहेको छ। श्री कृष्ण र सत्यभामाका बीच भएको सम्वादका रूपमा रहेको यस पुस्तकमा विभिन्न पौराणिक आख्यान उपाख्यान रहेका छन्। कृति आदि अन्त्य अपूर्ण छ। आदिका ६ पत्र छैनन् भने अन्त्यमा ६९ औं पृष्ठ पछिको अंश छैन। अध्यायका दृष्टिले हेर्दा तेस्रो देखि १९ औं अध्यायसम्मको अंश यसमा रहेको छ। कृति अत्यन्त जीर्ण अवस्थामा रहेको छ भने लेखक लेखन समय उल्लेख छैन। भाषिक दृष्टिले हेर्दा कृति निकै प्राचीन जस्तो देखिन्छ।

२. **गोलक्षण महात्म्य,** ल. सं. द्वि. ८२, वि. सं. ९२, लेखक-, लेखन समय-, पत्र ३०, अपूर्ण, रिल नं. A ३३३/१५

उद्धरण

तत्रादौ गोलक्षराम् ॥ पराशरऋषिले वृहद्रथ राजालाई वताया वमोजीम अहा कहिन्छ ॥ जौन्गाईका नेत्र आसूले युक्त भैरहन्छन् ॥ अथवा ॥ रुषा छन् ॥ अथवा ॥ मूसाका जस्ता छन् ॥ त्यस्ता गाईले शुभ दिदैनन् ॥

समीक्षा

यस पुस्तकमा गाई, कछुवा, कुकुर, घोडा, हात्ती आदि एवं विभिन्न रूप र आकृतिका स्त्रीपुरुषहरूको लक्षण र महत्त्व बयान गरिएको छ। पराशसर ऋषि र वृहद्रथ राजाको सम्वादका रुपमा रहेको यो कृतिमा विभिन्न धर्मशास्त्रीय ग्रन्थबाट सार झिकी नेपाली भाषानुवाद गरिएको छ। लेखाइ अत्यन्त राम्रो छ। लेखक लेखन समय उल्लेख छैन कृति अन्त्यमा ३० औ पत्रदेखि अन्त्यको अंश नभएकोले अपूर्ण छ।

३. **तडागादि महिमा वर्णन,** ल. सं. द्वि. १९९, वि. सं. ९७, लेखक-, लेखन समय-, पत्र १५, पूर्ण, रिल नं. A १०३४/७

उद्धरण

पीपल्को वृक्ष १ नीमको वृक्ष १ वरको वृक्ष १ अमिलीका वृक्ष १० कैथका वृक्ष ३ वेलका वृक्ष ३ अवलाका वृक्ष ३ आपका वृक्ष ५ एति वृक्ष लगाउन्या मनुष्यको पनि नरक वास हुँदैन. ठुला वगैचा वनाउन्याको क्या वात छ ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस पुस्तकमा कुन ठाउँमा के कस्ता जातका वृक्षारोपण गर्नाले र कस्ता किसिमका तलाउ. पाटी. पौवा, सत्तल आदि निर्माण गर्नाले कस्तो किसिमको पुण्य हुन्छ भन्ने कुराको बयान गरिएको छ । यसमा कृत्य चिन्तामणी, दानधर्म प्रकाश जस्ता धर्मशास्त्रीय विषयको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

४. **पुष्प महात्म्य,** ल. सं. ष. २१८३, वि. सं. ४२, लेखक-, लेखन समय-, पत्र ९, अपूर्ण, रिल नं. A ११९७/४१

उद्धरण

पांच प्रकारका पुष्प कहयाका छन् पर. अपर. उत्तम. मध्यम. हिन. इन पांच प्रकारका फुलको लक्षरा कहंछु ॥१॥

समीक्षा

यसमा सुन चाँदी आदि धातुबाट बनाइएका फूल र प्राकृतिक फूल कुन-कुन देवतालाई के कस्तो रुपमा चढाउन हुन्छ भन्ने विषयको निरूपण गरिएको छ । यो कृति ल. सं.पं. २५६४ को'पुष्प महात्म्य' को प्रतिलिपि देखिन्छ । लेखक लेखन समय उल्लेख छैन । पत्र ९ देखि अन्त्यको अंश नभएकोले कृति अपूर्ण छ ।

५. **पुष्प महात्म्य,** ल. सं. पं. २५६४, वि. सं. १४०, लेखक-, लेखन समय-, पत्र ९, पूर्ण, रिल नं. A ३३४/१९

उद्धरण

पाँच प्रकारका पुष्प कहियेका छन्. पर. अपर. उत्तम. मध्यम. हीन इ पाँच प्रकारका फुलको लक्षरा कहन्छु ॥१॥ शुवर्णको वनाएको फूल सर्व देवतालाई योग्य हुन्छ. कैल्हे पनी वासी नहुने. दिनप्रती पूजामा लाग्ने पवित्र छ. ।

समीक्षा

यसमा सुन, चाँदी आदि धातुबाट बनाइएको फूल र प्राकृतिक फूलहरू मध्ये कुन फूलको के कस्तो महत्त्व छ भन्ने कुराको बयान गरिएको छ । कुन-कुन फूल कुन-कुन देवतालाई चढाउंन हुने बा नहुने जस्ता विषयको निरुपण गरिएको छ । कृति आदि अन्त्य पूर्ण लेखक लेखन समय उल्लेख छैन ।

६. **पुष्प रत्नाकर,** ल. सं ष. ५१०२, वि. सं. ५६. लेखक-, लेखन समय-, पत्र २, अपूर्ण, (रिल नं नभएको)

उद्धरण

रातो रति. धतुरो कपुर नलिनि लक. सेतो रति. वेलपत्र. अपराजिता. विहिको फुल. अरू गंध नभयका फुल. १७ थोइ लायाका. एति फुल सूर्यलाइ नचह्राव्नु. ।

समीक्षा

यस पुष्प महात्म्य वा पुष्प रत्नाकर नामक कृतिमा पनि के कस्ता फूलहरू के कस्तो अवस्थामा कुन-कुन देवतालाई ग्राह्य र अग्राह्य हुन्छन् भन्ने विषयको निरूपण गरिएको छ । यस कृतिमा जम्मा २ पत्र छन् । आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । यो पनि कुनै पुष्प महात्म्य कृतिबाट प्रतिलिपि गरिएको अनुभव हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७. **बगाले क्षेत्रीको वंशावली,** ल. सं. ष. ५१८८, वि. सं. ५९, लेखक-, लेखन समय-, पत्र ५४, पूर्ण, (मा. फि. नभएको)

उद्धरण

गोत्र आत्रेय प्रवर. अत्रृ. आत्रेय. अर्चना. त्री प्रवर माध्यन्धीनीय साषा. पनि संयुक्तबाट जति-जति विभागमा गोत्र प्रवर. साषा थरं उपथर हुन आउछ तेस्बाट पूर्व रूपले जातिय हुन्. त्यो वताउंछ.

समीक्षा

यस पुस्तकमा साके ११११ सम्वत् १२४६ देखिको बगाले थापा क्षेत्रीको वंशावली दिइएको छ। प्रारम्भमा थर गोत्र आदिको बयान गरिएको छ भने अन्त्यतिर उनीहरूको प्रमुख वासस्थानको नाम दिइएको छ। थापा क्षेत्रीहरू मध्ये महत्त्वपूर्ण व्यक्तिहरूले गरेको ऐतिहाँसिक वीरतापूर्ण उल्लेख्य कामको बयान पनि गरिएको छ। अन्त्यमा काजी वखतवीर सिंह थापा सम्म बयान रहेको छ। आधुनिक कापीमा लेखिएको यस कृतिको अगाडि जनकलाल शर्माको नाम लेखिएको छ। यस आधारमा यो कृति उनैले तयार पारेका हुन् कि भन्न सकिन्छ। कृति अपूर्ण देखिन्छ किनभने कापीका अन्त्यमा धेरै पत्रहरू खाली छन्।

८. **माघ महात्म्य,** ल. सं. तृ. १७२, वि. सं. १७४ 'ख', लेखक-, लेखन समय-, पत्र १२३, पूर्ण, रिल नं A १०३४/१५

उद्धरण

प्रथम श्री स्वस्थानी. परमेश्वरी भनि. कांसाको दर्पणमा ॐकार लेखी. श्री महादेव स्थापना गरि. गंगाजलले स्नान गराई. श्री खंड रक्त चन्दन नाना सुगन्ध फलफूल. जनै धूप दीप नैवेद्य मिथाई ॥

समीक्षा

यो कृति माघ महात्म्य अन्तर्गत राखिएको स्वस्थानी व्रत कथाको नेपाली भाषा हो। यसमा स्वस्थानी व्रतकथालाई अध्याय नछुट्ट्याइकन संक्षिप्त रुपमा दिइएको छ। कथा आदि अन्त्य पूर्ण छ। लेखक लेखन समय उल्लेख छैन। कृति साधारण अवस्थाको भए तापनि स्वस्थानी कथा ज्ञानका दृष्टिले निकै उपयोगी देखिन्छ।

९. **रूद्राक्ष महात्म्य,** ल. सं. द्वि. ९५, वि. सं. २०७, लेखक-, लेखन समय-, पत्र ८, पूर्ण, रिल नं. A ३३६/९

उद्धरण

महादेवले पार्वतीलाई सुनाउँछन् ... श्रव उप्रांत व्यक्त गरि रूद्राक्ष महात्म्य वर्णन गर्दछुं ॥ मोक्ष कामना रूद्राक्षले कल्याण साधनु पनि रूद्राक्षैले हुंछ ॥

समीक्षा

भगवान शंकर र पार्वतीको सम्वादका रुपमा रहेको यस कृतिमा एक, दुई, तीन मुखी रूद्राक्षको धार्मिक महत्त्वको वयान गरिएको छ। मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको यस पुस्तकमा श्लोक संख्या दिइएको छैन। लेखक लेखन समय उल्लेख छैन भने अन्त्यमा **"श्री भगवान शंकरले पार्वतीसँग भनेको रूद्राक्ष महात्म्यलाई निलकविले रचना गरेका थिए त्यसैको भाषा टीका श्री ५ राजेन्द्र बीर विक्रम शाहदेवलाई भक्ति पूर्वक श्रर्पण गर्नका लागि गरिएको हो"** भन्ने आशयको संस्कृत श्लोक टीकाकारद्वारा उल्लेख गरिएको छ। यसै आधार मा श्री ५ राजेन्द्र वीर विक्रम शाहदेवका पालामा नै यसको नेपाली भाषा टीका गरिएको हो भन्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

योगशास्त्र

१. **अमनस्कम योगशास्त्र,** ल. सं. ष. १४५४, वि. सं. ४, लेखक-, लेखन समय: सम्वत् १९७०, पत्र २३, पूर्ण, रिल नं. A ८८७/६

उद्धरण

कोहिं एक समयमा वामदेव ऋषि जो छन्. सो. श्री महादेवका चरणमा पराम गरिकन. जिवन्मुक्ति हुन्या उपायकन: मलाई. आज्ञा हवस् भनि विंति गर्दा भया ॥१॥

समीक्षा

यस कृतिमा अमनस्क योगशास्त्रका २ अध्यायका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । ऋषि वामदेव र महादेवको सम्वादका रुपमा रहेको यस कृतिमा योग साधनद्वारा ईश्वर प्राप्त गर्न सकिने उपायको बयान छ । आदि अन्त्य पूर्ण रहेको र सामान्य अवस्थाको यस कृतिमा लेखकको नाम उल्लेख छैन भने अन्त्यमा **"सम्वत् १९७० साल मिति आषाढ सुदी ८ रोज ६ ... गतेका दिन इदं पुस्तक लिषितम शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ

२. **अमनस्क योगशास्त्र,** ल. सं. ष. ३१११, वि. सं. १४, लेखक-, लेखन समय-, पत्र २३ अपूर्ण, रिल नं. A १३८४/७

उद्धरण

ई सवै पेट भर्नाका निमित्त अभ्यास गर्‍याको हो. आत्मा जान्नका निमित्त होईन. भनि वामदेव ऋषिकन. श्री महादेव आज्ञा गर्छन.

समीक्षा

योगशास्त्र विषयको यो कृति अत्यन्त जीर्ण अवस्थामा रहेको छ। प्रारम्भको एउटा पत्रमा अक्षर उडेर अस्पष्ट भएको छ भने अन्त्यका पत्र पनि टुक्रा-टुक्रा भएर अपूर्ण छ र ध्वाँसो लागेर कालो पनि भएको छ । लेखक लेखन समय उल्लेख नभएको यस पुस्तकमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ ।

३. **अमनस्क योगशास्त्र,** ल. सं. ष. १९१४, वि. सं. १०, लेखक: बलमान थापा, लेखन समय: सम्वत् १९२३, पत्र २६, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

कोहि ग्रेक समयेमा ॥ वामदेवऋषि जो छन्सोः श्री माहादेवका चरणमा. प्रणाम. गरि जिवन्मुक्ति दिन्या. उपाय मलाई आज्ञा गर्नुहवस भनि विंति गर्दा भया ॥१॥

समीक्षा

यस कृतिमा पनि अमनस्क योगशास्त्रका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । आदि अन्त्य पूर्ण र सामान्य अवस्थामा रहेको यस कृतिको अन्त्यमा **"इति सम्वत् ॥ १९२३ साल मिति जेष्ठ वदि ॥ रोज ६ मा. भाद गाउँ निकटे. हनिमान् घाट् ग्रामे. यो पुस्तक भिर्कोट मगयाम वश्न्या वलमान थापाले. लेषितम् शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ । यसमा पनि अमनस्क योगशास्त्रका २ अध्याय रहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४. **अमनस्क योगशास्त्र,** ल. सं. ष. ६७७, वि. सं. ३, लेखक-, लेखन समय: सम्वत् १९१८ साल, पत्र ३०, पूर्ण, रिल नं. A ८८४/६

उद्धरण

कोहियेक समयमा वामदेव ऋषि जो छन् सो श्री महादेवका चरणमा प्रणाम गरि. जीवन्मुक्ति. दिन्या उपाय. मलाई. आज्ञा गर्नु हवस् भनि विन्ति गर्दा भया ॥१॥

समीक्षा

यस कृतिमा पनि अमनस्क योगशास्त्र विषयको २ अध्यायका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको रहेको छ भने अन्त्यमा "**इति सम्वत् १९१८ साल मिति आश्विन वदी ... रोज.. समाप्तम् शुभम्**" भन्ने उल्लेख भएकोले लेखन समय स्पष्ट हुन्छ तर लेखकको नाम उल्लेख भएको पाइँदैन।

५. **गोरक्ष योग शतक,** ल. सं.तृ. ५५४, वि. सं. १६ 'ख', लेखक-, लेखन समय-, पत्र १०, पूर्ण, रिल नं. A ८९१/३

उद्धरण

श्री गुरुभ्यो नमः .... जगतमाता. देवी सहित .... परमानन्दमा विराजमान भयाका. आफुदेखि आफै आनन्द भयाका गुरूकन नमस्कार.जुन गुरूका सन्निधान मात्रले शिष्य पनि चिदानन्द होइ जान्छ।

समीक्षा

यस कृतिमा गोरक्ष योग शतकका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। योग सम्वन्धि विषयको यो पुस्तक भाषिक र विषयगत दुवै दृष्टिले निकै महत्त्वपूर्ण रहेको छ। आदि अन्त्य पूर्ण सामान्य अवस्थाको कृतिमा लेखक र लेखन समय उल्लेख छैन।

६. **गोरक्ष शतक,** ल. सं. पं ५२९५, वि. सं. ६, लेखक-, लेखन समय-, पत्र २०, पूर्ण, रिल नं. A ६२/२६

उद्धरण

श्री भन्नु श्रिष्टि स्थिति संहारका कारण भयाका आफुमा आफै भयेर परमानन्द भयाका श्री गूरूकन. नमस्कार गर्छु ॥

समीक्षा

यस कृतिमा गोरक्ष योग शतकका २०० श्लोकको नेपाली भाषा टीका मात्र रहेको छ। लेखक लेखन समय उल्लेख छैन सामान्य अवस्थाको कृति आदि अन्त्य पूर्ण छ। यसमा योगविधि, फाइदा र महत्त्वको बयान गरिएको छ। योगीले गर्नु पर्ने आहार, विहार आदिको बयान पनि रहेको छ।

७. **पातञ्जल सूत्र व्याख्या,** ल. सं. तृ. ७३४, वि. सं. ४२, लेखक: भक्त पद्मदास, लेखन समय: विक्रम सम्वत् १९१५, पत्र ४, पूर्ण, रिल नं. A ६१/१३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

अथ शब्दले कहिन्या अखराड अद्वैत अपार. अकलि: अलेख. परंब्रह्म सच्चिदानंद भगवानको मंगलाचरण पातञ्जलि आदि गरि अम्वरगिर आदि योगी स्तुति गर्छन् :

समीक्षा

यस कृतिमा पातञ्जल योग सूत्रका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने अन्त्यमा **"इति श्री सम्वत् १९१५ साल मीती आश्विन वदि ९ रोज ६ तस्मिन् दिने लिखितं पद्मदास भक्त शुभन्" भवतु. कल्याराम्"** भन्ने उल्लेख भएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ।

८. **योग चिन्तामणि,** ल. सं. तृ. ७३४, वि. सं. ६२, लेखक-, लेखन समय: सम्वत् १९२०, पत्र ३६, पूर्ण, रिल नं. A ६१/८

उद्धरण

येस्ता लक्षणले युक्त भयाका श्री लम्बोदरकन म नमस्कार गर्दछु. कस्ता गणेस भन्या अनेक विघ्न रूपी तुल सम्प्रदाय नास गर्नाकन .... ॥

समीक्षा

यस कृतिमा योग चिन्तामणिका १०१ वटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ। लेखकको नाम उल्लेख छैन भने अन्त्यमा **"इति सम्वत् १९२० साल मिति मार्गसिर वदि ५ रोज ६"** भन्ने उल्लेख भएकाले यसको लेखन समय स्पष्ट हुन्छ।

९. **योग वाशिष्ठ,** ल. सं. ष. ३१०९, वि. सं. १९, लेखक-, लेखन समय-, पत्र २८, पूर्ण, रिल नं. A १३८४/२

उद्धरण

कोहिकालांतरका समयमा श्री वसिष्ठ मुनि जो छन्सो एकै परमात्मा पनि ... भै व्यापक भयाका आफैले तेज स्वरूप भै....॥

समीक्षा

यस कृतिमा वशिष्ठ ऋषिद्वारा प्रतिपादित योगशास्त्रको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। अत्यन्त जीर्ण अवस्थामा रहेको यस कृतिमा लेखक लेखन समय उल्लेख छैन। सामान्यत: कृति पूर्ण जस्तो देखिन्छ।

१०. **योग संग्रह,** ल. सं. च. १४६, वि. सं ६७, लेखक-, लेखन समय-, पत्र ५, अपूर्ण, रिल नं B ३९/१३

उद्धरण

केवल चैतन्य र आनन्द स्वभाव भयाका. परपेश्वर देषी भिन्न भैकन. यो कार्यकारण स्वरूप भयाको जगत्केही छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस पुस्तकमा योग विषयका ८ पत्र रहेका छन् । मूल संस्कृत र त्यसको नेपाली भाषा टीका दिइएको यो कृति अन्त्यमा अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

११. **योगागमन सार,** ल. सं. पं. ६५७३, वि. सं. ६५ 'ग', लेखक-, लेखन समय-, पत्र ५१, अपूर्ण, रिल नं. A ६०/११

उद्धरण

श्री गुरू गरोश दुर्गा वटुक भैरव ब्रह्मा विश्नु शिव लक्ष्मी सरस्वती विभूति पार्वतीलाई नमस्कार गर्दछु ... ॥

समीक्षा

यस कृतिमा तन्त्रशास्त्रमा उल्लेख भए अनुसारको योगागमनसार र त्यसको नेपाली भाषा टीका रहेको छ । यसमा पहिलो अध्याय पूर्ण र दोस्रो अध्याय अपूर्ण रहेको छ । लेखक लेखन समय उल्लेख छैन । अन्त्यका पत्रको केही भाग खाली रहेकोले प्रतिलिपि गर्दा गर्दै छोडिन गइ अपूर्ण भएको अनुभव हुन्छ ।

१२. **शिव स्वरोदय भाषा,** ल. सं. च. ३३१८, वि. सं.- , लेखक-, लेखन समय-, पत्र १३, अपूर्ण, रिल नं A ९३९/१८

उद्धरण

कोहियक समय विषे श्री पार्वति अंजलि वाधि विंति गर्दिभयिन् ॥ हे देवका देव सम्भु ॥ सम्पूर्ण सिद्धि गर्न्या ज्ञान मलाई आज्ञा गर्नु हवस् ... ॥

समीक्षा

शिब र पार्वतीको सम्वादका रूपमा रहेको योग दर्शन विषयको यस पुस्तकमा पृथ्वी. जल. तेज वायु आदि तत्त्वका उत्पत्तिको बयान गरिएको छ । सामान्य अवस्थाको यो पुस्तक आदि अन्त्य अपूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन ।

१३. **हठ रत्नावली,** ल. सं. ष. ४१३, वि. सं. ९, लेखक: श्री चक्रमान, लेखन समय: विक्रम सम्वत् १९१९, पत्र ५३, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

श्री मायाले रहित होइयाका महा महादेव आदि नाथ कन॥ कोहि श्री निवास नाम भयाको ॥ उनै महादेवका भक्तले प्रथम नमस्कार गरि ..... ॥

समीक्षा

यस ग्रन्थमा हठ योगावलीका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । सामान्य अवस्थाको र आदि अन्त्यपूर्ण भएको यस कृतिको अन्त्यमा "**इति श्री निवास योगीश्वर विरचिताया हठ रत्ना वल्यां चतुर्थो पदेश भाषायां समाप्तम् ... स्वति श्री सम्वत् १९१९ साल मिति आाषाढ वदि ५ रोज १ मा श्री चक्रमानले लेख्याको हठरत्नावली भाषाको मंत्र हो कसैले लोभ नगर्नु**" भन्ने उल्लेख गरिएकाले यसको लेखक र लेखन समय स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रामायण

१. **अध्यात्म रामायण,** ल.सं.च. १५९२, वि.सं. ४, लेखक–, लेखन समयः सम्वत् १८८५, पत्र ३४७, पूर्ण, रिल नं. B २९०/६

उद्धरण

हे पार्वति तांहां पछि. श्री रामचन्द्रले हनुमानले सिता षोजन गयेर. सितापाईकन. सिताको वृतांत गऱ्याको सबै कुरा सुनि. महा हर्षमान गरि आज्ञा प्रसन्न भयो. हे मित्र शुग्रीव हनुमानले गऱ्याको कार्य. देवताहरूको पनि समर्थ छैन. अरु ई पृथ्वि मंडलका मनुष्यले त मनले चितावन पनि सक्न्या छैनन्. ॥

समीक्षा

यस कृतिमा अध्यात्म रामायण युद्धकाण्डका ९० अध्याय रहेका छन् । अध्यात्म रामायणको मूल कथालाई नेपाली गद्य भाषामा उतारिएको यस कृतिमा शिवजी वक्ता र पार्वती श्रोता रहेका छन् । मूल रामायणकै अनुसार बीच-वीचमा प्रसङ्ग छुट्ट्याउनका लागि अध्यायमा विभाजन गरिएको छ । यस कृतिको प्रारम्भ चाहिँ हनुमानले सीता खोजी गरेर आएको खुशीयालीको प्रसङ्गबाट भएको छ भने अन्त्य पनि रामले लंका विजय गरी फर्केर अयोध्यामा राज्याभिषेक गरेको प्रसङ्गबाट भएको छ । जम्मा ३४७ पत्र रहेको यस बृहत् कृतिमा अनुवादकको नाम दिइएको छैन भने अन्त्यमा **"श्री शाके १७५० स्वस्ति श्री सम्वत् १८८५ साल भाद्र शुक्ल ७ भृगुवासरे ॥ श्री पशुपति क्षेत्रे ॥ वागमत्या संन्निधाने, ॥ काष्टमंडप ग्रामे लिखितमिदं पुस्तकम्"** भन्ने उल्लेख गरिएकोले लेखन समय र स्थान स्पष्ट हुन्छ । पुस्तक आदि अन्त्य पूर्ण साधारण अवस्थाको छ ।

२. **अध्यात्म रामायण,** ल.सं.च. ९६२, वि.सं. १६, लेखक–, लेखन समयः सम्वत् १९५८, पत्र ३२६, पूर्ण, रिल नं. B २९३/७ B २९४/१-३

उद्धरण

सत्य लोकमा व्रह्माजीले वडो सभा वनाई सृष्टि गर्ना निमित्त. परव्रह्म श्री रामचन्द्रजीको ध्यान गरी बसेका वेलामा ॥ आर्काको उपकार्गर्नाको इच्छा भयाका योगी भयेका नारदजी जो छन् सम्पूर्ण लोक हेर्दै हेर्दै सत्यलोकमा जादा भये ॥

समीक्षा

यस अध्यात्म रामायणमा बालकाण्डका सप्तम सर्ग, अयोध्या काण्डका नवम सर्ग, अरण्यकाण्डका दशम सर्ग, किस्किन्ध्या काण्डका नवम सर्ग, सुन्दरकाण्डका पञ्चम सर्ग, युद्धकाण्डका शोडष सर्ग, उत्तर काण्डका नवम सर्गको नेपाली भाषा टीका रहेको छ । नारद र ब्रह्माको सम्बादबाट कृति प्रारम्भ भएको छ भने अन्त्य चाहिँ अध्यात्म रामायणको महात्म्यबाट गरिएको छ । लेखक वा प्रतिलिपिकारको नाम उल्लेख छैन भने लेखन समयका सन्दर्भमा **"रत्नवाण ग्रह भूमि संमिते आश्विने ९ सितदले सोमवासरे कान्तिपूर नगरे सदावसन् लेखि पुस्तक मिदं हरितुष्टये"** भन्ने लेखिएकोले कान्तिपुर निवासी कुनै ब्राह्मणले भगवान् हरिलाई प्रसन्न पार्नका निमित्त सम्वत् १९५९ मा लेखेको भन्ने स्पष्ट हुन्छ । अत्यन्त मनमोहक राम्रो पुस्तक आदि अन्त्य पूर्ण छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३. **अध्यात्म रामायण,** ल.सं.च. १०६३, वि.सं. २५, लेखक–, लेखन समय–, पत्र २६१, पूर्ण, रिल नं. B २१२/३

उद्धरण

अध्यात्म रामायरा वाल कारडको भाषा लेषिन्छ ॥ ग्रन्थको आरम्भ गर्दामा निर्विघ्न पूर्वक ग्रन्थ समाप्ति हवस् भन्ना निमित्त ब्यास आदि गरियाका मुनिहरूले ग्रन्थारम्भमा मंगला चररा गर्नू भन्या आज्ञा हुनाले श्री पद्म पुरारामा कहियाको अध्यात्म रामायरा महात्म्यको आदिमा कहियाको मंगलाचररा. ॥

समीक्षा

यस अध्यात्म रामायणमा वालकाण्डका आठ, अयोध्या काण्डका नौ, अरण्यकाण्डका दश, किस्किन्ध्या काण्डका नौ, सुन्दरकाण्डका पाँच, युद्धकाण्डका सोह्र, उत्तर काण्डका नौ सर्गको नेपाली भाषा टीका रहेको छ । नारद र ब्रह्माजीको सम्वादका रुपमा रहेको यो कृति आदि अन्त्य पूर्ण राम्रो छ । लेखक वा प्रतिलिपिकार र लेखन समय उल्लेख छैन । प्रमुख विषयलाई विभिन्न सर्गमा छुट्याइएको छ एवं भाषा टीकामा श्लोक संख्या पनि दिइएको छ ।

४. **अध्यात्म रामायण,** ल.सं.तृ. ७३४, वि.सं. ६, लेखक–, लेखन समय–, पत्र ९, अपूर्ण, रिल नं. A ३५७/१

उद्धरण

हे पार्वति सुन ताहाँ पछि. रावरा पनि आफ्ना राजगृहमा बसी मनममा सोंचना गर्दो भयो. अव कसो गरु. मेरो रक्षा को गर्ला. मेरा मंत्रि ५५ कोटि थिया ति पनि सब नास भया. मेरा भ्राता पुत्र जो थिया सो पनि सव नास भया.

समीक्षा

यस अध्यात्म रामायणलाई आफ्ना सबै सेना वान्धवको मृत्यु भै सकेपछि रावणले प्रकट गरेको वेदनाबाट थालनी गरिएको छ । कृति आदि अन्त्य अपूर्ण छ, यसमा केवल ९ वटा प्रकीर्ण पत्र रहेका छन् । अन्तिमको नवौं पृष्ठमा मयरावणको वधको प्रसङ्ग र महात्म्य दिइएको छ । लेखक लेखन समय उल्लेख छैन भने लेखाइ पनि निकै त्रुटिपूर्ण देखिन्छ । यी अध्यात्म रामायण युद्धकाण्डका प्रकीर्ण पत्रहरू देखिन्छन् ।

५. **अध्यात्म रामायण (बालकाण्ड),** ल.सं.च. ६७२, वि.सं. २९, लेखक–, लेखन समय–, पत्र २९, अपूर्ण, रिल नं. A १०५०/२

उद्धरण

सत्य लोकमा ब्रह्माले वडो साभा लाई सृष्टि गर्ना निमित्त परं ब्रह्मा रामचन्द्रको ध्यान गरि वस्याका वेलामा तस सभामा नारद मुनि पुगी ब्रह्माका चररामा दंरडवत् गरेर ॥ अनेक परम तत्त्व नानाकथा नानाज्ञान ब्रह्माले नारदकन सुनाया र फेरि नारद ब्रह्मा छेउ विंति गर्दा भया: ॥

समीक्षा

यस कृतिमा अध्यात्म रामायण बालकाण्डको नेपाली गद्य भाषा टीका रहेको छ । यसको प्रारम्भ नारद ब्रह्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लोकमा गइ व्रह्माजीसँग प्रश्न गरेको र व्रह्माजीले नारदलाई उत्तर दिएको प्रसङ्गवाट भएको छ भने अन्त्य चाहिँ परशुरामले रामचन्द्रको स्तुति गरी तपस्याका लागि वनमा गएको प्रसङ्गवाट भएको छ । कृति अन्त्यमा अपूर्ण छ । जम्मा २९ पत्र रहेको यस कृतिको २९ औं पत्रको अन्त्यमा **"जांछु भनि"** भन्ने अंश पछि वाक्य समेत टुङ्गिएको छैन । लेखक लेखन समय उल्लेख छैन ।

६. **अध्यात्म रामायण,** ल.सं.तृ. ७३४, वि.सं. ११, लेखक: पदमशर्मा, लेखन समय: सम्वत् १८९६, पत्र २५३, लंकाकाण्ड मात्र पूर्ण, रिल नं. A ३५७/१

उद्धरण

हे पार्वती आहापछि श्री रामचन्द्रले हनुमान्ले सीता षोजन गया र सिता पाइकन सिताको सवै वृतांत हनुमानले गऱ्याको कुरा सुनी माहा हर्षमान भै श्री रामले आज्ञा गर्दा भया. हे मित्र सुग्रीव हनुमान्ले गऱ्याका जस्तो ठुलो सामर्थको कार्य देवताहरूले पनि गर्नाको सामर्थ्य हुन्या छैन ॥

समीक्षा

यस कृतिमा अध्यात्म रामायण युद्धकाण्डका ९० अध्याय रहेका छन् । यो कृति ल.सं.च. १५९२ को प्रतिलिपि देखिन्छ । यसमा पनि अध्यात्म रामायणको मूल कथालाई नेपाली भाषामा उतारिएको छ । शिवजी वक्ता र पार्वती श्रोता रहेका छन् । यसमा पनि प्रसङ्ग अनुसार अध्याय विभाजन गरिएको छ । यसको प्रारम्भ हनुमानले सीताजीको खोजी गरेर आएको खुशीयालीको प्रसङ्गवाट भएको छ भने अन्त्यमा रामका राज्याभिषेकको वयान गरिएको छ । अन्त्यमा **"स्वस्ति श्री शाके १७६१ श्री विक्रमादि सम्वत् १८९६ मासे ४ पक्षे २ तिथौ ६ योगे ० नक्षेत्रे १७ वारे ७ तद्दिने लीषीतं. मया" "पुस्तक मिदम् पदमसर्माणां"** भन्ने उल्लेख गरिएकाले यसको प्रतिलिपि गर्ने व्यक्ति पदम शर्मा हुन् अथवा पुस्तकका मालिक उनी भएका र प्रतिलिपि गर्ने व्यक्ति अर्कै हुन् भन्ने शंका गर्न सकिन्छ । १८८५ को अध्यात्म रामायणसँग विषयवस्तु मिलेको हुनाले ११ वर्ष पछि सोही कृतिवाट यो प्रतिलिपि गरिएको हो कि भन्ने अनुमान गरिएको हो । सामान्य अवस्थाको यस पुस्तकमा लंकाकाण्ड आदि अन्त्य पूर्ण छ ।

७. **भानुभक्तीय रामायण,** ल.सं.च. १००५, वि.सं. ३८, लेखक–, लेखन समय–, पत्र १७५, अपूर्ण, रिल नं. B २९५/७

उद्धरण

एक् दिन् नारद सत्य लोक् पुगिगया लोक्को गरूं हीत् भनी ।
व्रह्मा तांहि थिया पऱ्या चररामा. षुसी वनाया पनी ॥
क्या सोधछौ. तिमी सोध भंछु म भनी मर्जी भयोथ्यो जसै.
व्रह्माको करूरा बुझेर ऋषिले. विंती गऱ्या यो तसै ॥१॥

समीक्षा

यस भानुभक्तीय रामायणमा बालकाण्डदेखि उत्तरकाण्डसम्म रहेको छ तापनि वीच-वीचका पत्रहरू कीराले काटेको भएकाले कृति अपूर्ण रहेको छ । विशेष गरी अयोध्याकाण्डका पत्रहरू निकै काटिएका छन् । यो भानुभक्तले लेखेका रामायणको प्रतिलिपि देखिन्छ । अन्त्यमा **"भानुभक्तीय रामायण प्रतिलिपि मिति १९३९ साल"** भन्ने लेखिएकोले यसको प्रतिलिपि मिति स्पष्ट हुन्छ भने प्रतिलिपिकारको नाम भने दिइएको छैन । हरेक काण्डमा श्लोक संख्या दिइएको छ तर काण्ड विभाजन गरिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

८. भानुभक्तीय रामायण, ल.सं.च. ३१०, वि.सं. ३७, लेखक: भानुभक्त आचार्य, लेखन समय–, पत्र १८२, अपूर्ण, रिल नं. B २९६/९

उद्धरण

एक् दीन्नारद सत्य लोक् पुगिगया लोक्को गरूं हीत् भनी ।
व्रह्मा ताहिं थिया पऱ्या चरणमा. षूसी वनाया पनी ॥
क्या सोधछौ तिमि सोध भन्छु म भनि मर्जी भयोथ्यो जसैं.
व्रह्माको करूणा बुझेर ऋषिले. विन्ति गऱ्या यो तसैं. ॥१॥

समीक्षा

यस भानुभक्तीय रामायणमा बालकाण्डका १३८, अयोध्याकाण्डका १२१, अरण्यकाण्डका १२१, किस्किन्ध्या काण्डका १४३, सुन्दरकाण्डका १५१, युद्धकाण्डका ३७७ श्लोकहरू रहेका छन् । उत्तरकाण्डलाई सर्गमा छुट्याइएको छ भने दोस्रो सर्गको ४२ औ श्लोक पछिको अंश छैन । कृति अपूर्ण देखिन्छ । यो भानुभक्तीय रामायण भानुभक्त आचार्यकै निजी हस्ताक्षरमा लेखिएको हो भन्ने उल्लेख पछि थपेका अक्षरमा गातामा गरिएको छ । यो निर्क्योल लिपि विज्ञान विशेषज्ञ पद्मराज काफ्ले र अन्य विभिन्न विद्वानहरूको संयुक्त निष्कर्षबाट गरिएको हो । सामान्य रूपमा हेर्दा यसमा बालकाण्डदेखि सुन्दर काण्डसम्मका र उत्तरकाण्डका हस्ताक्षर र युद्धकाण्डका हस्ताक्षर भिन्न देखिन्छन् । यसरी यस रामायणमा युद्धकाण्ड वाहेकका अक्षर भानुभक्त आचार्यका भएका र युद्धकाण्ड पछि थप गरिएको हो कि भन्ने शंका गर्न सकिन्छ । किनभने युद्धकाण्डका अक्षर केही नवीन पनि देखिन्छन् । अझ भन्ने हो भने बालदेखि सुन्दर काण्डसम्ममा सर्ग नछुट्याइनु र उत्तरकाण्डमा सर्ग छुट्याइएकोले उत्तरकाण्ड पनि भानुभक्तले नै लेखेको हो भन्ने कुरामा शंका गर्न सकिन्छ । यसरी केवल बालदेखि सुन्दरकाण्डसम्म मात्र भानुभक्त आचार्यको हस्ताक्षरमा लेखिएको मानिने यस कृतिको केही अंश तल दिइन्छ:



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

९. **भानुभक्तीय रामायण (युद्धकाण्ड),** ल.सं.च. १०६४, वि.सं. ३५, लेखक–, लेखन समय– , पत्र ५३, युद्धकाण्ड पूर्ण, रिल नं. B २९६/११

उद्धरण

लंकापुरी सकल षाग् गरि सैन्य मारि फेरि समुद्र सहजै तरि आइवारि ॥
सीताको जव सवै समचार्वताया श्रीरामले ति हनुमान् कन षुप् सहाया ॥१॥

समीक्षा

यस रामायणमा युद्धकाण्डका ३७६ श्लोक रहेका छन् । युद्धकाण्ड आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । प्रारम्भदेखि जम्मा ५३ पत्र रहेका छन् । पुस्तक राम्रो अवस्थामा रहेको छ । मूल लगतमा यसलाई भानुभक्तीय रामायण भनिएकोले भानुभक्त कै रामायणबाट यसको प्रतिलिपि गरिएको हुन सक्ने देखिन्छ ।

१०. **भानुभक्तीय रामायण,** ल.सं.च. ३१०, वि.सं. ३६, लेखक–, लेखन समय–, पत्र ३१, अपूर्ण, रिल नं. B २९६/९ B ३६१/३

उद्धरण

एक् दिन् नारद सत्य लोक् पुगिगया लोक्को गरूं हीत् भनी ।
व्रह्मा तांही थिया पऱ्या चरणमा. खूसी गराया पनी ॥
क्या सोधछौ. तिमि सोध भंछु म भनि मर्जी भयोथ्यो जसै.
व्रह्माको करूणा बुझेर ऋषिले. विन्ती गऱ्या यो तसै. ॥१॥

समीक्षा

यस रामायणमा बालकाण्डका १३९, श्लोक, अयोध्या काण्डका १२३, एवं अरण्यकाण्डका जम्मा ८ श्लोक रहेका छन् । भानुभक्त आचार्यको रामायणबाट प्रतिलिपि गरिएको देखिने यो कृति अपूर्ण छ । बाल र.अयोध्याकाण्ड पूर्ण छन् भने त्यस पछिका अंशको प्रतिलिपि गरिएको छैन । काण्डको अन्त्यमा **"इति श्री नेपालीयकवि भानुभक्त रचित रामायण....काण्ड समाप्त"** भन्ने लेखिएको छ । प्रतिलिपिकार र प्रतिलिपि गरिएको समय उल्लेख छैन । सिएर कापी जस्तो बनाइएको यो किताव अत्यन्त राम्रो छ । पछाडिका २ पत्र खाली छन् भने लेखिएका पत्र संख्या ३१ रहेको छ ।

११. **भानुभक्तीय रामायण,** ल.सं.च. ७८३, वि.सं. १ (परिशिष्ट), लेखक: भानुभक्त आचार्य, लेखन समय–, पत्र १७६, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

पापीको जववल् बढ्या मुलुकमा साधु हराया ताहा.
गो रूप् धारि रूदै चलिन् भुवि ताहा व्रह्मा वस्याका जहा ॥
पापीको वझ्न भारि भो मकनता रक्षा गरिप्को हवस्.
.....जाति सरन् पऱ्या चरणमा पापीष्टको नास् हवस् ॥१॥

समीक्षा

मूल लगतमा भानुभक्तीय रामायण भनिएको र शाखा रजिष्टरमा परिशिष्ट अन्तर्गत राखिएको यो पुस्तक आदि अन्त्य पूर्णछ । पत्र १९, २० र २१ चाहिँ अलि जीर्ण भएका छन् । यसमा बालकाण्डका ४१, अयोध्याकाण्डका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

११९, सुन्दरकाण्डका १५१, किस्किन्ध्याकाण्डका १४१, अरण्यकाण्डका १२१, युद्धकाण्डका ३७७ र उत्तरकाण्डका २२३ भाषा श्लोक रहेका छन्। यसमा अयोध्या काण्डपछि सुन्दरकाण्ड र त्यसपछि मात्र किस्किन्ध्या र अरण्यकाण्ड दिइएको छ। अन्त्यमा "**रामायरण् छ अगम् इ संस्कृतमहाँ. पुग्दैन सव्का गति. भाषा श्लोक बनाइ दिन्छु र पढुन्. लागोस् हरिमा मति . ॥ एस् सुर्गरि भानुभक्त कविले. भाषा बनाई दियाँ. थर्आचार्य्य छ घर्त हो तनहुमा साहै्र दयालु थिया ॥ शुभम् श्रीरामायरण सात कारडको भाषा श्लोक समाप्त भयो**" भन्ने उल्लेख गरिएको छ। यसरी यस रामायणका लेखक भानुभक्त आचार्य नै हुन् भन्ने देखिन्छ भने हस्ताक्षर चाहिँ उनकै हुन् वा पछि कसैवाट प्रतिलिपि गरिएको हो भन्ने विषय भने अनुसन्धेय छ। मूल लगतबाट छुट्न गयी परिशिष्टमा पर्न गएकोले यसको माइक्रोफिल्म भएको छैन।

१२. **भाषा रामायण,** ल.सं.प्र. १६९६/१२४३, वि.सं. ३९, लेखक–, लेखन समय– पत्र ठ्यासफू, अपूर्ण, रिल नं. A १०५०/५

उद्धरण

रामले दिया पान कि विरा लक्षो मुन्ले दिया वाँ हाँ ॥
कुदि हनवान जानै लाग्या पुगिगया लंका माहाँ ॥
पानि घाट जाइ हनवान वैठ्या औठि पुऱ्याया हात ॥
रामकि औठि सिताले पाइन्मनमाहा भयो बोध ॥
पानिको निहुगरि पध्यारा आइन्अ गुठि राषि गोझा ॥

समीक्षा

यस भाषा रामायणमा हनुमानले सीताजीलाई औंठी दिएको प्रसङ्गदेखि लिएर राम अयोध्यामा फर्केर सरयु नदीका तिरकी जालपा देवीको पूजा गर्न गएको प्रसङ्ग रहेको छ। रामायणको कथालाई निकै संक्षेप गरेर लेखिएको छ यसमा। आदिको १ पत्र कीराले काटेर आधा मात्र बाँकी छ भने ठ्यासफूको अर्कोतिर खाली छ। भाषिक दृष्टिले हेर्दा यो लेखाइ निकै प्राचीन जस्तो देखिन्छ तापनि लेखक र लेखन समय उल्लेख छैन। पुस्तक अत्यन्त जीर्ण अवस्थाको रहेको छ।

१३. **भाषा रामायण,** ल.सं.प. ३३६३, वि.सं. ४३, लेखक–, लेखन समय–, पत्र ठ्यासफू, अपूर्ण, रिल नं. A १३९१/२१

उद्धरण

भीमसेनको नाम लिया पाप सव नास होला। अर्जुनको नाम लिया सत्रुको नास होला। नकुलका सहदेवका नाम लिया निरोगि होला ॥

समीक्षा

ध्वाँसो र मैलो लागेर एवं अत्यन्त जीर्ण भएर पढ्न निकै कठिन भएका यी पत्रहरूलाई रामायण अन्तर्गत राखिएको भए तापनि महाभारतको नेपाली भाषा जस्ता देखिन्छन्। कही संस्कृत श्लोक र कही नेपाली टीका रहेको यो कृति आदि अन्त्य अपूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

१४. **रामायण,** ल.सं.प. ३३८७, वि.सं. २०, लेखक–, लेखन समय–, पत्र २८, अपूर्ण, रिल नं. A १३९१/११

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

रामको नाम फगत् लीन्याकन पनि सव् दुष् ताप् टर्दछन् ॥
आफैं श्री रघुनाथलाई पनि क्या सन्ताप् कतै पर्दछन् ॥
सत्चीत् रूप परिपुर्न अघीती यक आत्मा स्वरूपी बनी ॥
गर्छन् मानुष भै लीला पनी अनेक् सुषी र दुषी बनी ॥२१॥

समीक्षा

यस भाषा रामायणमा हनुमानले सीताको खवर ल्याएको प्रसङ्गदेखि विभीषण रामको शरणमा आएको प्रसङ्गसम्मको भाषा कथा रहेको छ। यो आदि अन्त्य अपूर्ण छ। आदिमा २२ औं श्लोकभन्दा अगाडिको अंश छैन भने अन्त्यका पनि निकै पत्र च्यातिएका छन्। लेखक लेखन समय उल्लेख छैन।

१५. **रामायण (किस्किन्ध्या काण्ड),** ल.सं.ष. ३४७९, वि.सं. १८, लेखक–, लेखन समय–, पत्र ५, आदि अन्त्य अपूर्ण, रिल नं. A १३९५/१८

उद्धरण

हे भ्राता रामचन्द्र हजुर जस्ता पुरूषले येस्तो सोक गर्नु जोग्ये छैन . हे भ्राता तपाई कस्ता हौ भन्या साक्षात् नारायणका अवतार भयाका. तपाईका मायाले गरि संसार कन. मोह गराई दुनियामा माया लुब्ध भयाका छन् . फेरि तेस्ता अज्ञानिहरूकन पनि ज्ञान दि उद्धार गर्नु हुंछ.

समीक्षा

यसमा रामायण किस्किन्ध्या काण्डका जम्मा ५ पत्र छन् ।कृति आदि अन्त्य अपूर्ण छ। लेखक लेखन समय उल्लेख छैन। यसको थालनी रामको विलापबाट भएको छ भने अन्त्य चाहिँ सुग्रीवसँग भेट भएको प्रसङ्गबाट भएको छ।

१६. **रामायण,** ल.सं.ष. ४४३४, वि.सं. ५०, लेखक–, लेखन समय–, पत्र २९, अपूर्ण, रिल नं. A १३९९/११

उद्धरण

फिर्न्या मन् सुवली बीदा हुन सीताजी थ्यै हनुमान् गया।
वीदा षूसि भयेर वक्सनु हवस् जांछु म भंदा भया ॥
आउछन् रघुनाथ, अवश्य भनी यो वींती. गऱ्याथ्या जसै।
साह्रै शोक् मनमा धरीकन सीता क्यै भन्न लागिन् तसै ॥

समीक्षा

यसमा रामायण सुन्दरकाण्ड, अयोध्याकाण्ड, किस्किन्ध्याकाण्ड, अरण्यकाण्ड आदिका फुटकर पत्रहरू रहेका छन्। नेपाली पद्य भाषामा लेखिएका हुनाले भानुभक्तीय रामायणबाट प्रतिलिपि गरिएका जस्ता देखिन्छन्। लेखक वा प्रतिलिपिकारको नाम छैन भने अयोध्याकाण्डको अन्त्यमा **"समवत् १९२१ साल मार्गवदी १ रो ५ शुभम्"** भन्ने उल्लेख गरिएकोले यसको लेखन समय स्पष्ट हुन्छ भने कृति आदि अन्त्य अपूर्ण छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१७. रामायण, ल.सं.प. २५९८, वि.सं. २६, लेखक–, लेखन समय–, पत्र ८, अपूर्ण, रिल नं. A १३०५/६

उद्धरण

अज्ञान्को मति यो नलेउ तिमिले रुठो जगत् हो भनि ।
जानी श्री रघुनाथका चरणमा षुप् ध्यान् लगाउनी.
प्रारभ्धैं वलवान् वुझेर त भयो राज्यादि गर्दै रहुं ।
जो पर्छ परि आउन्या सभ कुरा निका ननीका सहुं ॥७३॥

समीक्षा

यस रामायणमा उत्तरकाण्डमा लक्ष्मणले विभीषणलाई अर्ति दिएको प्रसङ्गदेखि लिएर राम फर्केर अयोध्या आउँदा भव्य स्वागत गरिएको प्रसङ्गसम्म उल्लेख छ । यसमा शार्दूलविक्रीडित छन्दका भाषा श्लोक अत्यन्त हृदयस्पर्शी छन् । पुस्तक आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

१८. रामायण (किस्किन्ध्या काण्ड), ल.सं.प. ३३९१, वि.सं. २१, लेखक–, लेखन समय–, पत्र ९, अपूर्ण, रिल नं. A १३९२/३

उद्धरण

ठूलो विर्मय पुत्र राक्षस भयो मायाविनाम् थियो.
वालीसीत लडाई गर्न भनि त्यो आयो र हाक् षुप् दियो
वालीले पनि दौडि गैकन ताहां हान्यो मुठिले जसै
वाधा पाई दराड भागी उ गयो लाग्यो पछाडी तसै ॥१४॥

समीक्षा

यस पुस्तकमा किस्किन्ध्याकाण्ड रामायणका भाषा श्लोक रहेका छन् । प्रारम्भ बाली र मय दानवको युद्ध वयानबाट भएको छ भने अन्त्य चाहिँ पूर्ण भए तापनि अन्तिम पत्र १ को आधा भाग च्यातिएको छ । आदिमा १३ औं श्लोकबाट मात्र आरम्भ भएको र अन्तिमपत्र पनि च्यातिएकोले कृति आदि अन्त्य अपूर्ण देखिन्छ । लेखक र लेखन समय उल्लेख छैन । भएको अंश पनि ध्वाँसो लागेको कालो र अत्यन्त जीर्ण रहेको छ ।

१९. रामायण (किस्किन्ध्या काण्ड), ल.सं.ष. ४४५२, वि.सं. ३१, लेखक–, लेखन समय–, पत्र ६, अपूर्ण, रिल नं. A १३९९/४६

उद्धरण

जस्तै मुक्त भयी गयिन् ति सवरी सव् वात्सुनी राम् पनि
जांछु आज मरिष्य मूक गिरिमा सुग्रीव भेट्छु भनी ॥
जान्थ्याकोस् भरिको तलाउ मिलिगो पंपा भन्याको पनि
चिन्ह्या श्री रघुनाथले सवरीले यैहो भन्याको भनी ॥१॥

समीक्षा

यस रामायणमा रामायण किस्किन्ध्या काण्डका प्रारम्भदेखि ६५ औं श्लोक सम्मका भाषा श्लोक रहेका छन् । भाषा श्लोक अत्यन्त स्तरीय शुद्ध र मनमोहक छन् । जम्मा ३ पत्र रहेको यो कृति अन्त्यमा अपूर्ण छ । लेखन समय र लेखकको नाम उल्लेख छैन । भएका पत्रहरू राम्रा छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२०. **रामाश्वमेध,** ल.सं.तृ. १५९, वि.सं. ४७, लेखक–, लेखन समय–, पत्र ४१३, पूर्ण, रिल नं. B २१२/४

उद्धरण

व्यास देव जो थिया आज्ञा गर्न लागदा भया ॥ ताहा उप्रांत मुनिविषे श्रेष्ठ भयाका वात्स्यायन नामा मुनि जो छन् बढिया निर्मल भयाका एस्कथाकन. पृथिवीकन धार्न्या नाग हेरूका राजा भयाका शेष नामा नागकन सोद्धा भया ॥

समीक्षा

मुनि वात्स्यायन र शेषनागको सम्वादका रूपमा आएको यस कृतिमा रामले अश्वमेध यज्ञ गरेका कथाको बयान गरिएको छ । त्यसैले कृतिको नाम पनि रामाश्वमेध राखिएको देखिन्छ । यसमा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । यसको मूल अंश पद्म पुराणको पाताल खण्डबाट लिइएको हो । यसमा विशेष गरि रामायण र अन्य पुराणसँग मिल्दा जुल्दा कथा प्रसङ्गहरू दिइएका छन् । रामको जन्मदेखि अश्वमेध यज्ञ गरेसम्मको प्रसङ्गलाई रामायण भन्दा भिन्न संक्षेपीकृत शैलीमा दिइएको छ । यसमा जम्मा ६८ अध्याय र त्यसको नेपाली भाषा टीका रहेको छ । ४१३ पृष्ठको बृहत् र अत्यन्त राम्रो अवस्थामा रहेको यो कृति आदि अन्त्य पूर्ण भए तापनि टीकाकार वा लेखक र लेखन समय उल्लेख गरिएको छैन ।

२१. **रामायण,** ल.सं.च. ३३१२, वि.सं. ४१ 'ख', पत्र ५४, लेखक–, लेखन समय–, अपूर्ण, रिल नं. A १०५०/६

उद्धरण

उन्ले पनि आधा उन्ले पनी आधा सुमित्रालाई दीदा भया रानी तीनोटीले त्यो षीर षाया गर्भ रह्यो तीनैलाई: ॥२९॥

चैत्र शुक्ल पछे नवमी तीथी रामचन्द्र पैदा भया: देषी कौसल्याले ....जलाई श्तोत्र गरिन् हरिज्यूको: ॥३०॥

समीक्षा

यस कृतिमा दशरथका तीन रानीहरूले खिर खाएको प्रसङ्गदेखि लिएर भरत मिलाप सम्मको प्रसङ्ग रहेको छ । पुस्तक आदि अन्त्य अपूर्ण छ भने लेखक र लेखन समय उल्लेख छैन ।

२२. **वाल्मीकि रामायण (महात्म्य),** ल.सं.च. ३३३३, वि.सं. ११९, अनुवादक: कृष्णप्रसाद घिमिरे, अनुवाद समय: २०३०, पत्र ९४, पूर्ण, रिल नं. A १०७१/३

उद्धरण

हुन् श्री राम सँधै दिने शरण, यी प्राणीहरूमा सव
होला के गति रामले विन भए ? आधार त्यै हो जव ।
नासिन्छन् सब पाप ताप कलिका श्रीराम बाटै भने
गर्ने आश्रय ओह ! फेरि कसको ?, छन् राम नै ढोगिने ॥

समीक्षा

यो वाल्मीकि रामायणको पद्यमय नेपाली अनुवाद श्री कृष्णप्रसाद घिमिरेले २०३० सालमा गरेको र नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजकीय प्रज्ञा प्रतिष्ठानबाट २०३१ सालमा प्रकाशित समेत भै सकेको देखिन्छ। मूल लगतमा **"अनुवादकद्वारा २०३० साल आषाढमा समर्पण गरेको"** भन्ने उल्लेख गरिएकोले लेखकद्वारा यो मूल पाण्डुलिपिलाई सुरक्षित राख्नका लागि रा.अ.लाई हस्तान्तरण गरेको देखिन्छ। मधिसे कागजमा लेखिएको यो कृतिलाई गातावन्दी गरी संरक्षण गरिएको छ। लेखकबाट प्राप्त भएका महात्म्यदेखि उत्तरकाण्डसम्मका हरेक खण्डलाई अलग-अलग गातावन्दी गरी अलग-अलग लगत नम्बर दिइ राखिएको छ। महात्म्यदेखि उत्तरकाण्ड सम्मका आठै भागको लगत संख्या च. ३३३३ देखि क्रमश: ३३४० सम्म रहेको छ। सबै पाण्डुलिपि आदि अन्त्य पूर्ण रहेका छन्। प्रकाशित समेत भै जनसमक्ष आइसकेकोले विषयवस्तुका दृष्टिले यो त्यति महत्त्वपूर्ण नहोला तापनि महान् लेखक वा कलाकारहरूको कलाकृतिलाई वहाँहरूकै हस्ताक्षरको पाण्डुलिपि सुरक्षित राख्ने दृष्टिले भने अत्यन्त महत्त्वपूर्ण देखिन्छ। यो मात्र होइन अन्न्य कवि कलाकारका सिर्जनाको पाण्डुलिपि पनि राष्ट्रिय अभिलेखालयमा संरक्षण गर्दै लाने दिशातर्फ सम्बन्धित महानुभावहरू र राष्ट्रिय अभिलेखालय दुवै पक्ष चनाखो हुनु राम्रो हुने संकेत यसले गर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वेदान्त

१. **अद्भुत गीता,** ल.सं.ष. ३१४७, वि.सं. ६७ ,लेखक· अमर गिरी, लेखन समय-, पत्र २७, अपूर्ण, रिल नं. A १३८५/४०

उद्धरण

लिंगशरको प्रपंच भयाका मुनिहरूले कह्याको मंत्र पनि न त मानमा छैन कस्तो छ. तव भनौला त निर्लज्ज भयाका मन तमदेषि भिन्न क्यन हुन षोज्दछस् तर मतानिर्भेदको भेद पनि न तमा छन् ... .॥

समीक्षा

यस कृतिमा अद्भुत गीताका मूल संस्कृत श्लोक र त्यसको भाषा टीका रहेको छ। प्रारंम्भदेखि २४ औं सम्मका पत्रहरू छेउमा कीराले काटेको अवस्थामा रहेकोले कृति अपूर्ण र अत्यन्त जीर्ण अवस्थाको छ। अन्त्यमा **"इति श्री अमर गीरी अवधूत विर चित "अद्भुत गीता भाषा अष्टमोध्याय"** भन्ने उल्लेख गरिएकोले अन्त्यमा चाहिँ पूर्ण देखिन्छ। यसबाट लेखकको नाम स्पष्ट हुन्छ भने लेखन समय स्पष्ट हुँदैन।

२. **अपरोक्षा नुभूति,** ल.सं.तृ. ७३५, वि.सं. ३१ 'ख', लेखक: पद्म दास भक्त, लेखन समय: सं. १९६१, पत्र २२, पूर्ण, रिल नं. A ९५/२९

उद्धरण

श्री हरि कस्ता भन्या लक्ष्मीले युक्त भयाका. परमानन्द रुप अध्यात्मीकादि तापत्रयले मुक्त भयाका. ईश्वर व्रह्मादि पिपीलिकादि गरी. सवै लोकमा व्याप्त भै रह्याका कारण रुपी. तिहरिकन मेरो नमस्कार छ ॥

समीक्षा

यस कृतिमा "अपरोक्षानुभूति का १४४ संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका हरेको छ। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ। अन्त्यमा **"इति सम्बत् १९१६ साल मिति जेष्ठ सुदि ६ रोज २ तद्दिने लिषितं पद्मदास भक्तः शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ।

३. **अमनस्क भाषा,** ल.सं.तृ. ७३६, वि.सं. ३५, लेखक-, लेखन समय: श्री सम्वत् १९२४, पत्र ४६, अपूर्ण, रिल नं. B ६०/१९

उद्धरण

श्री सद्गुरुको सो रुप सिल.गति वेवस्था सोभाव कस्तो हुन्छ वीस्व गरि जान्नु. सद्गुरु भन्याका को हुन् भनि सिषेले सोध्यामा. श्री सद्गुरु आज्ञा गर्छन्.

समीक्षा

यस कृतिमा पूर्वीय आस्तिक दर्शनहरूको सार रहेकोछ। सोही दर्शन अनुसार वन्धन हुने कारण र मुक्तिको उपायको वयान भाषामा गरिएको छ। कृति अन्त्यमा अपूर्ण रहेको छ भने लेखकको नाम उल्लेख छैन। कृतिको अगाडिको कवर पृष्ठमा **"स्वस्ति श्री सम्बत् १९२४"** लेखिएकोले यसको लेखन.समय स्पष्ट हुन्छ। कृति सामान्य अवस्थाको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४. **अबधूत गीता,** ल.सं.तृ. ६१८, वि.सं. ४९, लेखक-, लेखन समय: श्री सम्बत् १९२४, पत्र ५९, अपूर्ण, रिल नं. A ६०/१०

उद्धरण

दत्तात्रेय अवधूत अद्वैत अखराड अपार भगवान्को गाथा अवधूत गिताको आदि न्यास पद सूक्ष्म भाषा गरि आफ्ना सत्संगि श्री भगवान्का भक्तहरूका बीचमा बसि श्री अम्बर गीरि आनन्द भै स्तुती गर्दछन् ।

समीक्षा

यस कृतिमा अबधूत गीताका प्रथमदेखि अष्टम अध्यायसम्मको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । राम्रो अवस्थाको कृति आठौं अध्यायसम्म पूर्ण देखिन्छ । लेखकको नाम र लेखन समय कृतिमा उल्लेख छैन ।

५. **अबधूत गीता,** ल.सं.च. १०७५, वि.सं. ४७, लेखक-, लेखन समय– पत्र ५२, अपूर्ण, रिल नं. A १३२९/१८

उद्धरण

दत्तात्रेय अधुत अद्वैत अखंड अपार भगवानको गाथा अबधूत गीताको आदिन्यास पद सूक्ष्म भाषा गरि आफ्ना सत्संगी श्री भगवानका भक्तहरूका वीचमा वसी श्री अंवर गीर आनंद भै स्तुती गर्छन् ।

समीक्षा

यस कृतिमा पनि "अवधूत गीता का मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । प्रारम्भदेखि सातौं. अध्यायको ३२ औं श्लोकसम्म मात्र रहेकाले कृति अन्त्यमा अपूर्ण देखिन्छ । लेखकको नाम र लेखन समय उल्लेख छैन तापनि भाषिक र लेखन शैलीका आधारमा हेर्दा यो कृति ल.सं.तृ. ६१८ को "अबधूत गीता" भन्दा प्राचीन देखिन्छ । यसवैबाट सो कृति प्रतिलिपि गरिएको हुन सक्छ भने अन्त्यका केही पत्रहरू पछि लुप्त हुन गएका हुन सक्छन् ।

६. **अष्टावक्र गीता,** ल.सं.प. ८८८, वि.सं. ६, लेखक–, लेखन समय–, वि.सं. १९९१, पत्र ९८, पूर्ण, रिल नं. ८८२/५

उद्धरण

श्री विदेह नगरका राजा जनक जो छन्सो तन्ले अष्टावक्र मुनि देषि पायाको. ब्रह्म ज्ञान वेदान्तको अर्थ भाषा प्रकट गरि जनकराजा जो छन्. अष्टावक्र मुनिका चरगामा नमस्कार गरि विन्ति गर्दाभया ॥

समीक्षा

यस कृतिमा अष्टावक्र गीता भनिए तापनि १. अपरोक्षा नुभूति, २ गोरक्ष शतक, ३ गोरक्ष शतक योगशास्त्र भाषा ४. शुकाष्टक भाषा टीका गरी जम्मा ५ वटा कृतिहरू संयुक्त रुपमा रहेका छन् । सवै कृतिमा मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । सबै आदि अन्त्य पूर्ण छन् भने लेखकको नाम उल्लेख छैन । लेखन समय वि.सं. १८९१ देखिन्छ । सवैलाई एकै ठाउँमा वाँधी गातावन्दी गरिएको यो पुस्तक सामान्य अवस्थाको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७. **अष्टावक्र गीता,** ल.सं.च. १४३, वि.सं. ५५, लेखक-, लेखन समय-, पत्र-, ठ्यासफु, अपूर्ण, रिल नं. B ६०/१५

उद्धरण

सितालाई तिमिता घरै बस भनि पैले त भन्दा भया ।

सिताका ..... छुवात सुनिकन तहा साथै सितालाई लिया ॥

समीक्षा

यसलाई अप्टावक्र गीता भनिए तापनि यसमा रामायणसँग सम्वन्धित केही श्लोक र केही वाह्रमासाका श्रृङ्गारिक श्लोकहरू रहेका छन् । गीता चाहिँ संस्कृतमा मात्र छ नेपालीमा छैन । अन्य श्लोकहरू पनि अपूर्ण छन् । कृति आदि अन्त्य अपूर्ण अत्यन्त जीर्ण अवस्थाको छ भने लेखक लेखन समय उल्लेख छैन ।

८. **आत्मबोध,** ल.सं.तृ. २०३, वि.सं. ७१, लेखक-, लेखन समय-, पत्र ६०, अपूर्ण, रिल नं. A ८४/२७

उद्धरण

तिमि कोहौ. कस्का छोरा हौ. कंहां जान्छौ तिंरो नांउं क्या हो । तिमि जो छौ सो कांहां देषि आयौ ....

समीक्षा

यस कृतिमा आत्मवोधका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषामा अर्थ रहेकोछ । प्रारम्भदेखि जम्मा ६८ श्लोक रहेको यो कृति आदि अन्त्य पूर्ण देखिन्छ भने लेखक लेखन समय उल्लेख छैन ।

९. **आत्मबोध,** ल.सं.पं. ७६४९, वि.सं. ७२, लेखक-, लेखन समय-, पत्र १६१, पूर्ण, रिल नं. B ६१/१७

उद्धरण

उत्पति प्रलय नहुन्या. कालले छिन्ने नहुन्या. सदा सांत भयाका. विद्रुप तेज स्वरुप भयाका. एस्ता पुरुस कन अहं नमामि ।

समीक्षा

यसलाई आत्मवोध मात्र भनिए तापनि यस कृतिमा जीव मुक्ति, योगवाशिष्ठ्य, रामगीता, वैराग्यम्वर भाषा आदि कृतिलाई एकैठाउँमा सिलाइएको छ । वीचको केही अंशमा हिन्दीभाषा दोहा समेत रहेको छ । लेखन समय शाके १७२३ उल्लेख गरिएको छ भने लेखकको नाम उल्लेख छैन । यो कृति निजी प्रयोजनका लागि विविध विषयलाई समावेश गरी तयार गरेको अनुभव हुन्छ ।

१०. **आत्मबोध,** ल.सं.पं. ७४८२, वि.सं. ६३ 'ख', लेखक-, लेखन समय-, पत्र ४६, पूर्ण, रिल नं. A ८९३/५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

पैल्हे सिद्धिदाता गरोश. । और शारदादेवी. । और अव्यय अर्थात्. । कैल्हे नाश नहुन्या यस्ता अविनाशि परम पुरुष भगवान्लाई प्रणां गरि ॥ आत्मबोध नाउ भयाका ग्रन्थको प्रष्ट वुझिन्या भाषा गर्दछू ॥१॥

समीक्षा

यस कृतिमा आत्मवोधका ६८ श्लोक र त्यसको नेपाली भाषामा अर्थ दिइएको छ । कृति आदि अन्त्य पूर्ण अत्यन्त राम्रो अवस्थाको छ भने लेखन समय उल्लेख छैन । मूल संस्कृतका रचयिता शंकराचार्य मानिन्छन् भने नेपाली टीकाकारको नाम उल्लेख छैन ।

११. **आत्मबोध,** ल.सं.च. २२३६, वि.सं. ८०, लेखक: केशवराज, लेखन समय-, पत्र ८, पूर्ण, रिल नं. A ८४/२५

उद्धरण

तपस्याले गरें. रागद्वेष सुख दु:खादि सहनशील भयाका.मोक्ष हुनलाइ. इच्छा गर्ने. यस्ता शान्त. सज्जन पुरुषहरुले हेर्नालाइ. योग्य भयेको. यो आत्मबोध ग्रन्थ जो छ. यो जगत्मा मुनिहरूले. रचना गर्दछन्. ॥

समीक्षा

यस कृतिमा आत्मवोधका मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । नेपाली भाषा टीका निकै संक्षिप्तरूपमा गरिएको अनुभव हुने यो कृति आदि अन्त्य पूर्ण छ । यसका भाषा टीकाकार काठमाडौं नजिकै छिल्लीकोट निवासी केशवराज देखिन्छन् भने लेखन समयका सन्दर्भमा **"सरदि राम रसाङ्क सुधां सुभिः परिमिते सित भाद्र पदे तिथौ ॥ नवमी भौम युते....................."** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय वि.सं. १९६३ भाद्र शुक्ल पक्ष नवमी निथि सोमवार देखिन्छ ।

१२. **आध्यात्मिक दर्शन श्लोक,** ल.सं.प.–, वि.सं.-, लेखक-, लेखन समय-, पत्र २६, अपूर्ण, (माइक्रोफिल्म नभएको)

उद्धरण

क्यै काल्मा नचिकेतुका सँग माहा यम्राज् बहुत् खुस् भई ।
स्वध्या ति नचिकेतुलाई वहुतै दृष्टान्त पुरा दिई ॥
आत्मा ज्ञान लीउन् भनेर उ वषत् क्यै काल साथ्मा लिई ।
भन्नु भो यमराजले अतिथिका साथ्मा वहुत् खुस् भइ ॥

समीक्षा

यस कृतिमा नेपाली पद्यमा पूर्वीय अध्यात्म दर्शनसँग सम्वन्धित जन्म, मृत्यु, वन्धन, मोक्ष आदिको वयान गरिएको छ । अध्यात्म दर्शनका ११२ श्लोक रहेका छन् भने त्यस पछि कर्म, विकर्म र अकर्मका स्वरूपको वयान गरिएको छ । कृति अन्त्यमा अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । हालसालै राष्ट्रिय अभिलेखालयमा प्राप्त हुन आएको यो कृति मूल लगतमा दर्ता पनि भै सकेको छैन भने दर्शन शाखाको दराजमा रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१३. **उपदेश भाषा,** ल.सं.तृ. ७३६, वि.सं. १२०, लेखक-, लेखन समयः वि.सं. १९१८, पत्र ६, पूर्ण, रिल नं. A ६०/२६

उद्धरण

श्री सद्‌गुरुको स्वरूपः शिलः गतिः वेवस्था सोभावः कस्तो हुंछ कस्तो गरि जांन्नुः सद्‌गुरु भन्याकाः को हुंन्ः भनिः सिष्याले सोध्यामाः श्री सत्‌गुरु आज्ञा गर्छन्ः हे चेला हो.......॥

समीक्षा

यस कृतिमा गुरुले आफ्ना शिष्यहरूलाई दिएको उपदेश नेपाली भाषामा रहेको छ । कृतिलाई प्रथम उपदेश वैराग्यम्बर, द्वितीय उपदेश वैराग्यम्बर, तृतीय उपदेश वैराग्यम्बर एवं जीव आत्माको विवेक जस्ता विषयमा विभाजन गरिएको छ । अन्त्यमा **"जवरले लेष्या संम्वत् १९१८ सालमा पान्डौ केस्वर महादेव चरने शुभमस्तु"** भन्ने उल्लेख छ । यसबाट यसको लेखन समय स्पष्ट हुनुका साथै यसका लेखक पाण्डेश्वर महादेव नजिकका निवासी रहेछन् भन्न सकिन्छ । यो कृति ती महादेवलाई समर्पण गर्नका लागि लेखिएको हुन सक्ने देखिन्छ ।

१४. **गीतासार,** ल.सं. ष. १३४१, वि.सं. ५३, लेखक-, लेखन समय-, पत्र- १३, किताव, अपूर्ण, रिल नं. E१३७८/३५

उद्धरण

पृथिवी. अग्नि. ऋग्वेद. भूव्याहृति. ब्रह्मा इ सवै आकारमा लय भयाका छन्. यो प्रारावको प्रथम अंश कहा उंछन् ॥

समीक्षा

यस कृतिमा गीतासारका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । लेखक लेखन समय उल्लेख छैन । कृतिको पहिलो पत्र नभएकोले आदिमा अपूर्ण छ । जम्मा श्लोक संख्या १०५ रहेको यस कृतिको अन्त्यमा **"इतिश्री भारते गीतासार भाषा समाप्तम्"** भन्ने उल्लेख छ ।

१५. **चतुर्वेद सार,** ल.सं.तृ. ७३४, वि.सं. २२३, लेखकः भक्त पद्म दास, लेखन समयः सम्बत् १९१५, पत्र १६, पूर्ण, रिल नं. B ६५/१२

उद्धरण

यो संसारि. संपूर्ण प्रपंचको नाशमा समर्थ भयाका. येस्ता परमात्माकन. जौन् गुरुका कृपाले गरि. सहजै मजांदछु. एस्ता वेदै चरित्र भयाका. शंकर स्वरूपि गुरुकन नमस्कार गर्छु.

समीक्षा

यस कृतिमा चार वेदका सारको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका दिइएको छ । कृतिलाई चार वेद अनुसार चारवटै खण्डमा विभाजित गरिएको छ । सामान्य अवस्थाको र आदि अन्त्य पूर्ण रहेका यस कृतिको अन्त्यमा **"इति सम्बत् १९१५ साल मिति कार्तिक शुदि ९ रोज २ तस्मिन् दिने लीषनार्थ पद्मदास भक्तः शुभमस्तु सर्वदा"** भन्ने उल्लेख भएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१६. **जीवात्मा विचार,** ल.सं.द्वि. ९२, वि.सं. २५८(क), लेखक-, लेखन समय-, पत्र ८, अपूर्ण, रिल नं. A १३७८/२१

उद्धरण

अर्थ भो गुरो. संसार्मा पऱ्याका इ प्राणि ज्यो कोहि छन्. ति कांहां देखि आइ महतारिका गर्भमा प्रवेस् भै जन्मन्छन्.....॥

समीक्षा

यस कृतिमा पनि जन्म र मृत्यु सम्बन्धी विषयको बयान छ। आत्मा के हो ? जीव के हो ? कसरी जन्मिन्छ कसरी मृत्युहुन्छ र आत्मा कहाँ लीन हुन्छ आदि विषयको बयान छ। कृति अन्त्यमा अपूर्ण छ। सामान्य अवस्थाको कृतिमा लेखक लेखन समय उल्लेख छैन।

१७. **ज्ञान तिलक,** ल.सं.ष. ६८३, वि.सं. ७, लेखक-, लेखन समय– , पत्र ४, अपूर्ण, रिल नं. A ८८२/६

उद्धरण

जस्ले गुरुलाई दण्डवत् गर्छ. तस्कारणले छ मैनामा ज्ञान सिद्धि हुंछ. जस्ले भगवांन्को स्तुति सहस्रपांठ गर्छ तसको मुख पनि पवित्र हुंछ.

समीक्षा

यस पुस्तकमा ईश्वर भक्ति, गुरुभक्ति मातापिता भक्ति गर्नु भन्ने किसिमको आध्यात्मिक उपदेश रहेको छ। जम्मा ४ पत्रको कृति आदि अन्त्य अपूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन।

१८. **ज्ञान तिलक,** ल.सं.पं. ४१६७, वि.सं. २५९(ङ), लेखक-, लेखन समय–, पत्र १२, पूर्ण, रिल नं. A ९०/८

उद्धरण

नारदले विन्ति गर्दाभया. हे प्रभु पंच भुत आदि भयाका मनुष्य छन् ति मनुष्यकन ज्ञान सरुप मुक्ति क्याकारणले हुदैन भनि विन्ति गर्दा भया ॥१॥

समीक्षा

विष्णु र नारदको सम्बादका रुपमा आएको यस कृतिमा पनि गुरु महिमा, ईश्वर महिमा, मातापिताको महिमा आदिको बयान छ। मूल संस्कृत ४५ वटा श्लोक र त्यसको नेपाली भाषा टीका रहेको यो कृति सामान्य अवस्थाको छ। आदि अन्त्य पूर्ण यस कृतिमा लेखक लेखन समय उल्लेख छैन।

१९. **ज्ञान माला,** ल.सं.च. १०३१, वि.सं. २५९(ग), लेखक-, लेखन समय–, पत्र ७०, अपूर्ण, रिल नं. A ८९७/५

उद्धरण

अव यक संदेह मेरा मनमा लागि रहेछ हे महर्षे संसारमा त वढिया घटिया दुवै कर्म छ ई दुई कर्मको भेद मेरा उंपर कृपाराषि आज्ञा गरी वक्सीयोस्.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

अर्जुन र कृष्णको सम्बादका रुपमा आएको यस कृतिमा खानपिन बार्ने नियम, रजस्वला भएमा वार्ने नियम, पैसा खाएर विवाह गराई दिदा लाग्ने पाप आदि विषयको बयान छ । कृति आदिमा अपूर्ण छ, लेखक लेखन समय उल्लेख नभएको सामान्य अवस्थाको छ ।

२०. **ज्ञान माला,** ल.सं.तृ. ७३४, वि.सं. २५९(च), लेखक-, लेखन समय: सम्वत् १९२९, पत्र ३७, पूर्ण, रिल नं. B ७४/१६

उद्धरण

> **कोही येक समय विष्ण महाराज परिक्षित आफ्ना सींहासनमा विराज गरि राज गर्नु भयाका समहेमा. अकस्मात्. तेहि साभामा व्यास देवजिका पुत्र श्री सुकदेव मुनिस्वर आउदा भया.**

समीक्षा

यस कृतिमा पनि सत् र असत् कर्मको बयान गरी सत्कर्म तिर लाग्ने प्रेरणा दिइएको छ । राजा परिक्षित र मुनिशुकदेवको सम्बादका रुपमा रहेको यो कृति आदि अन्त्य पूर्ण छ । विषयवस्तुका दृष्टिले पनि आध्यात्मिक दर्शनका लागि कृति अति महत्त्वपूर्ण देखिन्छ । अन्त्यमा "**इति श्री सम्बत् १९२९ साल मिति श्रावण वदि ३ रोज ३ शुभम् भवेत्**" भन्ने उल्लेख गरिएकोले यसको लेखन समय स्पष्ट हुन्छ भने लेखकको नाम कृतिमा उल्लेख छैन ।

२१. **तत्व बोध,** ल.सं.च. ११४१, वि.सं. २६२, लेखक-, लेखन समय: सम्वत् १९१७, पत्र १२, पूर्ण, रिल नं. A ८९/६

उद्धरण

> **वासु देवेन्द्र नाउं गऱ्याका. योगि योगिमा स्रेष्ठ भयाका. ज्ञान् दिने भयाका. येस्ता. गुरुकन नमस्कार गरेर. मोक्षेको इछा गर्नेहरूका. हित हवस् भन्ना निमित्त तत्त्वबोध नाउँ गऱ्याको ग्रन्थ. जो छ सो वनाइन्छ ॥१॥**

समीक्षा

यस कृतिमा तत्त्वबोधको भाषा अर्थ रहेको छ । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ । अन्त्यमा "**श्री शाके १७ सये श्री सम्वत् १९१७ साल मिति फाल्गुण शुदि ११ रोज शुकवाशरे**" भन्ने उल्लेख गरिएकाले लेखन समय स्पष्ट हुन्छ भने लेखकको नाम उल्लेख छैन ।

२२. **पाण्डव गीता,** ल.सं.द्वि. २०९, वि.सं. ३९०, लेखक-, लेखन समय-, पत्र ११, अपूर्ण, रिल नं. B ६९/५

उद्धरण

> **हे परमेश्वर श्री कृष्न . मकन कीत पतंग विलराक्षस पिशाच मनुष्य आदि . जांहां जांहां जन्म होला वाहां वाहां निश्चय ज्ञानले तम्रा चरणमा प्रनाम गर्न्या.**

समीक्षा

यसमा पाण्डव गीताको भाषा अर्थ रहेको छ । जम्मा ११ पत्रको यो कृति आदि अन्त्य अपूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२३. **पाण्डव गीता,** ल.सं.द्वि. २५०, वि.सं. ३९५ लेखकः ईश्वर दत्त, लेखन समय-, पत्र १५ , पूर्ण, रिल नं. A ९२/१०

उद्धरण

महाभारथ सक्या पछि. कुरूक्षत्रमाः प्रल्हाद नारदः पुंडरिकः व्यास अंवरिषः शुकः भिष्मः रूक्मांगदार्जुनः वसिष्टः विभिषरा ऐतेहृ भारतमा स्वर्गारोहरा भयाः महा सवै सेनाले स्तुति गऱ्याः ॥

समीक्षा

यस पाण्डव गीतामा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने अन्त्यमा **"इति सम्वत् १८८७ साल चैत्रवदि ८ रोज २ हस्ताक्षर ईस्वर्दत्त पंडा शुभम्"** भन्ने उल्लेख भएकोले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ ।

२४. **पाण्डव गीता,** ल.सं.पं. ७१५८, वि.सं. ३९३, लेखक-, लेखन समय- , पत्र १४, अपूर्ण, रिल नं. B ६९/३

उद्धरण

श्री नारायराका परम भक्तजनकन मेरो नमस्कार भनि लोम हर्षरा रिषिले. आज्ञा गर्दा भया ॥१॥ युधिष्टिरको नाम लिया धर्म वढि आवलाः भीमसेनको नाम लिया पापपोचन होला

समीक्षा

यस कृतिमा पनि पाण्डव गीताका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति अन्त्यमा अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

२५. **पाण्डव गीता,** ल.सं.ष. ११७१, वि.सं. १२, लेखक-, लेखन समय- , पत्र १७, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

एस्तो भारत सक्यापछि. कुरूक्षेत्रमाः प्रल्हाद नारदः पराशर पुंडरिकः व्यास अंवरीषः शुकः शौनक. भिष्मः रूक्मांगदः अर्जुन. वसिष्ट........॥

समीक्षा

यस कृतिमा पनि पाण्डव गीताका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ । लेखक लेखन समय उल्लेख छैन ।

२६. **पाण्डव गीता,** ल.सं.ष. ११७२, वि.सं. १३, लेखक-, लेखन समयः सं. १९२८, पत्र २०, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

पाराडवले भन्या. एस्तो महाभारत भै सक्यापछि कुरूक्षेत्रमा प्रल्हाद ......॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा पनि पाण्डव गीताका ८३ वटा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। सामान्य अवस्थाको आदि अन्त्य पूर्ण रहेका यस कृतिको अन्त्यमा **"इति सम्वत् १९२८ साल मिति श्रावरा वदि ७ रोज २ शुभम्"** भन्ने उल्लेख भएकाले लेखन समय स्पष्ट भएको छ भने लेखकको नाम उल्लेख छैन।

२७. **पाण्डव गीता,** ल.सं.प. २५८३, वि.सं. ३३, लेखक-, लेखन समय- , पत्र १९, अपूर्ण, रिल नं. A १३०५/५

उद्धरण

युधिष्ठिरको नाम नामलिया धर्मकन वढछ. भीमसेनको नाम लिया पापकन नाश हुंछ अर्जुनको नाम लिया शत्रुको नाश हुंछ

समीक्षा

यसमा पनि पाण्डव गीताकं मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति आदि अन्त्य अपूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन। प्रारम्भको पहिलो श्लोक छैन भने अन्त्यमा ७९ औं श्लोक पछिको अंश छैन।

२८. **प्रवोध सुधाकर,** ल.सं.तृ. ७३६, वि.सं. ३७४, लेखक-, लेखन समय- , पत्र ४ अपूर्ण, रिल नं. B ६९/६

उद्धरण

त्रिकालमा ये़काकार स्वरूपं भै रहयाका ॥ सदा आनन्दको ये़क रस भया़का. जड चैतन्य गर्न्या. आफ्ना जोतिले आफै प्रकाश हुन्याः सव प्राणिका ईश्वर ये़स्ता व्रह्मरूप कृश्नजिकरा. नमस्कार गर्छु. ॥१॥

समीक्षा

यसमा प्रवोध सुधाकरको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति अन्त्यमा अपूर्ण छ। लेखक लेखन समय उल्लेख छैन।

२९. **प्रवोध सुधाकर,** ल.सं.च. १०४८, वि.सं. ३७२, लेखक-, लेखन समय-, पत्र २८, पूर्ण, रिल नं. A ९१/१०

उद्धरण

त्रिकालमा एकाकार स्वरूप भै रह्याका सदा आनंदको एक रस भयाका. जडकन चैतन्य गर्न्या. आफ्ना जोतिले आफै प्रकाश हुन्याः सर्वजीवमा उत्तम जन्मन्या सर्व प्राणीका ईश्वर एस्ता व्रह्मरूप कृश्नजीकन. नमस्कार गर्छु. ॥१॥

समीक्षा

यस पुस्तकमा वैराग्य नभइ मुक्ति नहुने र वैराग्य उत्पन्न गर्नका लागि विभिन्न उपाय र यम नियमको बयान गरिएको छ। कृति आदि अन्त्य पूर्ण र राम्रो अवस्थाको छ। मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको यस कृतिमा जम्मा १५ प्रकरणमा विषयवस्तुलाई विभाजन गरिएको छ। लेखन शैलीका आधारमा हेर्दा त्यति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्राचीन लाग्दैन । मूल संस्कृतका रचयिता शंकराचार्य मानिन्छन् भने नेपाली टीकाकार र टीका गरिएको मिति कृतिमा उल्लेख छैन ।

३०. **प्रवोध सुधाकर,** ल.सं.प्र. १६९७/१२/३, वि.सं. ३७५, लेखकः पदम दास, लेखन समयः सं. १८८८, पत्र ७, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

ईष्टमित्र परिवारलाई. पेटभरि षारा जांहां सम्म दिरा सकिंछ. तांहांसम्म षुसि भै भाटले ळैं दिराका दिन जस गाउं छन्. तिरौं ईष्टमित्र परिवार. तिरा दिरा षान रापाया़ ऋुद्ध हुंछन् ॥१६॥

समीक्षा

यस कृतिमा आत्मा, जीव के हो ? र यस मानव चोलाबाट सहज रूपमा मुक्ति कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयको बयान छ । कृतिको १६ औ श्लोकदेखि आदिको भाग नभएकोले अपूर्ण रहेको छ । अन्त्यमा **"इति श्री सम्वत् १८८८ साल मिति भाद्र वदि ४ रोज ५ मा लेषनार्थ्ये हरिदासको दास पद्म हो"** भन्ने उल्लेख गरिएकोले यसका लेखकको नाम र लेखन समय स्पष्ट हुन्छ । साथै यसका लेखक श्री नेपाल देशको पशुपतिनाथ नजिकै शंकर गुफामा बसोवास गर्ने निर्गुणानन्द योगी श्री अम्वर गिरका शिष्य हुन् भन्ने कुरा पनि पुस्तकवाट स्पष्ट हुन्छ ।

३१. **प्रवोध सुधाकर,** ल.सं.ष. १३४३, वि.सं. १४, लेखक-, लेखन समय- , पत्र २०, अपूर्ण, रिल नं. A ८८८/४

उद्धरण

त्रिकालमा एकाकार स्वरूप भै रह्याका ॥ सदा आनन्दको एक रस भयाका. जडकन चैतन्य गर्न्या. आफ्ना जोतिले आफै प्रकाश हुन्याः सव प्राणीका ईश्वर एस्ता व्रह्मरूप कृश्नजीकन. नमस्कार गर्छु. ॥१॥

समीक्षा

यसमा प्रवोध सुधाकरका मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । २० औं पत्रदेखि अन्त्यको भाग नभएकोले कृति अपूर्ण छ । लेखक लेखन समय उल्लेख नभएको यो कृति सामान्य अवस्थाको छ ।

३२. **व्रह्मयोग वेदान्त,** ल.सं.तृ. ७३६, वि.सं. ४५२, लेखकः अम्वर गिर, लेखन समयःसम्वत् १८९१, पत्र १६, पूर्ण, रिल नं. B ७०/७

उद्धरण

उनै यकै अनन्त विश्वका आत्मा शिव जो छंसो सम्पूर्ण चराचरमा साक्षीभूत आत्मा स्वरूप भै तीमिमा ममा. भित्र बाहीर तीनै लोक सन्सारमा उनै यकै आत्मा रह्याका छं अर्को छैन भन्याको श्रुति प्रमाणको अर्थले पनि यस्मा......॥

समीक्षा

यस पुस्तकमा व्रह्मयोग वेदान्तका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा अर्थ रहेको छ । ब्रह्मको स्वरूप, कर्मको स्वरूप पञ्चतत्त्वको वर्णन गरिएको छ । जम्मा ३२ श्लोक र त्यसको अर्थ रहेको यो कृति आदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri

अन्त्य पूर्ण छ । अन्त्यमा **"इति ब्रह्म यज्ञावेदान्ते स्मृता अम्मरगीर भाषाष्टिपन्समाप्तम् शुभम् ॥ इति सम्वत् १८९१ साल मिति भाद्र शुदि शुभम् १ शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ । कृति सामान्य अवस्थाको छ ।

३३. **भगवत गीता,** ल.सं.च. १५१७, १८६, वि.सं. ७८७, लेखक-, लेखन समय- , पत्र १८६, पूर्ण, रिल नं. B ८३/२०

उद्धरण

ॐ कार युक्त जो श्री भगवत गीता जो माला मंत्रको भगवान् जो वेद् व्यास नामा ऋषि छन् ॥ एस्को छन्द अनुष्टुप् कहाउँछ ॥ श्री कृश्न परमात्मा देवता हुन् ॥

समीक्षा

यसमा श्रीमद्भगवत गीताका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण अत्यन्त राम्रो अवस्थाको छ । लेखक लेखन समय भने उल्लेख छैन । काठको दुवै पट्टिका कवरमा चित्र बनाइनुका साथै बीच-बीचमा कौरव, एवं पाण्डवहरूको तथा श्रीकृष्ण अर्जुन शुकदेव र राजा परिक्षित, वेदव्यास आदिको प्रसङ्ग अनुसारका स्वर्ण रञ्जित रंगीन चित्रहरू पनि बनाइएका छन् ।

३४. **भगवत गीता,** ल.सं.च. १०६२, वि.सं. ७९९ 'क', लेखक -, लेखन समय-, पत्र ११०, पूर्ण, रिल नं. B ८४/३

उद्धरण

ॐकार युक्त जो श्री भगवद्गीता जो माला मंत्रको भगवान वेद व्यावस नामाऋषि छन्. एस्को छंद अनुष्टुप् कहाउंछ. श्री कृश्न परमात्मा देवता हुन्. ॥

समीक्षा

यसमा पनि श्रीमद्भगवत गीता १८ अध्यायका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका समेत रहेको छ । आदि अन्त्यपूर्ण सामान्य अवस्थाको यस कृतिमा पनि नेपाली टीकाकार र टीका गरेका समयको उल्लेख छैन । यो कृति ल.सं. च. १५१७ गीताको नवीन प्रतिलिपि अनुभव हुन्छ ।

३५. **भगवत गीता,** ल.सं.तृ ११२, वि.सं. ७८५ 'क', लेखक -, लेखन समय-, पत्र २१३, पूर्ण, रिल नं. A १०५/१२

उद्धरण

ऋषि भन्याका गुरु हुन् तसर्थले. कपालमा इन्को धारण गरिंछ. छंद भन्याको अक्षर हो तसर्थले मुखमा न्यास गरिंछ. विनियोगको कर्मको फल प्राप्त हो भन्या अर्थ छ.

समीक्षा

यसमा पनि श्रीमद्भगवत गीताका १ देखि १८ अध्याय सम्मका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । सामान्य अवस्थाको यस कृतिमा पनि टीकाकारको नाम र टीका गरिएको समय उल्लेख छैन ।

३६. **भगवत गीता,** ल.सं.ष. ५७, वि.सं. ३४ 'क', लेखक -, लेखन समयः वि.सं. १९२५, पत्र १००, पूर्ण, रिल नं. A ८८३/७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

धृतराष्ट्र संजय संग सोद्धछन्. हे संजय धर्मउत्पन्न भयाका कुरु क्षत्रमा मेरा पुत्र दुर्य्योधनहरू र. पाराडवहरु. दुवैथर युद्ध गर्नाको मन भयाका. ज्मा भैकन क्याक्या गर्छन्. विस्तार संग कहु. ॥१॥

समीक्षा

यस कृतिमा पनि श्री मद्भगवत गीताका १ देखि १८ अध्यायसम्मका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । राम्रो अवस्थाको कृति आदि अन्त्य पूर्ण छ भने अन्त्यमा **"इति सम्बत् १९२५ साल मितीकार्तिक भुक्त १३ रोज ५ तद्दिने लिषितमिदं पुस्तकम्."** भन्ने उल्लेख भएकाले लेखन समय स्पष्ट हुन्छ भने लेखकको नाम कृतिमा उल्लेख छैन ।

३७. भगवत गीता, ल.सं.तृ. २०४, वि.सं. ७९६, लेखक -, लेखन समय-, पत्र ९९, अपूर्ण, रिल नं. B ८५/४

उद्धरण

धर्म प्रधान भयाका कुरु क्षेत्रमा. युद्ध गर्नाकन. तयार भयाका. हाम्रा छेरा दुर्योधनहरू हे संजय क्या गर्दा भया. तिमि भन.

समीक्षा

यस कृतिमा श्री मद्भगवत गीताका १ देखि ३ अध्याय सम्मका मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । संस्कृत श्लोकलाई शब्द शब्दमा छुट्याई नेपाली भाषामा ति शब्द-शब्दको अर्थ दिइएको छ । सामान्य अवस्थाको यस कृतिमा लेखक लेखन समय उल्लेख छैन भने तेस्रो अध्यायदेखि अन्त्यको भाग अपूर्ण छ ।

३८. भगवत गीता, ल.सं.ष. ६०९, वि.सं. ३५ लेखक -, लेखन समय-, पत्र ९१, अपूर्ण, रिल नं. A ८८४/२

उद्धरण

हे केशव मेरा विचारमा त यो विपरीत निमित्त ॥ घटिया अनिष्ट देष्दछु ॥ यो युद्ध विषये स्वजन आपस्तलाई मारेर कल्याराकन. मदेष्दिन ॥

समीक्षा

यसमा पनि श्री मद्भगवत गीताका संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्यका साथै मध्यमा पनि खण्डित अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । यस कृतिको आदिको पृष्ठमा **"ऋद्धिजङ्ग शाह यस पुस्तकका प्रदाताको भनाइ अनुसार नेपाली महात्माले भाषा टीका गरेको अन्दाजी १०० वर्ष पुरानो"** भन्ने उल्लेख पुरातत्त्व विभागका कर्मचारी विश्वनाथ भट्टराईले गरेकोले ऋद्धिजङ्ग शाहबाट यो पुस्तक राष्ट्रिय अभिलेखालयमा प्राप्त हुन आएको विदीत हुन्छ । १०० वर्ष पुरानो भंन्ने अनुमान गरिएको भए तापनि भाषा शैलीका आधारमा हेर्दा त्यति प्राचीन लाग्दैन ।

३९. भगवत गीतासार भाषा, ल.सं.च. ३०१६, वि.सं. २१५ 'ग', लेखक -, लेखन समय-, पत्र २९, पूर्ण, रिल नं. A ९३९/२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

अङ्गुष्ठ कनिष्ठिकादि अंगुलाले गरि आत्म स्वरूपी भगवान्‌लाई पृथिब्यात्मक चन्दन समर्पण गरि नमस्कार गर्नु ॥

समीक्षा

यस कृतिमा महाभारत अन्तर्गत गीतासारका १०५ संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण राम्रो अवस्थाको छ भने लेखकको नाम र लेखन समय कृतिमा उल्लेख छैन ।

४०. **भगवत गीता,** ल.सं.ष. ११६५, वि.सं. ५२, लेखक -, लेखन समय-, पत्र ८०, पूर्ण, रिल नं. E १३४९/१३

उद्धरण

धृतराष्ट्र राजा जो छन् संजयसंग सोद्धछन् ॥ हे संजय धर्म भूमि भयाको कुरूक्षेत्रमा मेरा पुत्र दुर्योधनादि भया ॥ पांडुपुत्र युधिष्ठिरादि भया ॥ युद्ध गर्नाको इछाले गरि गयाकाछन् ॥

समीक्षा

यस कृतिमा श्रीमद्भगवत गीताका अठार अध्यायको भाषा अर्थ मात्र दिइएको छ । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ । लेखक लेखन समय कृतिमा उल्लेख छैन ।

४१. **भगवत गीतासार,** ल.सं.च. २२९७, वि.सं. ८७९ 'ख', लेखक -, लेखन समय-, पत्र ठ्यासफ्, अपूर्ण, रिल नं. A १०५/५

उद्धरण

ॐ कार देषि चार वेद उत्पन्न भयाका छन् ॐ कार देषि सप्त स्वर भयाका छन्. ॐ कार देषि चराचर सब भयाका त्रैलोक्य पनि भयाका छन् ॥१३॥

समीक्षा

यस कृतिमा गीतासारका १०५ संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । नेपाली कागजमा लेखी बेहेरेर राखिएको यो कृतिमा आदिको केही भाग अत्यन्त जीर्ण भएकोले अपूर्ण हुन गएको छ । अन्त्य चाहिँ पूर्ण छ । लेखक लेखन समय कृतिमा उल्लेख छैन ।

४२. **भाषा वेदान्त,** ल.सं.तृ. ७३४, वि.सं. ४७५, लेखक -, लेखन समय-, पत्र १, अपूर्ण, रिल नं. A ८८/१२

उद्धरण

तदर्थ व्रह्ममाया समिपै छन् भिन्न छैन भन्या श्रुति प्रमाण सिद्धान्त छ

समीक्षा

यसमा नेपाली भाषामा वेदान्त सम्बन्धी विषय लेखिएको १ पत्र मात्र रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४३. **भाषा वेदान्त,** ल.सं.तृ. ७३४, वि.सं. ४७४, लेखकः अम्वर गिर, लेखन समय-, पत्र १०, अपूर्ण, रिल नं. A ९५/५ / B ७२/४

उद्धरण

होइन भनि ज्ञानमा तिरस्कार गर्न्या जो छन्सो. ती आत्मा घाति होइकन मरेर जस्तो २ कर्म गऱ्याको छ तस्तै २ स्थावर जंगमादिका योनिमा प्राप्त भै फिर्नु पर्दछ.

समीक्षा

वेदान्त दर्शन विषयलाई नेपाली भाषामा लेखिएको यस पुस्तकमा जम्मा १० पत्र रहेका छन्। १८ औं देखि आदिका पत्रहरू नभएकाले कृति अपूर्ण छ। अन्तिम पृष्ठको बाहिरी भागमा **"अम्वर गिर भाषा"** भन्ने उल्लेख भएकोले यो नेपाली भाषा टीका उनले नै गरेका हुन् कि भन्ने अनुमान गर्न सकिन्छ। लेखन समय भने उल्लेख छैन।

४४. **भिक्षु गीता,** ल.सं.तृ. ७३६, वि.सं. ४७७, लेखक -, लेखन समय-, पत्र ११, अपूर्ण, रिल नं. A ९४/२२

उद्धरण

श्री भगवान आज्ञा गर्छन्. हे उधवजि जितेन्द्रिय भै प्रानयाम गरि. म विषे मगालाइ. निश्चये गरि. अवराज योग धारण गरि....॥

समीक्षा

यस पुस्तकमा भिक्षु गीताका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। श्री कृष्ण र अर्जुनको सम्वादका रूपमा रहेको यस कृतिमा तुरीय आत्मा र ब्रह्म तत्त्वका ज्ञानको बयान छ। ११ औं पत्रदेखिको अन्त्यको अंश नभएकाले कृति अपूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन।

४५. **यम गीता,** ल.सं.द्वि. १९७, वि.सं. ५३१'ख', लेखक -, लेखन समय-, पत्र १९, अपूर्ण, रिल नं. A ८९९/११

उद्धरण

लक्ष्मी विंति गर्छिन्. हे धर्म सुंनु हवस्. मनुष्यहेरू धनाढ्य हुन्या र . दरिद्र हुन्याको लक्षण वृतान्त विंति गर्छु ॥३॥

समीक्षा

यस यम गीतामा लक्ष्मी धर्म सम्वाद पनि रहेको छ। आदिको पहिलो पत्र नभएकोले कृति अपूर्ण छ। यम गीताका पौराणिक रचयिता यमराज मानिन्छन् भने नेपाली भाषा टीका गर्नेको नाम र गरिएको मिति कृतिमा उल्लेख छैन।

४६. **यम गीता,** ल.सं.द्वि. २८०, वि.सं. ५३१, लेखक -, लेखन समयः सम्वत् १९००, पत्र ६, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

श्री धर्म्म राजाले यमदूतहरूलाई आज्ञा गर्छन् ॥ हे भृत्य दूत हो. तिमिहरू पृथिवीमा गैकन ॥ श्री विश्नुभक्त शिवभक्त भयाका मानीसहरू छोडि कन अनाचारी द्रोही पापी भयाका मानीसहरू नर्कमा... ल्याउ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा यम गीताका २२ वटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। पतिको सेवा गर्ने, अतिथिहरूको सम्मान गर्ने पुण्य तीर्थ भ्रमण र व्रत गर्ने आदि स्त्रीजातिलाई यमराजद्वारा धर्मात्मा भनिएको र तिनीहरूलाई नर्कलोकमा नल्याउने आग्रह पनि यसमा गरिएको छ। कृति आदि अन्त्य पूर्ण अत्यन्त राम्रो अवस्थाको छ। अन्त्यमा **"इति सम्वत् १९०० साल मिति ज्येष्ठवदि रोज शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ भने लेखकको नाम उल्लेख छैन।

४७. **योग बाशिष्ठ्य सार,** ल.सं.तृ. ७३५, वि.सं. ५५७, लेखक: भक्त पद्मदास, लेखन समय: श्री सम्वत् १९१९, पत्र ३२, पूर्ण, रिल नं. B ७२/१६

उद्धरण

कोहि कालान्त समयमा. श्री वशिष्ठ मुनि जो छन्सो येकै परमात्मा पनि अनन्त भै व्यापक भयाका. आफ्नै तेज स्वरूप भै. चिन्मूर्ति चैतन्य ब्रह्मको अनुभव गरि. ॥

समीक्षा

यस पुस्तकमा योग बाशिष्ठ्य सारका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। योगशास्त्रबाट नै जीव मुक्त हुन सक्छ भन्ने योग दर्शनको बयान यसमा छ। इन्द्रिय वश गर्ने साधन पनि योग नै प्रमुख हो भन्ने चर्चा गरिएको छ। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने अन्त्यमा **"इति श्री सम्वत् १९१९ साल कार्तिक सुदि ११ रोज १ तस्मीन् दीने लिषितं ॥ श्री लीषनार्थे पद्मदास भक्त"** भन्ने उल्लेख भएकाले यसको लेखन समय र लेखकको नाम स्पष्ट हुन्छ।

४८. **राम गीता,** ल.सं.ष. २५८६, वि.सं. ४३, लेखक -, लेखन समय-, पत्र ठ्यासफू-१, अपूर्ण, रिल नं. १३०६/२

उद्धरण

जौन्मैले कह्याको पूर्व समाधि स्थिर भयेन भन्या जगत् जो छ देह आद्य गरि सम्पूर्णलाई एकाकार रुप विभिन्न भावना गरि रहनु पूर्वाभ्यास सम मति पुग्या पछि उही अभ्यासमा रहनु ...॥

समीक्षा

यसमा अध्यात्म रामायण उत्तरकाण्ड अन्तर्गतको राम गीता र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति आदि अन्त्य अपूर्ण छ र कृतिमा लेखकको नाम र लेखन समय उल्लेख छैन।

४९. **राम गीता,** ल.सं.पं. ३६२१, वि.सं. ५७२, लेखक -, लेखन समय-, पत्र २०, पूर्ण, रिल नं. B ७४/२

उद्धरण

सकल संसारमा मंगल रुप भयाका। एस्ता रामचन्द्रले. । रामायरा किर्ति र. रावरादि दुष्ट दैत्यका वधले. आफ्नु जस चलाई राजर्षिमाका श्रेष्ठ ककुस्थादि हेरूले सेवा गरियाको. परम्परा धर्मकन सेवा गर्दा भया ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा राम गीताका ६२ वटा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने कृतिमा लेखक लेखन समय उल्लेख छैन ।

५०. राम गीता, ल.सं.च. १६६४, वि.सं. ५६९, लेखक -, लेखन समय-, पत्र ३५, पूर्ण, रिल नं. A ९६/३

उद्धरण

महादेव जी पार्वतीका उपर कहिवक्सनु हुंछ । हे प्रिये हे भगवति श्री रामचन्द्रजीबाट भाई लक्ष्मराजिका उपरर्रामगीता कहिवक्स्याको म वताउदछु सुन.

समीक्षा

यस कृतिमा पनि राम गीताका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण छ भने कृतिमा लेखक लेखन समय उल्लेख छैन ।

५१. राम गीता, ल.सं.तृ. ७३५, वि.सं. ५६७, लेखक -, लेखन समय-, पत्र ९, अपूर्ण, रिल नं. B ७४/८

उद्धरण

श्री महादेव जी पार्वतीलाई तत्त्व उपदेश दिदा. राम लक्ष्मरा संवाद भयाको तत्त्व कहंछन्.

समीक्षा

यस कृतिमा पनि राम गीताका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति अन्त्यमा अपूर्ण छ भने कृतिमा लेखक लेखन समय उल्लेख छैन ।

५२. राम गीता, ल.सं.च. २९३९, वि.सं. ५६८'ख', लेखक -, लेखन समय: सम्वत् १८९०, पत्र १०, पूर्ण, रिल नं. A ८९९/१४

उद्धरण

ॐ महादेवजि पार्वतीलाई तत्त्व उपदेश दिदा. राम लक्ष्मरा संवाद भयाको तत्त्व कहन्छन्. सिता परित्याग भया पछि पनि आनंद पुर्वक अयोध्यामा विराजमान भयाका मंगलका पनि मंगल रामचन्द्र...॥

समीक्षा

यसमा पनि राम गीताका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने अन्त्यमा **"सम्वत् १८९० साला.... लिषित्य वैशाष सुदि ५ रोज ३ सुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ भने लेखकको नाम उल्लेख छैन ।

५३. वेदान्त पञ्चदशी, ल.सं.च. २१७१, वि.सं. ६१९, लेखक -, लेखन समय-, पत्र २०, अपूर्ण, रिल नं. A ९०१/२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

विषय़मा जस्तै गरी कागको विहगकन. कैल्हे प्रयोजन हुदैन. तस्तै सवविय पदार्थमा प्रिति भयन भन्या तसैकन शुद्ध निर्मल वैराग्य़ उदाय़ो भनि कहिंछ ॥४ ॥

समीक्षा

यसमा वेदान्त पञ्चदशीका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । आदिको २ पृष्ठ र अन्त्यमा २१ औं पृष्ठ देखि अन्त्यको भाग नभएकोले कृति आदि अन्त्य अपूर्ण देखिन्छ भने लेखक लेखन समय उल्लेख छैन ।

५४. **वेदान्तामृत भाषा,** ल.सं.च. २३४८,वि.सं. ७०६, लेखक -, लेखन समय-, पत्र २४, पूर्ण, रिल नं. A ९६/२१

उद्धरण

यो संसारी पूर्ण प्रपंचको नाममा समर्थ भयाका एस्ता परमात्माकन जौन्. गुरुका कृपाले गरि सहजै म जांदछू ॥ एस्ता वेदै चरित्र भयाका शंकर स्वरूपी गुरुकन म नमस्कार् गर्छु भनी. पहिले मंगल श्लोक गर्दा भया. ॥१॥

समीक्षा

यस पुस्तकमा वेदान्तामृत भाषाका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । यसमा तत्त्वबोध, जीव विचार, आत्मदर्शन आदि विषयको बयान छ । कृतिमा लेखक लेखन समय उल्लेख छैन तापनि सामान्य अवस्थाको र आदि अन्त्य पूर्ण रहेको छ ।

५५. **शुकाष्टकम्,** ल.सं.तृ. ७६/३, वि.सं. ८८०, लेखक -, लेखन समय-, पत्र ठ्यासफू, पूर्ण, रिल नं. B ८०/२४

उद्धरण

भेद भन्याकोः तमः जीव भिन्न. र इश्वर भिन्न हो भन्नु. सो वुद्धि नष्ट भया पछि. पुरायं पापं पनि नष्ट भया पछि......॥

समीक्षा

यसमा शुकदेवद्वारा उपदेश दिइएका "शुकाष्टकम्" का आठवटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य पूर्ण राम्रो अवस्थाको छ भने कृतिमा लेखक लेखन समय उल्लेख छैन ।

५६. **शिव गीता,** ल.सं.तृ. ७३५, वि.सं. ७७०, लेखक -, लेखन समयःसम्वत् १९०९,पत्र ११२, अपूर्ण, रिल नं. A १०१/११

उद्धरण

कस्तो ज्ञान भनौला तः जौन गीता समळ नै मात्रले पनि मनुष्यहरूकन मुक्ति अवश्य हुंछ. यो शिवगीता तैंले.कांहा सुनि थिस् र वताउँछस् भनौला. अघी सनत्कुमार नाउं गर्‍याका मुनिकन. शिवका पुत्र स्वामी कार्तिकले यो ज्ञान वतायाथ्या ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा पद्म पुराण अन्तर्गतको शिवगीताका १६ अध्यायको मूलं संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । आदिको १ पत्र नभएकोले कृति अपूर्ण छ भने अन्त्यमा **"इति सम्वत् १९०९ साल मिति भाद्र शुदि ५ रोज ६ शुभम्"** भन्ने उल्लेख भएकाले यसको लेखन समय स्पष्ट हुन्छ भने कृतिमा लेखकको नाम उल्लेख छैन ।

५७. शिव गीता, ल.सं.द्वि. २०७ 'ख', वि.सं. ७७९, लेखक -, लेखन समय-, पत्र ४३, अपूर्ण, रिल नं. B ८०/५

उद्धरण

> **सूत नाउ गऱ्याका मुनि. शौनकादि ऋषिहरूकन कथा कहन्छन् ॥ हे मुनि हो. केवल मुक्ति हुन्या. कल्मष कत्ति नभयाको ॥**

समीक्षा

यसमा पनि शिव गीताका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। पाँचौं अध्यायको २४ औं श्लोकदेखि अन्त्यको भाग नभएकोले कृति अन्त्यमा अपूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन ।

५८. सुखार्णव प्रकाश, ल.सं.तृ. ६२९, वि.सं. ९१७, लेखक -, लेखन समय-, पत्र ५०, अपूर्ण, रिल नं. A ९०७/१०

उद्धरण

> **उपसर्ग पूर्वक इस धातुदेषी क्लिप प्रत्यय गर्नाले विराट् शब्द सिद्ध हुंछ...॥**

समीक्षा

यस कृतिमा षोडस संस्कार, चार आश्रममा रहेर मानवले गर्नुपर्ने कर्तव्य, बालकलाई शिक्षा दिने तरिका, खगोल सार, ग्रह वर्णन, तारा वर्णन, तारा, सूर्य र पृथ्वी आदिको गतिको बयान भूगोल आदि विषयको निरुपण गरिएको छ । यसै अन्तर्गत 'आत्मबोध' को हिन्दी भाषाको पुस्तक पनि रहेको छ । कृति कुनै व्यक्तिले आफ्नो निजी प्रयोजनका लागि तयार पारेको जस्तो देखिन्छ । लेखक लेखन समय कृतिमा उल्लेख छैन तापनि यो त्यति प्राचीन भने प्रतीत हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्याकरण

१. **व्याकरण नेपाली भाषा** ल. सं. ष. ५४८४, वि. सं. ३४४, लेखक-, लेखन समय-, पत्र ७१, अपूर्ण, (रिल नं नभएको)

उद्धरण

> **स्वर अनुनासिक र अननुनासिक दुयि तरहका हुन्छन् जुन्जुन् स्वरका उच्चारणको मुखबाट प्रारम्भ भै नासिकाबाट परि समाप्ति हुन्छ ति स्वर अनुनासिक कहलाउछन् अनुनासिक को संकेत गर्दा माथि शिरो विन्दु स्मेत्को अर्द्धचन्द्र वा दुयि विन्दु लेखिन्छन्** . याहाँ आयें

समीक्षा

यस व्याकरणको पुस्तकमा संज्ञा प्रकरणदेखि कारक प्रकरणसम्मको नेपाली भाषा अर्थ रहेको छ । यो कृति कुनै व्यक्तिले आफ्नो निजी अध्ययनका लागि मूल संस्कृत व्याकरणबाट नेपाली भाषामा रूपान्तरण गरेको अनुभव हुन्छ । कृति आदि अन्त्य अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन । राष्ट्रिय अभिलेखालयमा व्याकरणका हस्तलिखित ग्रन्थहरू मध्ये यो एउटा मात्र नेपाली भाषामा लेखिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संगीत

१. **गीत सागर,** ल. सं. च. १0१0, वि. सं. ४१, लेखक: मुन्सी हरदयाल सिंह हमाल, लेखन समय-, पत्र १८, कापी, पूर्ण, रिल नं. B २८५

उद्धरण

श्री परमेश्वर. परमात्माः ॥ उनैको छ जोति सबै जगत्माः ॥१॥
अनादि अखराड सदा भुक्ती छ ॥ चराचर सबैमा तिनै व्यापि छन् ॥२॥
बनायाका छं तिन्ले तन्को सितार ॥ गर मन्मा आफ्नो सबैले विचार ॥३॥

समीक्षा

यसमा सितारका प्रकार र त्यसलाई बजाउने तरिकाको चित्र सहित विस्तृत चर्चा गरिएको छ । संगीत विषयका दृष्टिले यो कृति निकै उपयोगी देखिन्छ । यसका लेखक दाङ् जिल्लाको सदर मुकाम तुल्सीपुर निवासी हरिका भक्त मुन्सी श्री हरदयाल सिंह हमाल देखिन्छन्। **"त्यहां छन् सवैजन् लडाँत्रीका सूर."** भन्ने उल्लेख गरिएकाले यसको रचनाकाल सुगौली सन्धि १८७२ पूर्व नै हो कि भन्ने अनुमान गर्न सकिन्छ । यसका लेखक युद्धदेखि त्रसित भएर तुल्सीपुर दाङबाट राजधानी काठमाडौं आइ त्यहीं यस कृतिको रचना गरेको हुनसक्ने आशय कृतिमा देखिन्छ । कृति अत्यन्त जीर्ण अवस्थामा रहे तापनि आदि अन्त्य पूर्ण छ ।

२. **राग चन्द्रोदय,** ल. सं. ष. ६४६६, वि. सं १२८, लेखक-, लेखन समय-, पत्र २१, पूर्ण, रिल नं B २८७/४३

उद्धरण

श्री गरोशका चरराका पूजाका प्रभावले ज्ञान पाउन्या श्री रंगनाथ जोतिसि नामा ग्रंथकार श्री चेतसिंह राजालाई रिझाउना निमित्त. वीराा गैह् वाजाको विस्तार भयाको स्वर राग प्रकाश गर्न्या ग्रंथ वनाउंछन् ॥१॥

समीक्षा

यसमा श्री राग, नाथराग जस्ता रागहरूको नाम, रागको उपत्ति सम्बन्धी कथा आदि रहेको छ। यो संस्कृत कृति रागप्रकाशको नेपाली भाषा टीका हो । यसमा मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ । मूल संस्कृतका लेखक रंगनाथ ज्योतिषि देखिन्छन् भने नेपाली टीकाकारको नाम दिइएको छैन। कृति आदि अन्त्य पूर्ण छ भने लेखन समय उल्लेख छैन ।

३. **राग माला,** ल. सं. प्र. १६९६, वि. सं. ३0, लेखक-, लेखन समय-, पत्र २२, अपूर्ण, रिल नं. A १३७१/१६

उद्धरण

जोको जारो भेउ. नान कताहाका दास हैं. स्वहि निरंजन देउ. ॥ कुम्भे वधा जल र हे जल विनु कुम्भ नहोज्ञान कावधा मन रहे ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यसमा विभिन्न रागसँग सम्बन्धित भजनहरू रहेका छन् । भाषा हिन्दी र राजस्थानी मिश्रित जस्तो देखिन्छ । जम्मा २२ पत्र रहेको यो कृति अन्त्यमा अपूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

४. **वैराग्यम्वर रागावली,** ल. सं. प. ५१८९, वि. सं ३०, लेखक: जनकलाल शर्मा, लेखन समय-, पत्र ४०, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

तत्त्वमसी ईत्यादी महावाक्यले ॥ अहम् ॥ तईवई होस् भनी दया भयाको आत्मवोध हुन्या विज्ञानको विवेक कहिन्छ ॥ पहीले तन मनको र तत्त्वात्माको गती वुझ्नु सांख्या गर्नु ॥

समीक्षा

यो कृति जनकलाल शर्माले कुनै शास्त्रीय ग्रन्थबाट रूपान्तरण गरेको देखिन्छ । त्यो मूल संस्कृत ग्रन्थ कुन हो भन्ने कुरा र नेपाली भाषान्तरण जनकलालले गरेका हुन् वा कुनै नेपाली ग्रन्थबाट नै प्रतिलिपि गरेका हुन् भन्ने कुरा पनि यहाँ स्पष्ट हुँदैन । आधुनिक कागजको कापीमा लेखिएको यस कृतिका अगाडिको कवरमा जनकलाल शर्माको नाम लेखिएको छ । त्यसैले उनै मार्फत यो कृति रा. अ. मा संकलित हुन आएको अनुमान हुन्छ । वैराग्याम्वर का साथै अन्त्यतिर नेपाली, हिन्दी र नेवारी भाषाका धार्मिक भजनहरू पनि दिइएका छन् । कृति आदि अन्त्य पूर्ण छ । त्यति प्राचीन पनि लाग्दैन ।

५. **संगीत चिन्तामणि,** ल. सं. प्र. ८५५, वि. सं. परिशिष्ट- २, लेखक-, लेखन समय-, पत्र १०६, पूर्ण, (रिल नं. मा. फि. नभएको)

उद्धरण

गाला अलिक् विस् गरिकन निको गरि आखा खोलिकन कटाक्ष गर्नु डाथको तेज अलिक् देखाइकन हास्नु तेस्को नाम स्मित भंनु. महा उत्तम नायक हेरू स्मित त्यो. ॥

समीक्षा

विभिन्न पुराणहरूवाट संगीत सम्वन्धी विपयवस्तु संकलन गरिएको यस पुस्तकमा स्वर, ताल, लय, राग आदिको नाम र तिनीहरूको वयान गरिएको छ । पूर्वीय साहित्यका नवरसको परिचय पनि दिइएको छ । धेरै जसो अंश संस्कृत भापाको नै रहेको छ भने कहीँ-कहीँ नेपाली भाषा टीका दिइएको छ । संगीत विषयका यस पुस्तकको भाषा निकै प्राचीन जस्तो देखिन्छ तापनि लेखक वा लेखन समय उल्लेख छैन । यो पुस्तक भाषिक र विषयगत दुवै दृष्टिले निकै महत्त्वपूर्ण देखिन्छ ।

६. **संगीत दर्पण,** ल. सं. तृ. ७३६, वि. सं. १७१, लेखक: हरिदास, लेखन समय: सं १८८८, पत्र १८८, कापी, पूर्ण, रिल नं. B २८९/८

उद्धरण

जस्तो कामना गर्‍ये उस्तै रूप हुनु परकाया प्रवेश ईक्षा मरण. देवलोक. कृश्न दर्सण. कल्पना गर्दा वित्तिकै उहि वस्तु रूप आवुनु कसैले देकि गसकनु जाहा ईक्षा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भयो ताहि पुग्नु. फेरि अर्को थोक छुद्र सिधी ५ कहिन् छन्. त्रिकालको वात जान्नु १ चिसो तातो सहनु २ अर्काको मन् कल्प्याको जान्नु ३.

समीक्षा

यस कृतिमा आत्मतत्त्व, ज्ञान प्रकाश, योग वाशिष्ठ्यसार, राग माला एवं बिभिन्न रोगको औषधि गर्ने तरिका आदि रहेको छ। सबै पुस्तकमा मूल संस्कृत र त्यसको नेपाली भाषा टीका दिइएको छ भने राग मालामा चाहिँ हिन्दी भाषा मिश्रित मधिसे भाषा टीका दिइएको छ। यसको लेखन समय १८८८ देखिन्छ भने लेखक चाहिँ हरिको दास, हरिदास भन्ने उल्लेख छ। यो निजी प्रयोजनका लागि तयार गरिएको विविध विषयका पुस्तकको सँगालो देखिन्छ। यसमा सबभन्दा अगाडिको आत्मतत्त्व प्रकाशका प्रारम्भका केही पत्रहरू छैनन् भने अरू बाँकी कृति आदि अन्त्य पूर्ण छन्। मधिसे कागजमा लेखिएको यस कृतिलाई सिएर पुस्तकाकार बनाइएको छ। हरेक कृतिको लेखन समय पनि छुट्टा छुट्टै रहेको छ। यसमा समावेश भएका कृतिको विषयगत र तुलनात्मक अध्ययन हुन सकेमा थप जानकारी प्राप्त हुने देखिन्छ।

७. **संगीत पारिजात,** ल. सं. पं. ६४९०, वि. सं. १७८, लेखक-, लेखन समय-, पत्र ३९, पूर्ण, रिल नं. B २८९/१२

उद्धरण

अव संगीत पारिजातको पर्वती बोलीले भावार्थ व्याख्या लेषिं छ॥ संगीतमा गान अंग प्रधान हो तेस् गानलाई षुव् सूरत गर्न्या गमक हुन् भंना निमित्त पैल्है तेस् गमकका नाउं वताइ. । लक्षरण वताउं छन् ॥

समीक्षा

यस कृतिमा २३ वटा गमकको नाम र त्यसको भेद उपभेदको बयान गरिएको छ। यसमा मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति आदि अन्त्य पूर्ण छ। अन्त्यमा **"यो संगीत पारिजातको पर्वती वोलीले भावार्थ व्याख्या सकियो"** भन्ने उल्लेख छ। लेखक लेखन समय उल्लेख छैन। यो कृति कुनै संगीत विद्यालयमा संगीत सिकाउने प्रयोजनका लागि तयार गरिएको अनुभव हुन्छ।

८. **संगीत भाषा,** ल. सं. प्र. १४७८, वि. सं. १८०,लेखक-, लेखन समय-, पत्र ४, अपूर्ण, रिल नं. A १०२६/२

उद्धरण

फुल्याका नील कमल जस्ता वर्ण शरीर भयाका ॥ अति सुंदर गुणले संयुक्त भयाका ॥ खेलि रह्याका खंजन पंक्षि ञ इं सुंदर नेत्र भयाका ॥ कांनमा कुंडलले शोभायमान भयाका ॥

समीक्षा

विभिन्न रागको स्वरूप र त्यसका गायन समयको नेपाली भाषामा बयान गरिएको यस कृतिमा आदिका जम्मा ४ पत्र मात्र रहेका छन्। त्यसमा पनि अगाडिका २ पत्रमा अक्षर उडेर पढ्न निकै गाह्रो हुन्छ। लेखक लेखन समय उल्लेख छैन। कृति अन्त्यमा अपूर्ण छ। यो संगीत चिन्तामणी नामक ग्रन्थबाट नेपाली भाषा अर्थ लेखिएको कृति अनुभव हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

स्तोत्र

१. **गजेन्द्र मोक्ष,** ल. सं. प. २७८८, वि. सं. ७११, लेखक-, लेखन समय: सम्वत् १९१४, पत्र २४, अपूर्ण, रिल नं. A १३८९/८

उद्धरण

छिर समुन्दले वेहियाको चालिश हजार कोश. अलगो भयाको. वहुतै सुंदर एस्तो त्रिकूट नाउगऱ्याको कोहि एक पर्वत छ ॥

समीक्षा

यस कृतिमा श्री मद्भागवतको गजेन्द्र मोक्षका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । एकापट्टिको छेउ पानीले भिज्नगयी चूर्ण हुन गएको अवस्थामा राष्ट्रिय अभिलेखालयमा संकलित हुन आएको कृति आदि अन्त्य मध्य अपूर्ण छ । अन्त्यमा **"साके १७७९ सम्वत् १९१४ साल मिति मार्ग शुदि ७ रोज २ मा .....लाल उपाध्या समर्रा शुभम्"** भन्ने उल्लेख गरिएको छ । यसबाट लेखन समय स्पष्ट हुन्छ भने लेखकको नामको लालभन्दा आदिको अंश छैन । लेखक शर्मा उपाध्याय रहेछन् भन्ने पनि कृतिमा प्राप्त अंशले स्पष्ट पार्छ ।

२. **गजेन्द्र मोक्ष,** ल. सं. द्वि. २१०, वि. सं. ३२४, लेखक-, लेखन समय-, पत्र २४, अपूर्ण, रिल नं. A ४७४/६

उद्धरण

गंगाका तिरमा उपवास गरीकन रह्याका परिक्षित नामा राजा कन शुकदेव ऋषि कहन्छन् हे महाराज परिक्षित सम्पूर्ण पर्वतमा श्रेष्ठ भयाको ..... ॥

समीक्षा

यस पुस्तकमा पनि श्री मद्भागवत अन्तर्गत गजेन्द्र मोक्षको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । सामान्य अवस्थाको र अन्त्यमा अपूर्ण रहेको यस पुस्तकमा लेखन समय र लेखकको नाम उल्लेख छैन ।

३. **गजेन्द्र मोक्ष,** ल. सं. च. २५६४, वि. सं. १९३, लेखक-, लेखन समय-, पत्र १८, पूर्ण, रिल नं. A ३७९/७

उद्धरण

गंगाका तीरमा उपवास गरीकन रह्याका परिक्षित राजाकन शुकदेव ऋषि कहन्छन्. हे महाराज परिक्षित सम्पूर्ण पर्वतमा श्रेष्ठ भयाको क्षीर समुद्रले वेहियाको ... ॥

समीक्षा

गजेन्द्र मोक्षको ४ अध्यायको मूल संस्कृत श्लोक र नेपाली भाषा टीका रहेको कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ । लेखक लेखन समय उल्लेख छैन । हरेक अध्यायको थालनीमा चित्र बनाउनका लागि ठाउँ खाली छोडिएको छ । यसको विषय संख्या मिलेको छैन । केवल माइक्रोफिल्म हेरी यहाँ समावेश गरिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४. **गजेन्द्र मोक्ष,** ल. सं. तृ. ४७६, वि. सं. ३१३, लेखक-, लेखन समय: श्री सम्वत् १९०६, पत्र २०, पूर्ण, रिल नं. A ४७३/५७

उद्धरण

गंगाका तिरमा उपवास गरीकन रह्याका परिक्षित नामा राजा कन शुकदेव ऋषि कहन्छन् हे महाराज परिक्षित सम्पूर्ण पर्वतमा श्रेष्ठ भयाको .... ॥

समीक्षा

श्री मद्भागवत पुराण अन्तर्गत गजेन्द्र मोक्षको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको यो पुस्तक आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ। आदिको पत्रमा **"घननाथस्येदम् पुस्तकम्"** भन्ने उल्लेख भएकाले यो पुस्तक घननाथबाट राष्ट्रिय अभिलेखालयमा प्राप्तहुन आएको देखिन्छ। अन्त्यमा **"श्री शाके १७७१ श्री सम्वत् १९०६ ज्येष्ठ कृष्णा षष्ठम्यां चन्द्रवासरे"** भन्ने उल्लेख भएकाले यसको लेखन समय स्पष्ट हुन्छ भने कृतिमा लेखकको नाम उल्लेख छैन।

५. **गजेन्द्र मोक्ष,** ल. सं. ष. १४६०, वि. सं. ६८, लेखक-, लेखन समय-, पत्र १५, पूर्ण, रिल नं. A१११०/९

उद्धरण

गंगाका तिरमा उपवास गरिकन रह्याका परिक्षित राजाले प्रेरणा गरियाका: शुकदेव ऋषि परिक्षित राजा छेउ कहदा भया ॥

समीक्षा

यस कृतिमा गजेन्द्र मोक्षका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। सामान्य अवस्थाको कृति आदि अन्त्य पूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन।

६. **गजेन्द्र मोक्ष,** ल. सं. च. १०७३, वि. सं. ३३४,लेखक-, लेखन समय-, पत्र २८, पूर्ण, रिल नं. A ४७४/१६

उद्धरण

परीक्षित् महाराजा प्रति शुकदेव ऋषि. विस्तारकन गर्दछन् तामस नाउं गऱ्याका. चतुर्थ मन्वंतरमा पनि. हरिमेधादि देषि. हरिणी नाउं गऱ्याकी पत्नीमा. हरि भनिकन प्रख्यात भयाको. ॥

समीक्षा

यस कृतिमा श्री मद्भागवत महापुराणको गजेन्द्र मोक्षको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। लेखक लेखन समय उल्लेख छैन। कृति आदि अन्त्य पूर्ण राम्रो अवस्थाको छ तापनि केही पत्रका छेउको भाग मुसाले काटेको अवस्थामा राष्ट्रिय अभिलेखालयमा संकलित हुन आएको देखिन्छ।

७. **गोपी गीत,** ल. सं. तृ. ७३६, वि. सं. ४७७, लेखक-, लेखन समय-, पत्र २, पूर्ण , रिल नं. A ४७६/२३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उद्धरण

व्रज त वेस् वन्यो तिम्रि जन्मले लक्ष्मि छन् आहा तिम्री निम् तिले
पिह निहार हे प्राण धर्दछन् तिमरि हुन् सवै षोजि गर्दछन् ॥१॥

समीक्षा

यस कृतिमा श्री मद्भागवत महापुराणबाट भाषानुवाद गरिएका गोपी गीतका १९ वटा भाषा श्लोक रहेका छन् । कृति आदि अन्त्य पूर्ण छ । पुस्तकमा लेखक लेखन समय उल्लेख छैन ।

८. **गोपी गीत,** ल. सं. ष. १०९९, वि. सं. ४५, लेखक-, लेखन समय-, पत्र ५, पूर्ण, रिल नं. A ११०९/४८

उद्धरण

रानीवन्मा वासुरी शद्व गर्दा आया गोपिनी कृश्नले चित्त हर्दा. ।
गोपि सब्का कृश्नका षेल पर्दा वृन्दावन्मा रासलीला तिगर्दा. ॥१॥

समीक्षा

यस कृतिमा श्री मद्भागवतको गोपी गीतका मूल संस्कृत श्लोक र त्यसको पद्यमय नेपाली भाषा टीका दिइएको छ । प्रारम्भमा अनुवादकले केही श्लोक थप गरेका छन् भने बाँकी अनुदित श्लोकमा प्रशस्त मौलिकता ल्याएका छन् । कृति आदि अन्त्य पूर्ण भए तापनि लेखकको नाम र लेखन समय उल्लेख छैन ।

९. **गोविन्द स्तुति,** ल. सं. ष. २१३०, वि. सं. ३३६, लेखक-, लेखन समय-, पत्र ११, पूर्ण, रिल नं. A १११६/३०

उद्धरण

श्री कृश्न भगवान् सित पहिले भेट् भयाको सम्झिकन जमुनाका तीरमा गै कृश्नको
ध्यान गर्दा श्री कृश्न आउनन् भनि इच्छा गर्दा गोपिनीहरु गाउछन् ॥

समीक्षा

गोविन्द स्तुति भनिए तापनि यो कृति गोपी गीत हो । यसमा श्रीमद्भागवतको गोपी गीतका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ । भाषा टीका गद्य र पद्य दुवैमा रहेको छ भने पद्य चाहिँ रातो मसीले लेखिएको छ । १९ श्लोके यस गोपी गीतलाई नेपाली पद्यमा पनि १९ वटै श्लोकमा आवद्ध गरिएको छ । सामान्य अवस्थाको कृति आदि अन्त्य पूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन ।

१०. **चण्डी गोर्षाभाषा,** ल. सं. तृ. ७३६/२६, वि. सं. ४९६, लेखक: पद्मदास. लेखन समय: सम्वत् १९०४, पत्र ४२, पूर्ण, रिल नं. A ४७६/४०

उद्धरण

जैमुनि ऋषि जो छन् सावर्णि नामा मनुको उत्पत्ति जन्म सम्पूर्ण विस्तार सित सोद्धाभया र तव मार्क्कराडेय ऋषि जो छन् कथा कहंदा भया. सूर्य्यका पुत्र अष्टम. मनुजो कहयाको छ. तस्को जो विस्तार उत्पत्ति छ. त्यो मकहंछु: निसामयं तिमि सुन ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा दुर्गाशप्तशती चण्डीको नेपाली भाषा टीका दिइएको छ । 'सावर्णि सूर्यतनयो' बाट प्रारम्भ गरी 'सावर्णि भविता मनु' मा टुङ्ग्याइएको यस कृतिमा भाषार्थ मात्र दिइएको छ । कृति आदि अन्त्य पूर्ण छ भने अन्त्यमा **"इति सम्वत् १९०४ साल मिति श्रावरा वदि ११ रोज ७ लेषनार्थे पद्धदासः"** भन्ने उल्लेख गरिएकाले लेखक र लेखन समय स्पष्ट हुन्छ ।

११. **चण्डी नेपाली भाषा,** ल. सं. च. १८१२, वि. सं. १६९७, लेखक-, लेखन समय-, पत्र २८, अपूर्ण, रिल नं. A ४८२/१७

उद्धरण

तश्लाई मान गरि वसाया. राजा पनि केही दिन तहि वस्या. तस्को जगा वरिपरि हेर्न लाग्या. त्यो रिषिश्वरका आश्रम सवै हेऱ्या. ॥१०॥

समीक्षा

यस कृतिमा दुर्गा शप्तशती चण्डीका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य अपूर्ण छ । प्रथम अध्यायको १० औं श्लोकदेखि आदिको भाग र तेस्रो अध्यायको २९ औं श्लोकदेखि अन्त्यको भाग छैन । जम्मा २८ पत्र रहेको यस कृतिमा लेखक लेखन समय उल्लेख छैन ।

१२. **चण्डीका प्रकीर्ण पत्रहरू,** ल. सं. प. ३१७२, वि. सं. ६९०, लेखक-, लेखन समय-, पत्र ३३, अपूर्ण, रिल नं. A१३८५/३४

उद्धरण

जो दुर्गा धर्मात्माका घरमा लक्ष्मीरूप पुन्यात्माका घरमा बुद्धिरूप साधुका घरमा श्रद्धारूप कुलजनका हृदयमा लज्जारूप पापिका घरमा अलक्षरारूप भै रह्याकी तिमि हौ ॥

समीक्षा

यस कृतिमा दुर्गाशप्तशती अध्याय ३-४-५ का मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । कृति आदि अन्त्य र मध्यमा समेत अपूर्ण रहेको छ भने लेखक लेखन समय उल्लेख छैन ।

१३. **दुर्गाकवचादि संग्रह,** ल. सं. ष. ३७१६, वि. सं. ७४९, लेखक-, लेखन समय-, पत्र २८, ठ्यासफू, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

हे महा मुरो फेरि त्यस्मनुषेलाई. संग्राममा परिा संकष्ट हवौन ॥ अशुभ परिा हवौन ॥ अपदा अरोक दुषको भय पनी हवौन ॥

समीक्षा

यस कृतिमा दुर्गा कवचको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ । साथै अन्य विविध रोग निको पार्ने मंत्र र प्रयोग विधि समेत दिइएको छ २५.२X१०.५ आकारको ठ्यासफूमा लेखिएको यो कृति आदि अन्त्य अपूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन । भाषिक दृष्टिले हेर्दा कृति निकै प्राचीन जस्तो देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१४. **नारायण कवच,** ल. सं. च. १५०७, वि. सं. ७४३, लेखक-, लेखन समय-, पत्र ९, पूर्ण, रिल नं. B ३८६/७

उद्धरण

ईन्द्रलाई आफ्नु अनाद गऱ्याको देषि देवताका गुरू व्रह्माका आग्याले त्वाष्टाका छोरा विश्वरूपकन. ईन्द्रले पुर हित वनाया ॥ तांहा पछि विश्वरूप देषि नारायन कञोच पाई. इन्द्रले दैईत्याकन जित्या भन्या कथा पुर्व अध्यायेः

समीक्षा

यस कृतिमा श्री मद्भागवत षष्ट स्कन्धको अष्टम अध्यायको नारायण कवचको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ । कृति आदि अन्त्य पूर्ण छ भने लेखक लेखन समय उल्लेख छैन । कृति अत्यन्त जीर्ण अवस्थाको छ ।

१५. **बालगोविन्द नाम कवच,** ल. सं. ष. ११९९, वि. सं. १११, लेखक-, लेखन समय-, पत्र १, पूर्ण, रिल नं. A ११११/३

उद्धरण

वगल्मा कृश्नैलाई लिईकन यसोदा सयनमा.
सुताउन लागनु भो बसीन जव निन्द्रा नयनमा ॥

समीक्षा

यस कृतिमा भगवान श्रीकृष्णले बालक कालमा गरेका लीलाको बयान कवितात्मक रूपमा गरिएको छ । जम्मा पत्र १ को यस कृतिमा १० श्लोकको भजन रहेको छ । कृति आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय उल्लेख छैन ।

१६. **ब्रह्मवैवर्त पुराणका प्रकीर्ण पत्र,** ल. सं. ष. २३९२, वि. सं ५८६, लेखक-, लेखन समय-, पत्र ३५, अपूर्ण, (रिल नं. नभएको)

उद्धरण

सिंधु तरग सियशोच हरग रवि वाल वरग तनु
भुज विशाल भूवरति कराल काल हुको काल जनु ॥

समीक्षा

यस कृतिमा विभिन्न पुराण र स्तोत्रका हिन्दी व्रज भाषा मिश्रित दोहाहरू रहेका छन् । कृति आदि मध्य र अन्त्य सबैतिर अपूर्ण छ । लेखक र लेखन समय उल्लेख छैन । यसमा समाविष्ट पत्रहरू पनि एउटै हस्ताक्षरका छैनन् ।

१७. **भक्ति तरङ्गिणी,** ल. सं. ष. ३१६६, वि. सं. ६१६, लेखक-, लेखन समय-, पत्र १, अपूर्ण, रिल नं. A १३८४/४१

उद्धरण

व्यासका सिष्ये. सूतका सिष्ये गरालीइ नैमिषारण्य क्षेत्रमा आउदा भयाः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस एक पत्रको कृतिमा भक्ति ज्ञान सम्वन्धी विषयवस्तु लेखिएको छ । आदि अन्त्य अपूर्ण रहेको यस पत्रमा लेखक लेखन समय उल्लेख छैन ।

१८. मानसिगीत, ल. सं. द्वि. १४४, वि. सं. १०४१, 'क' लेखक: सुवेदार सिंहवीर खत्री, लेखन समय: सम्वत् १८९१, पत्र ३७, पूर्ण, रिल नं B ३८८/३१

उद्धरण

ऋति दया रस सै भज मन भीजि. देषो करूणा कटाक्ष सै गीतक वीत सुगावत
मागध. मंगल कि रस धुनि सै ॥१॥

समीक्षा

यस कृतिमा हिन्दी भाषा जस्ता देखिने विभिन्न रागका भजनहरू छन् प्रारम्भमा **"श्री महाराज राजेन्द्र विक्रम साहव विजयकाज. ॥ भाषत सेवक सिंहवीर पद. भक्ति भजनकि साज ॥३॥"** भन्ने र अगाडिको कवर पृष्ठमा **"सिंगविर सुवेदारले चहाया़को मानसिं गीता"** भन्ने उल्लेख गरिएकाले सुवेदार मानसिंहले श्री ५ राजेन्द्र वीर विक्रम शाहदेवलाई हिन्दी भजनहरू संकलित गरी चढाएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । यी भजनहरू मौलिक नभएर व्रज भाषा मिश्रित हिन्दीबाट उतार गरिएको देखिन्छ । अन्त्यमा **"सम्वत् १८९१ कार्तिक शुदि १५ शुभम्"** लेखिएकाले यसको लेखन समय स्पष्ट हुन्छ । राम्रो अवस्थामा रहेको कृति आदि अन्त्य पूर्ण छ ।

१९. लक्ष्मी धर्म सम्वाद, ल. सं. ष. १५४९, वि. सं. १३९ ,लेखक-, लेखन समय-, पत्र ३, पूर्ण, (रिल नं. नभएको)

उद्धरण

यसो भन्याको छ सत्य भयाका ठाउमा लक्ष्मी वस्छिन्. जहा लक्ष्मी वस्छिन्. ताहि
हरि वस्छन्. जाहा हरिवस्छन्. ताहा धर्म्म वस्छन्. जाहा धर्म्म वस्छन्. ताहां जय
हुंछ ॥

समीक्षा

यसमा लक्ष्मी धर्म सम्वादका संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ । लक्ष्मी र धर्मको सम्वादका रूपमा रहेको यस कृतिमा लक्ष्मी के कस्तो ठाउँ र अवस्थामा बास गर्छिन भन्ने विषयको चर्चा छ । कृति ३ पत्रको छ तापनि आदि अन्त्य पूर्ण छ । लेखक लेखन समय भने उल्लेख छैन ।

२०. बधूशिक्षा स्त्रोत्रम्, ल. सं. तृ. ५८९, वि. सं. ११७६, लेखक-, लेखन समय: सम्वत् १९१३, पत्र ३, रिल नं. B ३८९/६३

उद्धरण

पैल्हेता घरका वुहारि जतिछन् नित्यै सवेरै उठी
प्रातः कृत्य गरून् र. मान्य जति छन् तिन्का चरणमा परून् ॥
आफुस्मा पनि ढोग भेट षुसि भै गर्दै गरून् सव्जना
श्री लम्वोदरको स्मरण् कन गरुन् कां गर्न कम्वर्कसुन् ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस पुस्तकमा धार्मिक मान्यता अनुसार बुहारीले गर्नु पर्ने कर्तव्यको बयान गरिएका १७ वटा शार्दूलविक्रीडित छन्दका नेपाली भाषा श्लोक रहेका छन्। कृति आदि अन्त्य पूर्ण छ। अन्त्यमा **"इति सत्कवि विरचितायां वधु सिक्षा: इति सम्वत् १९१३ साल मिति श्रावरा वदि २ रोज ७ शुभम्"** भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ तापनि लेखकको नाम भने उल्लेख छैन।

२१. **विष्णु पंजर टीका,** ल. सं. ष. २२५४, वि. सं. ४६०,लेखक-, लेखन समय-, पत्र १०, पूर्ण, रिल नं. A १११८/५१

उद्धरण

श्री व्रह्माले आज्ञा भया जस् मनुक्षले. यो दिव्य भयाका. विश्नु पंजल स्तोत्र पाठ गरीयला. तस्को शत्रुको नाश होला. जो मनुष्यले यो परमेस्वर उग्रतेज भयाका. महावीर. सवै शत्रुको नाश गर्न्या हुन् ॥१॥

समीक्षा

यसमा त्रिपुरासुर दैत्यको नाश गर्नाका निमित्त ब्रह्माजीले बनाएको मानिने विष्णु पंजर स्तोत्रको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। जम्मा २३ श्लोकको यो कृति आदि अन्त्य पूर्ण छ भने लेखकको नाम र लेखन समय उल्लेख छैन।

२२. **शिव भजन,** ल. सं. ष. ३२६९, वि. सं. ७३०, लेखक-, लेखन समय-, पत्र ७, (ठ्यासफू) पूर्ण, रिल नं. A१३८८/२८

उद्धरण

सधै हार्मान्दछु म मन्मा चलन्देषेर सम्भुको ॥
जगत्को नाथ भै नङ्गावदन्देषेर सम्भुको ॥
लुगाको छैन क्यै नाउ सधै छाला भिरि हिड्छन् ॥

समीक्षा

यस कृतिमा नेपाली भाषामा लेखिएका दुईवटा शिव भजन रहेका छन्। दुवै भजन आदि अन्त्य पूर्णछन् भने लेखक लेखन समय उल्लेख छैन। यो कृति २०४६ सालमा राष्ट्रिय अभिलेखालयमा दर्ता हुन आएको देखिन्छ। यो ठ्यासफूमा लेखिएको १०.७x८.३ आकारको रहेको छ।

२३. **शुकाष्टक,** ल. सं. च. २१७२, वि. सं. १५८८, लेखक- लेखन समय: सं. १९४१, पूर्ण, रिल नं. B ३९५/५७

उद्धरण

एस संसारमा सबैको ज्ञान हवस्. सवै जना मोक्षकन पाउन् भन्या दयाले श्री सुकदेव कहंछन्. एस संसारमा तेरो मेरो भन्य भेद जस् वेलामाह राष्यो तस् वेलामा पुराय र पाप् दुवै सकिंछ माया मोह पनि हराइ जांछ. ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समीक्षा

यस कृतिमा शुकाष्टकका आठवटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको छ। कृति आदि अन्त्य पूर्ण छ। संस्कृत श्लोकको अन्त्यमा "**श्री नारायण सं. १९४१ साल भाद्र कृश्न ३० शुभ**" भन्ने उल्लेख गरिएकाले सोही मितिमा मूल संस्कृत र त्यसको नेपाली भाषा टीका पनि गरिएको हो कि भन्ने अनुमान गर्न सकिन्छ। लेखकको नाम भने कृतिमा उल्लेख छैन।

२४. **सप्तशती (भाषार्थ सहित),** ल. सं. पं. ५१३४, वि. सं. १६९९, लेखक-, लेखन समयः सम्वत् १८७०, पत्र ८५, पूर्ण, रिल नं. A १२९१/७

उद्धरण

जैमुनि ऋषेश्वरले मार्कंडेय ऋषेस्वर छेउ सावर्णिनामा मनुको उत्त्पति जन्म सोध्या तव मार्कंडेय ऋषेश्वर भंछं।

समीक्षा

यस कृतिमा दुर्गाशप्तशती चण्डीका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको छ। कृति आदि अन्त्य पूर्ण सामान्य अवस्थाको छ भने अन्त्यमा "**सम्वत् १८७० शाके १७ ... साल मिति ज्येष्ठ शुदि .. रोज शुकवासरे**" भन्ने उल्लेख गरिएकाले यसको लेखन समय स्पष्ट हुन्छ भने लेखकको नाम उल्लेख छैन।

२५. **सप्तशती,** ल. सं. तृ. ७३६, वि. सं. १६७७, लेखकः पद्मदास, लेखन समयः सम्वत् १८९१, पत्र ३, पूर्ण, रिल नं. A १२७३/२

उद्धरण

वस्ति मै सुन्ने. सुन्ने मै वस्ति अगम अगोचर कैसा. ... ॥

समीक्षा

यो कृति सप्तशतीका नाममा मूल लगतमा दर्ता भए तापनि निरन्जन गोरक्ष शतकको हो। यसमा हिन्दी ब्रज भापा मिश्रित भजन रहेका छन्। ३ पत्रको कृति आदि अन्त्य पूर्ण छ। अन्त्यमा "**श्री सम्वत् १८९१ साल मिति आषाड वदि ॥१०॥ रोज ॥३॥ ईति श्री लेषन्याको नाम पद्म दास हो ॥ शुभम्॥**" भन्ने उल्लेख गरिएकाले यसका लेखक पद्म दास देखिन्छन् तापनि उनी मूल रचनाकार नभएर प्रतिलिपिकार मात्र देखिन्छन्।

२६. **सृष्टि वर्णन,** ल. सं. ष. २३७१, वि. सं. ५७७, लेखक-, लेखन समय-, पत्र किताव, अपूर्ण, रिल नं. A ११२१/३९

उद्धरण

वेला कै रंगो कौन कसदेषो एक दुजे पे सरसता विच चर निक तिकै रंग ॥

समीक्षा

यस कृतिमा हिन्दी ब्रज भापा मिश्रित दोहा रहेका छन्। जसमा यस जगत संसारको बयान गरिएको छ। कृति आदि अन्त्य अपूर्ण रहेको छ भने लेखन समय र लेखकको नाम पनि उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu